त्रैमासिक बुलेटिन
दर्ता नं.: ३२/२०७५ पाल्पा

# हाम्रो तानसेन

वर्ष २, अंक १, पूर्णाङ्क ५, २०७६ बैशाख **Our Tansen** Quarterly Bulletin Vol.5 (May 2019)




नगर प्रमुख, उपप्रमुखसँग तानसेन नगर युवा परिषद्का पदाधिकारीहरु
तस्विर-सुनिल कार्की (पत्रकार)



पुष्पलाल स्मृति राष्ट्रिय पत्रकारिता पुरस्कार सञ्चालक समितिको प्रथम बैठक



टुँडिखेल स्तरोन्नति हुँदै



शीतलपाटीमा ढुंगा छाप्ने कामशुरु

प्रकाशक:
**तानसेन नगरपालिका**
**नगर कार्यपालिकाको कार्यालय**
तानसेन, पाल्पा, ५ नम्बर प्रदेश, नेपाल

# तस्बिरमा तानसेन





होलाङ्दी बसपार्क ढुंगाखानी सडक विस्तार योजना अन्तर्गत बनदेवीबाट सडक विस्तार गरिंदै



तानसेनको रणनीतिक योजना तर्जुमा कार्यक्रम सहजीकरण गर्दै राष्ट्रिय योजना आयोगका पूर्वउपाध्यक्ष पृथ्वीराज लिगल, योजनाविद किशोरमान महर्जन




राष्ट्रिय योजना आयोगका पूर्वउपाध्यक्ष पृथ्वीराज लिगललाई
हाम्रो तानसेन वुलेटिन प्रदान गर्दै नगरप्रमुख




जापानी समाजसेवी काजुमासाकाकिमी (ओकेबाजे) टुंडिखेलमा २०७५ फागुन ३० गते
नागरिक अभिनन्दन समारोहमा बोल्दै

# हाम्रो तानसेन । OUR TANSEN

त्रैमासिक बुलेटिन (वर्ष २, अंक १, पूर्णाङ्क ५, २०७६ बैशाख) दर्ता नं.: ३२/२०७५ पाल्पा

**प्रकाशक**
तानसेन नगरपालिका, पाल्पा
**संरक्षक**
अशोककुमार शाही
(नगर प्रमुख)
**सल्लाहकार**
लक्ष्मीदेवी पाठक
(उपप्रमुख)
दामोदरप्रसाद घिमिरे
(प्रवक्ता)
गोपालप्रसाद बगाले
(प्रमुख प्रशासकीय अधिकृत)

**प्रधान सम्पादक**
गोविन्द भट्टराई
(प्रेस सल्लाहकार)

**सम्पादन सहयोग**
लोचनप्रसाद तिमिल्सिना
(वडाअध्यक्ष,तानसेन-१०)
कमल राना
(वडाअध्यक्ष,तानसेन-१४)
कमला भण्डारी
(नगरसभा सदस्य,तानसेन-१३
सुनिता वैंजू श्रेष्ठ
(नगरसभा सदस्य,तानसेन-३)

**व्यवस्थापन सहयोगः**
दीपक विश्वकर्मा (कार्यपालिका सदस्य), विष्णुप्रसाद पौडेल (योजना तथा प्रशासकीय अधिकृत), भरतप्रसाद आचार्य (शाखा अधिकृत)

**कम्प्युटर टाइपः** मिलन नेपाली,माया सारु
**कम्प्युटर डिजाइनः** शरण भोछिभोया
**कला निर्देशकः** नारायणकाजी बाँडे
**मुद्रकः** गणेश इन्टरनेशनल, काठमाडौँ

**सम्पर्क ठेगानाः** हाम्रो तानसेन, तानसेन नगरपालिका,पाल्पा
इमेलः hamrotansenbu@gmail.com, apalpali@gmail.com
सम्पर्क मोबाइलः ९८५७०६०७९९,९८४७३२६७६०

**(हाम्रो तानसेनमा प्रकाशित लेख रचनामा अभिव्यक्त विचारसँग प्रकाशक र सम्पादकको सहमति अनिवार्य छैन ।)**

## सम्पादकीय



**- गोविन्द भट्टराई**

### समृद्धिका लागि तानसेनबासी चनाखो र सक्रिय हुनै पर्छ

समृद्ध तानसेन निर्माणको लागि तानसेन नगरपालिकाका निर्वाचित जनप्रतिनिधिसँगै तानसेनबासीको समेत सक्रियताको खाँचो छ। विकास निर्माणका सन्दर्भमा तानसेनबासीले जनप्रतिनिधि, दल, कर्मचारीको ध्यानाकर्षण गराउन सक्दछन्। तानसेन अब पहिलेको सीमित सीमाभित्र खुम्चिएको होइन, विशाल बन्न पुगेको छ। विगतको सीमाभित्र विकास निर्माण भए पुग्छ भन्ने मानसिकताले विशाल तानसेनको समृद्धि सम्भव छैन। यो तथ्य जनप्रतिनिधिले मनन गरेरै ग्रामीण क्षेत्रमा समेत यथोचित वजेट विनियोजन गरिएको नगरप्रमुख बताउनुहुन्छ।

आफ्ना क्षमताअनुसार तानसेन नगरपालिकाले केही रचनात्मक काम शुरुवात गरेको तथ्यहरूले बताउँछन् । उल्लेखनीय कार्य हेर्दा तानसेन नगरपालिकाले पहिलो वर्ष सडक विस्तार वर्षको रूपमा करीव ६५ किलोमिटर सडक निर्माण तथा दलित अल्पसंख्यक ९५३ परिवारको निःशुल्क स्वास्थ्य बीमा गरेको थियो भने दोस्रो वर्ष पनि दलित अल्पसंख्यक परिवारको निःशुल्क स्वास्थ्य बीमा गर्ने कार्यलाई निरन्तरता दिँदै महिला स्वास्थ्य स्वयसेविका र नगरपालिकामा कार्यरत सरसफाइकर्मीहरूको समेत निःशुल्क स्वास्थ्य बीमा शुरु गरिएको छ। ज्येष्ठ नागरिक, सुत्केरी महिलालाई लक्षित गरेर घरघरमा स्वास्थ्य सेवा अभियान सञ्चालन गरिएको छ। तानसेनको गहनाको रूपमा रहेको टुँडिखेल स्तरोन्नतिको काम स्थानीय उपभोक्ता र नेपाली सेना गोरखदल गणसमेतको सहयोगमा भैरहेको छ। होलाङ्दीदेखि बसपार्क हुँदै ढुंगाखानीसम्मको सडक बिस्तारको योजना बनदेवीबाट आरम्भ भएको छ। रणउजीरेश्वरी भगवती मन्दिरदेखि शीतलपाटी हुँदै एनआइसी एसिया बैंकसम्मको बाटोमा ढुंगा छाप्ने योजना समेत अगाडि बढेको छ। नयाँ बसपार्क बन्ने भएको छ। यी बाहेक १ सय युवालाई लक्षित गरी आरम्भ युवा स्वरोजगार कार्यक्रम र राजनेता पुष्पलालको स्मृतिमा स्थापित पुष्पलाल स्मृति राष्ट्रिय पत्रकारिता पुरस्कार कोष स्थापना लगायतका कामले समेत तानसेन नगरपालिकाको सक्रियतालाई प्रष्ट पार्दछ।

उल्लिखित योजनाहरू समयमै सम्पन्न गर्नका लागि अर्थात् प्रभावकारी ढंगले कार्यान्वयन गर्नका लागि जनप्रतिनिधि समर्पित भएर लाग्नु पर्दछ। कर्मचारीले दिलोज्यानले काम गर्नुपर्दछ भने नगरबासीले जनप्रतिनिधि र कर्मचारीलाई कामप्रति उत्प्रेरित गर्नका लागि चनाखो भएर हेर्नुपर्दछ। हाम्रो तानसेन राम्रो तानसेन बनाउनका लागि तानसेनबासी चनाखो र सक्रिय हुनै पर्छ। समृद्धि सपनाको भरमा सम्भव छैन, सोच र सपनालाई योजनामा ढालेर योजना समयमै सम्पादन गर्न सकिएमात्र परिवर्तनको अनुभूति गर्न सकिन्छ भन्ने तथ्य मनन गरौँ, सबैले आफ्ना कर्तव्य निर्वाह गरौँ। जय तानसेन !

(प्रधान सम्पादक)

संरक्षकको कलमबाट

# सडक बिस्तार, पुष्पलाल स्मृति राष्ट्रिय पत्रकारिता पुरस्कार र युवा स्वरोजगारबारे



- अशोककुमार शाही

सहरी क्षेत्रमा बढ्दो सवारी चाप, जनसंख्या लगायतका कारण समय सापेक्ष सडक बिस्तार समयको माग भएकाले तानसेन नगरपालिकाले २०७५ फागुन १५ गते होलाङ्दी बसपार्क हुँदै ढुंगाखानीसम्म सडककेन्द्रदेखि दायाँबायाँ सडक बिस्तार गर्ने निर्णय गरेको थियो। उक्त निर्णयप्रति विभिन्न क्रिया प्रतिक्रिया उत्पन्न भए। समाचार संकलनका लागि आउँदै गरेको अवस्थामा आफूउपर नगरपालिका परिसरमा हातपात भयो भनेर नेपाल पत्रकार महासंघका अध्यक्षले समेत गुहार माग्नुपर्ने अवस्था सिर्जना हुनु दुःखद पक्ष थियो। सडक बिस्तारबारे सरोकारवालाहरूसँग हामीले सम्बाद गरेर नै कार्यपालिका बैठकबाट निर्णय गरेका थियौँ र पनि पुनः गुनासो आउनुलाई हामीले अन्यथा ठानेका छैनौँ। नगरबासीको उक्त गुनासो प्रति हाम्रो ध्यानाकर्षण भएको छ। विकास निर्माणका काम गर्दा यथासम्भव क्षति कम गर्दै नगरबासीको पक्षमा हामी उभिने छौँ भन्ने कुरा प्रष्ट पार्न चाहन्छौँ। केही समय ढिलो भएपनि होलाङ्दी बसपार्क हुँदै ढुंगाखानीसम्म सडकेन्द्रदेखि दायाँबायाँ सडक बिस्तार कार्य वनदेवीबाट आरम्भ भएको छ, यसलाई पूर्णता दिनका लागि हामीलाई नगरबासीको साथ र सहयोगको खाँचो छ।

संघीय लोकतान्त्रिक गणतन्त्र नेपालको निर्माणका लागि विगतमा पुष्पलाल श्रेष्ठ, वीपी कोइराला लगायत राजनेताहरूको अहम् भूमिका रहेको तथ्य हामीमाझ छिपेको छैन। लोकतन्त्रका लागि राजनेताहरूको योगदानको कदर गर्नु हाम्रो कर्तव्य हो भन्ने ठानेर नै हामीले राजनेता पुष्पलालको स्मृतिस्वरूप राष्ट्रिय पत्रकारिता पुरस्कार कोष स्थापना गर्ने कार्य आरम्भ गरेका छौँ भने अन्य राजनेताहरुको स्मृतिमा समेत रचानात्मक काम शुरु गर्ने सोच बनाएका छौँ। पुष्पलाल स्मृति राष्ट्रिय पत्रकारिता पुरस्कार कोष सञ्चालक समितिले आवश्यक कार्य प्रारम्भ गरिसकेको छ।

तानसेन नगरपालिकाले युवाहरू स्वदेशमै रहेर राष्ट्र निर्माणमा सहभागी हुन सकून् भन्ने अभिप्रायले युवा स्वरोजगार कार्यक्रम आरम्भ गरेको छ। नगरपालिकाले युवा स्वरोजगार कोष स्थापना गरेर युवाहरूलाई सहयोग गर्ने नीति तय गरेर काम अगाडि बढाएको छ। यसपटक देखि युवाहरूलाई उद्यम व्यवसाय सञ्चालनका लागि बीउ पूँजी तथा ऋण उपलब्ध गराउने सोच रहेको छ। तानसेनमा रहेका पुरातात्विक महत्त्वका ऐतिहासिक धार्मिक तथा पर्यटकीय सम्पदाहरूको संरक्षणमा हामीले काम थालेका छौँ। श्रीनगरमा बिग बुद्ध पार्क निर्माण गरी लुम्विनी आउने बौद्ध पर्यटकहरूलाई तानसेनमा आकर्षण गर्न सकिने सोच अनुसार योजना बनाउँदैछौँ। तानसेनको विकास निर्माण कार्यमा निजी क्षेत्रलाई प्रोत्साहित गर्नका लागि सहकार्यबारे सम्बादलाई तीव्र पारिएको छ। शिक्षा, कृषि, मौलिक उद्यम व्यवसाय र पर्यटन क्षेत्रको प्रवर्द्धन तथा विकासमा सार्वजनिक निजी साझेदारी नीति अवलम्बन गरिने छ। यसका लागि लगानीकर्ताहरू विशेषतः वित्तीय संस्थाहरूसँग समेत सहकार्य गर्न सकिने सम्भावना देखिएको छ। सार्वजनिक साझेदारी कार्यका लागि तानसेन नगरसरकारले आवश्यक ऐन, नीति र नियमसमेत पारित गरिसकेको छ।

हाम्रो तानसेन बुलेटिन मार्फत हामी नगरबासीसमक्ष अनुरोध गर्न चाहन्छौँ **'हाम्रो तानसेन राम्रो तानसेन'** बनाउने अभियानमा सबैको साथ र सहयोग रहेमात्र तानसेन समृद्ध बन्न सम्भव छ। वैचारिक रूपमा एक अर्कावीच भिन्नता हुनसक्छ तर समृद्धिका लागि सहकार्य र हातेमालो सम्भव छ। हामीलाई मतदान गर्ने नगरबासीको चाहना समृद्ध तानसेन बनोस् भन्ने हो। शिक्षा, स्वास्थ्य र पर्यटन केन्द्रको रूपमा तानसेनको विकासको नारा र कुरा होइन अव पूर्वाधार निर्माणतर्फ हामी लाग्नु पर्दछ। नगरपालिका यहाँहरूको रचनात्मक सुझाव शिरोधार्य गर्दै अगाडि बढ्न चाहन्छ तसर्थ आउनुहोस् सबै एक भएर तानसेनलाई हराभरा र समृद्ध तुल्याऔँ।

(नगरप्रमुख)

# विषयसूची


| | | | |
|---|---|---|---|
| १ | सिकाइको खोजीमा अवलोकन भ्रमण | - लक्ष्मीदेवी पाठक | ४ |
| २ | तानसेन नगरपालिकामा पाल्पाका उपप्रमुख, उपाध्यक्षहरुको सञ्जालको पहिलो बैठक | | ५ |
| ३ | समृद्ध तानसेनको बलियो आधार  पर्यटन विकास र सडक पूर्वाधार | - दामोदरप्रसाद घिमिरे | ६ |
| ४ | तानसेनको विकासका लागि साझा प्रयास र सहकार्यको खाँचो | - गोपालप्रसाद बगाले | ८ |
| ५ | सभासद् र नेताको विचारमा तानसेनले तत्काल गर्नुपर्ने र सुधार्नुपर्ने कुरा | | ९ |
| ६ | यसो भन्छन् तानसेन नगरपालिकाका पूर्व जनप्रतिनिधि | | ११ |
| ७ | मिलिमतो भएको औषधि खरीदको वोलपत्र रद्द गरी ५८.८२ प्रतिशत घटीमा खरीद गर्दा ८८ लाख वरावरको औषधि खरीद | - दिवाकर अर्याल | १३ |
| ८ | योजना अनुसार कार्यान्वयनको प्रयास भैरहेको छ | - रामप्रसाद श्रेष्ठ | १५ |
| ९ | तानसेन समृद्धिको सम्भावना छ जाँगर गरौं | - झपेन्द्र जी.सी. | १६ |
| १० | तानसेन पाल्पा क्षेत्रमा बुद्ध धर्मको उत्थान | - छत्रराज शाक्य | २२ |
| ११ | सातसालको परिवर्तनपछिको तानसेन | - निर्मल श्रेष्ठ | २५ |
| १२ | सार | - खत्री कमल | २८ |
| १३ | The Conection of Mission Hospital and  Wider Community in Tansen | - Dr Rachel Karrach | २९ |
| १४ | पाल्पा नराम्रो छ र ? | - डिल्लीराज अर्याल | ३१ |
| १५ | तानसेन नगरपालिकाको सामाजिक विकास समितिबारे संक्षिप्त चर्चा | - दीपक विश्वकर्मा | ३२ |
| १६ | मिलनसार सामाजिक उद्यमी महिला सहकारी | - कमला भण्डारी | ३८ |
| १७ | मगर जातिको भाषा र तानसेन नगरपालिका | - शान्ति झैंडी थापामगर | ३९ |
| १८ | खाँडदेवीको धार्मिक तथा पर्यटकीय महत्व | - बुद्धिसरा सुनार | ४० |
| १९ | प्रधानाध्यापकहरुको शैक्षिक अवलोकन भ्रमण -२०७६ | - रेशमलाल न्यौपाने | ४१ |
| २० | इतिहास बिर्सने पाल्पा, इतिहास बंग्याउन खोज्ने रुपन्देही | - राजेशकुमार अर्याल | ४३ |
| २१ | रचनात्मक कामका लागि तत्परता नसेन नगर युवा परिषद् | - गुराँस आत्रेय | ४५ |
| २२ | सबैलाई न्याय गर्ने ४ सय ६१ वर्ष पुरानो नियम | - रेखीराम राना | ४६ |
| २३ | पाठक पत्र | - जीवनाथ गैरे | ४७ |
| २४ | सम्पदा संरक्षणमा तानसेन नगरपालिकाको चासो | - यज्ञमूर्ति तिमिल्सिना | ४८ |
| २५ | क्रिकेट विकासमा तानसेन नगरपालिकाको अग्रणी भूमिका | - विजयकुमार बौडेल | ४९ |
| २६ | तानसेनमा पुराना कलाकारहरुको सम्मान | - मदन देउराली | ५१ |
| २७ | तानसेन पाल्पा | - धातानन्द शर्मा | ५२ |
| २८ | चोला फेर्दै टुँडिखेल | - चित्रवलीराम सुवाल | ५३ |
| २९ | सामाजिक क्षेत्र विकास तथा सहकारी व्यवस्थापन तर्फका केही गतिविधिहरु | - दुर्गाबहादुर थापा | ५४ |
| ३० | तानसेन टुँडिखेलको महत्व र निर्माण सम्बन्धी | - विशाल ओली | ५७ |
| ३१ | विविध गतिविधि | | ५९ |
| ३२ | आ.व. २०७५/७६ को बैशाख मसान्तसम्मको आम्दानी खर्च विवरण | | ६५ |
| ३३ | इतिहासमा तानसेन | | ६६ |
| ३४ | पुष्पलाल स्मृति राष्ट्रिय पत्रकारिता पुरस्कार स्थापना | | ६७ |
| ३५ | तानसेन नगरपालिकाद्वारा प्रकाशित तथा सम्बन्धित केही प्रेस विज्ञप्ति | | ६९ |
| ३६ | पत्रपत्रिकामा तानसेन | | ७० |

# सिकाइको खोजीमा अवलोकन भ्रमण



- लक्ष्मीदेवी पाठक

तानसेन नगरपालिकाका महिला जनप्रतिनिधिहरूको क्षमता अभिवृद्धि साथै सिकाइको सिलसिलामा सुदूरपूर्वका पाँचवटा नगरपालिकाको भ्रमण सम्पन्न भएको छ। भ्रमणमा तानसेन नगरपालिकाको उपमेयरको संयोजकत्वमा प्रवक्ता दामोदरप्रसाद घिमिरे, कार्यपालिका सदस्यहरू, वडा सदस्यहरू, योजना अधिकृत विष्णु पौडेल, लेखा शाखाका अधिकृत (छैठौं) कोशलराज घिमिरे, जिन्सीका खरीदार रामजी कार्की, नगर प्रहरी शंकर रावल सहित २९ जनाको भ्रमणमा सहभागिता थियो। मिति २०७५ फागुन ८ गतेका दिन बिहान सात दिनको यात्रा शुरु गरी साँझ जनकपुर वाँस बसियो। जानकी मन्दिरको दर्शनसँगै बजार क्षेत्रको विकास निर्माणको काम अवलोकन गरियो। सो स्थानमा सडक स्तरोन्नति गर्दै बाटोको छेउछाउमा घरहरू भत्काई सडक चौडा गरेको देखियो। सरसफाइसँगै दायाँबायाँ वृक्षरोपण गरी जनकपुर सहर सुन्दर गराएको पाइयो। दोस्रो दिन इटहरी नगरपालिका पुगेर मेयर द्वारिकालाल चौधरीसँग भेटघाट गरी इटहरीमा गरिएको विकासको बारेमा छलफल भयो। नगरपालिकाको गेट देखि फूलको गमलाहरू सजिएको सुन्दरता देखिने सरसफाइको काम वडाले जिम्मा लिई अगाडि बढाएको पाइयो। आन्तरिक राजस्व वृद्धिको लागि सम्पत्ति कर, उद्योगहरूबाट व्यवसायकर, रोयल्टी उठाउने गरेको पाइयो। नगरपालिका परिसरमा नै विभिन्न प्रजातिका माछा पाली सोही माछाबाट पनि आम्दानी गर्ने गरेको पाइयो। सो पोखरी र त्यहाँ राखिएका माछाहरू देख्दा भ्रमण टोलीको मन लोभ्याउने थियो। त्यहाँबाट यात्रा अगाडि बढाउँदै इलाम पुगी बास बसियो। तेस्रो दिन ताप्लेजुङ्ग जिल्लातिर अगाडि बढियो। रात साँझ ताप्लेजुङ्ग पुगी होटलमा वास बसियो।

चौथो दिन फुङलिङ नगरबाट सोही रोडमा चल्ने गाडी रिजर्ब गरी सडक अवलोकनसहित पाथीभरा माताको दर्शन गर्न यात्रा शुरु गर्‍यौँ। उकालो बाटो, हिउँ परेको भएतापनि माताको दर्शन गर्न सफल भयौं। साँझखेर फुङ्लिङ्ग नगरपालिका प्रवेश गरियो। मेयर छत्रपति प्याकुरेल, उपमेयर बमबहादुर भट्टराईको स्वागत सत्कार मनछुने थियो। दिनभरको थकाइ बिर्सिने गरी आतिथ्य पायौं। फुङ्लिङको तर्फबाट मेयर छत्रपति प्याकुरेलले बस्तुस्थितिबारे जानकारी गराउनुभयो भने तानसेनको तर्फबाट उपमेयर र योजना अधिकृतबाट जानकारी गराइयो। फुङलिङ नगरपालिकामा योजना शाखाहरू सञ्चालन गर्न भवन भाडामा लिने गरेको पाइयो। कामहरू राम्रो गर्नु भएको रहेछ। निर्णयपूर्व सल्लाह, राय लिने गरेको र सबैको सुझावसहित मेयर उपमेयरको सल्लाहबाट काम सञ्चालन गरिएको रहेछ। स–साना काम भएपनि व्यवस्थापन गरिएको र राजनैतिक दलको पूर्ण सहयोग रहेको जानकारी पायौँ। नगरपालिका परिसरमा सबै सञ्जालका बोर्डहरू टाँगिएको थियो। सरसफाइदेखि बजार व्यवस्थापनमा वडा अध्यक्षहरूले सघाउनु भएको रहेछ। यो वर्ष पाथीभारा माताको मन्दिर जाने बाटोलाई स्तरोन्नति साथै पिच पनि गर्ने सोच भएको मेयरले बताउनु भयो। ताप्लेजुङमा दुई रात बास बस्यौँ। पाँचौ दिन बिहान पाँचथर जिल्ला फिदिम नगरपालिका प्रवेश गरियो। मेयर ओनाहाङ नेम्वाङ, उपमेयर उर्मिला प्रधान श्रेष्ठ, प्रमुख प्रशासकीय अधिकृत लगायतले खाना खाने गरी स्वागत गर्नुभयो। सबै जनप्रतिनिधि, कर्मचारीलाई बिर्सिन नसक्ने स्वागत थियो त्यहाँ। कार्यक्रम अर्न्तक्रियात्मक भयो। नयाँ नगरपालिका भएतापनि कार्यालयहरू व्यवस्थित देखियो। न्यायिक समिति, युवा परिषद्, बालक्लव, महिला समन्वय समिति गठन र सञ्चालित रहेछ। सबैको राय अनुसार योजना सञ्चालन गर्ने गरेको पायौं। कर्मचारी, जनप्रतिनिधिको बीच एकताका कारण छिटो छरितो सेवा दिएको महसुस भयो। यसैगरी त्यहाँबाट बिदा भई यात्रा शुरु गरियो।

इलामको चिया बगान अनि अम्रिसो खेती हेर्दै विर्तामोड आई वास बस्यौँ। छैठौँ दिन बिहान यात्रा शुरु गरी धरान तर्फ लाग्यौँ। बुढा सुब्बा देखि त्यहाँका मन्दिरको दर्शन गरी नगरपालिका प्रवेश गरियो। गेट देखि फूलका गमला राखिएको थियो। नगरपालिका भवनको चारैतर्फ कम्पाउड घेरिएको थियो। त्यहाँ उपप्रमुख (का.वा. प्रमुख) मञ्जु भण्डारी (सुवेदी) ले धराननगरपालिकाको बारेमा जानकारी गराउनु भयो। आन्तरिक राजस्व पनि अति धेरै उठ्ने गरेको थाहा पायौँ। सरसफाइदेखि सबै योजनाहरू वडाहरूले नै जिम्मा लिई काम थालनी भएको अनि लक्षित वर्गको वजेट व्यवस्थापन राम्रो अर्थात् सदुपयोग गरेको पायौँ। सडक फराकिलो गर्दै वृक्षरोपणमा जोड दिएको, पार्कहरू बनाएको, का.वा. प्रमुखबाट जानकारी भयो। त्यहाँबाट यात्रा शुरु गरी बर्दिबास वास बस्न आयौं। सात दिने नगरपालिका भ्रमणको अन्तिम भ्रमणका क्रममा हेटौडा आयौँ। उपप्रमुख मिना लामाबाट नगरपालिकाको विकास, वजेट र राजस्वबारे जानकारी लिइसकेपछि मेयर हरिबहादुर महतको कक्षमा उहासँग भेट गरी नगरपालिका कार्यालयतर्फ अगाडि बढियो। यसरी सात दिनको अवलोकन भ्रमणले समुदायको सहयोगबाट सबै काम गर्न सहयोग हुने र सबैको राय लिई काम गर्नुपर्ने देखियो। जनप्रतिनिधि, कर्मचारीहरूले पनि छिटो छरितो सेवा दिनुपर्ने, योजना सञ्चालन गर्दा भूगोल, लक्षित वर्ग, जनसंख्याको आधार लिई वितरण गर्नुपर्ने भ्रमणबाट जानकारी पायौँ। विकास सबैले गर्नुपर्ने रहेछ। यसरी हामी सात दिनको यात्रा पूरा गरी साँझ नगरपालिका भवन तानसेन आई सबैलाई सिकाइमूलक तथा रमाइलो गरी यात्रा सम्पन्न गर्नु भएकोमा धन्यवाद दिदै संयोजकबाट भ्रमण समापन भएको थियो।

(उपप्रमुख)

# तानसेन नगरपालिकामा पाल्पाका उपप्रमुख, उपाध्यक्षहरुको सञ्जालको पहिलो बैठक



तानसेन नगरपालिकाको आयोजना तथा संयोजनमा २०७६ वैशाख २५ गते तानसेनमा पाल्पाका स्थानीय तहका उपप्रमुख र उपाध्यक्षहरूको पहिलो बैठक सम्पन्न भएको छ। तानसेन नगरपालिकाकी उपप्रमुख लक्ष्मीदेवी पाठकको अध्यक्षतामा भएको बैठकले पाल्पाका स्थानीय तहका उपप्रमुख तथा उपाध्यक्षहरूको संयुक्त सञ्जाल समेत गठन गरेको बगनासकाली गाउँपालिकाकी उपाध्यक्ष सरस्वती चिदी मगरले बताउनु भयो। सञ्जालको संयोजकमा लक्ष्मीदेवी पाठक, सह संयोजकमा बिष्णुदेवी घिमिरे (उपप्रमुख रामपुर नगरपालिका) र सदस्यहरूमा राधादेवी श्रेष्ठ (उपाध्यक्ष, रम्भा गाउँपालिका), भागीरथी भट्टराई (उपाध्यक्ष, पूर्वखोला गाउँपालिका), निर्मला भट्टराई (उपाध्यक्ष, माथागढी गाउँपालिका), रिता अर्याल (उपाध्यक्ष, निस्दी गाउँपालिका), सरस्वती चिदी मगर(उपाध्यक्ष, बगनासकाली गाउँपालिका), लक्ष्मी खनाल (उपाध्यक्ष, रिव्दीकोट गाउँपालिका), दमयन्ती थापा (उपाध्यक्ष, तिनाउ गाउँपालिका) र चेतना थापा (उपाध्यक्ष, रैनादेवी छहरा गाउँपालिका) रहनु भएको सञ्जालकी सह संयोजक बिष्णुदेवी घिमिरेले बताउनु भयो। सञ्जालको बैठकका छलफल र निर्णयबारे बताउँदै घिमिरेले भन्नु भयो–"स्थानीय तहबाट प्रदान गरिने न्याय सम्पादन तथा अन्य सेवा सहज र प्रभावकारी ढंगले प्रवाह गर्नका लागि सञ्जालका सहस्यहरूबीच अनुभव आदानप्रदान समेत भयो । आगामी बैठक रामपुरमा हुनेछ। न्यायिक समितिका ३ पदाधिकारी, न्यायिक सचिवालयको सचिव लगायतलाई सम्बन्धित स्थानीय तहको सहयोगमा सीप विकास तालिममा सहभागी गराइनेछ ।" पाल्पाका स्थानीय तहका उपप्रमुख र उपाध्यक्षहरूको पहिलो बैठकमा स्थानीय तहबाट प्रदान गरिने न्यायिक सेवालाई प्रभावकारी र सहज बनाउने कुराबारे समेत छलफल भएको सञ्जालकी संयोजक तथा तानसेन नगरपालिकाकी उपप्रमुख लक्ष्मीदेवी पाठकले बताउनु भयो।

# समृद्ध तानसेनको बलियो आधार पर्यटन विकास र सडक पूर्वाधार



– दामोदरप्रसाद घिमिरे

विविध कारणले पछिल्लो समयमा ऐतिहासिक तानसेनको पहिचान र महत्त्व घट्दै गएको जस्तो देखिएको छ। सरकारले स्थानीय तह पुनर्संरचना गरी पाल्पा जिल्लामा दशवटा नगर तथा गाउँपालिका रहने निर्णय गरेपछि सबै पालिकाहरूमा बैंक समेत स्थापना गर्ने नीति लिएको छ। पहिला जिल्ला बिकास समिति र जिल्ला सदरमुकाममा रहेका सरकारी कार्यालयबाट खर्चहुदै आएको बिकास बजेट तथा कार्यक्रम पालिकाहरूबाट हुने र भुक्तानी पनि स्थानीय तहहरूमा रहेका बैंकहरूबाट हुनथालेपछि गाउँगाउँमा चहलपहल बढेको छ। नयाँ पसलहरू खुलेका छन्, कारोबार बढेको छ । अर्कोतर्फ तानसेन बजारमा चहलपहल कम हुँदै गएको छ। अब तानसेनको भविष्य व्यापार व्यवसाय भन्दा पनि शिक्षा, स्वास्थ्य कृषि र पर्यटन प्रर्वद्धनमा नै बढी संभावना देखिएकोतर्फ सबैको ध्यान जान र सहयोग हुनु आवश्यक रहेको छ।

तानसेनमा बढ्दो मात्रामा भाडा वृद्धि, यहाँका ठूला व्यवसायीहरू अन्यत्र पलायन, पर्यटन क्षेत्रको उल्लेख्य विकास नहुनु, स्थानीय तहको विविधिकरण हुनु, मानिसहरू थप सुविधा सम्पन्न सहरहरूमा बसाइ सराइ गर्नु जस्ता कारणले तानसेनमा व्यापार व्यवसायमा समेत ह्रास आउँदै गएको हो। त्यसको लागि यहाँका सरोकारवाला निकायहरूले समयमै उपयुक्त योजना निर्माण र कार्यान्वयन गर्नु आवश्यक रहेको छ।

**पर्यटन विकासको पहिलो आधार सडक पूर्वाधारः**

ऐतिहासिक तथा पौराणिक शक्ति केन्द्रको रूपमा पाल्पाको तानसेनले आफ्ना पहिचान बनाउँदै आएको थियो। सेनकालीन र राणाकालीन अवस्थादेखि अहिलेसम्म तानसेनले आफ्नो छुट्टै शाख र पहिचान बनाउँदै गएको भएपनि पछिल्लो समयमा पाल्पा तानसेन अलि ओझेल पर्दै गइरहेको छ। विकासका पूर्वाधारहरूको प्रर्याप्त संभावना हुँदाहुँदै पनि यहाँबाट व्यवसायीहरू पलायन हुने अवस्था आएको छ। पाल्पा तानसेनलाई सिद्धार्थ राजमार्ग र गुल्मी तम्घास सडकले काटेर गएको छ तथासप विकासको प्रमुख आयामको रूपमा सडकलाई लिने गरिन्छ। सडक विना मानिसका विकासका विभिन्न क्रियाकलापहरू सञ्चालन गर्न समेत गाह्रो पर्ने गर्दछ। पाल्पामा पछिल्लो समयमा सडक विस्तार तथा स्तरोन्नतिको बहस चल्ने गरेको छ। तानसेन नगर कार्यपालिको मिति २०७५ साल फागुन १५ गतेको बैठकले होलाङ्दी बसपार्क ढुंगाखानी सडकलाई दायाँबायाँ १०/१० मिटर चौडा गर्ने निर्णय गरेसँगै यसको पक्ष र विपक्षमा आवाजहरू सुनिन थालेका छन्। सडक विस्तार गर्ने खबरले बहुसंख्यक नगरबासी खुसीभएका छन् भने सडक किनारमा घर पर्ने नगरवासीहरू आन्दोलित भएका छन्। राजनैतिक पार्टीका कार्यालय र नगरपालिकामा गएर आफ्ना कुरा राख्ने र विरोध पत्रबुझाउने काम समेत भएका छन्।

बजार क्षेत्रबाट तम्घासतर्फ जाने सडक केन्द्रबाट दायाँ–बायाँ १५/१५ मिटर कायम रहने गरी दुई जिल्ला जोड्ने सडकको मापदण्ड सडक ऐन २०३१ मा ब्यवस्था हुँदा तानसेन बजारका सडक ऐन लागु नहुँदै बनेका घरहरू र सडक ऐन लागु भएपछि बनिसकेका घरहरू सडकको क्षेत्राधिकार भित्र पर्ने भएपछि सडकको दायाँबायाँ बसोबास गर्ने नगरबासीहरूको प्रयासमा होलाङ्दी ढुंगाखानी वाइपास सडक खोल्न पहल भएको पाइन्छ। सोही अनुसार नेपाल सरकारबाट मिति २०६९ भदौ १८ गतेको राजपत्रमा होलाङ्दी ढुंगाखानी सडकलाई वाइपास कायम गरी दायाँ–बायाँ १५/१५ मिटर सडकको क्षेत्राधिकार रहने निर्णयगरेको थियो। २०७० श्रावण १३ गते बसेको सर्वदलीय बैठकले होलाङ्दी बसपार्क ढुंगाखानी सडकलाई सहरी सडक कायम गर्दै क्षेत्राधिकार घटाएर केन्द्रबाट दुवैतर्फ साढेचार मिटर कायम गर्ने निर्णयगरेको थियो तर यो निर्णय पनि ब्यवहारमा लागुहुन सकेको थिएन। सडक चौडा नगरी यात्रुबोक्ने सवारीसाधन र मालबाहक ट्रक, टिप्पर बजार क्षेत्रबाट सञ्चालन हुँदा घन्टौंसम्म सडक अवरुद्ध हुने र बिद्यार्थी,ज्येष्ठनागरिक र अशक्त अपाङ्गता भएका लगायत आम यात्रीहरूलाई पैदलयात्रा गर्न अत्यन्त कठिन भै जुनसुकै बेला सडक दुर्घटना हुने अवस्था आएपछि मिति २०७५ कार्तिक २७ गते जिल्ला प्रशासन कार्यालयमा बसेको सर्बपक्षीय बैठकले बाइपासबाट गाडी चलाउने निर्णय गरेको थियो। उक्त निर्णय धैरैदिन टिक्नसकेन। बाइपासबाट गाडीहरू चल्नथालेपछि बजार सुकेको भने र पाल्पा उद्योग बाणिज्य संघ र पाल्पा ब्यापार संघले नगरपलिका र जिल्ला प्रशासन कार्यालयमा डेलिकेसन जाने र विरोध पत्र बुझाउने सम्मका काम भएपछि जिल्ला प्रशासन कार्यालयमा बसेको सर्बपक्षीय बैठकले कातिक २७ गतेको निर्णय कार्यान्वयन नगर्ने निर्णय गरेको हो। वाइपास सडकबाट यात्रुबाहक सवारी साधन नचल्ने तर मालबाहक सवारी साधन मात्र चल्न थालेपछि होलाङ्दी ढुंगाखानी क्षेत्रमा बसोबास गर्ने नागरिकले धुलोभयो भनेर सडक अबरुद्ध गरेको बताए।

अब तानसेनमा चहल पहल वृद्धि गर्न पर्यटकहरूलाई आकर्षित गर्ने र बसाइ लम्ब्याउने तर्फ ध्यान दिन आबश्यक छ। त्यसको लागि नेपाल भएर चीन र भारत जोड्ने कालिगण्डकी करिडोर र रामपुर रोल्पा प्रदेश स्तरीय सडक कोसेढुङ्गा हुनसक्छ। ऐले तानसेन नगरपालिका र प्रदेश सरकारको लगानीमा बतासेडाँडा चण्डीभञ्ज्याङ जोर्ते सडक र चण्डीभञ्ज्याङ बौघागुम्हा छेर्लुङ जोड्ने सडक निर्माण गर्ने काम भैरहेको छ। यी सडकहरू निर्माण सम्पन्न भएपछि छेर्लुङ र अर्गली खण्डबाट चण्डीभञ्ज्याङ बतासेडाँडा, बर्तुङ, बुटवल, सुनौली सडक सबैभन्दा छोटो हुने र यो सडक निर्माण सम्पन्न भएपछि बौद्ध धर्म मान्ने चिनियाँ पर्यटक र विश्वका विभिन्न देशबाट तिब्बत घुम्न गएका पर्यटकहरू लुम्बिनी तथा भारत जाँदा साथै भारतीय र नेपाली हिन्दूधर्म मान्ने पर्यटकहरू मुक्तिनाथ र कैलाश मानसरोवर जान र आउन सबैभन्दा छोटो पर्दछ। विश्वका सबैभन्दा धेरै जनसंख्या भएका दुई देश चीन र भारतबीच हुने स्थल ब्यापार यही बाटो भएर हुनसक्ने बलियो सम्भाबना रहेको छ। यी दुबै देशका पर्यटकलाई तानसेनले आकर्षित गर्न सक्नुपर्छ। अबको बिकास र समृद्धिको लागि पर्यटक मैत्री सडक, स्तरीय होटल र पर्यटक मैत्री ब्यबहार हुनु जरुरी छ ।

तानसेन सरकारले यस बर्ष पर्यटक आकर्षित गर्न र बसाइ लम्ब्याउनको लागि संघ र प्रदेश सरकार समेतको सह लगानीमा कैलाशनगरमा श्रीनगर सांस्कृतिक डबली, प्राचीन तानसेनको सडकको झल्को दिनेगरी रणउजीरेश्वरी भगबती मन्दिरको उत्तरी प्रबेशद्वारबाट हाल एनआइसी एसिया बैंक भएको स्थानसम्म ढुङ्गा छाप्ने, टुँडीखेलको स्तरोन्नति गर्ने, पाल्पा दरबार संग्रहालयमा पुरातात्विक महत्त्वका सामग्री राख्ने, प्रेमको प्रतीक मानिने रानीमहलमा इकोपार्क बनाउने, हृषिकेश मन्दिर संरक्षण, होलाङ्दी बसपार्क ढुंगाखानी सडक चौडा गर्ने काम आरम्भ हुनुका साथै तानसेन बजार भित्रका ढलहरू ब्यवस्थित गर्ने आदि कामको थालनी गरेको छ।

अब होलाङ्दी ढुंगाखानी र कैलाशनगर रानीघाट अधुरो कालोपत्रे सडक निर्माण सम्पन्न गर्ने, अर्गली दरबार संरक्षण, तानसेनका अन्य स्थानका ऐतिहासिक महत्त्वका पार्क, मठ मन्दिर, गुम्वाहरूको संरक्षण र प्रर्वद्धन गर्ने,बजार क्षेत्रका पुराना घरहरूको संरक्षण गर्ने, पाल्पा दरबार संग्रहालय परिसर ब्यबस्थापन गर्ने, श्रीनगर गुरुयोजना निर्माण र बिग बुध्दको मूर्ति स्थापना गर्ने, रानीमहल ब्यबस्थापन गर्ने,नेपालकै चारधाममध्ये एक मानिने रिडी रुरुक्षेत्र ब्यवस्थापन गर्ने, प्रस्ताबित गणेशधाम स्थापना गर्ने,कोकल देबीमा केबलकार निर्माण गर्ने, माण्डब्य सरोबर निर्माण,बनदेबीमा इको बसपार्क निर्माण,उद्योगग्राम स्थापना, प्याराग्लाईडिङकासाथै अन्य साहसिक खेलहरू सञ्चालन गर्ने र पर्यटक आकर्षित गर्ने खालका पूर्वाधारहरूको निर्माण, विकास र प्रर्वद्धन गरिनुपर्दछ। त्यसको लागि पहिला बिकासको पूर्बाधार मानिएको पाल्पा तानसेनका सडकको विस्तार र स्तरोन्नति गर्नु आवश्यक छ। अब स्थानीय सरकारले निजी क्षेत्रसँग समन्वय गरेर अगाडि बढ्नुपर्दछ यी र यस्तै प्रकृतिका कार्यहरू सम्पन्न गर्न सकेमा मात्र पर्यटकीय नगरीको रूपमा तानसेनलाई बिकास गरेर आर्थिक लाभ समेत लिन सकिन्छ भन्नेमा तानसेन नगरपालिका विश्वस्त छ। त्यसको लागि यहाँका उद्योगी, व्यवसायी लगायत सम्पूर्ण नगरबासीको साथ र सहयोगको आवश्यकता रहेको छ।

(नगर प्रवक्ता, तानसेन नगरपालिका)

# तानसेनको विकासका लागि साझा प्रयास र सहकार्यको खाँचो



– गोपालप्रसाद बगाले

तानसेन नगरपालिका आफ्ना क्षमताले भ्याएसम्म विकास निर्माणका काम समय मै सम्पन्न गर्न लागिपरेको छ। आर्थिक वर्ष २०७५/०७६ को वैशाख ३१ गते सम्म सम्पन्न भएको योजना संख्या १३२ रहेको छ। यो आर्थिक वर्षमा सम्झौता भएको योजना संख्या २४३ रहेको मध्ये चालु आर्थिक वर्ष २०७५/०७६ मा सम्पूर्ण योजनाहरू सम्पन्न हुने क्रममा रहेका छन्।

तानसेन नगरपालिकाको चालु आर्थिक वर्षको उल्लेखनीय योजनाहरूको बारेमा चर्चा गर्नु पर्दा नगरपालिका कार्यालय नजिकको तानसेन टुँडिखेल स्तरोन्नतिबाट कुरा आरम्भ गर्नु उपयुक्त होला। यसको शुरु वजेट रु. तीस लाख रहेको छ। तानसेनको गहनाको रूपमा अवस्थित टुँडिखेल स्तरोन्नतिको महत्त्वको कुरा गर्दा सुन्दरता थपिने, नगरबासी खासगरी ज्येष्ठ नागरिक र बालबालिकालाई विहान बेलुका घुमफिर गर्न सहज हुने देखिन्छ। त्यसो त टुँडिखेल खेल मैदानको रूपमा समेत पछिल्लो समय उपयोग हुँदै गरेको अवस्था छ। अहिले यो स्थानीय उपभोक्ता समितिद्वारा निर्माणाधीन अवस्थामा रहेको छ। प्रदेश सरकारको प्रत्येक पालिकामा कम्तीमा १ व्यवस्थित खेल मैदान वनाउने उद्देश्यले तानसेन नगरपालिकामा प्राप्त रु ७५ लाख दमकडा, अर्गली र तानसेनको टुँडिखेल खेल मैदान स्तरोन्नतिको कार्यमा उपयोग गरिएको हो।

यस्तै महत्त्वपूर्ण अर्को योजना नयाँपाटी सारेम मोटरबाटो स्तरोन्नति अर्थात् कालोपत्र गर्ने काम भइरहेको छ। यो योजनाको कूल वजेट ८० लाख रहेको छ र यो योजना दुई खण्डमा काम भइरहेको छ। पहिलो खण्ड ठेक्कापट्टाबाट भएको छ र दोस्रो खण्ड उपभोक्ता समितिबाट काम भएको यो सडक कृषि सडक भएकाले कृषि जन्य सामग्री ओसारपसारमा सहजता हुने अपेक्षा गरिएको छ। यस्तै धार्मिक तथा पर्यटकीय महत्त्व बोकेको गणेशधाम निर्माणस्थल अर्थात् गुफाचौर जाने सडकमा चालु वर्षमा स्तरोन्नतिको लागि ४० लाख वजेट विनियोजन भइ उपभोक्ता समितिद्वारा निर्माण भइरहेको छ। यसले धार्मिक पर्यटनमा टेवा दिने विश्वास गरिएको छ। अर्को योजनाको कुरा गर्दा तानसेन वडा नं २ अमरनारायण फूलबारी परिसरमा हाटबजार सञ्चालनका लागि काम अन्तिम चरणमा पुगेको छ यसको शुरु वजेट रु. ५ लाख रहेको छ। हाटबजार सञ्चालन भएपछि सहुलियत दरमा उपभोक्तालाई तरकारी फलफूल उपलब्ध हुने आशा राखेर यो काम अगाडि बढाइएको हो। यी बाहेक होलाङ्दी बसपार्क ढुंगाखानी सडकलाई कार्यपालिकाको निर्णयानुसार चौडा पार्ने काम वनदेवी क्षेत्रबाट तीव्रताका साथ भइरहेको छ। तानसेन ५ मा पर्ने सिमलको रुखदेखि तानसेन–१३ छेर्लुङ कालीगण्डकी करिडोर जोड्ने सडक (वहुवर्षे)प्रदेश सरकारको समपूरक कोष समेतको लगानीमा स्तरोन्नति गर्ने कार्यको वोलपत्र स्वीकृत हुने क्रममा छ। नगर भित्रका विभिन्न सडकहरु सडकबोर्डको सह लगानीमा केही काम सम्पन्न भइसकेको र केही सडक मरमत संभारको काम भैरहेको छ। तानसेन नगरपालिकाको विस्तारित रूपलाई व्यवस्थित गर्न कार्यालय भवन अभाव भएकाले हालको कार्यालयको वगलमै तीव्रताकासाथ कार्यालय भवन बन्दैछ। शीतलपाटीमा ढुंगा छाप्ने काम अगाडि बढेको छ। पाल्पा दरबार संग्रहालयमा वाँकी रहेका काम गर्न वोलपत्र स्वीकृत भै कार्य प्रारम्भ भएको छ। यी लगायत अन्य काम समेत शुरु भएको अवस्था छ।

उपभोक्ता समितिद्वारा निर्माणाधीन ६०/४० का योजना सम्झौता संख्या हालसम्म १२ रहेका छन्। मर्मत कोषवाट सञ्चालन हुने योजनाको सम्झौता संख्या ८ रहेको छ भने मागमा आधारित सम्झौता संख्या ९ रहेको छ। चालु वर्षको वार्षिक पूँजीगत वजेट रु. २४ करोड १० लाख ३ हजार ३ सय ९७ रुपैयाँ मध्ये २०७६ वैशाख सम्म खर्च रु. ७ करोड ६७ लाख ५९ हजार ३ सय २५ रुपैयाँ ४० पैसा भएको अवस्था छ। यो अवधिमा भुक्तानी हुन पूँजीगत वजेट बाँकी १६ करोड ४२ लाख ४४ हजार ७१ रुपैयाँ ६० पैसा बाँकी रहेको छ। चालु वर्षको बाँकी समयमा द्रुतगतिमा काम हुने र लक्षित योजना सम्पन्न हुने विश्वास गरिएको छ।

**निष्कर्ष** : सीमित साधन स्रोतको बावजूद तानसेनको विकासका लागि यसपटक भएका प्रयास सकारात्मक नै छन्। विकासको लागि जनप्रतिनिधि, कर्मचारीको जोडबलसँगै नागरिक निगरानी र सहयोगको महत्त्वपूर्ण भूमिका रहने भएकाले नागरिकहरूले समेत चासो लिन जरुरी देखिन्छ। तानसेनको विकासका लागि संघ, प्रदेश र स्थानीय सरकार, यहाँ रहेका विभिन्न संघसंस्था र निजी क्षेत्रको योगदानको पनि उत्तिकै महत्त्व हुन्छ। यसर्थ सबैको साझा प्रयास र सहकार्यबाट नै तानसेनको विकास र समृद्धि सम्भव छ।

(प्रमुख प्रशासकीय अधिकृत)

# सभासद् र नेताको विचारमा तानसेनले तत्काल गर्नुपर्ने र सुधार्नुपर्ने कुरा

(तानसेन नगरपालिका निर्वाचन क्षेत्र भएर प्रदेश र संघीय संसदमा नेतृत्व गर्ने २ जना प्रदेश सभासद र १ जना संघीय सभासदसँग यसपटक हामीले तानसेन नगरपालिकाले तत्काल गर्नुपर्ने ३ काम र सुधार्नुपर्ने कुराबारे छलफल गरेका छौं । प्रस्तुत छ छलफलको सम्पादित अंश - प्रधान सम्पादक)

## तानसेनले प्रष्ट गुरूयोजना बनाएर काम गर्नु राम्रो हुन्छ



सोमप्रसाद पाण्डेय

पूर्व उद्योग मन्त्री तथा प्रतिनिधि सभाका सांसद् सोमप्रसाद पाण्डेयले आफ्ना निर्वाचन क्षेत्रका जनप्रतिनिधि, नागरिकहरूसँग पाल्पा विकास र भविष्यका बारेमा छलफल कार्यक्रमको आयोजना गर्नुभयो। तानसेन नगरपालिकाको ठूला आयोजना, दीर्घकालीन महत्त्वका योजना र विकासनिर्माणबारे नगरप्रमुखदेखि वडाअध्यक्षहरुसँग समेत छलफल गर्नुभएको छ। २०५१ सालदेखि यता प्रतिनिधि सभामा ३ पटक र संविधानसभा १ पटक गरी ४ पटक निर्वाचित भई नीति निर्माण तहमा प्रतिनिधित्व गर्नुभएका पाण्डेयले तानसेनको ऐतिहासिक साख जोगाउन सबैले चिन्तन गर्नुपर्ने कुरामा जोड दिनुभयो। सांसद् पाण्डेयसँग तानसेन नगरपालिकाले तत्काल गर्नुपर्ने महत्त्वपूर्ण तीन कामबारे प्रश्नगर्दा उहाँले भन्नुभयो–"तानसेन ऐतिहासिक सहर हो। यसको ऐतिहासिकता कायम गर्दै समग्र विकासको निम्ति पर्यटनलाई मुख्य आधार मानेर गुरुयोजना बनाई अगाडि बढ्नुपर्दछ। अब छिटफुट रूपमा कार्यक्रम गरेर हुँदैन, गुरुयोजनाअनुसार कार्यक्रम अगाडि बढाउनु पर्दछ। सबै लागौँ तानसेनलाई पर्यटकीय सहरको रूपमा विकास गरौँ। दरबार संग्रहालय, रानीमहल र श्रीनगरको विकास तानसेन पर्यटनका आधारभूत शर्त हुन्। पुरानो सहरी क्षेत्र मात्र तानसेन होइन,स्थानीयतह पुनर्संरचना पछि बनेको तानसेनका समग्र क्षेत्रमा सुविधा पुऱ्याउनु पर्छ। सुविधायुक्त नयाँ सहर निर्माण गर्नका लागि निश्चित योजना बनाउनु पर्छ। श्रीनगर व्यवस्थापनका लागि (गोर्खेकोट बराङ्दीनारायणडाँडा, कैलाशनगर गणेशमन्दिर पानीटंकी लगायत) यसको क्षेत्र समेटेर समग्र योजना बनाएर त्यसलाई आधार मानेर कार्यक्रम गरियो भने मात्र दिगो विकास हुन्छ। म फेरी पनि जोड दिन चाहन्छु तानसेनको ऐतिहासिकता झल्कने गरी पुनःनिर्माणसहित स्वच्छ सहरको रूपमा यसको विकास गर्न सकेमात्र पर्यटन विकास सफल हुन्छ।"

तानसेन नगरपालिकाका जनप्रतिनिधि र कर्मचारीलाई सांसद् पाण्डेयको सुझाव छ–"तानसेन नगरपालिकाको सिंगो परिवार अर्थात् जनप्रतिनिधि वा कर्मचारी सबैले तानसेनलाई सुविधायुक्त, पर्यटनमैत्री सहरको रूपमा विकास गर्न ध्यान केन्द्रित गर्नुपर्छ। यसको ऐतिहासिकता झल्कने गरी नयाँ रूपमा विकास गर्नका लागि चिन्तनमनन गर्नुपर्नेछ। यस तर्फ सबैले सोच्नुहोस्। साच्चै मनैदेखि संकल्प गर्नुहोस र काममा समर्पित हुनुहोस्। तत्काल गर्नु पर्ने ढल व्यवस्थापन, सरसफाइ, सडक मर्मत तथा खानेपानी व्यवस्थापन लगायतका काम अविलम्व गरेर तानसेनलाई स्वच्छ सहरको रूपमा विकास गर्न काम सुरु गरिहाल्नुहोस्। इतिहास पढेर पछुताउने होइन बरु इतिहासबाट शिक्षा लिएर तानसेनलाई स्वच्छ र सबल सहर बनाउन लागौं। सहकार्य र सहयोगका लागि हामी तत्पर छौं।"





# नगरबासीको विश्वासमा काम गरौं


डा पुरनमान बज्राचार्य

तानसेनले तत्काल गर्नुपर्ने ३ काम के के हुन् भन्ने सवालमा प्रदेश सभासद् डा पुरनमान बज्राचार्य भन्नुहुन्छ–"हिजोको व्यापारिक रौनक घट्यो, सेरोफेरोमा ब्यापार बढ्यो। तसर्थ मेरो बिचारमा तानसेनको विकासको लागि कोरला सुनौली सडक अर्थात् कालीगण्डकी कोरीडोरसँग जोडिने मार्ग सुचारु गरिएमा बागलुङदेखि तानसेन किनमेलको लागि आउने सम्भावना रहन्छ। किनकि तानसेनमै सुपथ मूल्यमा सामान उपलब्ध भएमा किन जोखिम मोलेर बुटवल झर्ने ? नयाँ बसपार्क क्षेत्रमा सुपथमूल्यको गल्लामण्डी सञ्चालन गर्न सकिन्छ। दोस्रो कुरा, अंग्रेजलाई झुकाउने कर्णेल उजीरसिंह थापासँग जोडिएको रणउजीरेश्वरी भगवती माताको गाथा उजागर गर्ने काम गरौँ। कालीगण्डकी तीरमा निर्मित रानीमहल अर्थात् रानीघाट दरबारबारे व्यापक प्रचारप्रसार गरौँ, अन्तर्राष्ट्रियकरण गरौँ। यसो भएमा पर्यटकहरू आउनेछन्। तेस्रो कुरा, प्रदेशस्तरीय अंग प्रत्यारोपण अस्पताल, क्यान्सर अस्पताल, मुटु र मृगौला अस्पताल स्थापनाका लागि हावापानी अनुकूल भएकाले तानसेन उपयुक्त छ, यसका लागि पहल गरौँ। धार्मिक, पर्यटन र स्वास्थ्यसँग जोडिएका ३ कुरा सम्पन्न भए लुम्बिनी आउने पर्यटकलाई पाल्पा ल्याउन सकिन्छ। पर्यटनबाट तानसेनको समृद्धिका लागि सहयोग पुग्छ।" तानसेन खानेपानी उपभोक्ता समितिमा रहेर विगतमा खट्नु भएका सभासद् डा बज्राचार्यले २०७६ दशैँसम्ममा कालीगण्डकीको पानी तानसेनमा आउने बताउनुभयो। सभासद् डा बज्राचार्यले तानसेन नगरपालिकाले सुधार्नुपर्ने कुराबारे भन्नुभयो–"नगरबासीको मन जित्ने काम जनप्रतिनिधि र कर्मचारीले गर्नुहोस् अर्थात् नगरबासीलाई तर्साएर होइन सहमत गराएर, विश्वासमा लिएर विकास निर्माणका काममा सहभागी गराउनुहोस्। टिम वर्क मुख्य कुरा हो। कुरा होइन कामलाई महत्त्व दिनुपर्छ अर्थात् औपचारिक कार्यक्रममा कम हिड्ने, छिटो छरितो रूपमा कार्यालयको काम सक्ने तथा सेवाग्राहीलाई अनावश्यक कुराउने झुलाउने वातावरण अन्त्य गरिनु पर्दछ।"

तानसेन नगरपालिकाले ५ नं प्रदेश सरकारसँग विकास निर्माणका सवालमा के अपेक्षा गर्न सक्दछ ? भनेर सभासद् डा बज्राचार्यसँग राखेको सवालमा उहाँले भन्नुभयो–"मैले २०७६ वैशाख १ गते ५ नं प्रदेशका मुख्यमन्त्री शंकर पोखरेललाई तानसेनमा आमन्त्रण गरेको थिएँ। तानसेन नगर प्रमुखलाई समेत राखेर नगरको विकासको बारेमा बृहत् छलफल भयो। तानसेनको पर्यटन, हृषिकेश क्षेत्रको सडक पिच, तानसेन रानीमहल सडक पिच लगायत तानसेनलाई स्याटेलाइट सिटी बनाउने काममा प्रदेश सरकारले सहयोग गर्ने भएको छ। तानसेनलाई हिल स्टेशन बनाउने कुरा समेत राखिएको छ, प्रदेशको आवधिक योजनामा तानसेन विकासका योजनाहरू समावेश हुनुले प्रदेश सरकारको सम्वेदनशीलतालाई प्रष्ट पार्दछ।"

(५ नं प्रदेश, प्रदेश सभा सदस्य)

---

# तानसेनको विकास निम्ति सहकार्यमा जोड दिनुपर्छ


- वीरबहादुर राना

प्रदेश सभासद् वीरबहादुर रानासँग तानसेन नगरपालिकाले तत्काल गर्नुपर्ने ३ कामबारे संक्षेपमा बताइदिनुस् न भन्दा उहाँको सटीक जवाफ थियो –"तानसेन अव हिजोको नगरपालिका अर्थात् स्थानीय निकाय होइन शक्तिशाली स्थानीय तह भनौँ वा स्थानीय सरकार हो। तसर्थ दिगो विकासका सवालमा स्पष्ट योजनासाथ अगाडि बढ्नु पर्दछ। तत्काल तानसेन नगरपालिकाले फोहरमैला व्यवस्थापन, सार्वजनिक क्षेत्रमा आवश्यकताअनुसार शौचालय निर्माण र सञ्चालनको लागि काम गरोस्। सडक मर्मत सुधार र व्यवस्थापनका लागि असार महिना पर्खने प्रवृत्ति तोडनु पर्दछ। नगरप्रमुख, प्रकाशकीय अधिकृतले नगरपालिकाबाट दिइने दैनिक सेवा प्रवाहलाई सहज र सेवाग्राहीमैत्री तुल्याउन निरीक्षण, नियमन तथा आवश्यक सहयोगका लागि खट्नु पर्दछ। सेवाग्राहीले शास्ती पाउने जनप्रतिनिधि, कर्मचारी औपचारिक कार्यक्रममा जाने प्रवृत्ति अन्त्य हुनुपर्दछ। नगरप्रमुखले स्थानीय तहको प्रमुखको हिसावले योजना सम्पन्न भए नभएको, शाखाहरूको कामको प्रगति लगायतका सवालमा चासो देखाउनु पर्दछ। " सुधार्नुपर्ने कुराबारे सभासद् रानाले भन्नुभयो–"स्थानीय सरकारको नाताले सेवाग्राहीलाई दिइने सेवा चुस्तदुरुस्त हुनै पर्दछ। तानसेन नगरपालिकाले कुनै पनि निर्णय गर्नुपूर्व दूरगामी असरबारे सोचोस्, सरसल्लाह गरोस्। नगरबासीको विश्वास जितेर काम गर्नु पर्दछ। " सभासद् रानाले आफू नेपाली कांग्रेस पाल्पाको सभापति भए तापनि जनप्रतिनिधिसमेत भएकोले तानसेन पाल्पाको विकासका लागि सहकार्य गर्न सदैव तयार रहेको बताउँदै भन्नुभयो–"नगर प्रमुखले नगरको विकासको लागि सबैलाई साथ लिएर योजनावद्ध ढंगले काम गर्ने वातावरण बनाउनुहोस् भनेर सुझाव समेत दिएको छु तर त्यति चासो दिइएन कि भन्ने लागेको छ।"

**(५ नं प्रदेश, प्रदेशसभा सदस्य)**

## नेताको सुझाव

# जनप्रतिनिधिले कार्यशैली सुधार्नु पर्‍यो


- नेत्रप्रसाद पाण्डे

नेत्रप्रसाद पाण्डे नेकपाका नेता हुनुहुन्छ। उहाँले तानसेनको विकासका लागि तत्काल तानसेन नगरपालिकाले गर्नुपर्ने ३ वटा काम के होलान् ? भन्ने सवालमा भन्नुभयो–"नगर प्रमुखको नेतृत्वमा एकताबद्ध भएर जनप्रतिनिधिले काम गर्नुपर्दछ। काम गर्ने शैली अब पनि साबिक नगरपालिकाको जस्तो हुनु भएन। स्थानीय सरकार भएको नाताले छिटोछरितो हुनुपर्दछ। तानसेन साबिकको सीमामा सीमित छ भन्ने मानसिकता त्यागेर मदनपोखरा, बराङ्दी, अर्गली लगायतका साबिक गाउँ विकास समितिका क्षेत्रसमेत समावेश भएर बृहत् तानसेन निर्माण भएको छ भन्ने कुरा जनप्रतिनिधि र कर्मचारीले हेक्का राख्नु जरुरी छ। अब पनि शीत्तलपाटी सेरोफेरो मात्र तानसेन हो भनेर ग्रामीण क्षेत्रलाई बेवास्ता गर्न थालियो भने कहिले होला तानसेनको विकास ? यो कुरा नगरप्रमुखले मनन गर्नु भएको होला।"

सुधार्नुपर्ने कुराबारे नेता पाण्डेले भन्नुभयो–"नीति तथा कार्यक्रमअनुसार जनप्रतिनिधिहरू एक भएर योजना तर्जुमा तथा कार्यान्वयनमा तीब्र गतिमा लाग्नुपर्दछ। अन्यथा समय बित्न बेर लाग्दैन। नगरप्रमुख आफै जानैपर्ने बाहेक औपचारिक कार्यक्रममा हिड्नुभएन। बरु वडाअध्यक्ष, उपप्रमुख जाँदा पनि हुन्छ। नगरप्रमुख र प्रमुख प्रशासकीय अधिकृतले योजनाहरू समयमै कार्यान्वयन भए नभएको, सेवाग्राहीले सहजरूपमा सेवा पाए नपाएको कुराबारे ख्याल गर्नुपर्‍यो। नागरिकले विगतमा जसरी एकैदिनमा, एकैछिनमा हुने कामका लागि घण्टौँ अनि हप्तौँ दुःख पाउनु भएन। खोइ किन हो ? जति देखिनुपर्ने हो त्यत्ति नतिजा देखिए जस्तो लागेको छैन। समीक्षा गरेर कार्यशैली लगायत सुधार्नुपर्ने कुरा समयमै सुधारेर अगाडि बढेमात्र समृद्ध तानसेन निर्माण सम्भव छ। यो कुरा नगरप्रमुख लगायत जनप्रतिनिधिले मनन गर्नु पर्‍यो।" अन्त्यमा उहाँको आग्रह थियो–"तानसेनको विकासका लागि सब पक्षले सहयोग गरौँ, कमी कमजोरी सुधार्नका लागि सुझाव दिऔँ। थोरै भएर केही हुन्न तर शुरु गरेका योजना सम्पन्न गर्दै अगाडि बढौं भन्ने तर्फ जनप्रतिनिधिले जोड दिनुपर्छ।"

(नेता, नेकपा)

---

# यसो भन्छन् तानसेन नगरपालिकाका पूर्व जनप्रतिनिधि

(**साबिक तानसेन नगरपालिकामा २०५४-५९ मा निर्वाचित पूर्व जनप्रतिनिधिहरूसँग हालको तानसेन नगर सरकारले तत्काल गर्नु पर्ने र सुधार्नुपर्ने कुराबारे छलफल गर्दा प्राप्त कुरा संक्षेपमा यहाँ राखिएको छ -प्रधान सम्पादक**)


**कृष्णराज अधिकारी**

### तानसेन दुर्गन्धरहित बनाउनुपर्छ

तत्काल गर्नुपर्ने कामबारे तानसेन नगरपालिकाका पूर्व वडा अध्यक्ष कृष्णराज अधिकारी भन्नुहुन्छ–"नगरपालिका क्षेत्रको नक्सापास मापदण्ड अनुसार व्यवस्थित गर्नुपर्‍यो। नक्साको कारण नगरबासीले दुःख पाउनु भएन। सरकारी जग्गा संरक्षण गर्नुपर्‍यो, बाटो छेकेर कुनै संरचना बन्नु भएन। बाहिरबाट तानसेन आउने पाहुनाले दुर्गन्धरहित नगरको अनुभूति गर्न पाउनुपर्दछ। खुला ढल सबै व्यवस्थित गरिनुपर्दछ। फोहर व्यवस्थापन, डम्पिङसाइट सञ्चालन जस्ता काममा चासो लिनुपर्दछ। पुरानो नगर क्षेत्रभित्र वर्कशप सञ्चालन गरिनुभएन। यसैगरी सवारी साधन पार्किङका लागि निश्चित स्थान हुनुपर्दछ।"

तानसेन नगरपालिकाले सुधार्नुपर्ने कुराबारे पूर्व वडाअध्यक्ष अधिकारी भन्नुहुन्छ–"नगर प्रमुखले औपचारिक सभा समारोहमा मात्र हिडेर हुँदैन नगरबासीले सहजरूपमा सेवा पाएका छन्, छैनन् अनुगमन गर्नुपर्दछ। कर्मचारीले सहज ढंगले सेवा दिएका छन्, छैनन् हेर्नुपर्दछ। जन प्रतिनिधिले गर्न सकिने काम मात्र हुन्छ भनेर सेवाग्राहीलाई भन्नुपर्दछ। नसकिने काम भए शुरुमै यो काम गर्न सकिन्न भन्नुपर्दछ। त्यसो गरिएमा सेवाग्राहीको र आफ्नो समय बचत हुन्छ पटकपटक धाउनु पर्दैन अनि सम्वन्ध पनि बिग्रदैन भन्ने मेरो ठम्याइ छ। झुटा आश्वासन कसैले दिनु हुँदैन। कामका लागि सेवाग्राही सबै समान हुन्, काखा र पाखा गर्नु हुँदैन। ग्रामीण वडालाई वेवास्ता तथा पुरानो नगर क्षेत्रलाई मात्र काखी च्यापियो भन्ने अनुभूति पटक्कै गराउनु हुँदैन भन्ने तर्फ अनुभवी मेयरको ध्यान पुगोस्।"

(पूर्व वडा अध्यक्ष, साबिक तानसेन नपा-११)

## सेवाग्राहीलाई सहज रूपमा सेवा दिनुपर्छ


अमिनबक्स मियाँ

तानसेन नगरपालिकाले तत्काल गर्नुपर्ने कामबारे साबिक तानसेन नगरपालिका वडा नं १३ का पूर्व वडा अध्यक्ष अमिनबक्स मियाँ भन्नुहुन्छ–"पानीको समस्या समाधानको लागि पहल हुनुपर्दछ । ग्रामीण वडामा समेत पछिल्लो समयमा खानेपानीको अभाव हुन थालेको छ। तानसेन नगरपालिका भनेको तेर्सो सडक, टुँडिखेल, शीत्तलपाटी मात्र होइन मदनपोखरा, तेल्घा, बन्दीपोखरा, बराङ्दी, बौघापोखराथोक, बौघागुम्हा, अर्गली क्षेत्र पनि हो भन्ने कामबाट महसुस गराउन सक्नुपर्दछ। यी क्षेत्र उपेक्षित हुने निर्णय गर्नु हुँदैन जनप्रतिनिधिले। सबै क्षेत्रमा जनआधारभूत कुरा जस्तै सडक, बत्ती, खानेपानी व्यवस्थित गरिनुपर्दछ। रिङरोडले सबै वडालाई आवागमनमा सहज तुल्याउन सक्ने हुँदा निर्माणसम्पन्न गर्नेतर्फ ध्यान दिनुपऱ्यो। तानसेनमा नयाँ बसपार्क अति आवश्यक छ यसका लागि नगरप्रमुख लाग्नु भएको छ। छिट्टै निर्माण होस्।"

सुधार्नुपर्ने कुराबारे पूर्व वडाअध्यक्ष अमिनबक्स मियाँ भन्नुहुन्छ–"जे काम गरेपनि देखिने र दिगो हुनु पऱ्यो झारा टार्ने गरी काम गर्नु भएन। जस्तै पिच गर्ने भनेर आँखामा छारो हाल्ने काम हुनुभएन। सडक बिस्तारको नाममा नागरिकलाई क्षति र शास्ती मात्र हुनुभएन, सुविधा हुनु पऱ्यो। बाटो बिस्तार मात्र विकास होइन भन्ने तथ्य सबैले बुझ्नु पऱ्यो। आवश्यकतामा आधारित हुनुपर्दछ सडक निर्माणको काम। उतिबेला छापेको ढुंगा पछि हटाइयो अहिले फेरि त्यही ठीक रहेछ भन्ने परेको छ। शिक्षा, स्वास्थ्य र पर्यटनको कुरा नारामा सीमित हुनु भएन। चुनावको बेलामा गरिएका वाचा कबोल सम्झेर जनप्रतिनिधिले नगरबासीको सेवा गर्नुहोस् किनकि हिजो हामीले स्वयंसेवकको रूपमा काम गऱ्यौं अहिले त केही मात्रामा भएपनि राज्यले जनप्रतिनिधिलाई सेवासुविधा समेत दिएको अवस्था छ। कुनै पनि विकास निर्माणका योजना तय गर्नु पूर्व छलफल गरेर समयमै काम सक्ने गरी कार्यान्वयन गरिनु राम्रो हुन्छ। नागरिकलाई शास्ती दिएर काम गर्नु हुँदैन भन्ने कुरा सरोकारवालाले मनन गरौँ। बेलाबखत पूर्व जनप्रतिनिधिहरूसँग रायसुझाव लिने नगर प्रमुखको सोच प्रशंसनीय छ । यो काम निरन्तर गरौँ।"

(पूर्व वडा अध्यक्ष, साबिक तानसेन नपा-१३)

---

## युवा र महिलालाई स्वरोजगार कार्यक्रममा लगाउनु पर्छ


भीमकुमारी शाक्य

तानसेनले तत्काल गर्नु पर्ने कामबारे साबिक तानसेन-३ की पूर्व कार्यवाहक वडा अध्यक्ष भएर काम गर्नु भएकी भीमकुमारी शाक्य भन्नुहुन्छ–"तानसेनलाई कुरामा सुन्दर नगरी भनेर भनिन्छ देख्दा पनि त्यस्तै गराउनु पर्दछ हामीले। फोहरमैला व्यवस्थापन, ढल निकासका काम हुनु आवश्यक छ। फोहरको गन्ध आएपछि तानसेन आयो भनेर थाहा हुन्छ भन्ने आरोप हटाउन सक्नुपर्दछ। युवा र महिलाहरूलाई स्वरोजगार कार्यक्रममा समेटेर आयआर्जन तर्फ उन्मुख गराउने योजना अगाडि बढाउनु पर्दछ। नयाँ बसपार्क छिटो बनाउनु पर्दछ। बजारक्षेत्रमा छरिएर रहेका वर्कशपलाई निश्चित ठाउँमा सञ्चालनको व्यवस्था गरिनु राम्रो हुन्छ।"

तानसेनले सुधार्नु पर्ने कुराबारे शाक्यको सुझाव छ–"ग्रामीण वडालाई पनि सेवा सुविधामा समेट्नु पर्दछ। विकास निर्माणका सवालमा कुनै वडालाई पन्पक्ष गरिनु हुँदैन। नगरबासीले विश्वास गरेर जसरी मत दिए त्यसैगरी जनप्रतिनिधि विशेषतः नगरप्रमुखले नगरबासीको विश्वास जित्ने काम गर्नुपर्छ। बुटवल तानसेन सडकको सिद्धबाबा सडक खण्ड जोखिमयुक्त भएकाले तानसेन आउने यात्रु तर्सने अवस्था हटाउन प्रदेश र संघीय सरकारसँग ताकेता गरेर गुहार मागेर जसरी हुन्छ आवागमन सहज गराउने तर्फ तानसेन नगरपालिकाले पनि पहल गर्नुपर्दछ।" अन्त्यमा शाक्यले भन्नुभयो–"तानसेनलाई खानेपानी नभएको ठाउँ भनेर प्रचार गरिएको अवस्था छ। कसरी खानेपानी आपूर्ति सहज गराउन सकिन्छ त्यसतर्फ नगरप्रमुखले पक्कै पहल गर्नुहुनेछ भन्ने विश्वास छ। हालका नगरप्रमुखले पहिले पनि जनविश्वास जितेर काम गरेकाले पुनः निर्वाचित हुनुभएको हो। त्यसैले अहिले पनि जनविश्वास बढाउने काम गर्नुहुने आशा गरौँ।"

(पूर्व कार्यवाहक वडा अध्यक्ष, साबिक तानसेन नपा-३)

फर्मले दरभाउपत्र पेश गरेका थिए। स्वच्छ प्रतिष्पर्धा भई लागत अनुमानभन्दा ५८.८२ % घटी अर्थात् रु. ६,२३,८१२ मा कवोल भएको चिराग फार्मेसी पोखराको दरभाउपत्र स्वीकृत भई तोकिएको मापदण्ड अनुसारको औषधि आपूर्ति भई नगरस्थित स्वास्थ्य संस्थाहरूमा वितरण गरिएको थियो। बाँकी रहेको रु. ३२७६१८८ मध्ये २८६०६१० को औषधि खरीद गर्न मिति २०७५।०९।१३ मा वोलपत्र आव्हान गर्दा १६ वटा फर्मले वोलपत्र खरीद गरी एक आपसमा मिलेमतो गरी लागत अनुमान भन्दा १.९२ % मात्र घटी अर्थात् रु. २८,३२,२६० कवोल भएको युनाइटेड मेडिसेल्स वुटवल, ०.२४% मात्र घटी अर्थात् २८५३७३५ कवोल भएको सासा फर्मा सोलुसन प्रा.लि.वुटवल र लागत अनुमान भन्दा ५०.४९४% वढी अर्थात् रु. ४३०५०७०।– कवोल भएको वयस्टर्न ड्रग डिस्ट्रिव्युटर्स वुटवलको वोलपत्र प्राप्त भएको, यसरी १६ वटा वोलपत्र विक्री हुँदा असामयिक रूपमा मिलेमतो गरी ४ वटा मात्र (लगभग लागत अनुमान बराबर कबोल गरी) वोलपत्र दाखिला गरेका कारण सार्वजनिक खरीद ऐन २०६३ दफा २६ को उपदफा ६ आकर्षण भई स्वस्थ प्रतिस्पर्धा नभएको तथा स्पष्ट मिलेमतो भएको देखिएकोले तानसेन नगरपालिकाको २०७५।१२।०८ को निर्णय अनुसार वोलपत्र रद्द गरी साविकमा ५८.८२% घटीमा सप्लाई गर्ने चिराग फार्मेसी पोखरावाट (सोही ५८.८२% घटी) दरमा औषधि खरीद गरीयो। प्राप्त भएको औषधि चेक जाँच गर्दा पुरै मापदण्ड अनुसार भएकोले सवै स्वास्थ्य संस्थाहरूमा गत विगतमा भन्दा दुई गुणा वढी औषधि वितरण गर्न नगर सरकार सफल भएको छ। ३४,८४,४२२ रुपैयाँ वजार मूल्यको लागत अनुमान वा वजार मूल्यको आधारमा गणना गर्दा लगभग रु. ८८,००,०००।– भन्दा वढी मूल्यका ६७ प्रकारका औषधि खरीद भई स्वास्थ्य संस्थाहरूमार्फत् नगरवासीहरुलाई निशुल्क औषधि वितरण गर्ने काम सुचारु भएको छ।

**२०७६ वैशाख ९ गते प्रकाशित कान्तिपुर दैनिक (पेज १३) मा भनिएको छ-**

माधव अर्याल (पाल्पा)

सप्लायर्सले मिलेमतोमा दोब्बर महँगो दर राखेर बोलपत्र पेस गरेपछि तानसेन नगरपालिकाको औषधि आपूर्तिसम्बन्धी टेन्डर रद्द भएको छ।

गत भदौमा निःशुल्क वितरण गरिने औषधि खरिद गर्दा नगरपालिकाको लागत अनुमानभन्दा ५८ दशमलव ८२ प्रतिशत कममा दरभाउपत्र स्वीकृत भएको थियो। दोस्रोपटक उही औषधिका लागि बोलपत्र आह्वान गर्दा चारवटा सप्लायर्सले दोब्बर महँगो दर राखेर फाराम बुझाएका थिए। 'एकै वर्ष खरिद गरेको औषधिमा दोब्बर मूल्य फरक कसरी पर्यो भन्दै खोजी गर्दा मिलेमतोको गन्ध भेटियो,' तानसेन नगरपालिकाका सूचना अधिकारी तथा लेखा अधिकृत दिवाकर अर्यालले भने, 'त्यसपछि टेन्डर रद्द गर्ने निर्णय भयो।' त्यसपछि गत भदौमा ठेक्का पारेका सप्लायर्सलाई औषधि आपूर्तिको जिम्मा दिइएको छ।

नगरपालिकाले गत भदौमा १५ लाख १५ हजार रुपैयाँ बराबरको टेन्डर आह्वान गरेको थियो। त्यसबेला १० वटा दरभाउपत्र बिक्री भएकामा ६ वटाले दाखिल गरेका थिए। सबैभन्दा कम मूल्यांकन पेस गर्ने पोखराको चिराग फार्मेसीलाई औषधि सप्लाई गर्ने जिम्मा दिएको थियो। उसले लागत अनुमानभन्दा झन्डै ५८ दशमलव ८२ प्रतिशत घटीमा आपूर्ति गरेको छ। यसअनुसार ६ लाख २३ हजार ८ सय ८१ रुपैयाँमा तोकिएको औषधि आयो। औषधि खरिदका लागि नगरपालिकामा स्वास्थ्यतर्फ २९ लाख र प्रवर्द्धनात्मकतर्फ थप १० लाख बजेट थियो।

पहिलो बोलपत्रमा चिराग फार्मेसीले दुखाइ कम गर्ने लिग्नोकेन इन्जेक्सन २६ रुपैयाँ ६० पैसामा आपूर्ति गरेको छ। दोस्रो पटकको सूचनामा भने गीतांजली फर्मास्युटिकल काठमाडौंले त्यही औषधिलाई ३९ रुपैयाँ, युनाइटेड मेडिसेल्स बुटवलले ३८ रुपैयाँ ९८ पैसा, वेस्टर्न ड्रग डिस्ट्रिब्युटर्स बुटवलले ४० रुपैयाँ र सासा फर्मा सोलुसन प्रालि, काठमाडौंले ४० रुपैयाँ दर पेस गरेका छन्। प्यारासिटामोल अधिल्लोपटि प्रतिटयावलेट शून्य दशमलव ५३ पैसामा खरिद भएकामा पछिल्ला सप्लायर्सले क्रमशः ०.८५, ०.८३, १ र ०.८७ को दर पेस गरेका छन्। दुखाइ कम गर्ने औषधि ब्रुफिन पहिले एक रुपैयाँमा खरिद भए पनि पछिल्लो पटक क्रमशः १ रुपैयाँ ७२ पैसा, १ रुपैयाँ ७ पैसा, २ रुपैयाँ र १ रुपैयाँ ७५ पैसा बोलकबोल गरिएको छ। दमको औषधि सालबुटामोल ४ एमजी पहिले शून्य दशमलव २२ पैसामा खरिद भएको छ भने अहिलेको बोलपत्रमा क्रमशः १ रुपैयाँ, ०.९८, १ रुपैयाँ ५ पैसा र १ रुपैयाँ १ पैसा पेस भएको छ। तानसेन नगरपालिकाका अनुसार औषधिको टेन्डर गर्नुअघि पाँचवटा सप्लायर्ससँग दर मागिएको थियो। त्यहीअनुसार मूल्यांकन गरेर टेन्डर आह्वान गरिएको थियो। 'प्रिन्टेड मूल्यअनुसार लागत अनुमान गरेर टेन्डर आह्वान गरिन्छ,' लेखा अधिकृत अर्यालले भने, 'अघिल्लो पटक स्वच्छ प्रतिस्पर्धा भएकाले झन्डै ९ लाख रुपैयाँ कममै औषधि सप्लाई भएको थियो।' पछिल्लो समय सप्लायर्सले संस्थागत रूपमा बोलपत्र दर्ताको प्रक्रिया पुर्‍याउने तर आन्तरिक रूपमा प्रतिस्पर्धा नगर्ने प्रवृत्ति देखिएको छ। मिलेर एक सप्लायर्सलाई टेन्डर पार्ने र न्यूनतमभन्दा बढी रकम राखेर बाँड्ने योजनामा रहेका सप्लायर्स नगरपालिकाको निर्णयले अप्ठ्यारामा परेका छन्।

नगरपालिकाले पुरानै दरमा खरिद गर्ने निर्णय लिएपछि चिराग फार्मेसीले औषधि सप्लाई गरिसकेको छ। 'कुनै पनि औषधि कमी छैन,' अर्यालले भने, 'हामीले राम्रो गरेर औषधि स्टोर गरेका छौं।' तानसेन नगरपालिकाले पाल्पा अस्पताल, स्वास्थ्यचौकी, सहरी स्वास्थ्य केन्द्र तथा सामुदायिक स्वास्थ्य एकाइहरूमा आर्थिक वर्ष ०७५/७६ मा निःशुल्क औषधि वितरण गर्छ।

औषधि खरीद गर्दा सार्वजनिक खरीद ऐन र नियमावली अनुसार प्रकृया पुरा गरेता पनि सप्लायर्सहरुको अपवित्र गठवन्धन (मिलोमतो) भई लागत भन्दा पचासौं गुणा बढीमा खरीद गर्नु पर्ने वाध्यता लाई नियन्त्रण गर्न हामी सजग हुनु जरुरी छ भन्ने हाम्रो सिकाइ रहेको छ।

**गत विगतमा पटक पटक सोभ्कै खरीद तथा छपाई गर्दा नगर पालिकाको सीमित स्रोत सदुपयोग हुन नसकेको देखिएकाले वोलपत्र र सिलवन्दी दरभाउपत्रको माध्यमवाट स्वस्थ प्रतिस्पर्धा गराई सस्तो र गुणस्तरीय सामान उपलब्ध गराउने उद्देश्यले विभिन्न फारम छपाई स्टेशनरी सामग्री, विद्युतीय सामग्रीहरू खरीद गर्दा तपसिल अनुसार दरभाउपत्र आव्हान गरिएकोमा निम्ननुसार खरीद कार्य भएको छः**

१) रु १०१२७६२।५० लागत अनुमान भएको विभिन्न फाराम छपाईको कामगर्न दरभाउपत्र आव्हान गर्दा कैलासनगर पव्लिकेशन प्रा.लि.तानसेनले ५७।७५ प्रतिशत घटी रु ४२७८९१।७५ मा सम्भौता भई कार्य सम्पन्न भई रु ५८४८७१।०५ वचत भएको छ।

२) रु १४७९३३९।५० लागत भएको स्टेशनरी सामग्री र विद्युत्का सामग्रीहरु सिलवन्दी दरभाउपत्रको माध्यमवाट खरीद गर्दा १८.९५ प्रतिशत घटी अर्थात् रु ११९८९५१।४७ मा तोकिएको सम्पूर्ण सामान सप्लाई भई नगरपालिकालाई रु २८०३८८।०३ वचत भएको छ।

३) रु ८० लाख लागत अनुमान भएको नयाँपाटी सारेम दमकडा सडक स्तरोन्नति कार्य बोलपत्रद्वारा व्यवस्थापन गर्दा ३४ प्रतिशत घटीमा अर्थात् रु ५२ लाख ८० हजार मा सम्भ्कौता भई रु २७ लाख २० हजार वचत रकम सोही सडकको स्तरोन्नति कार्यमा उपभोक्ता समितिबाट काम हुँदैछ। सो योजनामा अब कूल रु १ करोड ७२ लाख बजेट बराबर काम हुँदैछ।

आगामी वर्षहरुमा पनि वर्षभरी आवश्यक हुने विभिन्न सामग्रीहरुको यथार्थ लागत अनुमान तयार गरी वोलपत्र र सिलवन्दी दरभाउपत्रको माध्यमवाट स्वस्थ प्रतिशपर्धा गराई खरीद गर्दा सीमित स्रोत अपचलन नभई पुर्ण सदुपयोग हुने देखिन्छ। कार्यालयवाट जतिवेला सामानको आवश्यकता पर्‍यो त्यति नै वेला स्लीपको माध्यमवाट हुने खरीद प्रणालीलाई निषेध गर्नु कुनैपनि संस्थाका लागि हितकारी हुन्छ। अतः सुपथ मूल्यमा समयमै गुणस्तरीय वस्तु वा सामग्री खरीद गर्नु संस्थाको उद्देश्य हो भन्ने तथ्यलाई मनन गर्न सक्नु पर्दछ। (लेखा अधिकृत)

# योजना अनुसार कार्यान्वयनको प्रयास भैरहेको छ



– रामप्रसाद श्रेष्ठ

तानसेन नगरपालिका नेपालको तेस्रो पुरानो नगरपालिका हो तर साधन स्रोतको हिसावले हामी पछाडि परेका छौँ र त अपेक्षित विकास निर्माणका काम समयमै सम्पन्न गर्न सकिएको छैन । तानसेन नगरपालिका नगरक्षेत्र मात्र नभएर ग्रामीण क्षेत्रमा समेत अवस्थित रहेको छ। स्थानीय सरकारको रूपमा क्रियाशील भए पनि सीमित साधनस्रोतका कारण हामीले चाहेअनुसार कामले गति लिन नसकेको अवस्था छ। यद्यपि चालु वर्षको योजनाहरूलाई सर्सरी हेर्दा त्यति साऱ्है निराश हुनुपर्ने अवस्था भने म देख्दिन। नगरपालिकामा प्राविधिक जनशक्ति कम रहेको छ। वडाहरूको प्राविधिक काममा सहयोग गर्न ४ जना खटाइएको छ। सुपरीवेक्षणमा १ जनाले हेर्ने गर्नुभएको छ। कार्यालयमा ठेक्कासम्वन्धी कामका लागि १ जना कार्यरत हुनुहुन्छ। ६ जना ओभरसियर र कार्यालय प्रमुख १ इन्जिनियर समेत सबै जना काममा खटेको अवस्था छ।

२०७६ वैशाखसम्मको तथ्याङ्क हेर्दा तानसेनमा ६०–४० सहलगानीमा सम्पन्न हुने योजनाहरूको ३० प्रतिशत काम सम्पन्न भएको छ। नगर तथा वडास्तरका योजनाहरू मध्ये १० प्रतिशतको फरफारक कार्य सम्पन्न भएको अवस्था छ।



भगवती मन्दिरदेखि शीत्तलपाटी मखनटोल हुँदै एनआइसी एसिया बैंकसम्म ढुंगा छाप्ने योजना प्रारम्भ भएको छ । यस्तै सेतीपोखरी–गुफाचौर नगरस्तरीय सडकको स्तरोन्नति कार्य प्रारम्भ भएको छ। उक्त क्षेत्रमा करीव २० प्रतिशत कार्य प्रगति भएको छ। झण्डै १२ किलोमिटर लम्वाई रहेको उक्त सडक योजना २०७६ असारसम्ममा सम्पन्न हुने विश्वास रहेको छ।

तानसेनको गहनाको रूपमा रहेको तानसेन टुँडिखेल स्तरोन्नतिको कार्यप्रगति करीव २५ प्रतिशत भएको छ । होलाङ्दी–बसपार्क –ढुंगाखानी सडक चौडा गर्ने कार्यक्रम अन्तर्गत बनदेवीदेखि अप्पु भिलेज क्षेत्रसम्मको काम प्रारम्भ भएको छ। यी पंक्ति लेखिरहँदासम्म करीव १५ प्रतिशत कार्य प्रगति हासिल गरिएको अवस्था छ।

तानसेनमा दैनिक रूपमा विकास निर्माणका काम भइरहेका छन् । नगरपालिकाले नगरपालिका कार्यालय सञ्चालनको लागि पुरानो भवनको नजिकै ८ कोठे भवन निर्माणको काम प्रारम्भ गरिसकेको छ। असार मसान्तसम्ममा यो कार्य निर्माण सम्पन्न गर्ने योजना रहेको छ।

दमकडा खेल मैदानमा २५ प्रतिशत कार्यप्रगति भएको छ। तानसेन टुँडिखेल र दमकडामा प्रदेश नं ५ सरकारको समेत सहयोग रहेको छ। शीत्तलपाटी एनआइसी एसिया बैंकसम्म ६०:४० अनुपातमा संघीय सरकारसँग सहकार्यमा काम भएको छ ।

तानसेन नगरपालिकाले प्रवाह गर्दै आएको सेवालाई नागरिक मैत्री बनाउने अभियान जारी छ। जनप्रतिनिधि साथै उपभोक्तासँग समन्वयमा काम अगाडि बढेकाले अपेक्षित समयमै कार्य सम्पन्न गर्न सकिन्छ भन्ने हाम्रो विश्वास छ। हामीले सकेसम्म सेवाग्राहीलाई सहजरूपमा सेवा दिन सकियोस् भनेर प्रयास गरेका छौँ। मौजुदा जनशक्तिबाट अधिकतम सेवा प्रवाहका लागि रचनात्मक सुझाव र सहयोगको लागि आग्रह गर्दछौँ।

(प्रमुख, प्राविधिक शाखा तानसेन नगरपालिका)

## तानसेन नगरपालिकाको अनुरोध

- ❑ सफा टोल सफा सहर, हामी सबै तानसेन बासीको रहर
- ❑ सार्वजनिक सम्पत्ति सडक, चोक,गल्ली हामी सबैको हो, सधैं सफा राखौं
- ❑ घर घरमै फोहरलाई कुहिने र नकुहिने गरी छुट्याएर उचित व्यवस्थापन गरौं
- ❑ प्लाष्टिक झोलाको बिकल्पको रूपमा जुट, कपडा वा धेरै पटक प्रयोग हुने झोलाको प्रयोग गरौं
- ❑ सफा तानसेनको लागि आफ्नो क्षेत्रबाट सफा अभियान सञ्चालन गरौं



# तानसेन समृद्धिको सम्भावना छ जाँगर गरौं

- झपेन्द्र जी.सी.

**विषय प्रवेश** : के छैन तानसेनसँग ? सबै कुरा छन् । गौरवपूर्ण सेनकालीन इतिहास छ, नेपाल एकीकरणमा महत्त्वपूर्ण भूमिका निर्वाह गर्ने सानाकाजी अमर सिंह थापा, दलभञ्जन पाँडे, वीर भद्रहरूको पद चिन्ह छन्। पाल्पा राज्य नेपालमा एकीकरण भए पछि सन्१३०६ (वि.सं. १३६३) देखि पाल्पा राज्यको अभिन्न अंग पाल्पा राज्यको तराई क्षेत्र : बुटवल र शिवराज पाल्पा राज्यको स्वामित्वमा पर्दैन, यो त अवधका नवाव आसफुद्दौलाको स्वामित्वको भूमि हो भन्ने दाबी गर्दै बुटवलमा १ ठाना र शिवराजमा ३ ठाना स्थापना गरेर इष्टइन्डिया कम्पनीको शासन सञ्चालन गर्न उद्यत इष्टइण्डिया कम्पनी सरकारद्वारा सञ्चालित ठाना चौकी ध्वस्त गरी नेपाली शासन व्यवस्था सञ्चालन गर्ने खुबी बोकेका सानाकाजी जगराज भण्डारी, अमरसिंह थापा, भनिराज फौजदार जस्ता राष्ट्रवादी देशभक्त वीरहरूको गौरवपूर्ण गाथा छ। वि.सं. १८७१-१८७२ मा इस्टइन्डिया कम्पनीको अत्याधुनिक शस्त्र अस्त्रले सज्जित झण्डै ५ हजार फौजलाई जितगढीमा परास्त गरेका विजयनायक कर्णेल उजीरसिंह थापा, जस्ता सयौं वीरहरू र पाल्पाली जनसमुदायको वीरतापूर्ण इतिहास छ । पुरातात्विक महत्त्व बोकेका नेपालकै सबैभन्दा ठूलो बग्गी ढोका, शीतलपाटी, रणउजीरेश्वरी भगवती मन्दिर, अमरनारायण मन्दिर, हृषिकेश तथा माण्डव्य मन्दिर, रानीमहल जस्ता दरबार महल, प्रस्तर तथा काष्ठकला र मूर्तिहरूले तानसेन र पाल्पालाई धनी बनाएको छ। तानसेन (श्रीनगर) सेनकालीन राज्यको राजधानी र नेपाल एकीकरणपछि राणाकालमा समेत पश्चिम क्षेत्रकै प्रमुख प्रजातान्त्रिक आन्दोलनका क्रममा पाल्पा क्षेत्र फागुन ७ गते होइन त्यो भन्दा पहिले नै मुक्त भयो । पाल्पाले जनसरकार बनायो, निरङ्कुशताको अन्त्य भएको शङ्नाद गरेर सम्पूर्ण नेपालीलाई अभिप्रेरित गर्ने काम गऱ्यो । त्यति मात्र होइन सूर्य चन्द्र अङ्कित नेपालको राष्ट्रिय झण्डा जुन फहराइ रहेको छ सो झण्डा भनेको माथि सूर्य तल चन्द्र अङ्कित सेनकालीन झण्डाको विरासत हो । यिनै गौरवशाली र ऐतिहासिक पृष्ठभूमि र पहिचान भएकै कारण तानसेनले २०१४ सालमै नगरपालिकाको आधिकारिक दर्जा पायो यद्यपि २००७ सालमै तानसेन नगर पञ्चायतको गठन भएको थियो । २०४६ सालको प्रजातान्त्रिक आन्दोलनमा पनि तानसेनको अहम् भूमिका रहेको छ। यसरी लोकतान्त्रिक आन्दोलनका क्रममा पनि तानसेन पाल्पाले अग्रणी भूमिका निर्वाह गरेको, शाक्यमुनि अमृतानन्दको आश्रम भूमि पाल्पा बौद्धविहार, गुम्बा र चैत्यमा पनि धनी छ। अविस्मरणीय र उल्लेखनीय जात्रा, चाडपर्व, कला संस्कृतिमा पनि सम्पन्न छ। ब्राह्मण, क्षत्री, मगर, नेवार, मुस्लिम, कुमाल, बोटे, थकाली, विभिन्न थरगोत्रका उत्पीडित जातिहरूको बसोबास रहेको तानसेन नगरपालिका स्वभावैले एउटा विशाल बहुसांस्कृतिक संग्रहालयका रूपमा उपस्थित छ । त्यही कुरालाई उजागर गर्ने उद्देश्यले विगत राजनैतिक द्वन्द्वकालमा क्षतिग्रस्त भएको पाल्पा दरबार पुनर्निमाण गरी बहुसांस्कृतिक संग्रहालयको रूपमा सञ्चालित हुँदा पर्यटकीय गन्तव्य क्षेत्रका हैसियतले स्वदेशी



विदेशीहरूलाई आकर्षण गरिरहेको प्रष्टै देखिन्छ। संघीय लोकतान्त्रिक गणतन्त्र नेपालको संविधान अर्थात् नेपालको संविधान २०७३ साल असोज ३ गते जारी भएपछि संविधानको भावना बमोजिम स्थानीय तहको पुनर्संरचना हुँदा साविक तानसेन न.पा. र मदनपोखरा, तेल्घा, बौघागुम्हा, बौघापोखराथोक, बन्दीपोखरा, अर्गली र बराङ्दी समेतको सम्मिलन भई पुनर्संरचना हुँदा तानसेन शब्दको ऐतिहासिक सारतत्वलाई हृदयङ्गम गरी पुनर्संरचनाको नाम तानसेन नगरपालिका नै राखिएको जगजाहेर छ । १४ वटा वडामा उपस्थित तानसेन नगरपालिकाको जनसंख्या ५०४०५ छ भने तानसेन बजारभित्रको सानो बस्ती, मठमन्दिर मस्जिद, गुम्बाविहार, घर र ढोकाका बुट्टा कला आदिले प्राचीनता र सहरिया जीवनको संकेत गर्दछ। बाँकी अत्यन्त ठूलो भूभाग र वडावस्तीहरूमा ग्रामीण अवस्थाको संकेत रहेको पाइन्छ। सहरीकरण भैसकेको क्षेत्रलाई पुरानो कलाकृति संस्कृतिको संरक्षण र सम्वर्द्धन गर्दै थप विकसित र आकर्षक बनाउनुपर्ने अवस्था छ भने ग्रामीण वस्तीहरूमा गुणस्तरीय पूर्वाधारको निर्माण, कृषिप्रणालीमा व्यावसायिकीकरण, यान्त्रिकीकरण गर्नुका साथै स्थानीय उत्पादन र प्राप्त हुने कच्चा पदार्थलाई सदुपयोग र बजारीकरण एवम् व्यापार प्रवर्द्धन गर्ने किसिमले स्थानीय आवश्यकता र सम्भाव्यतालाई हेरी औद्योगिकीकरण गर्नुपर्ने आवश्यकता छ। यिनै पृष्ठभूमिमा उभिएर तानसेन नगरपालिका क्षेत्रभित्र कृषि, पशुपालन, पर्यटन प्रवर्द्धन र उद्योग व्यवसाय सञ्चालन गर्न सम्भव होला । यस लेखमा यसै विषयमा संक्षेपमा छलफल गर्ने जमर्को गरिएको छ।

२.१ **तानसेन न.पा. वडा नं.** १

यस वडा अन्तर्गत गैरागाउँ, ध्रुवघाट, भुसलडाँडा, गोर्खेकोट, साविक बराङ्दीका वडा नं. २ र ६ अर्थात् नारनडाँडा आदि पर्दछन् । मिसन अस्पताल यसै वडामा पर्ने हुँदा यो क्षेत्रलाई मिसनडाँडा क्षेत्रभन्दा पनि फरक नपर्ला। यस वडाको जनसंख्या ३७२० मध्ये महिला १९६१ र पुरुष १७५९ रहेको देखिन्छ।

यो वडाको दक्षिणी भेकको रूपाकृतिलाई हेर्दा भर्खरभर्खर सहर उन्मुख हुन खोजेको प्रतीत हुन्छ। यसरी नै उत्तरी भेक श्रीनगरको पल्लोपट्टिको गाउँवस्तीलाई हेर्ने हो भने एउटा सामान्य गाउँवस्तीको संकेत पाइन्छ। श्रीनगर रिङ्रोड र तानसेन रानीमहल सडक करीब करीब पूरा भएपछिको अवस्थामा यो ग्रामीण क्षेत्रले उज्ज्वल पर्यटकीय सम्भावनालाई पनि संकेत गरेको छ।

यो वडामा मिसन अस्पताल रहेकोले धेरै जिल्लाबाट बसाइ सरी आएको समुदायले सामान्य घरटहरा निर्माण गरी होटल व्यवसाय गर्दै आएका छन्। यो वडाको आकर्षण मिसन अस्पताल नै हो। मिसन अस्पतालले आफ्ना भरपर्दो स्वास्थ्योपचारका क्रममा देशविदेशमा समेत नाम कमाएको छ। त्यसैले यहाँ उपचारका सिलसिलामा आउने बिरामी र बिरामी कुरुवा वा सहयोगीका लागि समेत सस्तो, सुलभ र गुणस्तरीय भरपर्दो होटल व्यवसाय सञ्चालनमा जोड दिदा राम्रो होला। उपचार गर्न गरीब र विपन्न मात्र आउँदैनन्। अलिकति हैसियतवाला पनि आउँछन्। त्यसो भएकोले उपयुक्त, राम्रो र व्यवस्थित होटल व्यवसाय सञ्चालनको पनि आवश्यकता देखिन्छ। यसरी नै तानसेन रानीमहल सडक, श्रीनगर रिङ्रोड समेत निर्माण भैसकेकोले श्रीनगर र रानीमहल समेतलाई लक्ष्य गरी उत्तर बराङ्दी पाखामा प्रशस्त मात्रामा गुणस्तरीय चियाचमेना घर, रिसोर्ट एरिया आदि पनि निर्माण गर्न सकिन्छ। दुग्ध व्यवसाय, कृषि व्यवसाय र पशुपालनको पनि यस क्षेत्रमा पर्याप्त सम्भावना देखिन्छ। रानीमहललाई लक्षित गरी देशविदेशका पर्यटकहरू अवश्य नै आउने छन्। तर यस भेकमा पर्यटकमैत्री होटलहरू छैनन्। त्यसैले यो दिशातर्फ अब समुदायको ध्यानाकृष्ट हुनुपर्ने देखिन्छ। घरेलु उद्योग र ढाका टोपी ढाका चोलीको मार्केटिङ पनि अब यतै हुन सक्छ। भविष्यलाई हेरेर योजना बनाए हुन्छ। वडा नं. १ ले वडा नं. ५ सित पनि समन्वय गरेर जाँदा उपयुक्त हुनेछ। अर्गानिक खेती, अर्गानिक खाना, मौलिक बोली वचन र व्यवहार, स्थानीयकला संस्कृति, सोरठी, भजन, रत्यौली, लोकगीत, रोपाइँजात्रा पनि समृद्धिका गहना हुन्। यी कुरा यहाँ पाइन्छन्।

२.२. **तानसेन- २**

साबिक वडा नं. १ मेहलधारा, साविक २, वडिझान टोल र भीमसेन टोल र साविक वडा नं. १५ असनटोल, नारायण टोल मिलेर वडा नं. २ बनेको छ। महिला २२९२ पुरुष, २१२२ समेत गरी ४४१४ जनसंख्या यहाँ रहेका छन्। यो पुरानो तानसेन हो। सेनकालमा पनि बस्ती विकास यहीं भएको थियो भनिन्छ। अमर नारायण मन्दिर, अमरनारायण पार्क, पोखरी र चमेरा जस्ता जैविक विविधता पनि यसै क्षेत्रमा पाइन्छ। यो तानसेनको महत्त्वपूर्ण पर्यटकीय, धार्मिक, सांस्कृतिक क्षेत्र र व्यापारिक केन्द्र पनि हो। अमरनारायण मन्दिर पार्क र पोखरीको निर्माण पाल्पा राज्य नेपाल र देशमा सम्मिलन भएको इतिहाससँग पनि जोडिन्छ। सानाकाजी अमरसिंह थापा देशभक्त भीमसेन थापाका बाबु जितगढीमा अंग्रेजलाई परास्त गर्ने कर्णेल उजीरसिंहका हजुरबुबा र पाल्पा राज्य नेपालमा एकीकरण भए पछिका प्रथम पाल्पाली प्रशासक हुन्। वर्ण र व्याख्या गर्नलाई अरूलाई देखाउनलाई र सुनाउनलाई धेरै कुरा छन् तर अहिलेसम्म अमरनारायण मन्दिर पार्क र यो रमणीय पार्कलाई आधार बनाएर टिकट बेचेर, पैसा हात पार्ने गरी पर्यटकहरूलाई अमरनारायण क्षेत्रमा प्रवेश गराउन सकिएको छैन । विजिनेस गरिएको छैन । अब ऐतिहासक अमरनारायण क्षेत्रलाई प्रस्तुत गरेर पर्यटन प्रवर्द्धन र पर्यटन व्यापार गर्ने हो भने यो वडाले व्यापारका हरेक विधामा पर्याप्त उन्नति गर्न सक्छ। सानो राज्य सिक्किमले झाँक्रीथानलाई प्रस्तुत गरेर लाखौं रुपैयाँ कमाउन सक्छ भने अमरनारायण क्षेत्रलाई प्रस्तुत गरेर तानसेनवासीले र नगरपालिकाले पर्यटन व्यवसाय किन नगर्ने ?

पैसा किन नकमाउने ? पर्यटन व्यवसाय यस्तो व्यवसाय हो जसले पर्यटन व्यवसायी, होटल व्यवसायी, यातायात व्यवसायी, व्यापारी व्यवसायी, कृषि—उत्पादक, कालीगढ, उद्यमी व्यवसायी सबै सबैलाई फाइदा पुऱ्याउन सक्छ। नगर सरकार, वडा सरकार र समुदाय मिलेर गरिहाल्ने हो भने हुन्छ, किन नगरेको हो ? प्रश्न यहाँनेर छ।

२.३. **तानसेन वडा नं**. ३ र ४ :

साबिक तानसेन वडा नं. ५ टक्सार, वडा नं. ६ बसन्तपुर, वडा नं. ८ भगवती टोल मिलेर हालको वडा नं. ३ बनेको छ, महिला ३१२८ र पुरुष २८१० समेत गरी ५९३८ यस वडाको जनसंख्या रहेको छ। यसरी नै यसैसँग जोडिएको वडा नं. ४ मखनटोल, लहरेपिपल, बारुदखान समेत मिलेर बनेको वस्तीमा महिला १९९४ र पुरुष १८८९ समेत गरी ३८८३ जनसंख्या रहेको छ। यी दुईवटा वडा नै तानसेन नगरपालिकाको मुटुकलेजो र समग्र पाल्पाको केन्द्र हो। पाल्पाको सदरमुकामको छनक यही ठाउँबस्तीमा पाइन्छ। सहरिया विशेषता पनि यहीं छन्। ऐतिहासिक दरबार संग्रहालय, रणउजीरेश्वरी भगवती मन्दिर, तानसेन शीतलपाटी, तीन साँचा (पुरानो व्याङ्क ढुकुटी), नेपालको सबैभन्दा ठूलो बग्गी ढोका, सिल्खान, बारुदखान, टक (पैसा) काट्ने टक्सार, पाल्पाली पहिचान करुवा उद्योग, सुनचाँदी गरगहना बनाउने उद्योग र व्यवसायी यहीं छन्। मुख्य व्यापारिक केन्द्रपनि यही हो। जिल्ला समन्वय समितिको कार्यालय, जिल्ला प्रशासन कार्यालय, जिल्ला प्रहरी कार्यालय, नेपाल बैंक मिलिटेड, राष्ट्रिय वाणिज्य बैंक लगायत विभिन्न नामका दर्जनौ बैंकहरू, सहकारी तथा वित्तीय संघ संस्थाहरू यहीं छन् । तानसेन दरबार संग्रहालय ५ नं. प्रदेशकै ऐतिहासिक संग्रहालय यस कारणले हो कि सेनकालीन अवस्था, नेपाल एकीकरणको अवस्था, राणाकालीन अवस्था र प्रजातन्त्रकालीन अवस्थाका पनि धेरै ऐतिहासिक, पुरातात्विक कलाकृति संस्कृतिहरू, मठमन्दिर, गुम्वा विहार चैत्य आदि पनि यिनै वडाहरूमा देख्न पाइन्छ। रणउजीरेश्वरी भगवती जात्रा, अमरनारायण जात्रा, गाईजात्रा, रोपाइँ जात्रा, भीमसेन जात्रा, बाघजात्रा, गणेश जात्रा जस्ता जात्रा उत्सव उद्घटित हुने थलो पनि यही हो। अहिलेको अवस्था यस्तो छ कि सूचना सञ्चार, सडक सञ्जालको विकास र विस्तार अनि नयाँ संघीय संरचनाको शासकीय प्रणालीका कारण अब उद्योग व्यापार क्रमश : विकेन्द्रित भएको छ र हुँदैछ। त्यस्तो अवस्थामा तानसेनलाई परम्परागत व्यापारिक केन्द्रको अवस्थामा खोज्नु भन्दा परिवर्तित नयाँ प्रणाली अनुरूप यी दुई वडा वस्तीहरूमा प्राचीन कलाकृति संस्कृतिलाई परिलक्षित गरी पर्यटन व्यवसाय प्रवर्द्धनमा योजनाबद्ध ढङ्गले जानु पर्ने अवस्था आएको छ। तानसेन दरबार, तानसेनवासी र पाल्पाबासीको केन्द्रविन्दु र आकर्षण केन्द्र त हुँदै हो, यसका अतिरिक्त पाल्पाबाहिरका मानव समुदायको पनि आकर्षण, अध्ययन अनुसन्धान र गन्तव्य क्षेत्र पनि हो। त्यसैले कतिपय हस्तकला उद्योगलाई एकहदसम्म संरक्षण गर्दै प्रतिस्पर्धात्मक व्यापारकलामा श्रेष्ठ र सफल हुनका लागि यान्त्रिकीकरणमा पनि जान जरुरी छ। यसको लागि नयाँ सीप, प्रविधिको आफैले पनि विकास गर्न लाग्ने र नयाँ विधि प्रविधिलाई पनि प्रयोग गर्न हिच्किचाउन हुँदैन । उदाहरणका लागि करुवा उद्योगलाई लिऊँ। पाल्पाली करुवाको सक्कली पहिचान जोगाऔं।

२.४ **तानसेन ५** - साविक तानसेन र कैलाशनगर साबिक तानसेन १२ सेतीपोखरी, वाँसटारी र साविक १३ बन्दीपोखरा र बराङ्दीको अर्चले समेत हालको ५ नं वडामा पर्दछन्। यस वडाको जनसंख्या ३७९७ हो जसमा महिला २००० र पुरुष १७९७ रहेका छन्। कैलाशनगर क्षेत्रमा सहरिया संकेत भएपनि बाँकी भाग ग्रामीण क्षेत्र नै हुन् र मुख्य व्यवसाय कृषि र पशु पालन नै हो। लिपिन्देही र साँवाकोटले ऐतिहासिकताको झलक दिन्छ। 'वाख्वै ह्वा' सराएँ संस्कृतिमा एक राज्यले अर्को राज्यमा विजय प्राप्त गर्दा हिपहिप हुर्रे अर्थात् जित्यौं जित्यौं भनेर विजय स्वरुप खुँडाखुकुरी नचाएर नाचिने गरिन्छ। सहरी क्षेत्रमा साना उद्यमी तालिम प्रदान गरेर साना उद्यमी व्यवसायी तयार गरेर आत्मनिर्भरताको दिशामा लैजानुपर्ने देखिन्छ। कृषि क्षेत्रको उत्पादन र उत्पादकत्व वृद्धि गर्न कृषि उत्पादक वर्गलाई व्यावसायिक बनाउन सिंचाइको प्रबन्ध (उपाय रेन वाटर हर्भिस्ट) गरेर जानुपर्ने देखिन्छ। साथसाथै व्यावसायिक तालिम पनि वास्तविक कृषक वर्गलाई उपलब्ध गराउँदै आर्थिक रूपमा पनि प्रोत्साहित गर्न स्थानीय सरकार, प्रदेश सरकार र संघीय सरकारले महत्त्वका साथ अघि बढाउनु पर्छ। रानीमहल, भैरवस्थान, रिडीलाई पनि प्रोत्साहित गर्न स्थानीय सरकार, प्रदेश सरकार र संघीय सरकारले महत्त्वकासाथ अघि बढाउनुपर्छ। रानीमहल, भैरवस्थान, रिडी हृषिकेश र रेसुङ्गासम्म जाने नाका यसै वडामा रहेकाले पर्यटन प्रवर्द्धन पनि यहाँको प्रवल सम्भावना भित्र रहेकोले साँचो पर्यटन व्यवसायी कसरी हुने, बन्ने बनाउने यस दिशातर्फ पनि सरकारले प्राथमिकता दिनुपर्छ। नयाँवसपार्क बनेपछि चहलपहल बढ्ने निश्चित छ।

२.५ **ता.न.पा. वडानं**. ६: साविक ता.न.पा. ३ बसपार्क भीमसेन टोल क्षेत्र, जैसी चौपारी बर्तुङ, कोत्रुङ्गा, फूलवारी, कुनसरे (माडीफाँट) भेक पनि यसै वडामा पर्छन्। यो वडामा महिला २५१५ र पुरुष २०६९ समेत जम्मा जनसंख्या ४५८४ रहेको छ। बसपार्क क्षेत्र सहरी संकेत भए पनि बाँकी ग्रामीण क्षेत्र नै छन्। मुख्य पेसा कृषि र पशुपालन नै हो। पाल्पाको पहिला नमूना घरेलु उद्योग पाल्पाली ढाका पनि यहीँबाट नै सुरु भएको हो। मुख्य पेसा कृषि र पशुपालन भए पनि व्यावसायिक ढङ्गले निरन्तरता पाउने कुराको ग्यारेण्टी छैन। यसैले दिगो कृषि विकासका लागि दिगो दुग्ध विकासको नीति स्थानीय सरकार र कृषक समुदायका बीचमा निकट सम्वन्ध, ठोस योजना तर्जुमा र कार्यान्वयनको खाँचो छ। यस क्षेत्रमा सिकर्मी र डकर्मीहरू पनि छन्। उनीहरूलाई भूकम्प प्रतिरोधी घर, भवन निर्माण गर्ने तथा समय सापेक्ष सीपतालिम प्रदान गरेर दक्ष बनाउन सके एकातिर रोजगारीको सिर्जना हुने र अर्कोतर्फ हाम्रो घर भवन हाम्रै स्वदेशी कर्मीहरूबाट निर्माण हुने हुँदा राजश्व देशभित्र रहने अवस्था आउनेछ। यो क्षेत्र कफी उत्पादनको नामले प्रसिद्ध छ। तर कफीमा लाग्ने सेतो गबारोका कारण कृषकहरू पीडित छन्। सेतो गवारो कसरी हटाउने ? नगर सरकारको पर्खाइमा छन्। पाल्पाली ढाकाको पहिचान कायम राख्न नगर सरकारले पहल गर्नु पर्दछ।

२.६ **तानसेन वडा नं**. ७ - तानसेन न.पा.को साविक वडा नं. ११ बारुदखान, काजीपौवा, नयाँ गाउँ, लामडाँडा, रक्साहा, प्रभास र वडा नं. १४ को बाँसटारी, सुन्दरगाउँ, देवीडाँडा, दरबारथुम्का, पकलुवा (माडी भेक) समेत सम्मिलनबाट तानसेन वडा नं. ७ बनेको छ। ४० ९६ जनसंख्यामध्ये महिला २१९४ र पुरुष १९०२ रहेका छन्। लुम्विनी मेडिकल कलेज एण्ड रिसर्च सेण्टर सञ्चालन भएपछि यस प्रभास

क्षेत्रको चहलपहल विस्तारित हुँदैछ । रुद्रसेनले राजपुर रिब्दीकोट राज्यलाई विस्तारित गरी पाल्पा राज्य नामकरण गरेको प्रभास शिवालयमा रहेको शिला लेखले जनाएको र सेनकालीन थुप्रै आदेश निर्देशहरू यसै क्षेत्रबाट जारी हुनु र दरबारथुम्का नामक स्थल यसै क्षेत्रमा हुनु यो सेनकालीन इतिहासको विरासत पनि हो । मणिमुकुन्द सेन प्रथमले निर्माण गरेको प्रभास शिवालय र वंशगोपाल मन्दिर अद्यापि हुनुले ऐतिहासिकतालाई जनाउँछ। यस क्षेत्रको अर्को विशेषता जैविक विविधता, प्राकृतिक धान रफिपोगन, कमल फूल र थरीथरीका चराचुरुङ्गी हुनु हो । सद्वीज छर्ने सूर्यकुण्डले धार्मिक विशेषतालाई जनाउँछ । तर, अहिले ताल अतिक्रमणमा परेको छ । जग्गा जमिन निजी (व्यक्ति विशेषको) भए भन्ने समुदायको दाबी छ । जिविस पाल्पा (जि.स.स.) को स्वामित्वमा रहेको जग्गालाई केन्द्र विन्दु मानी समुदायको सहभागिता, साझेदारिता तथा सरकारको पहलकदमीमा प्रकृति, भूगोल, सिमसार क्षेत्र र वातावरणको संरक्षण गर्नु वर्तमानको दायित्व हो। काललाई ताल नै कायम गर्न सके, काललाई सुन्दर तालमा परिणत गर्ने सके स्थानीय समुदाय, स्थानीय पालिका र समग्र पाल्पाकै पर्यटन प्रवर्द्धनमा यो क्षेत्रले महत्त्वपूर्ण योगदान गर्न सक्ने आधार छन्। अहिलेसम्म पर्याप्त काम भएको छैन । काग कराउँदै छ, पिना सुक्दैछ भने झैँ हुनु भएन भन्ने कुरामा दुई मत नहोला । बाँसटारी खेतफाँट पनि अब खेत फाँट रहेन, घर, भवन निर्माण स्थल बनेको छ। कहाँ कसरी वस्ती विस्तार गर्ने, कहाँ जग्गा संरक्षण गर्ने , कहाँ खेतीपाती गर्ने, स्थानीय सरकारले नीति बनाएर कार्यान्वयन गरे राम्रो होला। मूलतः यो क्षेत्र कृषि पशुपालन, घरेलु ढाका उद्योग क्षेत्र नै हो । यिनै व्यवसायलाई दिगो, निरन्तरता र व्यावसायिक बनाउने योजनाकासाथ नगर सरकार र समुदाय कम्मर कसेर लागे सबैलाई फाइदा होला । कृषक समुदाय मत्स्य पालन र व्यावसायिक खेतीमा लागेका छन्। प्रोत्साहनको खाँचो छ।

२.७ **तानसेन न.पा. ८ मदनपोखरा** : तानसेन न.पा. वडा नं. ८ साविक मदनपोखरा वडा नं. २,३,४, ५ र ९ मिलेर बनेको हो । कूल जनसंख्या ३२१४ मध्ये महिला १७९८ र पुरुष १४१६ रहेको छ। २००७ सालदेखि निरंकुशता विरोधी आन्दोलनको नेतृत्व गर्ने गरिमा यस वडाले बोकेको हो । जयतु संस्कृतम् आन्दोलनका नेता एवम् कम्युनिष्ट नेता कमलराज रेग्मीको मावली गाउँ यहीँ भएकोले उनले तानसेन बजार र यस क्षेत्रलाई प्रारम्भदेखि नै प्रभावित गरेको चर्चा हुन्छ। साथै बासुदेव नेपाल, घण्टप्रसाद अर्याल जस्ता पुराना नेताको थलो पनि हो यो। २०१७ सालको शाहीकाण्ड पछि प्रजातन्त्र र सामाजिक रूपान्तरणका लागि बौद्धिक राजनीतिक नेतृत्व मदनपोखराका अगुवाले गरेका हुन्। यसरी नै झपेन्द्र जीसी, एकप्रसाद भण्डारी, हीराप्रसाद नेपाल, सोमनाथ अर्याल, बासुदेव अर्याल, नगेन्द्र पाण्डे, गुणाकर अर्याल रामप्रसाद घिमिरे जस्ता राजनीतिक, सामाजिक र व्यावसायिक कृषि प्रणालीको नेतृत्व गर्ने व्यक्तित्वहरूको जन्म स्थल, कर्मस्थल पनि यही वडा नै हो। सामुदायिक वन संरक्षणको अगुवाइ गरेर नेपालमै सामुदायिक वनको कन्सेप्ट तयार गर्न पृष्ठपोषण पनि यसै वडाले गरेको हो। शैक्षिक जागरणमा अगुवाइ गर्ने यहींको शारदा माविले पाल्पामा सर्वप्रथम हीरक महोत्सव मनाउने संस्कृतिलाई अगाडि बढाएको हो । दक्षिण एसियामा पहिलो ग्रामीण रेडियो सञ्चालन गरेर जनतालाई सूचनाको मालिक बनाउन अभियान चलाउने गाउँ पनि यही हो । प्लास्टिक पोखरी निर्माण गरेर खेतवारी सिंचित गर्दै व्यावसायिक तरकारी खेती गरेर पाल्पा जिल्लामा प्रथम स्थान हासिल गरेको वडा यही हो। दलित समुदाय र जनजातिमा मगर समुदायको बाहुल्य रहेको यो गाउँको साविक वडा नं. ३ मा मात्र मगरी ढुट भाषा बोलिन्छ । वृन्दावन भालेश्वर महादेव कोकलेश्वरी थान यहीं छ र यसको ऐतिहासिक र पौराणिक धार्मिक महत्त्व रहेको छ। जितगढीको युद्धमा विजय प्राप्त गर्नका लागि कर्णेल उजीरसिंह थापाले यसै वडाको छापमा स्थानीय खानीबाट फलाम उत्खनन गरेर तोप, खुँडा खुकुरी समेत निर्माण गरेको ऐतिहासिक प्रमाण फलाम जस्तै किंटर (आइरन अक्साइड) छापको घर आँगन बारी भरि छरिएर रहेका छन्। डुम्रे सहकारी संस्था र साविक वडा नं. ५ को शिखर डाँडा दुग्ध संकलन केन्द्रमा आवद्ध भई कृषकहरूले झण्डै ३५०० लिटर दूध तानसेन बजारमा आपूर्ति गर्दछन् । व्यावसायिक तरकारी खेतीमा यस गाउँले सिजन र अफ सिजनमा विविध जातका ताजा तरकारी बुटवल र तानसेन बजारमा आपूर्ति गर्दै आएको छ। गौरवशाली ऐतिहासिक विरासत बोकेको यस वडाका हरेक विकास गतिविधिलाई दिगो र निरन्तरता दिन स्थानीय सरकारको भूमिकाको खाँचो छ। नमूना गाउँलाई नमूना बनाइ राख्न थप सरकारी प्रोत्साहन, सामाजिक परिचालनको खाँचो छ। नगर सरकारले छाप, पिपलडाँडा र वृन्दावन भालेश्वर महादेव र कोकलेश्वरीलाई समेत जोडेर मगर सांस्कृतिक होमस्टे संचालन गर्न योजना बनाई कार्यान्वयन गर्नु पर्ने देखिन्छ। साविक ५ नं. को शिखर डाँडामा विपश्यना समुदायले विपश्यना केन्द्र चलाइरहेको छ। गुणस्तरीय सडक निर्माणको अपेक्षा समुदायले गरेको छ । यी सबै पृष्ठभूमिलाई हेर्दा व्यावसायिक खेती, सांस्कृतिक पर्यटन, सञ्चार पर्यटन आदिलाई स्थानीय समुदायको सहभागितामा नगर सरकारले पहल गरे राम्रो होला।

२.८ **तानसेन न.पा.** ९ साविक मदनपोखराका वडा नं. १,६,७ र ८ मिलेर ता.न.पा. वडा नं. ९ बनेको छ। हाल जनसंख्या ३०६७ मध्ये महिलाको संख्या १७६० र पुरुषको संख्या १३०७ रहेको छ । सांसद् सोमप्रसाद पाण्डेय, उपप्रमुख लक्ष्मीदेवी पाठक, पूर्व जनप्रतिनिधिहरु प्रेमनाथ बस्याल र यमप्रसाद पाण्डे, हालका वडा अध्यक्ष हरिसुमर रेग्मी जस्ता व्यक्तित्वहरू यसै क्षेत्रका हुन्। योग साधनाका एउटा प्रणेता माण्डव्य ऋषिको आश्रम थलो यहीँ छ। दमकडा क्षेत्रमा बजार व्यवस्था भएकाले सहरीकरणको संकेत मिल्दछ। मूलतः यो क्षेत्र कृषि क्षेत्र नै हो। माडीफाँट समेत यस वडाका भूभाग हुन् । व्यवसायसँग सहकारीहरूले कृषक समुदायलाई प्रोत्साहन गरेका छन्। पोलिटेक्निकल इष्टिच्यूट यसै क्षेत्रमा सञ्चालित छ । माडी बुडुवा ढावमा प्राकृतिक धान रफिपोगन लगायत यहाँ पाइन्छ। यस बुडुवा ढावमा भेंडीकुन्नीदेखि चिदियासम्म माण्डव्य सरोवर निर्माण गर्ने चर्चा चलेको पाइन्छ। पाल्पाको पर्यटन प्रवर्द्धनको लागि माण्डव्य सरोवर केन्द्र बनाउन सम्वन्धित जग्गाधनी कृषक समुदायको साझेदारीमा र आवश्यकता अनुसार जग्गाधनीलाई उचित मूल्य दिएर सुन्दर आकर्षक माण्डव्य सरोवर निर्माण गर्न नगरसरकारको पहलको खाँचो छ। पोखराको फेवाताल जस्तै प्राकृतिक

माडी ताल बनाउन सकिने पर्याप्त आधार छन्। यसोभएमा यस क्षेत्रको सहरीकरण र पाल्पाको पर्यटन प्रवर्द्धन प्रभावकारी हुने प्रवल सम्भावना देखिन्छ। बाँसटारी भडेवा खैरेनी सडकले जोडेको यो क्षेत्रमा गुणस्तरीय अन्य सडक निर्माणको खाँचो छ। यहाँ तरकारी खेती, कुटिर उद्योगको समेत सम्भावना छ।

२.९ **तानसेन वडा नं. १० तेल्घा :**

पुनर्संरचनाका क्रममा तेल्घाले नगरको दर्जा प्राप्त गरेको हो। ३११३ जनसंख्या मध्ये महिला १७७१ र पुरुष १३४२ रहेको छ। यो वडामा ग्रामीण संकेत नै पाइन्छ। मुख्य पेसा कृषि हो। व्यावसायिक खेती गरेर कृषक समुदायले आत्मनिर्भरताको बाटो अवलम्वन गरेका छन्। गुफाचौर सुन्दर पर्यटकीय क्षेत्र अर्थात् गणेशधाम बन्न सक्ने आधार छन्। खाँडदेवी ओभ्रेलमा परेको धार्मिक क्षेत्र हो सेनकालीन एक भैरव रहेको स्थानलाई भैरवटारी भनिन्छ तर भैरव मन्दिर छैन। प्रभासमा लुम्विनी मेडिकल सञ्चालित भएपछि साविक तेल्घाको फाँट भेकमा वस्ती विस्तार भएको छ। यस वडाको विभिन्न ठाउँमा वर्षातको पानी पोखरी निर्माण गरी सिंचाइको व्यवस्था र दिगो कृषि विकासका लागि नगर सरकारले योजनावद्ध कृषि व्यवसाय सञ्चालन गर्न टेवा र प्रोत्साहन अविलम्व गर्नुपर्ने देखिन्छ। विभिन्न वडामा सडक सञ्जाल विस्तारित भएको हुँदा अव तिनमा गुणस्तरीयता कायम गर्न समुदायले नगर सरकारबाट अपेक्षा गरेको पाइन्छ। भार्केसमा रहेको बालकन्या देवीलाई तानसेन भगवतीको सखेत बहिनी भनिन्छ। यहाँ भगवतीको गुठी जग्गा प्रशस्त रहेको छ।

२.१० **तानसेन न.पा. ११ बन्दीपोखरा :** साविक बन्दीपोखरा गाविसले पुनर्संरचनाका क्रममा नगरको दर्जा प्राप्त गरेको हो। यस वडामा २४६३ जनसंख्या मध्ये महिला १४२० र पुरुष १०४३ रहेको छ। यो पनि ग्रामीण क्षेत्र हो। सडक सञ्जालले वडा बस्तीलाई स्पर्श गरेपनि गुणस्तरीय सडक निर्माण हुन बाँकी छ। सेतीपोखरी बाग्खोर तेल्घा सडक गाउँको बीचबाट गएको छ भने तानसेन तम्घास सडकले यस वडालाई बाह्य सम्वन्ध बिस्तारमा योगदान गरेको छ। मुख्य पेसा कृषि व्यवसाय नै भएकोले व्यावसायिक खेतीतर्फ केही बस्तीका किसान संलग्न भए पनि अधिकांश क्षेत्रमा उत्पादन र उत्पादकत्व वृद्धिमा प्राविधिक सहयोगको खाँचो छ। जोगेपानी क्षेत्र सुनचाँदीका गरगहना निर्माण गर्ने क्षेत्रको रूपमा प्रसिद्धि पाएको हो। लिपिन्देही मन्दिरको वाख्खै ह्वा संस्कृति अर्थात् खुँडाखुकुरी नचाएर नाचेर दसैंको बेला सबैलाई आकर्षित गर्ने यो क्षेत्रले पर्यटन प्रवर्द्धनको सम्भावनालाई राम्ररी बोकेको छ। वन्दीपोखराको खेत फाँट , बाँफा कुरुङखोला ग्रामीणवस्तीमा कृषकहरू व्यावसायिक उन्नत खेतीतर्फ आकर्षित छन्। प्रताप शमशेरले बाँफामूलबाट तानसेनमा खानेपानी आपूर्ति गर्न चण्डी भञ्ज्याङमा निर्माण गराएको सुरुङ पनि अत्यन्त दर्शनीय छ। पर्यटन प्रवर्द्धन, व्यावसायिक खेती, कालीगढ व्यवसायीलाई धातुका गरगहना निर्माणमा प्रोत्साहन गर्दा राम्रो होला। बौघा गुम्हा होमस्टे र रानीमहल जाने एउटा बाटे वा नाका वन्दीपोखरा भएकोले सम्वन्धित क्षेत्रका ग्रामवासीलाई पर्यटनमैत्री सेवा सत्कार होटल व्यवसाय सञ्चालनार्थ तालिम र प्रोत्साहनको पनि उत्तिकै खाँचो देखिन्छ।

२.११ **तानसेन १२ बौघापोखराथोक :** पुनर्संरचनाका क्रममा साविक बौघापोखराथोकले नगरको दर्जा प्राप्त गरेको हो। जनसंख्या २५६८ मध्ये महिला १४९५ र पुरुष १०७३ रहेको देखिन्छ। मगर, बाहुन, क्षेत्री, कालीगढ समुदाय विश्वकर्मा जस्ता जातजाति रहेको यो गाउँमा ग्रामीण संकेत नै पाइन्छ। नमूना ल्पास्टिक पोखरी पाल्पामा पहिलो लुहुङमा नै तत्कालीन जिविसले निर्माण गरेर कृषकहरूलाई व्यावसायिक खेती तर्फ आकर्षण गरेको देखिन्छ। यहाँ उन्नत जातका बाख्रा पालन पनि गरिन्छ। व्यावसायिकता दिनु जरुरी छ। लुहुङ क्षेत्रमा तामाका धातुबाट गाग्री, ताउला, कमण्डलु,मानापाथी समेत निर्माण गर्ने परम्पराले अद्यावधि निरन्तरता पाएको छ। तान्त्रिक विद्याका महा गुरु महातान्त्रिक रतन पाँडेको आश्रम स्थल यसैवडाको चैंचीकोटमा पर्दछ। अहिले पनि गाउँघरमा आफ्नो शरीरमा देवत्व उतार्न ‘हे मेरा गुरुबाबै रतन पाँडे आउनै पऱ्यो’ भनेर तन्त्रका साधकहरूले उनकै पुकारा गर्दछन्। सारमा यो वडा होमस्टे बौघागुम्हासँग जोडिएकोले पर्यटन प्रवर्द्धनका व्यावसायिक सीप तालिम प्रदान गर्नुका साथै व्यावसायिक कृषि र पशुपालनमा जोड दिनुआवश्यक छ। तरकारी खेती र दुग्ध व्यवसाय यस क्षेत्रको प्रमुख व्यवसाय भएकाले यस पेसालाई निरन्तरता दिन र दिगो विकास र आत्मनिर्भरताका लागि नगर सरकारले ध्यान दिनुपर्ने स्थानीय वासीको माग छ। गुणस्तरीय सडक निर्माणको अपेक्षा पनि उत्तिकै रहेको छ।

२.१२ **तानसेन १३ बौघागुम्हा :** पुनर्संरचनाकै क्रममा यस वडाले पनि नगरको दर्जा पाएको हो। २१५५ जनसंख्यामध्ये महिला १२९७ र पुरुष ८५८ रहेको पाइन्छ। मगर, बाहुन, बोटे जस्ता जातजाति यहाँ बस्छन्। ऐतिहासिक रानीमहल यसै वडामा पर्छ। यस वडाको मगर बाहुल्य विशेषतालाई केन्द्र विन्दुमा राखेर बौघागुम्हामा ग्रामीण मगर होमस्टे सञ्चालनमा आएको छ। होमस्टे र रानीमहल (प्रेमको प्रतीक) समेतलाई समन्वय गरी एकीकृत पर्यटन प्रवर्द्धनलाई थप योजनावद्ध ढङ्गले अगाडि बढाए नेपालकै नमूना गन्तव्यस्थल बन्न सक्ने सम्भावनालाई विशेषज्ञहरूले पनि आँकलन गर्दै आएका छन्। कालीगण्डकी कोरिडर तानसेन बौघागुम्हा छेर्लुङ सडक र तानसेन रानीमहल सडक यस वडाका प्रमुख सडक हुन् भने अन्य सडक सञ्जालको पनि उत्तिकै महत्त्व रहेको छ। हालका इन्जिनियरका बाजेबराजु अर्थात् आग्रीहरूले निर्माण गरेको बराङ्दी छेर्लुङ कुलोले छेर्लुङ फाँटलाई सिंचित गर्नुका साथै पर्यटकहरूलाई आकर्षण गर्न सक्षम भएको छ। यसै वडाको फेंदी अवलनेर प्राकृतिक सिंह गुफा पनि छ। हाल तानसेन बजारमा खानेपानीका आपूर्ति गर्न यही रानीमहल समीप कालीगण्डकीबाट लिफ्टवाटर सप्लाइ योजना पूरा हुने अवस्थामा छ। यो क्षेत्र कृषि क्षेत्र हुनुका साथै प्राकृतिक, धार्मिक, ऐतिहासिक र पुरातात्विक पर्यटन प्रवर्द्धनको भविष्य बोकेको छ। स्थानीयबासी नगर सरकारको तर्फबाट हुने सहयोग र प्रोत्साहनको लागि प्रतीक्षारत छन्।

२.१३. **तानसेन १४ अर्गली :** पुनर्संरचनाका क्रममा साविक अर्गलीले पनि नगरको दर्जा पायो। जनसंख्या ३३९३ मध्ये महिला १९६४ र पुरुष १४२९ रहेको यो वडा मूलत: अर्गली भनेर चिनिन्छ। चार धाममध्ये एक धाम मानिने रिडी रुरु क्षेत्र, हृषिकेश आश्रम, और्वआश्रम यसै वडामा

पर्दछन् । कालीगण्डकीले निर्माण गरेको पवित्र शालग्राम पनि रिडी नदी किनारामा पर्याप्त पाइने हुँदा यसको थप महत्त्व छ । अर्गली फाँट घनीभूत रूपमा कृषि व्यवसाय हुने नेपालकै फाँटहरूमध्ये एउटा प्रसिद्ध फाँट हो । प्राचीनकालमा आग्रीहरूले निर्माण गरेको राजकुलोलाई राजा मणिमुकुन्द सेनले मर्मत सम्भार गरेको बताइन्छ । यहाँ राजकुलो जेठी, माहिली कुलो, साहिली कुलो र कान्छी कुलो समेत गरी ४ वटा कुलाहरू कुरुङ खोलाबाट निर्माण गरी सिंचाइको व्यवस्था गरिएको छ । यहाँको पानी वाँडफाँडको व्यवस्थालाई नमूना मानिन्छ । रिडी रुरु क्षेत्र पाल्पा, गुल्मी, स्याङ्जाको संगमस्थल भएकोले पनि यसको विशेष महत्त्व रहेको छ । पापमोचन हुन सक्छ यस धाम नजिक बसे भन्ने आन्तरिक मनसायले हुनुपर्छ तत्कालीन श्री ३ महाराज जुद्धशमशेर जीवनको सन्ध्याकालमा अर्गलीमा आएर दरबार निर्माण गरेर बसोबास गरेका थिए । अर्गली रिडी क्षेत्रमा बजार सहरको संकेत देखिए पनि अर्तुङ्गा् कुसेनी जस्ता ग्रामवस्तीमा सहरिया कुनै संकेत पाइदैन । कालीगण्डकी क्षेत्रमा गाईघाटमा पक्की ड्याम बाँधेर हृषिकेश मोक्ष सरोवर निर्माण गर्ने स्थानीय समुदायले सपना देखेको धेरै समय बित्यो । त्यो सपना कहिले पूरा हुन्छ सरकारहरूको बाटो हेरेर समुदाय प्रतीक्षारत छन् । सेनकालीन ऐतिहासिक सभ्यता र संस्कृति, पौराणिक धार्मिक संस्कृति, आधुनिक सभ्यता र संस्कृतिको भण्डार अर्गली स्वभावैले तानसेनको एक महत्त्वपूर्ण क्षेत्र हो । समग्र योजना बनाएर प्रभावकारी ढंगले कार्यान्वयन गर्न सके एउटा यो विन्दुबाट समृद्धिको सिन्धु बन्ने प्रबल सम्भावना रहेको छ । और्वऋषिको आश्रम समेत रहेको अर्गलीको नजिकै हृषिकेश क्षेत्रलाई नेपालका ४ धाम (पाशुपत क्षेत्र, हरिहर क्षेत्र, मुक्ति क्षेत्र र रिडी क्षेत्र) मध्ये एक मानिन्छ ।

३. **सारसंक्षेप :**

३.१ तानसेन नगरपालिका ऐतिहासिक, पुरातात्विक कला र संस्कृतिमा धनी छ । पुर्खाको गौरवपूर्ण विरासतलाई संरक्षण र सम्वर्द्धन गर्नु सरकार र समुदायको दायित्व हो ।

३.२ आर्थिक समृद्धि र आत्मनिर्भरता भविष्यको सोपान हो । बेलैमा बुद्धि पुऱ्याएर गर्नुपर्ने कुरा धेरै बाँकी छन् ।

३.२ माण्डव्य, भालेश्वर, कोकलेश्वरी सभ्यता, हृषिकेश पौराणिक सभ्यता र संस्कृति, सेनकालीन सभ्यता र संस्कृति, अमरसिंह थापा र उजीरसिंह थापाका सभ्यता र संस्कृति, प्रताप शमशेर र खड्ग शमशेरको पाल्पाली सभ्यता र संस्कृति हाम्रो समृद्धिको आधार हुन् पहिचान गरौं, आत्मसात गरौं ।

३.३ लोकसंस्कृति र सभ्यता सोरठी, भैलो देउसी, वाख्खै, मालश्री, फागु, वाहाली, असारे गीत, जात्रामहोत्सव, तीजपर्व संस्कृति, जस्ता संस्कृति लोक ढुकढुकी हुन् । संरक्षण र सम्वर्द्धन गरौं ।

३.४. प्रमुख व्यवसाय कृषि हो । कृषिलाई व्यावसायिक, यान्त्रिक र अर्गानिक बनाउँदै उत्पादन र उत्पादकत्व वृद्धिमा जोड दिऔं । सिंचाइको व्यवस्था हरेक वडा वस्तीमा वर्षात्को पानी पोखरी निर्माण गरेर भएपनि गरौं ।

३.५ पर्यटन व्यवसाय यस क्षेत्रको प्रमुख उद्योग व्यवसाय हुन सक्छ, तर व्यवस्थित गरिएको छैन, पर्यटन क्षेत्रमा समुदायलाई आकर्षित गरौं, यो आफ्नै मेरै व्यवसाय हो भन्ने किसिमले आत्म ज्ञानको सिर्जना गरौं, गराऔं । पर्यटनमैत्री बोली व्यवहार गरौं ।

३.६ विज्ञान, प्रविधिको क्षेत्रलाई प्रोत्साहित गरौं, आवश्यक वैज्ञानिक र प्राविधिक योजना निर्माण गरौं । नयाँ प्रविधिको विकास पनि अब यहीँबाट र आफैबाट गरेर देखाऔं ।

३.७ सरकार आफ्नै हो, गणतन्त्र आफ्नै हो, आफूले बनाएको सरकार र आफ्ना व्यवस्थाको पक्षपोषण गरौं, सरकारलाई जवाफदेही बनाऔं । जवाफदेही आफू पनि बनौं ।

३.८ विकास र समृद्धिको नेता सरकार हो । सम्झौं विकास र समृद्धिको हिस्सेदार आफू पनि हो । आफ्नै थलोबाट थालनी गरौं ।

३.९ वनवातावरण, प्रकृति, भूगोल र सिम्सार क्षेत्रको संरक्षण गरौं ।

३.९.१ पाल्पाली पहिचान ढाका र करुवाको संरक्षण तथा प्रवर्द्धनमा लागौं ।

३.१०. सडक आफ्नै हो, संरक्षण गरौं । सार्वजनिक संरचनाहरू आफ्नै हुन् । मन परी नथुकौं, मनपरी फोहोर नफालौं, कुकुरलाई सार्वजनिक सडकमा आची नगराऔँ । सभ्य नेपालीको परिचय दिऔं ।

३.१०.१ पारदर्शिता, जवाफदेहिता, सुशासनको पक्षमा उभिन सरकारलाई दवाव दिऔं र आफू पनि पारदर्शी, जवाफदेही, अनुशासित र आत्म अनुशासित बनौं ।

३.११. निर्वाचनका बेलामा र मञ्चमा बोलेका कुरा पूरा गरौं । जनतासँगको सहभागिता, व्यवसायीसँगको साझेदार बढाऔं र व्यवसायीहरू पनि विकास अभियानमा साझेदारी बनौं । 'एक हातले ताली बज्दैन, एकोहोरो रोटी पाक्दैन' भन्ने लोकोक्तिलाई आत्मसात् गरौं । समन्वय, साझेदारी र सहभागिता जिउँदो र परिवर्तनकारी पूँजी हो भन्ने कुराको सारलाई पक्रौं ।

४. निचोड : लेखेर र बोलेर मात्र परिवर्तन हुँदैन । गरे मात्र विकास हुन्छ । असल कर्म गरौं, गुरुयोजना बनाएर काम थालौं । पैसा र पूँजी जुट्छ । वुद्धि जुक्ति फुर्छ । कुराले च्युरा भिज्दैन भन्ने कुरालाई आत्मसात् गरे तानसेनका चौधै वडाका बस्तीबस्तीको विकास हुन्छ । समृद्धि र सम्पन्नता, आर्थिक आत्मनिर्भरता आफ्नै खेतवारीमा फल्छ, उद्योग व्यवसाय फक्रिन्छन्, ढकमक फुल्छन्, सुवास सुगन्ध फैलिन्छ । गरे हुन्छ नगरे हुँदैन, बन्छ समाज किन बन्दैन ? अन्त्यमा "गाउँ गाउँबाट उठ बस्तीबस्तीबाट उठ यो देशको मुहार फेर्नलाई उठ" शीर्षकमा रहेको श्याम तमोटको गीतको मर्मलाई आत्मसात् गरेर कर्ममा जुटौं भन्ने अपेक्षा यस लेखको रहेको व्यहोरा स्मरण गराउँछु ।

(विकास सद्भावना दूत)

# तानसेन पाल्पा क्षेत्रमा बुद्ध धर्मको उत्थान



- छत्रराज शाक्य

पाल्पाको उदगम एवम् नामकरणको इतिहास भगवान् बुद्धको जन्मस्थल लुम्विनी क्षेत्रको नजिकै पर्ने पाल्पा जिल्ला एकताका सेनवंशीय राजा मणिमुकुन्द सेनको शक्तिशाली राज्यको रूपमा स्थापित भएको कुरा नेपालको इतिहासमा वर्णित छ । राणाकालमा पनि ९ जिल्लाको सदरमुकाम र मुख्य थलोको रूपमा रहेको तानसेन पाल्पा वर्तमान समयमा नेपालको ७५ जिल्ला मध्ये १० स्थानिय तह र २ लाख ६१ हजार १८० जनसंख्या भएको सानो पहाडी जिल्लाको रूपमा रहेको छ।

पाल्पा गौरवमय, प्राचीन इतिहास बोकेको क्षेत्र हो । पाल्पाको उद्गम नामकरण र गौरवमय प्राचीन इतिहास संक्षिप्तमा यहाँ चर्चा गर्नु सार्न्दभिक हुनेछ।

पाल्पा शव्दको उत्पत्ति र नामकरण कसरी भयो भन्ने कुरा यकिनसाथ भन्न गाऱ्हो छ। तैपनि पाल्पा शब्द पल्लवबाट बनेको हो भन्ने धेरैको अनुमान छ । महाभारतमा शक, यवन, किरात र पल्लवको उल्लेख भएको पाइन्छ। पल्लवबाट पालित क्षेत्र भएकोले पाल्पा भनिएको हो। पाल्पा शव्द "पाल" संस्कृत शव्द र "पा" भोट बर्मेली शव्दको सन्धिबाट बनेको कुरा शव्दकोषमा उल्लेख गरिएको छ। पालको अर्थ रक्षा गर्ने, रक्षक, राजवंशको रूपमा लिइदा रक्षा गरिएको क्षेत्र भन्ने अर्थ लाग्दछ। भोट बर्मेली भाषा परिवारमा "पालपा" को अर्थ घर वा बासस्थानको रूपमा पनि प्रयोग भएको पाइन्छ । पाल्पा मगराँत क्षेत्र भएकाले "मगरको बासस्थान" भन्ने पनि अर्थ लाग्दछ । केशर पुस्तकालय काठमाडौँमा भएको "नारदस्मृति ग्रन्थमा "प्रपाया मगल मुकनसेन" ने.सं. ६४५ लेखिएको छ। यसरी नेपाल भाषामा "प्रपा 'पारुपा' शव्द प्रयोग भएको पाइन्छ।

प्रोफेसर टुची(इटालियन) का अनुसार हंगेरी देशलाई म्यागार (Magyar) भनिन्छ । मंगोलियाका मगर सेनाहरूबाट स्थापना भएकोले म्यागार भनिन्छ । यी मगरहरूले भोट तिब्बतदेखि लिएर मध्य नेपाल समेत कब्जा गरेको र मध्य नेपाल क्षेत्रलाई मगराँत भनिन्थ्यो। यस मगराँतका मगरहरू घोडचढीमा निपुण थिए, तर कला कौशल, सभ्यता र संस्कृतिमा अलि कमजोर थिए। यही मगराँत क्षेत्रलाई मंगोलबासीहरूले "बालवा" भन्ने नामले बोलाउन थाले । मंगोलियन भाषामा "बालवा" को अर्थ सीप, कला वा कालिगढी हुन्छ । यही "बालवा" को अपभ्रंशबाट नै "पाल्पा" भएको हो भन्ने पनि अनुमान छ। मंगोलियाबासीले आज पनि नेपाललाई "बालवा" वा "पाल्पा" भन्ने गर्दछन्।

इतिहासमा "पाली" भाषाको मूल केन्द्र पनि पाल्पा वा "पाल्ही माझखण्ड" हो भन्ने उल्लेख गरिएको पाइन्छ। तर पाली भाषा भगवान् बुद्धको उपदेश दिने जनभाषाको रूपमा २५०० वषअघि भारत वर्षको उत्तराखण्ड मगध, श्रावस्ती, कौशाम्बीमा प्रचलित थियो तर पाल्पा नै पाली शव्दको केन्द्र थियो भन्न दरिलो प्रमाणको अभाव देखिन्छ।

पद्‌म पुराणमा कालीगण्डकी समीपवर्ती "रुप देश" र त्यसको राजधानी"पाल्पा पुरी" भएको उल्लेख छ। रुप देशका राजा मित्र सेनका पुर्खाहरूले माण्डव्य ऋषिलाई शूलारोहण, शुली चढाएका थिए रे। पाल्पा तानसेनको दक्षिणको प्रभास क्षेत्रमा सेनकालीन दरबारको भग्नावशेष नजिकै नवपाषाणकालीन (Neolithic Period) एउटा प्रस्तर औजार प्राप्त भएको चर्चा छ। पाल्पा क्षेत्र भएर बग्ने कालीगण्डकी नदी आसपासमा प्राग्ऐतिहासिक युगका मानव गुफा फेला परेका छन्। अतः उपरोक्त तथ्यहरूले पाल्पा क्षेत्रको अस्तित्व र मानव बस्ती प्राग्ऐतिहासिक कालदेखि नै भएको पुष्टि हुन आउँछ।

**पाल्पा प्राचीन कालदेखि प्रमुख बौद्ध क्षेत्र**

१. पाल्पा क्षेत्र प्राचीन कालदेखि नै एउटा प्रमुख बौद्ध क्षेत्रको रूपमा रहेको भन्न मिल्दछ। बुद्ध धर्मको उत्थान पाल्पा क्षेत्रबाट नै भएको भन्नमा अत्युक्ति नहोला। पाल्पा क्षेत्र र वरपरका क्षेत्रहरूमा बौद्ध गतिविधिहरू, घटनाहरू के कस्तो रूपमा थियो, भयो आदि चर्चा उल्लेख गरौँ।

   भगवान् बुद्धको जन्म पाल्पाको छिमेकी स्थल लुम्विनीमा २६४३ वर्ष अघि भएको थियो। बुद्धकालमा कपिलबस्तु राज्य, देवदह राज्य र पाल्पा क्षेत्र एकअर्काको प्रभावक्षेत्र भित्र परेको थियो भन्न सकिन्छ। त्यसताका उत्तरी तिब्बत र चीन वा मंगोलिया क्षेत्रबाट मंगोल जाति अन्तर्गतका मगरहरू मध्य पश्चिम नेपालका वर्तमान मगराँत क्षेत्र पाल्पा आएर बसोबास गरिसकेका थिए। यो मगराँत क्षेत्र पाल्पाको भित्री मधेश र महाभारत बेसीमा यिनीहरूको रजाइँ थियो। कपिलबस्तु बुद्धको जन्मभूमि राज्यको नजिक पाल्पा पहाडी क्षेत्रलाई पनि बौद्ध क्षेत्र भनेमा अत्युक्ति नहोला।

२. भारतवर्ष अन्तर्गत कोशल राज्य नरेश प्रसेनजीतको छोरा राजा विड्डुभले कपिलबस्तुको सगरहवामा शाक्यहरूको नरसंहार गरेपछि कपिलबस्तुका शाक्यहरू भागेर विभिन्न क्षेत्रमा गएको इतिहासमा उल्लेख छ। केही शाक्यहरू भागेर पाल्पामा पनि आउन सक्ने बलियो सम्भावना भौगोलिक दृष्किोणले देखिन्छ।

३. बुद्धकालमा पनि भोट तिब्बतको राजधानी ल्हासा र भारतको मगध राज्यको राजधानी पाटलीपुत्र, मल्ल राज्यको पावा र कुशीनगर,

कोशल राज्यको साकेत र श्रावस्तीको वाराणसी आदि नगरको बीचमा व्यापारिक सम्बन्ध र आवागमन काठमाडौँ उपत्यका र कालीगण्डकी भएर जाने आउने हुन्थे। साथै भारत र कपिलबस्तुबाट हिमवत् क्षेत्रमा ध्यान, योग, समाधिका लागि जाने ऋषि मुनि र बौद्ध भिक्षुहरू पाल्पा क्षेत्रको गण्डकी प्रदेश भएर नै जाने हुँदा पाल्पा क्षेत्रमा बौद्धहरूको प्रभाव पर्याप्त परेको हुनसक्दछ।

४. भगवान् बुद्धका अनुयायीहरू भिक्षुहरूमा शाक्य, कोलियहरू मात्र थिएनन्, अपितु ब्राम्हण, क्षेत्री, वैश्य, शूद्रहरू पनि भिक्षु अनुयायी बनेका थिए। अतः यी व्यक्तिहरू उत्तरी भेग पाल्पाको गण्डकी क्षेत्रबाट पनि गएका हुन सक्दछन्। अतः बुद्धको अनुयायी र भिक्षु बन्नेहरूमा पाल्पालीहरू पनि हुन सक्दछन्।

५. बुद्धकालमा नेपालमा किरात राज्य कायम भए तापनि तराईतिर लिच्छवि वजिक (बज्जी) कोलिय, शाक्य र मल्लहरूको राज्य फलिफुलिरेहका थिए। किरातीहरूले तराईका राज्यहरूसित व्यापारिक सम्बन्ध राखी धेरै कुराहरू सिकेका थिए। विशेष गरेर "संघात्मक" हुने गुण किरातीले सिकेका थिए। यी तराईका राज्यहरू आर्थिक, सांस्कृतिक दृष्टिले निकै सम्पन्न थिए। दक्षिण भारततिरबाट त्यति खतरा पनि पैदा भएको थिएन। तर पछि भारतमा ठूला-ठूला साम्राज्य खडा हुन थालेपछि शाक्य, कोलिय, पज्जी लिच्छवि विशेष गरेर गण्डकी प्रदेश अर्थात् पाल्पातिर पनि आएर बसे। यसरी दक्षिण प्रदेशका बौद्धहरू उत्तरतिर लागेकोले पाल्पामा पनि यसको प्रभाव पर्न गएको मान्न सकिन्छ। गण्डकीपारिको "मल्लपुरी" नामक सामन्त राज्य निकै महत्त्वपूर्ण थियो।

६. राजा अंशुवर्माको पालामा तिब्बत जाने बाटा धेरै खुलेका थिए। कोशी, गण्डकी र कर्णाली नदीहरूको तीरैतीरबाट जाने बाटाहरू व्यापारिक मार्गको रूपमा खुलेका थिए। लिच्छविकालमा जुम्लामा समेत केही बस्ती बसेको थियो भन्ने कुराको पुष्टि लामथादा गुफामा प्राप्त कटिला लिपि अंकित मुद्राका छापहरूबाट स्पष्ट हुन्छ। लिच्छवि जनजीवन बढी मात्रामा धार्मिक क्रियाकलापतिर झुकेको थियो। अतः यिनीहरू बस्ने प्रदेशमा बौद्ध विहारहरू र मन्दिरहरू निर्माण हुन्थे। पहिले पनि गण्डकी क्षेत्रलाई पाल्पा क्षेत्र भित्र लिने चलन थियो।

७. गण्डी गुल्म विषय बि.सं. १०५५ देखि यताका हस्तलिखित ग्रन्थहरूमा "विषय" (जिल्ला)को उल्लेख भएको छ। यस भेगमा राना मगरहरूको बसोबास थियो। यस क्षेत्रमा बौद्ध विहारहरू बनेका थिए। बौद्ध धर्मको प्रचार बढी थियो भन्ने कुरा उक्त ग्रन्थहरूबाट थाहा पाइन्छ। गण्डी गुल्म विषय वर्तमान गुल्मी भेगमा रहेको थियो भन्ने देखिन्छ। ने.सं. १८९ (बि.सं.११२६) मा लेखिएको एक हस्तलिखित ग्रन्थमा "लमजुङगु" को चर्चा आएको छ। गंगा राना मगरले सो बौद्ध ग्रन्थ आफ्ना हातले लेखेको सारेको कुरा त्यसमा स्पष्ट उल्लेख गरिएको छ। त्यसमा तत्कालीन राजा शंकरदेवको नाम उल्लेख भएको छ। यो लमजुङगु वर्तमान लमजुङ नै हो भन्ने देखिएको छ।

८. नेपाल उपत्यकाको सैन्य शक्ति कमजोर भएको हुँदा गण्डकी परका प्रदेशमा नियन्त्रण हुन सकेन। विक्रमको बाऱ्हौं शताव्दीको शुरुमा कर्णाली प्रदेशमा खस राजा नागराजाले एक स्वतन्त्र राज्य खडा गरे। मूल राजधानी सिंजामा रह्यो। राजा रिपु मल्ल नागवंशले कर्णालीमा ११-१५ शताव्दीसम्म राज्य गरेका थिए। इ.१२३४ मा निग्लिहवा गएकोले पनि बुद्धप्रति श्रद्धा राख्ने स्पष्ट हुन्छ। "श्री रिपुमल्लस्य चिरं जयतु १२३४" "ओम मणि पद्मे हुँ" निग्लिहवाको अशोक स्तम्भमा शिलालेख (Inscription) कुँदिएको छ। "ओम मणि पद्मे हुँ" लेखिएको मध्यकालका शिलाहरू बुटवलनजिकै सैनामैना गाउँमा पनि पाइएको छ।

९. करीव ६००-७०० वर्षअघि घले राजाको पालामा गण्डकी क्षेत्र अन्तर्गत कास्की जिल्लामा तिब्बती लामाहरूको बुद्ध धर्मको विकासमा (लामा वाङग्याल, लामा वाङचन, लामा गौएन) ले योगदान दिएको मानिन्छ।

१०. १७ औं शताब्दीमा तिब्बत र भुटानका कैयौं लामाहरू नेपाल आएर बुद्ध धर्मको प्रचार गरे। गण्डकी प्रदेशको हिमाली क्षेत्र मुस्ताङ, मनाङ (पाल्पा क्षेत्रभित्र पर्ने) गोरखा र रसुवा जिल्लामा १५ औं शताव्दीमा शाक्यपा र काग्युपा सम्प्रदायको बुद्ध धर्मको विकास भएको थियो।

११. भारत वर्षको राजस्थानको चित्तौढका अन्तिम राजा रत्नसेनका वंशज तुथारायले पाल्पाको रिब्दीकोटमा राज्य कायम गरे। यसै वंशका रुद्रसेनले १५४० सम्वत्मा पाल्पा राज्य स्थापना गरी शासन चलाए। रुद्रसेनका छोरा मुकुन्द सेन प्रथम (१५७५ सं) मा राजगद्दीमा बसे। यिनकै पालामा दक्षिणको तराई क्षेत्र बुटवल, रुपन्देही, कपिलबस्तु पाल्पा राज्यभित्र पर्न आए।



यसरी भगवान् बुद्धको जन्मस्थल लुम्बिनी र राजदरबार तिलौराकोट एवम् कपिलबस्तु एकताका पाल्पा राज्यभित्र पर्दथे। राजा मुकुन्दसेनको पाल्पा राज्य पूर्वमा वराहक्षेत्र, पश्चिममा रुरुक्षेत्र, उत्तरमा मुक्ति क्षेत्र र दक्षिणमा हरिहर क्षेत्र गोरखपुर पर गंगासम्म-मुजफ्फपुरसम्म बिस्तार भएको थियो। राजा मुकुन्दसेनको शेषपछि बृहत् पाल्पा राज्य टुक्रिदै

गई कपिलबस्तु छुट्टिन गयो। पाल्पाका सेन वंशका राजाहरूले पनि बुद्ध धर्मप्रति श्रद्धा राखेको पाइन्छ। काठमाडौँको इटुम्बहालमा तथागतलाई छाप चढाएको थियो । मच्छिन्द्रनाथलाई सिक्री चढाएको थियो । ललितपुर काठमाडौँबाट अमृतानन्द पाल्पा आएर बुद्ध धर्म प्रचार गरेका थिए भनिन्छ। अमृतानन्दले “स्वप्न परीक्षा” पुस्तक लेखेका थिए । जुन हाल नेपाल राष्ट्रिय अभिलेखालयमा सुरक्षित छ, तर सेन राजाहरू सनातन धर्म मान्ने थिए। यस बेलासम्म पाल्पामा बुद्ध धर्म निकै कम भइसकेको अनुमान हुन्छ।

सेन वंशका अन्तिम राजा पृथ्वीपाल सेनको हत्या काठमाडौँमा षडयन्त्रबाट बि.सं. १८६१ (सन् १८०४) मा भएको थियो । त्यसको २ वर्षपछि पाटनमा आएको कालीगढ सुन्दर शाक्यले हालको तानसेन भीमसेन टोल अवस्थित आनन्द विहारको चैत्यको भित्री भागको ढुंगाको चैत्य निर्माण गरेको अनुमान गर्न सकिन्छ। यसरी प्राचीन र मध्यकाल समाप्त भई (तानसेन, पाल्पामा) यही आनन्द विहारको चैत्य निर्माण भएपछि तानसेन पाल्पामा बुद्ध धर्मको विकासको सन्दर्भमा आधुनिक कालको सूत्रपात भएको हो भन्दा अत्युक्ति नहोला। अस्तु

सन्दर्भ ग्रन्थहरू:

१. बज्राचार्य धनबज्रः नेपालमा ऐतिहासिक तथा सांस्कृतिक क्षेत्रहरू नेपाल कल्चरल हेरिटेज श्री ५ को सरकार हो.ब्य. तथा प.ता. केन्द्र काठमाडौँ १९७८।

२. घिमिरे बिष्णु प्रसादः पाल्पा राज्यको इतिहास भाग १. घिमिरे प्रकाशन चितवन बि.सं. २०४५।

३. श्रेष्ठ मी.सु. नारायण प्रसादः पाल्पाको सम्झना गर्दा, पाल्पाली दर्पण भाग २, २०४०।

४. राजवंशी शंकरमान (सं) सेन वंशावली श्री ५ को सरकार, वीर पुस्तकालय, बि.सं. २०२०।

(बौद्ध विज्ञ)

- कर तिरौं, नगरको विकास निर्माणमा सहभागी बनौं।
- नगरपालिकालाई तिर्नु पर्ने सम्पूर्ण कर चुक्ता नगरे कुनै पनि सेवा सुविधा उपलब्ध गराउन कार्यालय बाध्य हुने छैन।
- कर तिर्नु सबै नगरबासीहरूको कर्तव्य हो, सेवा प्राप्त गर्नु अधिकार हो।
- कर तिरौं, सभ्य नागरिक बनौं।
- समयमै कर तिरौं, जरिवानाबाट बचौं।

**अनुरोधकः तानसेन नगरपालिका, पाल्पा**

## उपभोक्ता हित सम्वन्धी प्रशिक्षण




तानसेन नगरपालिकाले नगर भित्रका उपभोक्तालाई सचेत गराउने उद्देश्यले एक दिने प्रशिक्षक प्रशिक्षण कार्यक्रम सम्पन्न गरेको छ। कार्यक्रममा नगरभित्रका जनप्रतिनिधि, विद्यालयका प्रधानाध्यापक र अध्यक्ष, व्यवसायी सघ संगठनका प्रमुखहरू, सरोकारवाला संस्थाका प्रमुख तथा प्रतिनिधि, सुरक्षा निकाय र पत्रकारहरू समेत गरी २०० जनाको सहभागीता रहेको थियो। उपभोक्ताको अधिकार, कानुनी व्यवस्था, २०५४मा बनेको उपभोक्ता ऐन तथा २०७४ मा संशोधित भएको ऐनको कार्यान्वयन, उपभोक्ताको मौलिक हक र अधिकारको हनन गर्नेलाई कानूनी कारवाही लगायतका विषयमा सहजीकरण उपभोक्ता हित संरक्षण मञ्च नेपालका केन्द्रीय सचिव अधिवक्ता श्रृङ्ग रिषी काफ्लेले गर्नु भएको थियो। कार्यक्रमका प्रमुख अतिथि नगरप्रमुख अशोककुमार शाहीले नगरवासीलाई स्वस्थ रहन नागरिक आफै जागरुक र सचेत हुनुपर्नेमा जोडदिनु भयो। नगरपालिकाले स्थानीयस्तरको कानून निर्माण गरी अगाडि बढ्न लागेको बताउनुभयो। कार्यक्रममा प्रमुख जिल्ला अधिकारी विरेन्द्रकुमार यादवले गुणस्तरहीन सेवा तथा म्याद नाघेका सामान बिक्री वितरण गर्ने जो कसैलाई पनि कानूनी कारवाही गर्ने बताउनु भयो। तानसेन नगरपालिका उपभोक्ता हित संरक्षण समितिका संयोजक तथा नगर उपप्रमुख लक्ष्मीदेवी पाठकले चालु आर्थिक वर्षको लागि कार्ययोजना तयार गरी कामलाई तीव्रता दिन लागेको साथै नगरभित्रका विद्यालय र सम्पूर्ण वडाहरूमा उपभोक्ता सचेतना सम्बन्धी जागरण अभियान सञ्चालन गर्ने, बजार अनुगमनलाई प्रभावकारी बनाउने बताउनुभयो। कार्यक्रममा स्वागत तथा उद्देश्य माथि प्रकाश प्रमुख प्रशासकीय अधिकृत गोपाल प्रसाद बगालेले गर्नुभएको थियो। कार्यक्रमको सञ्चालन समितिका सदस्य सचिव दुर्गाबहादुर थापाले गर्नुभएको थियो।

- कमलराज तिमिल्सेनाबाट

## तानसेन विगतदेखि वर्तमानसम्म-५

# सातसालको परिवर्तनपछिको तानसेन



- निर्मल श्रेष्ठ

(गत अंकदेखि क्रमशः)

"पृन्सले बनायाको रानीघाटको दर्वार र ताहा वरपरका वन समेत अबप्रान्त गौडैको जिम्मा राषी हेर्चाह गर्नु साथै सडक पनि भत्के बीग्रेको सावीक बनाया बमोजीम गर्नु लेबाटै बराबर बनाउन लगाई हरफाजत साथ राषनु तेस्को गुठिहरु पनि कतिकति के रहेछ बुझी जाहेर गरि पठाउनु........१७ भन्ने वि.सं. १९६४ साल माध १७ गतेका दिन मद्राज कुमार कुमारात्मज श्री मेजर जनरल सेर सम्सेर जङ्ग राणा बहादुर (पाल्पाका (तैनाथवाला)को नाउँमा जारी भएको रुक्काको नं. १७ र वि.सं. १९८२ सालमा पाल्पाको तैनाथी लिएर आएका तैनाथवाला प्रताप सम्सेरले पाल्पा आएपछि तानसेन बजारमा हप्ताको एकपटक सरसफाइ गर्ने व्यवस्था मिलाएको भन्ने सन्दर्भले राणाकालमा तैनाथवालाहरुको माथवरीमा मोफसलका बजार, नगरको सरसफाइ लगायत सरकारी स्थानीय महत्त्वपूर्णस्थलहरु र धरोहरहरुको संरक्षण र सम्वर्द्धन तैनाथवालाहरुबाट नै हुने गरेको देखिन्छ। जनप्रतिनिधिमूलक संघ संस्थाहरू नहुँदा मोफसल र सदरमा यी कामहरु सरकारबाट नै हुने गर्दथ्यो । राजधानी शहरको सरसफाइ गर्नको लागि वि.सं. १९७६ साल पौष २ गते सफाइ अड्डा' को स्थापना गरिएको थियो (प्रधान,२०४७:२५३) । यसरी हेर्दा सरसफाइ, रेखदेख, संरक्षण र सम्वर्द्धनको काम मोफसलमा तैनाथवाला र सदरमा सदर सरकारको मातहतमा हुने गरेको देखिन्छ।

'म जनताको नोकर हुँ' भन्ने उद्धोषका साथ श्री ३ को श्रीपेच धारण गरेका श्री ३ महाराज पद्म सम्सेरले वि.सं. २००३ साल फाल्गुन २ गते आफ्नो विशालनगरस्थित दरबारमा जनसमुदायको एउटा बृहत् भेला गराई शासन सुधारसम्वन्धी जुन धोषणा गरेका थिए, त्यसमा निजामतीतर्फ गरिने छब्बीस लाख र जङ्गीतर्फ गरिने अढाई लाख रुपियाँको खर्चअन्तर्गत शिक्षा, स्वास्थ्य, निर्माणमा वृद्धि गर्नुको साथै राजधानी काठमाडौंमा निर्वाचित नगरपालिका (म्युनिसिपलिटी) को स्थापना गर्ने कुरा पनि परेको थियो। तद्नुसार काठमाडौंको क्षेत्र निर्धारण गरी सम्पूर्ण इलाकालाई एक्काइसवटा वडामा विभाजित गरिएको थियो (प्रधान,२०४७:२५२) । तर महिलाहरुले भोट दिने अधिकार सुनिस्चित भने थिएन । महिलाहरुलाई भोट दिने अधिकार दिनु पर्छ भन्ने माग लिएर श्री ३ पद्म सम्सेर समक्ष मगंलादेवी सिंह समेत महिलाहरुको एक प्रतिनिधि मण्डल पुगेका थिए (सिंह,२०५१:५४,५५)।

श्री ३ पद्म सम्सेरले वि.सं. २००३ सालमा धोषणा गरे अनुरुप 'नेपाल सरकारको वैधानिक-कानून २००४' जारी भयो । यो नै नेपालको पहिलो वैधानिक-कानून थियो। कानूनको भाग ४ मा व्यवस्था भएको व्यवस्थापक सभाको महल 'क' को पञ्चायती सभाको धारा १६ मा जनताको भोटद्वारा ५ देखि १५ जना सदस्य रहने गरी 'ग्राम पञ्चायत'को व्यवस्था र धारा १७ मा हरेक शहर बजारको नागरिक क्षेत्रमा पनि १० देखि ५० निर्वाचित सदस्यहरु रहने गरी एक 'नगर पञ्चायत'को व्यवस्था गरिएको थियो (पन्त,२०३५:१०६)। सात सालको अरुणोदयसँगै 'नेपाल सरकारको वैधानिक-कानून २००४' को भाग ४ व्यवस्थापक सभाको (क) पञ्चायती सभाको धारा १७ तहद वि.सं.२००७ साल चैत्र ४ गतेका दिन 'तानसेन नगर पञ्चायत'को गठन भएको थियो। तर नेपाल सदर पञ्चायत गोश्वाराको मिति २००९ साल आषाढ १० गते सोमबारको लेखोटले तानसेन नगर पञ्चायतलाई अवैधानिक नगर पञ्चायत भनि सम्बोधन गरिएकोले स्थगित गरिएको थियो। तानसेनको सन्दर्भमा यसले नगरको आधिकारिक हैसियत वि.सं. २०१४ सालदेखि पाएको देखिन्छ। 'नेपाल राज्य नगरपालिका ऐन २००९' वि.सं. २०१४ साल श्रावण १७ गतेदेखि लागु भई वि.सं. २०१४ साल श्रावण १७ गतेदेखि श्रावण २२ गतेसम्म निर्वाचन गरी इलाका छुट्याइ 'तानसेन नगरपालिका' स्थापना भएको थियो। तानसेन नगरपालिकाको सीमारेखा (१) पूर्व-मेहलधारा वझा वैद्यको पूर्वपट्टिको खोल्सा, त्यहाँबाट सिधा उत्तर डाँडै डाँडा साहेवज्यूको घरको पूर्व दोबाटोको चौपारी , त्यहाँबाट पूर्व मूलबाटो-बाटो भुसालडाँडा माथि पौवा तलतिरको खोल्सा, (२) उत्तर-त्यहाँबाट उत्तर पाटापाटी मुनि डाँडाको पिपल चौपारी, त्यहाँबाट श्रीभक्त रावलको बारी माथिको बाटो, त्यहाँबाट पश्चिम माउसुल डाँडा हुँदै रामको बारीको माथि हुँदै पश्चिम बाटै-बाटो चुत्राभञ्ज्याङ्ग पलतिर रानीघाट जाने बाटोमा चौपारी, पोखरी, त्यहाँबाट पश्चिम बतासेडाँडाको टुप्पामा चुरेटा चौपारी, (३) पश्चिम-सो चुरेटा चौपारीबाट सिधा दक्षिण पालेवनको योगीको कुटी पोखरी हुँदै गोलाखानको मुनि मसानघाट समीको बोट, त्यहाँबाट पूर्व बाहुन छछेछु टोल माथिको बाटै-बाटो बरको चौपारी, (४) दक्षिण-सो बरको चौपारीबाट जेलखाना मुनि आँपीको चौपारी हुन्दै पूर्व वरतुङको जैसी चौपारी, त्यहाँबाट उत्तर-पश्चिम सेठधारा, त्यहाँबाट कटिसेधारा हुँदै उत्तर मूल (कल्ल) सडक, यति चारकिल्ला भित्र सीमारेखा निर्धारण गरिएको थियो। कायम भएको इलाकालाई दशवटा टोल(वडा)को रूपमा निर्वाचन क्षेत्र बनाइएको थियो।

सो निर्वाचन क्षेत्र तहद भएको निर्वाचनमा कमलराज रेग्मी, मेहलधारा (निर्विरोध), चन्द्रमान बज्राचार्य, नारायणटोल(निर्विरोध), ढुण्डीराज शर्मा, बडिज्ञानटोल(निर्विरोध), त्रिरत्न बज्राचार्य, मखनटोल सिलेखानटोल(विजय), पूर्णमान शाक्य, टक्सारटोल(विजय), देवराज कोलाक्षपति बसन्तपुर(निर्विरोध), केवलप्रसाद श्रेष्ठ, कैलाशनगर (निर्विरोध), बैकुण्ठध्वज राजलवट,

भगवतीटोल(विजय), मथुराप्रसाद प्रधान, असनटोल(विजय) निर्वाचित सदस्यहरुले प्रतिनिधित्व गरेको 'पाल्पा तानसेन नगरपालिका' को गठन भएको थियो (श्रेष्ठ, २०६७:५)। श्री ५ महाराजाधिराज महेन्द्र सरकारको वि.सं. २०१५ सालमा पाल्पा सवारी हुँदा तानसेन दरबार (हालको पाल्पा दरबार संग्रहालय)मा तानसेन नगरपालिकाको कार्यालय राख्ने अनुमति मिलेको थियो। सोही हुकुम मुताविक पाल्पा दरबारमा तानसेन नगरपालिकाको कार्यालय रहन गएको थियो (वर्मा,२०२५:१७, १८)।

तानसेन नगरपालिकाको गठन भएपछि सर्वसाधारणहरुको हित गर्ने खालका खानेपानी, सरसफाइ, शिक्षा जस्ता कार्यहरु नगरपालिकाको काँधमा आएको थियो। सात सालको परिवर्तन अघि सरकारले गर्दै आएको जन सरोकारका विषयको जिम्मेवारी नगरपालिकामा आयो। त्यसताका नगरपालिकाको सीमित साधन श्रोत हुनुका साथै आवश्यकता पनि सीमित नै थियो। सात सालको परिवर्तनले देशमा राजनैतिक परिवर्तन ल्याएता पनि सामाजिक र आर्थिक परिवर्तन हुन बाँकी नै थियो। केही वर्गको पोल्टोमा मात्र सीमित रहेको शिक्षालाई शिक्षाको पारिलो घाम सर्वसाधारणहरुको मझेरीसम्म पुऱ्याउनु पर्ने त्यसताकाको अहंम सवाल थियो। पाल्पामा वि.सं. २००४ सालमा श्री पद्मोदय पब्लिक हाई स्कूल, वि.सं. २००७ सालमा मोहन कन्या स्कूल र वि.सं. २००८ सालमा जनता स्कूल खुलिसकेको थियो। अमरगञ्जमा खुलेको पद्मोदय पब्लिक हाई स्कूलको भवन, अमरगञ्ज जीर्ण भएकोले मोहन कन्या स्कूलमा विहान पढाउने गरी पद्मोदय पब्लिक हाई स्कूललाई सारिएको थियो। कन्या स्कूलको पढाइ दिउँसोमा हुने गर्दथ्यो। पाल्पाका बडाहाकिम तारकबहादुर शाहको पालामा शिक्षा डाइरेक्टर श्री ५ को सरकार इन्स्पेक्टर अफ स्कूलसँग माग गरी वि.सं. २०१० साल भाद्र २० गतेका दिन दिउँसो १ बजेर ३३ मिनेट जाँदा पद्म पब्लिक हाई स्कूललाई सेतो दरबारमा (हाल विद्यालय रहेको भवन) मा सारिएको थियो। स्कूलका कोठाहरु कम र साना नानीहरुलाई पढन जान अलिक टाढा पर्ने हुँदा वि.सं. २००९ सालमा कक्षा एकदेखि कक्षा चारसम्म भगवती मन्दिरको पौवामा पढाउने व्यवस्था गरिएको थियो। वि.सं. २०१६ साल फाल्गुन ७ गते तानसेन नगरपालिका र पद्मोदय पब्लिक हाई स्कूलको सम्झौता अनुसार तलब पद्मोदय पब्लिक हाई स्कूलबाट खुवाउने र भत्ता तानसेन नगरपालिकाबाट दिने व्यवस्था गरियो। नगर प्रमुख पूर्णमान शाक्यको पालामा तानसेन नगरपालिकाले शिक्षा क्षेत्रमा गरेको पहिलो कदम थियो। तानसेन नगरपालिकाले प्राथमिक तहलाई निःशुल्क शिक्षाको अवधारणालाई अगाडि ल्याएको थियो। शायद यसरी निःशुल्क शिक्षा प्रदान गर्ने यो मार्केवल कुरा पहिलो थियो। नगरपालिकाले भगवतीस्थान लगायत बसन्तपुर, लहरेपिपल र नारायणस्थानमा पनि यसै माफिकका स्कूलहरु खोल्ने काम गऱ्यो (श्रेष्ठ,२०७५:४०,४१)। शिक्षालाई सबैको पहुँचमा पुऱ्याउने कार्यसँगै नगरपालिकाले बजारको सरसफाइ, खानेपानीको व्यवस्था जस्ता जन सरोकारका कामहरुमा आफूलाई केन्द्रित गरेका थियो। सात सालको परिवर्तन पछि तानसेन नगर पञ्चायत र नगरपालिकामा निर्वाचित भएर आएका नगर प्रमुख र प्रधानपञ्चहरु पूर्णमान शाक्य, श्यामकृष्ण मल्ल, त्रिरत्न बज्राचार्य लगायत नगर सदस्यहरुले यस तानसेन नगरपालिकाको सौन्दर्यकरण गर्नमा जुन योगदान पुऱ्याए, त्यो सम्झन योग्य छन्। यीमध्ये तानसेन नगरपालिकाको श्रीवृद्धि र सौन्दर्यकरण गर्ने केही धरालेहरुले गरेका कार्यलाई नगरबासीले सम्झिरहने गर्दछन्।

**प्रधानपञ्च देवराज कोलाक्षपति**को कार्यकालमा श्रीनगर डाँडाको दक्षिण फर्केको मोहडाको खुलखुले डाँडामा वृक्षारोपण, तानसेन बजारमा विद्युतिकरण, भुल्के खानेपानी योजना, होलाङ्दी खानेपानी योजना एवम् नगरपञ्चायतको आयश्रोत वृद्धिको लागि भाडाका घरहरुको निर्माण कार्य गरेका थिए।

**प्रधानपञ्च बिन्दुप्रसाद नेपाली** तानसेनलाई 'स्वास्थ्य, शिक्षा र पर्यटन'को नारा दिएर तानसेनलाई चिनाउन लागि परेका प्रधानपञ्च थिए। उनको पालामा तानसेन बजार भित्र विभिन्न स्थानहरुमा सार्वजनिक शौचालय निर्माण र सर्वसाधारणलाई पिउने पानीको व्यवस्था गरेका थिए। पाल्पाको शैक्षिक उन्नतिको खातिर नगरपालिकाबाट निर्माण भएको बतासेडाँडा राममन्दिर अगाडिको तीनवटा व्यवसायिक भवनलाई त्रिभुवन क्यापसका शिक्षकहरुको आवासगृहको लागि क्याम्पसलाई हस्तान्तरण गरिएको थियो। यसको साथै त्रिभुवन बहुमुखी क्याम्पसको बृहत् योजना अन्तर्गत क्याम्पसको स्तरोन्नति गर्न तानसेन नगरपालिकाको मातहतमा रहेको साविकको वडा नं. ७ अन्तर्गत बतासेडाँडाको करीब दुईसय रोपनी क्षेत्रफलको जग्गा पनि क्याम्पसलाई हस्तान्तरण गरिएको थियो। उनैको कार्यकालमा वीरेन्द्र फूलबारी निर्माण हुनुका साथै सो पार्कको बगल सडक पारि एश्वर्य फूलबारी बनाउने अवधारणा अगाडि सारिएको थियो। पर्यटन पूर्वाधारको रूपमा श्रीनगर डाँडामा पर्यटकीय पूर्वाधार निर्माण तहद विश्राम कुटी, सेड्हरु, स्टोन पेपिङ गरिएका बाटोहरुको निर्माण साथै पञ्चायत रजत जयन्ती स्तम्भको निर्माण गरिएको थियो।

**प्रधानपञ्च गणेशमान महर्जन**ले पाल्पा दरबार भित्र रहेको नगरपालिकाको कार्यालयलाई वि.सं.२०४० साल मंसिर १४ गतेका दिन तानसेन नगर पञ्चायतको भवन तथा सभाकक्ष निर्माणका लागि



शिलान्यास गर्नुका साथै निर्माण सम्पन्न गरी तानसेन नगर पञ्चायतको कार्यालयलाई सो भवन(हालको तानसेन नगरपालिका रहेको भवन)मा सारिएको थियो ।

२०४६ सालको जनआन्दोलनले जनताको सोचमा परिवर्तन ल्याउनुका साथै नयाँ ढङ्गको राज्य व्यवस्था र विकासको बान्कीमा नौलोपन आएको थियो । तानसेन नरपालिकाको नयाँ सीमारेखा कोरियो । शहरी वडाहरु साथै ग्रामीण वडाहरुको नयाँ ढङ्गले सिमाङ्कन हुन गयो । तानसेन नगरपालिकालाई यो अवसर पनि थियो, चुनौति पनि थियो । २०४६को सम्विधान अनुसार भएको नगरप्रमुखको निर्वाचनबाट **धीरेन्द्रप्रसाद श्रेष्ठ,** तानसेन नगरपालिकाको नगरप्रमुखको पदमा बहाल भएका थिए । नगरप्रमुख धीरेन्द्रप्रसाद श्रेष्ठको पालामा तानसेनलाई पर्यटकीय गन्तव्य बनाउन र पर्यटनको विकासको लर्कन तय गर्न पूर्वाधारहरुको खोजी गर्नुका साथै तानसेन नगरपालिकाको आयश्रोतको रूपमा बनाइएका भाडाका घरहरुले ओरिङ्तै छोपेको शीतलपाटीलाई पहिलेको अवस्थामा ल्याउने काम भएको थियो । ग्रामीण वडाहरुमा पनि विकासको अनुभूति गराउनु पर्ने बेला थियो । विभिन्न वडाहरुमा ग्रामीण बाटो लगायत खानेपानीको व्यवस्था गरिएको थियो । बाँफा खानेपानीको टंकी जीर्णोद्धार गर्नुका साथै सो टंकीबाट तानसेन नयाँ दरबारको समीपमा रहेको पानीटंकीसम्मको पानीको पाइप लाइनको मरमत गरिएको थियो ।

२०४६ सालको जन आन्दोलन पछि भएको नगरपालिकाको दोश्रो निर्वाचनमा नगरप्रमुखको पदमा निर्वाचित भई **अशोककुमार शाहीले** पद भार सम्हालेका थिए । यसबखत तानसेनको समृद्धि र विकासका अवसरहरु पनि थिए, चुनौतिहरु पनि प्रसस्त थिए । मानिसहरुको सहरतिरको आकर्षण बढ्नु र जनसंख्या वृद्धि दरले कोर एरियामा मात्र होइन रुलर एरियाका वडाहरुमा पनि खानेपानीको समस्या र बाटोघाटोको पहुँच कम थियो । बाटोघाटोको आवश्यकता बढिरहेको थियो । नगरप्रमुख अशोककुमार शाहीको पालामा तानसेन खानेपानीको समस्यालाई न्यूनीकरण गर्ने तीनधाराको लिफटिङ् आयोजना शुरु गरिएको थियो । यस आयोजनाबाट तानसेनमा करीब दैनिक एकलाख लिटर पानीको थप आपूर्ति भएको थियो । करीब सय घरधुरीका समेटिएको ग्रामीण वडाहरुमा आठवटा सानो खानेपानी योजना सम्पन्न भएको थियो । यी योजनाहरूमा ता.न.पा.साविकको १२ नं. वडा, सविकको ९ नं. वडाको लामडाँडाको घुम्ती, कोऋङ्गा, वर्तुङ, साविकको वडा नं.११, धरमपानी गुर्जुधाराबाट साविकको १४ नं. वडामा खानेपानी योजना, कलपाताल खानेपानी योजना लगायत आठवटा साना खानेपानी योजना सम्पन्न भएको थियो । पर्यटनलाई अलग राखेर विकास गर्न सकिंदैन भन्ने सोच बोकेका नगरप्रमुख अशोककुमार शाहीले पर्यटनको पूर्वाधारको रूपमा सडकलाई प्राथमिकताको ऋममा राखेका थिए । विकासको एउटा अवयव सडक हो । सडकको पहुँचले नै विकासले गति लिएको हुन्छ । यस कुरालाई हृदयङ्गम गरी तानसेन नगरपालिकाले चक्रपथलाई अगाडि सारेको थियो । सो चक्रपथ गोर्खेकोटको आरुखर्क हुँदै –रोज रिसोर्टको घुम्ती–त्यसपछि सिद्धार्थ राजमार्ग–वर्तुङभन्दा अलिक माथि हात्तिगौंडा–तल्लो कुन्सरे–नयाँबाटो हुँदै फेदी–फेदीबाट काजीपौवाको तल रहेको आँपको बगैंचाको उकालो हुँदै मोटरबाटो–त्यहाँबाट ढुंगाखानी त्यसपछि रिडी–तम्घासको बाटो हुँदै कैलाशनगर र कैलाशनगरबाट श्रीनगर पछाडिको पुरानो रिङ्रोड हुँदै गोर्खेकोटसम्म करीब ४०/५० कि.मि. बाटो खनिएको थियो । यस चक्रपथमा पर्ने बनिबनाउ बाटोको लम्बाईलाई जोड्दा ६०/७० कि.मि. बाटो यस चक्रपथले ओगटेको थियो । तानसेनको खानेपानीको समस्यालाई ध्यानमा राखी सिस्ने खानेपानीको अवधारणालाई अगाडि सारिएको थियो । यस खानेपानीको गुरु योजना बनाउनुका साथै सिस्नेको मूल र यसले ओगटेको करीब ६१ रोपनी जमिन पनि खरीद गरिएको थियो । यसै गरी अमरगञ्जमा अवस्थित अमर गणेशको मन्दिर जीर्णोद्धार, पर्वासको वंशगोपाल



मन्दिर रहेको डाँडामा पार्क निर्माणको गुरु योजना, पर्या–पर्यटनको गुरु योजना, रेन वाटर कलेक्सनका करीब १००वटा टंकी निर्माण, तीनसयवटा सेफ्टीटंकीयुक्त चर्पी निर्माण, सि.टि.नेटमा नगरपालिकाको पहुँच साथै लायण्ड फिल्ड एरियाको गुरु योजना तयार पारिएको थियो। गोविन्द भट्टराई सभापति रहेका बखत महासंघको माग बमोजिम नेपाल पत्रकार महासंघ, पाल्पाको भवन निर्माणको लागि जग्गा उपलब्ध गर्नुका साथै नेपालमै पहिलो पटक उत्कृष्ट पत्रकारिता पुरस्कारको स्थापना, नगरपालिका भित्रका सम्पूर्ण सामुदायिक विद्यालयहरूमा छात्रवृतिको स्थापना गरिएको थियो।

तानसेनको श्रीवृद्धि र सौन्दर्यकरण गर्नमा तानसेन नगरपञ्चायत र नगरपालिकाका प्रधानपञ्च र नगरप्रमुखहरुको जस्ले आफूलाई तानसेनको धराल भएर स्याहारे उनीहरुको योगदान रहेको छ, त्यति नै निर्वाचित सदस्यहरुको मिहिनेतलाई पनि नजरअन्दाज गर्न सकिँदैन। देश, संघीय लोकतान्त्रिक गणतन्त्र नेपालबाट सुसोभित भएको छ। नयाँ राज्यसंरचना तहत तानसेन नगरपालिकाको सीमारेखा कालीको तिरदेखि तिनाउ नदीको शिरसम्म कोरिएको छ। भू–भागको फैलावटसँगै यसको अधिकार , कर्तव्य र दायित्व पनि थपिएको छ। विकासका नयाँ नयाँ ढाँचाहरु हाम्रो सामु टोपल्किएका छन् भने अवसरसँगै चुनौति पनि थपिएको छ। अबको तानसेन नगरपालिकाको श्रीवृद्धि, विकास, पर्यटकीय गन्तव्य जस्ता अहेम सवाललाई सम्बोधन गर्न **नगरप्रमुख अशोककुमार शाही** फेरि नगरप्रमुखको पदमा निर्वाचित भएका छन्। तानसेनेलीहरुको खुसहालीको लर्कन तय हुने छ, आशा गरौं।

**सन्दर्भ पुस्तकहरू :**

पन्त, नयराज, श्री ३ महाराज पद्मशमशेरका कुरा, प्र. संशोधन–मण्डल, काठमाडौं, वि.सं. २०३५।

प्रधान, भुवनलाल, नेपालको जनत्रान्ति–२००७, प्र.रुमु प्रकाशन, काठमाडौं, वि.सं. २०४७।

वर्मा, कृष्णबहादुर, यो हो पाल्पा, प्र. योजना, प्रगति तथा तथ्यांक शाखा गृह पञ्चायत मन्त्रालय, वि.सं. २०२५।

श्रेष्ठ, निर्मल, तानसेनः विगत र वर्तमान, नेपाली राष्ट्रिय दैनिक बुटवल टुडे, वि.सं.२०६७, वर्ष ७, अंक १०२।

श्रेष्ठ, निर्मल, भगवती मास्टर, प्र. श्रीमती देव लक्ष्मी श्रेष्ठ स्मृति छात्रवृति अक्षय कोष, वि.सं. २०७५।

सिंह, मंगलादेवी, नारी संधर्षका पाइलाहरु, प्र. पी.एल.सिंह, वि.सं.२०५१।

(लेखक तथा इतिहासकार)

समाप्त

कविता

# सार



**खत्री कमल**

धोखा जीवनले दियो रहरको, वर्षेन वर्षा कुनै।
जे आफ्ना भनी ठानियो फगतका, धोखा रहेछन् उनै।
निद्रा भोक पियास गाँस लुटिए, बाँकी छ यो जिन्दगी।
लाग्यो जिन्दगी नै रहेछ कि कतै बेकामको दिल्लगी॥ १

पेले पेल्न त बालुवा तर कतै निस्केन है तेल त्यो।
मूसाको पनि सिङ खोज्न म कुँदे बेकारको खेल भो॥
लाग्थ्यो कर्म गरे त मिल्छ फल त्यो, हो कर्मकै पौरख।
फुट्टो सावित भो भ्रसङ्ग म भएँ, लाछिन्छु कैले तक॥ २

मैले जानिन वा बगेँ लहडमा, बोकेर नौका कतै।
मैले हानिन तीर त्यो कपटको, ताकेर चौका कतै॥
उर्जा उन्नत खर्चिएर तनको, टिपिन्छ तारा भनी।
ठूलो वेग गरी मरुस्थल कुँदे, हावाहुरीझैँ बनी॥ ३

आई वर्ष नयाँ लिईकन उही सौगात शैलावको।
छर्दै गन्ध सुगन्ध पुष्परसको फल्को दिई लाभको॥
गाई गीत नयाँनयाँ सकलमा, भर्दै निराशा अनि।
भागे हुन् कति दूरसम्म कपटी, जाली शिकारी बनी॥ ४

आशा गर्नु छ के यहाँ फल कुनै मिल्ला भनी सारको।
मात्रै बज्र छ खप्नु मित्र जन हो, स्वीकार वा हारको॥
कालो बादल हार्छ, फार्छ र नयाँ, वर्षिन्छ वर्षा भनी।
पर्खी वर्ष नयाँ बस्यौँ युग विते आएन माली बनी॥ ५

फुल्लान् फूलहरू वसन्त गिरिमा, चट्टान तर्साउँदै।
उठ्ला सुन्दर तानसेन नव त्यो, आनन्द वर्षाउँदै॥
त्यो बेला रसिलो अनन्त फल त्यो, जो मिल्छ सौभाग्यले।
त्यस्कै त्यो रसमा म डुब्छु जति हो, पाइन्छ त्यो भाग्यले॥ ६

(शिक्षक तथा सर्जक)

# The Conection of Mission Hospital and Wider Community in Tansen



–Dr Rachel Karrach

The United Mission Hospital Tansen has been serving the people of Palpa and the surrounding districts for 65 years. It has grown from a small clinic to its present 169 beds and continues to be known for training and community health work.

The work in Tansen began as a result of the visit of ornithologist Dr Robert Flemming (author of "Birds of Nepal"), His physician wife Dr Bethel Flemming and their family and Dr Carl Friedericks and his family in the winter of 1951 –1952. During their visit to Tansen they examined and treated patients and even performed a bladder stone operation!





The people of Tansen invited them to come back to establish a hospital, and by 1954 permission was given for the newly formed United Mission to Nepal (UMN) to start health work in the Kathmandu valley and Tansen. Thus United Mission hospital Tansen was one of the first 2 projects of UMN. Dr Carl Friedericks initially opened a clinic in rented accommodation in the bazaar as the work grew land was granted in the Bhusaldanda area just east of the bazaar to build a hospital. In 1959 the first building was opened, and ever since then the hospital has continued to grow.

The second family to arrive in Tansen were Ragnar and CarnaElfgaard and their family from Sweden, the second doctor was lady from UK, Dr Majory Foyle.

*Sister Carna in MCH clinic Sister Ingeborg trains nurse aids*

From the early days, local people were trained as nurses for the wards and as paramedics for the OPD lab pharmacy etc. Many people remember Sister IngeborgSkjervheim from Norway started a MCH clinic and a home midwifery service, but she also trained nurse aids. Dr Noboru Iwamura from Japan pioneered community health, travelling from village to village on his horse with a mobile x-ray machine doing TB case finding. He also trained local people as village health workers and Dr Dick Harding started the first CMA training in Tansen. This tradition of training has continued. For some years there were attached CMA and ANM schools, which were handed back to the government. In 2000 the Tansen Nursing School reopened as a joint mission and CTEVT venture, training certificate level nurses, who do much of their clinical training in the hospital. A Lab school faculty was added 4 years ago to train Certificate in Medical Laboratory Technician (CMLT) students, and the name changed to Tansen School of Health Sciences. The hospital is accredited for doctor's Internship training, and MDGP training. After many years of training midwives the hospital is an accredited Skilled Birth Attendant training site, and a training site for Mid Level Practicum, Anaesthesia Assistant Training and Refresher training. The hospital pioneered a Paediatric Nursing Course which was adopted by NHTC, and a Diploma in Pastoral Healing Ministry is run in modular form in partnership with ECTC.

Community outreach has also been part of the hospital's vision since the community midwifery work pioneered by sister Ingeborg from 1955, and Dr Noboru Iwamura's ground breaking work from 1960. Dr Pedley worked with leprosy patients and did early research on the transmission of the leprosy bacillus. Today our community health department is still working with local communities to improve their health in areas of safer motherhood, and nutrition.





*Dr Iwamura with a TB patient   Dr Pedley with leprosy patients*





I joined the hospital in 1994 when it had just reached 40 years of age and it has been privilege to live in this beautiful town and see all the progress made during the past 25 years. The hospital has grown and changed from the 120 bedded hospitalwhich I joined. There were only 12 doctors when I arrived and 8 of these were expats. Now the hospital has 169 beds, there are still 8 expat doctors but over 40 Nepali doctors. I think one of the most rewarding things about working here is to see the next generation of health workers coming to fill our places. I am happy to be working alongside colleagues who were born in the hospital, and senior doctors who first joined us as medical students. Over the years I have worked with doctors from 16 different countries.So I have learnt about many different countries and cultures without leaving Nepal!

When I first came to Tansen for work orientation in April 1994 I arrived by blue Saja bus and then found a porter to carry my luggage and walked up to the hospital. In those days everyone walked and there were just 2 old Russian jeeps to ferry patients up and down from the bus stop and Bartun. Now it is hard to cross the road outside the hospital because of the many ambulances buses jeeps and motorbikes. We never thought then that lack of parking space would be a problem. There was just one hospital Landover, and some staff would walk 1-2 hours to duty each day. Ambulances were four strong men carrying a stretcher or someone being carried in dokho on their relative's back. Most patients were happy to stay overnight before their journey home, now people are in a rush to leave to catch their jeep home to a village which might have taken 3 or more days to reach by foot in the old days.

I started work after my language training in July(Asar). It was the busy season and there was a cholera epidemic and many other patients with typhoid. The TB clinic was packed and there was enough work for a separate leprosy clinic. Thankfully many of these infectious diseases are becoming less common. It is several years since we have treated a tetanus patient, in those days we had a tetanus room on the medical ward. Immunisation has brought about a big change. Measles is rare and polio eradicated. Now our medical ward is more likely to be full of patients with non-communicable diseases, heart attacks, strokes and diabetes or alcoholic liver disease. Perhaps people need to start walking again.

Another memorable night during my first few years was when a bus arrived with 40 sick patients suffering from food poisoning after a wedding feast. We set up a temporary ward on the OPD waiting platform and volunteers from the nursing hostel set up saline drips and made large dekshis of rehydration solution and I joined another couple of doctors and we took shifts to treat the patients overnight. Only 4 patients needed admitting in the morning.

After a few years of working where needed I worked for several years in maternity.It is good to see now many more women receive

good antenatal care and are healthier. They can reach a hospital more quickly so we do not see many women arriving too late in a very serious condition which was not uncommon 15-20 years ago.

The bazaar has also changed since those days. Many of the old mud brick houses have been replaced by modern concrete buildings. There used to be vegetable gardens between properties and now almost every area is built on. Not many villages had electricity so looking out on the valley there only a few lights, now it is lit brightly at night.

The hospital too has added services and several new buildings have grown up over the last 25 years. Staff quarters have been added, two ward block buildings and the emergency department, a 10 lakh litre water tank to double our rainwater collection capacity and we are working on a waste water system and hope in the next few years to add another building so that we have more space to treat patients.

I only planned to work in Tansen for 3 years. I sometimes joke that I forgot to go home! I have stayed for 25 years because I feel that this is where God has placed me to serve. The work of the mission hospital is still very important for many patients, for example our burn ward patients who have nowhere else they can get treatment. Tansen feels like home now. Another reason I am still here is because of the friendship of the hospital family and wider community in this beautiful town.

(Hospital Director, United Mission Hospital Tansen)

कविता

## पाल्पा नराम्रो छ र ?



- डिल्लीराज अर्याल

भन्छन् सुन्दर काठमाण्डु छ भनी त्यस्तै छ रे पोखरा
फेवा ताल समेट्छ खास जसको सौन्दर्य भै नीडर
बालाजू पनि हेर्न लायक भनी भन्छन् र लेख्छन् तर
पाल्पाको किन लेखिएन महिमा पाल्पा नराम्रो छ र?

राम्रा फाँट, फराक सुन्दर गरा, मैदान भेटिन्न त?
बाटा, घाट, हिमालको र वनको सौन्दर्य देखिन्न त?
यातायात, सुरम्य दृश्य र कला ब्यापारमा सुन्दर
पाल्पाको किन गाइएन महिमा पाल्पा नराम्रो छ र?

छन् शिक्षालय वा कलेज कतिका होटेल वा माल छन्
छन् उद्योग घरेलु सीप चुचुरा नाला नदी ताल छन्
माडी, दर्पुक, अर्गली सरहका गोदाम छन् हैन र ?
राम्रो रूप छ छन् सबै गुण भने पाल्पा नराम्रो छ र?

जे खोज्यो सब पाइने यदि भए के छैन यो भन्नु र!
हो,सारा गुण प्राप्य छन् सब कुरा राम्रो यही हैन र!
त्यो प्राचीन कला र संकृति सबै पाइन्छ उस्तै तर
पाल्पाको किन गाइँदैन महिमा पाल्पा नराम्रो छ र?

गुम्बा, मन्दिर, मूर्ति, निर्झर, गुफा, मैदान छन् सुन्दर
भाषा, भेष र धर्म, संस्कृति, कला, माया दया त्याग र
सन्तोषीपन छन् भने गुण हुनु राम्रो कुरा हैन र
साँच्चै छन् सब यी भने त कसरी पाल्पा नराम्रो छ र?

'वेला' आँगनमा छ थप्छ जसले 'आयाम' साहित्यमा
त्यस्तै 'सत्य' र 'तानसेन'हरुले दिन्छन् नयाँ भावना
पाल्पालीहरुको छ 'श्रीनगर' जो मान्छन् सबै सुन्दर
पाल्पाको तर देखिँदैन 'गरिमा' पाल्पा नराम्रो छ र?

राम्रा काव्य कला निबन्ध कविता यो छैन भन्ने छ र?
शिक्षा ज्ञान र सीप छन् यदि भने केको कमी देख्नु र?
आआफ्ना हितमा र देश हितमा लाग्ने सबै छन् तर
पाल्पाको किन मौन झैं छ गरिमा पाल्पा नराम्रो छ र?

(वरिष्ठ साहित्यकार तथा पत्रकार)

# तानसेन नगरपालिकाको सामाजिक विकास समितिबारे संक्षिप्त चर्चा



- दीपक विश्वकर्मा

**पृष्ठभूमि :**

तानसेन नगरपालिकाबाट सञ्चालन गरिने विकास प्रक्रियालाई प्रभावकारी बनाउने गरी नगर कार्यपालिकाको मिति २०७५।२।२५ गतेको बैठकबाट नगरपालिका (कार्य विभाजन) नियमावली, २०७४ को अनुसूची ५, नियम ४ को उपनियम (६) बमोजिम यस सामाजिक विकास समितिको गठन गरिएको हो । यस तानसेन नगरपालिका क्षेत्रभित्रका शिक्षा, स्वास्थ्य, महिला तथा वालवालिका, युवा लगायत लक्षित एवम् समावेशीकरण क्षेत्र, सूचना प्रविधि, खानेपानी तथा सरसफाइ, गैसस आदि जस्ता महत्त्वपूर्ण क्षेत्रको प्रभावकारितालाई थप मजबुद एवम् बलियो बनाउने गरी यस समितिको गठन गरिएको हो । यस पक्षलाई महत्त्व दिई सामाजिक समितिबाट नगरपालिकाको सामाजिक विकास क्षेत्रका विकासमूलक कार्यहरुलाई प्रभावकारी बनाउन चालु आर्थिक वर्ष २०७५/०७६ को प्रारम्भ देखि नै सम्वन्धित विषयगत कार्यक्रम एवम् विषयगत शाखाको काम, कारवाहीहरुको कार्यान्वनयलाई प्रभाकारी बनाउने प्रयासको थालनी गरिएको छ । विविध कारणले गर्दा सुरुवाती केही समय सम्म यस समितिको काम कारवाहीलाई गति दिन नसकिएता पनि हाल समितिको कामलाई तीव्रता दिइएको छ। यसमा सहयोग गर्नुहुने नगर प्रमुख, उपप्रमुख, वडा अध्यक्ष ज्यूहरु, कार्यपालिका सदस्य ज्यूहरु, अन्य विषयगत समितिका संयोजकज्यूहरु, प्रमुख प्रशासकीय अधिकृतज्यू, समितिका सदस्य तथा सदस्य सचिवज्यू, विषयगत शाखाका प्रमुखज्यूहरुमा हार्दिक आभार एवम् धन्यवाद व्यक्त गर्न चाहन्छु।



**समितिको कार्यक्षेत्र**

- शिक्षा, युवा तथा खेलकुद
- विज्ञान तथा प्रविधि
- स्वास्थ्य तथा जनसंख्या
- लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण
- गैर सरकारी संघ संस्था

**हालसम्म बैठकहरू**

२०७५/०३/७ गते (आ.व. २०७५/७६ को योजना तर्जुमा सर्न्दभमा।)

२०७५/०३/०८ गते (सामाजिक विकास ऐन २०७५ प्रस्तावित खाका सम्बन्धमा तथा विविध)

२०७५/०८/१२ गते (चालु आ.व.प्रथम चौमासिक समिक्षा तथा विविध)

२०७५/१२/२१ गते (चालु आ.व.दोस्रो चौमासिक समिक्षा तथा विविध)

**यस समितिको काम कारवाहीबाट तपसिल बमोजिमको विषयहरूलाई उठान गरिएको छ ।**



**प्राप्त उपलब्धिहरू :**

- नियमित चौमासिक समीक्षा प्रगति गर्ने पद्धतिको थालनी भएको गरिएको छ।
- सामाजिक क्षेत्रसँग सम्वन्धित कार्यक्रमहरु प्रभावकारी कार्यान्वयनमा मद्दत पुगेको छ।
- सामाजिक समितिको अग्रसरतामा नगरस्तरीय युवा परिषद गठन

साथै युवा क्लव गठन र नमूना युवा संसद् स्थापना तथा अभ्यास गरिएको छ।

- हरेक विषयगत शाखाबाट सम्पादित कार्यक्रमहरुको छुट्टा छुट्टै प्रगति समीक्षा गर्ने परिपाटी थालनी गरिएको।
- विषयगत शाखाको काम कारवाहीको अनुगमन थालनी गरिएको छ।

**समस्या :**

- काम गर्नको लागि समितिहरुको लागि स्रोत र साधन नभएको।
- शाखागत रूपमा अझै पनि समितितर्फ उत्तरदायित्वमा कमी देखिन्छ। साथै कतिपय शाखागत प्रगति प्रतिवेदनको हार्डकोपी र डिजिटल रूपमा प्रतिवेदन उपलब्ध हुन सकिरहेको छैन।
- सामाजिक क्षेत्रसम्बन्धी कार्यक्रम कार्यान्वयन गर्ने निकायबाट समितिलाई जानकारी दिने परिपाटीको विकास नभएको।
- समितिको सचिवालयको व्यवस्था हुन सकिरहेको छैन।
- सामाजिक क्षेत्रमा विनियोजन भएको बजेट अत्यधिक देखिने तर उपलब्धिमूलक कार्यक्रममा न्यूनता देखिन्छ।
- समितिहरुबीचमा अन्तर सहकार्य तथा समन्वय नभएको साथै समिति मार्फत कार्यक्रम अगाडि बढाउने परिपाटी समेत न्यून रहेको।
- वडा स्तरीय कार्यक्रमहरुमा समन्वय गर्न नसकिएको।

**समस्या समाधानकोलागि चालिएका पहलहरू :**

- समितिको बैठकमा नगर प्रमुख, उपप्रमुख र जिम्मेवार पदाधिकारीहरूलाई सहभागी गराई सुझाव पृष्ठपोषण प्राप्त गर्ने प्रक्रियाको थालनी गरिएको।
- सम्वन्धित शाखाहरुबाट लिखित प्रगति प्रतिवेदन उपलब्ध गराउन अनिवार्य गरिएको।
- समय समयमा विषयगत शाखाहरुको अनुमगन गर्न थालिएको।
- समितिगत समन्वय र कार्यक्रम प्रभावकारिताको लागि समितिको संयोजकत्वमा विष्णुबहादुर कार्की र शान्ति झेंडी मगर सदस्य रहेको रहेको ३ सदस्यीय कार्यक्रम समन्वय कार्यदल गठन गरिएको।
- विषयगत योजना समयमै कार्यान्वयनका लागि विषयगत शाखासँग समन्वय तथा निर्देशन गरिएको।

आगामी आ.व.२०७६/७७ मा यस समितिका क्षेत्रहरुलाई थप प्रभावकारी र नगरको आवश्यकताका योजनाहरू तयार गर्ने उद्देश्यले तपसिल अनुसारको विषयमा सम्बन्धित सरोकारवालाहरु बीचमा छलफल तथा अन्तरक्रिया सम्पन्न गरिएको छ। साथै बाँकी विषयहरूमा समेत छलफल तथा अन्तरक्रियालाई निरन्तरता दिइनेछ।

| क्र.सं. | विषय | मिति |
|---|---|---|
| १ | शिक्षा क्षेत्र | २०७६/०१/१६ |
| २ | स्वास्थ्य क्षेत्र | २०७६/०१/१७ |
| ३ | खानेपानी सरसफाइ, सामाजिक क्षेत्र (महिला वालबालिका, लक्षित क्षेत्र, खेलकुद, गैसस आदि) | २०७६/०१/२० |

अन्तमा आगामी दिनहरुमा यस समितिको काम कारवाहीलाई थप प्रभावकारी बनाउन सम्पूर्ण नगरवासीको राय, सल्लाह सुझावको अपेक्षा गर्दछु। धन्यवाद।

(संयोजक, सामाजिक विकास समिति)

- समय मै कर तिरौं, गौरवान्वित बनौं र जरिवानाबाट बचौं।
- व्यवसाय गर्दा नगरपालिकामा दर्ता गरेर मात्र व्यवसाय गरौं।
- समयभित्रै जन्म,मृत्यु, विवाह लगायत घट्ना दर्ता गरी आफ्नो अधिकार सुनिश्चित गरौं।

अनुरोधकः तानसेन नगरपालिका, पाल्पा

- बातावरणमैत्री नगर बनाउन सबै क्षेत्र जिम्मेवार बनौं।
- विकास निर्माणमा लागत सहभागिता जुटाऔं।
- प्लाष्टिकमुक्त नगर बनाउने हाम्रो पहललाई साकार पारौं।

अनुरोधकः तानसेन नगरपालिका, पाल्पा

# मिलनसार सामाजिक उद्यमी महिला सहकारी



- कमला भण्डारी

तानसेन नगरपालिका १३ बौघागुम्हामा मिलनसार सामाजिक उद्यमी महिला सहकारी संस्था लि. रहेको छ। यो संस्थाको स्थापना २०६८ फागुन २ गते सहकारी डिभिजन कार्यालय पाल्पामा विधिवत् दर्ता भएको थियो। संस्था स्थापना गर्दा ८१ जना शेयर ६०० शेयर सदस्यको संख्या रहेको छ।

यस संस्थाका शेयर सदस्यहरूले व्यावसायिक रूपमा बाख्रा पालन, दुग्ध व्यवसाय, लोकल कुखुरा पालन, सुन्तला, कागती गरिरहनु भएको छ।



संस्थाको मुख्य कारोवार व्यावसायिक रूपमा व्यवस्थित बाख्रा पालन र दुग्ध व्यवसाय रहेको छ। संस्थाका सबै शेयर सदस्यहरू उद्यमी बनाउने उद्देश्यले सहकारीले सहकारी व्यवस्थापन, बाख्राको नश्ल सुधार, पशु व्यवस्थापन जस्ता तालिमहरू पर्याप्त रूपमा सदस्यहरूलाई दिइएको



छ। सहकारीले शेयर सदस्यहरूलाई धनी बनाउने उद्देश्यले व्यावसायिक योजना बनाएर अगाडि बढेको छ। सहकारीका दिदी बहिनीहरू आम्दानीको आधारमा आफ्नो खर्च कटाएर बाँकी पैसा बचत गर्न थाल्नु भएको छ। सहकारी संस्थालाई माथि उठाउने उद्देश्यले तानसेन नगरपालिकाले रु ९ लाख पशु संकलन केन्द्र बनाउनको लागि रकम सहयोग गरेको थियो र नगरपालिकाबाट मात्र नभै सहकारीले आफै २८ लाख बराबरको काम गरिसकेको छ। प्रदेश सहकारी मन्त्रालयबाट रु १० लाख सहयोग भएको छ। बाख्रा र दुग्ध व्यवसाय माथि उठाउने उद्देश्यले नगरपालिकाबाट कृषक पाठशाला चलाउनको लागि २ लाख



सहयोग भएको छ। तानसेन नगरपालिका वडा नं. १२ र १३ मा रहेका सबै घर धुरी समेटेर किसानलाई उद्यमशील बनाउन नगरपालिकाले धेरै सहयोग गरेको छ। हामी तानसेन नगरपालिका १२ र १३ लाई पशु पालन दुग्ध व्यवसाय र होमस्टे कार्यक्रमले चिनाउन चाहन्छौं।

यो संस्था तानसेन १२ र १३ मा रहेको छ। हामीले सहकारी भित्रका किसानको पहिचान गर्न थालेका छौं। साथै संस्थाले ऋण लगानी तथा बचतको पनि कारोवार गरेको छ। हाल संस्थाको व्यवसाय अनुसार ऋण प्रवाह गरेका छौं। अन्य ऋण थोरै मात्र प्रवाह गरेका छौं। संस्थाले दुई करोड भन्दा माथि कारोवार गरेको छ। संस्थालाई सबल बनाउन सबैको सुझाव र सहयोगको अपेक्षा राख्दछौं।

(कार्यपालिका सदस्य, तानसेन, पाल्पा)

# तस्बिरमा तानसेन



तानसेन नगरपालिकाको आन्तरिक राजश्व अभिवृद्धि सम्कन्धी कार्ययोजना तयार गर्ने सन्दर्भमा आयोजित कार्यशाला गोष्ठीको झलक
तस्वीर – चुरामणि पोखरेल



तानसेनको रणनैतिक योजना तर्जुमाबारे जनप्रतिनिधिहरूसँग छलफल कार्यक्रमका सहभागीहरू




तानसेन-३ मा सडक ढलान गरिदैं



उपभोक्ता हित संरक्षण समिति र बजार अनुगमन समितिको संयुक्त बैठक



विरामी अवस्थामा रहेका तानसेन नगरपालिकाका विकास सद्भावना दूत प्रेमनाथ बस्याल बुलेटिन पढ्दै

# तानसेन नगरसरकारको आर्थिक सहयोग तथा स्थानीय उपभोक्ता समिति र नेपाली सेनाको गोरख दल गणको सहयोगमा टुँडिखेल स्तरोन्नतिको झलक

तस्बिर : सागरमान महर्जन (वडाअध्यक्ष, तानसेन-६)



# तस्बिरमा तानसेन



पाल्पा स्थित सञ्चार संस्थाका प्रमुख तथा प्रतिनिधिसँग छलफल गर्दै नगरप्रमुख लगायत



तानसेन नगरपालिकाको सहयोग तथा नगरस्तरीय महिला सञ्जालको आयोजनामा सम्पन्न महिला सशक्तिकरण प्रशिक्षण कार्यक्रममा बोल्दै नगरप्रमुख




जनतासँग मेयर कार्यक्रमका सिलसिलामा सामुदायिक रेडियो मदनपोखरामा नगरप्रमुख



राष्ट्रिय सूचना आयोगका प्रमुख आयुक्त कृष्णहरि बाँस्कोटाको सहजीकरणमा सम्पन्न सूचनाको हक सम्वन्धी कार्यक्रममा सहभागिता



सहकारी लेखा व्यवस्थापन तालिमका सहभागी

# तस्बिरमा तानसेन





दमकडा खेल मैदानमा प्याब्सन पाल्पाको आयोजनामा भएको जिल्ला स्तरीय क्रिकेट प्रतियोगिता शुभारम्भ गर्दै नगरप्रमुख र भलिबल प्रतियोगिता शुभारम्भ गर्दै नगर उपप्रमुख



तानसेन नगरपालिका स्वास्थ्य क्षेत्रको प्रगतिबारे समीक्षा बैठकमा सामाजिक विकास समितिका संयोजक दीपक विश्वकर्मा




शीत्तलपाटीमा ढुंगा छाप्ने कामको तयारी गरिदैं



तानसेन फोटो प्रतियोगिताबारे पत्रकार सम्मेलन



तानसेनको शैक्षिक अवस्थाबारे चौमासिक प्रगति समीक्षा बैठक

# मगर जातिको भाषा र तानसेन नगरपालिका



- शान्ति भँडी थापामगर

विश्वको मानचित्रमा नेपाल एसिया महाद्विप अन्तर्गत पर्ने सानो पहाडी मुलुक हो । भूगोल र जनसंख्यामा सानै भए तापनि यो बहुजातीय, बहुभाषिक र बहुसाँस्कृतिक मुलुक हो। यहाँ धेरै जातजातिका धेरै भाषा बोल्ने , धेरै धर्म मान्ने, धेरै संस्कार र संस्कृति बोकेका मानिसहरू बसोबास गर्दछन् । ती जातजातिका, धेरै भाषा बोल्ने, धेरै धर्म मान्ने, धेरै संस्कार र संस्कृति बोकेका जाति मध्ये मगर जाति पनि एक हो । नेपालको पछिल्लो जनगणना अर्थात् २०६८ को तथ्याङ्क हेर्दा नेपालमा बसोबास गर्ने जातिहरू मध्ये तेस्रो धेरै र सबै जनजातिमध्ये पहिलो धेरै जनसंख्या भएको जाति मगर हो भने नेपाल राज्यको प्रायः सबै जिल्लाहरूमा मगर समुदायको बसोबास भेटिन्छ।

भनिन्छ, मगर जाति नेपालमा सबैभन्दा पहिले बसोबास गर्दै आएको आदिबासी जाति हो, आज भन्दा पाँच हजार वर्ष अगाडि देखि नै बसोबास गर्दै आएको र त्यसभन्दा अगाडि नेपालमा कुनै मानव बस्ती नै नभएको इतिहासबिद्हरूको दावी रहेको छ। मगरहरू प्रायःजसो थेप्चो नाक, चिम्सो आँखा, होचो कद, मोटाघाटा, इमान्दार, कर्तव्यपालक, निश्छल, साहसी, स्वाभिमानी, परिश्रमी, आत्मविश्वासी, स्वतन्त्रता प्रेमी, राष्ट्रिय भावना बोकेका हुन्छन् । बाइसी चौबिसी राज्यको पालामा राज्य प्रमुख हुँदै राज्य सञ्चालन गर्दै आएका मगरहरू नेपाल एकीकरणको अभियानमा होस् वा प्रजातन्त्र स्थापना, पुनः स्थापनाका लागि भएको आन्दोलन होस् वा माओवादी जनविद्रोह आदि जस्ता प्रजातन्त्र स्थापना पुनर्संरचना संरक्षण सम्वर्द्धनका लागि भएका आन्दोलन तथा संघर्षहरूमा अग्रमोर्चामा रहेको विभिन्न तथ्यहरूले देखाउँछ । यति हुँदाहुँदै मगरहरू हाल नेपालको राजनैतिक, आर्थिक, सामाजिक, धार्मिक, सांस्कृतिक दृष्टिले पिछडिएको र पिलिसिएको देखिन्छ। तथापि आफ्नो इतिहास, भाषा, धर्म, संस्कार, पहिचान र संस्कृतिको संरक्षण, सम्वर्द्धन, जगेर्ना स्थापित गर्न देशैभरी छरिएर बसेका मगर समुदायका विद्वानहरू, विश्लेषकहरू, युवाहरू तथा सबै मगरहरू, आआफ्नो स्थानबाट लागिपरेको देखिन्छ। लाग्नु पनि जरुरी छ।

एकतन्त्रीय राणाकालीन समय तथा निर्दलीय निरकुंश पञ्चायती शासन व्यवस्थाको समयमा नेपाली भाषा बाहेक अन्य कुनै भाषालाई मान्यता नदिने, नेपाली भाषालाई राष्ट्र भाषा तथा अनिवार्य भाषा बनाइएकाले विभिन्न जातजातिका भाषाहरू ओझेल परेका हुन् । यसै सन्दर्भमा मगर भाषा पनि यसको शिकार बनेको थियो। २०४६ सालको जनआन्दोलन पश्चात बहुदलीय प्रजातान्त्रिक व्यवस्थाको स्थापना पछि सबै जातजातिको आआफ्नो हक, अधिकार, खोज्ने माग्ने अवसर मिल्यो । सोही सन्दर्भमा मगरहरूले आफ्नो पहिचान, भाषा, संस्कृति खोज्ने अध्ययन अनुसन्धान अभियान शुरु भयो। यसै सिलसिलामा मगर भाषाका आदिकवि जीतबहादुर सिंजाली मगर र रेखबहादुर थापा(सारु) मगरले मगर भाषाको साहित्य विकासमा महत्त्वपूर्ण योगदान गरेको इतिहास साक्षी छ। प्रचलित अभ्यासलाई आधार मान्दा नेपाल राज्यभर बोलिने मगरभाषालाई मुख्य गरी ३ भागमा विभाजन गरिएको पाइन्छ–

१. बाह्र मगराँती भाषा (मगर ढुट)
२. अठार मगराँती भाषा (खाम भाषा)
३. काइके भाषा

नेपालको खासगरी पाल्पा र गुल्मी संगम स्थान रिडी नदी देखि पाल्पा, स्याङ्जा, नवलपुर, परासी, तनहुँ, गोरखा लगायत पूर्वका जिल्लाहरूमा बसोबास गर्ने मगरहरूले बोलिने भाषालाई बाह्र मगराँती भाषा भनिन्छ। यस्तै गुल्मी रिडी नदीबाट उता प्यूठान, रुकुम, रोल्पा, बागलुङ, डोल्पाका मगरहरूले बोलिने भाषालाई अठार मगराँती भनिन्छ। त्यस्तै डोल्पा, जाजरकोट लगायत सुदूरपश्चिमका पूर्वी जिल्लामा बोलिने मगर भाषालाई काइके भाषा भनिन्छ। यसैगरी नेपाल बाहिर पनि दार्जिलिङ, सिक्किम, भारत, भुटान, म्यानमार, हङकङ, बेलायत, सिंगापुर ब्रुनाइ, युरोप, अमेरिका अष्ट्रेलिया बसोबास गर्ने मगरहरूले पनि मगर भाषा बोल्ने, संरक्षण तथा सम्वर्द्धन गर्ने कार्यमा यथाशक्य योगदान पुऱ्याएको पाइन्छ । २०४६ सालको जनआन्दोलन पछि बनेको प्रजातान्त्रिक सरकारको संविधानमा व्यवस्था भए बमोजिम आफ्ना मातृभाषामा अध्ययन अध्यापन गर्न पाउने व्यवस्था गरेपछि मगर भाषामा पाठ्यक्रम र पाठ्यपुस्तक निर्माण गरी पाल्पा, स्याङ्जा लगायतका जिल्लाहरूको केही ठाउँहरूमा प्राथमिक तहमा मगर भाषामा कक्षा सञ्चालन गर्ने व्यवस्था गरेको पाइन्छ। महिला शिक्षा, प्रौढ शिक्षा, शिक्षा सदन, साक्षरता कक्षा लगायतका तहमा मगर भाषा पाठ्यक्रम र पाठ्यपुस्तक निर्माण गरी कक्षा सञ्चालन गरिएको तथ्याङ्क रहेको छ।

**तानसेन नगरपालिकामा मगर भाषा**

पाल्पा मगर जातिको बाहुल्य भएको जिल्ला हो। अधिकांश गाउँमा बस्ने मगरहरूले मातृभाषा बोल्ने गर्दछन्। राष्ट्रिय जनगणना २०६८ अनुसार पाल्पामा महिला ७६ हजार १ सय  ८० र पुरुष ६० हजार ४ सय ८ समेत १ लाख ३६ हजार ५ सय ८८ जना मगरजातिको जनसंख्या छ । सदरमुकाम तानसेनमा जनसंख्याको हिसावले मगरजातिको संख्या १६ हजार ३ सय ३८ छ। तानसेनमा रहेका मगरहरू राजनीति, शिक्षा, स्वास्थ्य लगायत समाजका विभिन्न क्षेत्रमा क्रियाशील रहेका भेटिन्छन्। दुःखको कुरा मगरभाषामा पढ्न पाउने अधिकारको सुनिश्चितताको लागि तानसेनका मगरहरूले निरन्तर आवाज उठाउनु पर्छ । तानसेन नगरपालिकाले मगर जातजातिको भाषा, संस्कृति संरक्षणमा पक्कै सहयोग गर्न सक्ने छ भन्ने मेरो विश्वास छ।

(नगरसभा सदस्य)

# खाँडदेवीको धार्मिक तथा पर्यटकीय महत्त्व



- बुद्धिसरा सुनार

**स्थापना**

खाँडदेवीको थापना भुरे राजाहरूले गुफाचौरमा परेड खेल्दा उनीहरूले त्यही ठाउँमा हतियारहरू राख्ने गरेको बेलामा भएको पाइन्छ। साविक तेल्घा गाविस वडा नं. ३ का वासिन्दाहरूले त्यस ठाउँमा के रहेछ भनी हेर्दा अनेक किसिमका सामानहरू खाँड परेको देखेपछि त्यस ठाउँलाई खाँडदेवीको नाम राखी वि.सं. १९१७ सालमा मन्दिर स्थापना गरी पूजा गरेको बताइन्छ।

देखेपछि सबैलाई अनौठो लाग्यो। त्यसपछि त्यहाँका वासिन्दाले खरको छानो, गजुर, मौलो पनि काठको बनाई मन्दिर स्थापना गरी पूजा गर्न थाले बालक भेटेपछि। हरेक वर्ष ती गन्धर्वले त्यस ठाउँमा गई त्यस बेला देखि नियमित पूजा गरेको पाइन्छ। अर्को कुरा केही समय पछि माथिल्लो टेलले खाँड देवी छुट्याउन लाग्दा त्यस ठाउँमा दाम्ला सेलायो। दाम्ला सेलाएपछि सबै जनाले त्यहीँ एकै ठाउँमा पूजा गरेको पाइन्छ। खाँडदेवीको पूजा वर्षमा २ पटक महानवमी र चैते दशैंमा हुन्छ। मासिक पूर्णिमामा धूप बत्ती गरिन्छ।



**इतिहास**

भिके बौलाहाले त्यस ठाउँमा रहेका सामानहरू (हतियारहरू कटारी, कोदाली, छुरी, खुँडा, भाला खुकुरी आदि सामानहरू) त्यस ठाउँबाट अन्य ठाउँमा लगेर फाल्ने तर आफू फर्केर त्यही ठाउँमा आइपुग्दा सबै सामान त्यही ठाउँमा नै हुन्थ्यो रे। त्यो देखेपछि त्यहाँका बासिन्दालाई निकै अनौठो लाग्यो र पुजेरी राखेर धूप वत्ती गर्न लागे। एक दिन नक्कले पुजेरीले जुठो भातले हाने। पुजेरी त्यस ठाउँमा जाँदा सर्पले बाटो छेक्यो। अनि भाकल गरेपछि सर्प त्यहीं बिलायो। एक जना गन्धर्व भाग्दै त्यहाँ आइपुग्यो ऊ सँग सानो बालक थियो। त्यो बालक त्यहीं हरायो। सबै मिलेर खोजे कहींकतै भेटिएन। त्यसपछि खाँडदेवीलाई भाकल गरेपछि बालक त्यहीं पेटीमा फेला पऱ्यो। त्यो सबै

**धार्मिक तथा पर्यटकीय महत्त्व**

खाँडदेवीको पूजा गर्नको लागि मन्दिर स्थापना गरी वरिपरि कम्पाउण्ड घेरी पूजा गर्न थालिएको छ। धेरै टाढा टाढाबाट भक्तजन पूजा गर्न आउँछन्। कमीकमजोरी भएमा सर्प देखिने चलन अझै पनि छ। भाकल गरेको कुरा पुग्ने भएर भक्तजनको भिड लाग्छ। मन्दिरमा बोका पाडा, कुखुरा, परेवा आदि बलि दिइन्छ। १४५ घर परिवारबाट पालो बाँधेर पूजा गरिन्छ। धार्मिक पर्यटकहरू समेत आउन थालेका छन्।

(नगर सभा सदस्य)

# प्रधानाध्यापकहरूको शैक्षिक अवलोकन भ्रमण -२०७६



- रेशमलाल न्यौपाने

**१.पृष्ठभूमी :**

तानसेन नगरपालिका शिक्षा समितिको २०७५ पुस ३ गतेको बैठकको निर्णय एवम् २०७५ चैत्र २८ गते प्रधानाध्यापकहरूको बैठकको निर्णयअनुसार यही वैशाख २६,२७ र २८ गते प्रदेश नं. ४ को राजधानी शहर पोखरा महानगरपालिकामा सञ्चालित एउटा संस्थागत र दुईवटा सामुदायिक विद्यालयहरूको भ्रमण गरेर बस्तुस्थिति बुझ्ने काम भयो । सारमा भन्नु पर्दा शैक्षिक, भौतिक एवम् व्यवस्थापकीय पक्ष सहित त्यहाँका विद्यालयले गरेका असल अभ्यासहरूलाई नजिकबाट नियाल्ने, अध्ययन अवलोकन गर्ने काम गरियो । अहिले सामुदायिक तथा संस्थागत विद्यालयहरूले शैक्षिक गुणस्तर, सिकाइ उपलब्धि तथा भौतिक रूपले सम्पन्न विद्यालय बनाउन सबै आ–आफ्नो विद्यालयमा लागिरहेको सन्दर्भमा र अन्य छिमेकी जिल्लाका विद्यालयहरू सम्पूर्ण किसिमले नमूनायोग्य बन्दै गइरहेको तथ्य मनन गर्दै पाल्पामा पनि त्यस्ता नमूना विद्यालय बनाउने चाहना हुँदाहुँदै पनि बिभिन्न परि स्थितिले नमूना योग्य बनाउन नसकिएको र हरेक वर्ष उत्कृष्ट नतिजा दिन नसकिएको अवस्था विद्यमान छ । तानसेन पाल्पालाई शैक्षिक केन्द्रको रूपमा विकास गर्ने सोचसहित विद्यालयहरूलाई सुधार गर्ने बिभिन्न उपायहरु मध्ये राम्रा विद्यालयहरूको अवलोकन र असल अभ्यासहरूको अनुकरण तथा कार्यान्वयन गर्दा विद्यालयहरूको अवस्था सुधार गर्न सकिने भएकोले नगरका विद्यालयहरूका सवै प्रधानाध्यापक र शिक्षा समितिका पदाधिकारीहरू समेत नमूना योग्य विद्यालयहरूको अवलोकन भ्रमणमा जाने निर्णय गरिएको यथार्थ यहाँ राख्नु सार्न्दभिक होला ।

**२.विद्यालयहरूमा गरिएको अध्ययन अवलोकनको समयतालिका :**

| क्र.स. | विद्यालयको नाम, ठेगाना | विद्यालयको प्रकार | समय |
|---|---|---|---|
| १ | श्री मदरल्याण्ड इङ्लिस बोडिङ् स्कूल,मासवार पोखरा | संस्थागत | २०७६।०१।२७ विहान ७:३० वजे देखि१०:३० सम्म |
| २ | श्री सितलादेवी माध्यमिक विद्यालय, पोखरा–१२ | सामुदायिक | २०७६।०१।२७दिउँसो १२:३० वजे देखि ४:०० बजेसम्म |
| ३ | श्री भारतीभवन माध्यमिक विद्यालय, पुरुनचौर, पोखरा | सामुदायिक | २०७६।०१।२८ विहान ७:३० वजे देखि ११:०० बजेसम्म |

**(३) उल्लिखित तीनवटा विद्यालयको अध्ययन अवलोकनका क्रममा निम्न असल अभ्यास भएको पाईयो :**



- सूचना प्रविधि प्रयोगशालाको राम्रो व्यवस्थापन भएको,
- आवश्यक भौतिक पूर्वाधार (कक्षाकोठा, कार्यालय कक्ष, चमेना गृह, छात्रावास, शौचालय, स्वच्छ पिउने पानी, बालमैत्री शौचालय)को पर्याप्त व्यवस्था भएको,
- सामुदायिक विद्यालयमा समेत पूर्ण अंग्रेजी माध्यमबाट पठनपाठन भएको,
- CAS (Continuous Assesment System) लाई सरलीकृत गरी RES(Regular Evaluation System) को व्यवस्था गरेको,
- आवश्यकताअनुसार पर्याप्त मात्रामा निजी स्रोत तथा करारमा शिक्षकको व्यवस्थापन गरेको,
- सामुदायिक विद्यालयले पनि अभिभावकबाट आर्थिक सहयोग प्राप्त गरेको,
- बाल उद्यान, अतिरिक्त एवम् सहक्रियाकलाप अभ्यास कक्ष, प्रशिक्षक सहितको योग एवम् ध्यान कक्ष, स्टाफ नर्स, बेड सहितको प्राथमिक उपचार कक्षको व्यवस्था भएको,
- तहगत रूपमा सुविधासम्पन्न कम्प्युटर ल्याबको व्यवस्था भएको,
- महायज्ञ, देउसी भैलो लगायतका क्रियाकलाप गरी विद्यालयको लागि पर्याप्त स्रोत व्यवस्थापन गरेको,
- दोस्रो र छैठौं पिरियड पछि क्रमशः १० र ५ मिनेटको मिनि ब्रेकको व्यवस्था गरेको,
- सूचना अधिकारीको व्यवस्था भएको,

- विषयगत विभागहरु गठन भएको,
- जिल्ला तथा राष्ट्रिय स्तरका शिक्षा पुरस्कार प्राप्त गर्न सफल भएका,
- यातायातको व्यवस्था गरेको,
- विषय क्षेत्रगत तथा तहगत विज्ञान प्रयोगशालाको व्यवस्था,
- आधुनिक सभाहलको व्यवस्था भएको,
- तहगत रूपमा अतिरिक्त भत्ता सहित इन्चार्जको व्यवस्था गरिएको,
- कक्षा नर्सरीदेखि कक्षा ३ सम्म सह शिक्षकको व्यवस्था गरेको,
- परामर्शदाता सहितको विद्यार्थी परामर्श कक्ष सञ्चालन गरिएको,
- विद्यार्थी तथा शिक्षकद्वारा निर्मित शैक्षिक सामग्रीबाट कक्षाकोठाहरु सु–सज्जित गरिएको,
- साप्ताहिक पाठ्यभारको परिधिभित्र रही एक दिनमा ३ वा ४ विषयमात्र अध्यापन गर्ने व्यवस्था गरेको,
- नृत्य प्रशिक्षक सहितको नृत्य कक्षको व्यवस्था भएको,
- शिक्षक तथा कर्मचारीबीच एकताको भावना भएको,
- व्यवस्थापन समिति र विद्यालय प्रशासनबीच सुमधुर सम्बन्ध भएको, व्यवस्थापन समितिको भूमिका हस्तक्षेपकारी नभई समन्वयकारी भएको,
- विद्यालयलाई सामुदायिक सहयोग प्राप्त भएको,
- बन्द हडतालको प्रभाव अत्यन्तै न्यून भएको,
- विद्यालयमा शैक्षिक योजना तर्जुमा समिति गठन भई क्रियाशील रहेको,
- निरन्तर कक्षा अवलोकन, पृष्ठपोषण र योजना निर्माणमा सहभागिता,
- शिक्षक कर्मचारी नियुक्तिमा निष्पक्षता कायम गरी योग्य व्यक्तिको नियुक्ति हुने गरेको,
- विद्यार्थी भर्ना प्रवेश परीक्षाको आधारमा लिइने गरिएको,
- विद्यालय समयको अतिरिक्त समयमा समेत प्रधानाध्यापक विद्यालयको हितको लागि खटिने गरेको,
- शैक्षिक जवाफदेहीता र आर्थिक पारदर्शिता कायम गरेको,
- निजी स्रोतका शिक्षकलाई समेत प्रचलित तलबस्केल बमोजिम सुविधा प्रदान गरिएको,
- विद्यालयमा राजनीति तथा गुटबन्दी नदेखिएको,
- हरित विद्यालय तथा सरसफाइयुक्त विद्यालय भएको,
- अन्तर्राष्ट्रिय सहयोगी दाताहरुबाट सहयोग जुटाएको,
- कक्षाकोठा खाली नहुने गरी शिक्षक व्यवस्थापन गरिएको,
- पूर्व जानकारी गराएर मात्रै शिक्षक कर्मचारी बिदामा बस्ने गरेको,
- आवश्यकताअनुसार अतिरिक्त कक्षाको व्यवस्था भएको।

**(४) भ्रमणमा सहभागी तानसेनका प्रधानाध्यापकहरूद्वारा व्यक्त प्रतिवद्धता :**

वास्तवमा सहभागी प्रधानाध्यापक, प्रतिनिधि तथा शिक्षा समिति सदस्यहरु, हामी शिक्षक एवम् प्रधानाध्यापकहरुले चाहेमा शैक्षिक सुधार गर्न सकिन्छ र त्यसको आवश्यक व्यवस्था प्रधानाध्यापकले मिलाउनु पर्दछ। कास्की जिल्लाको भ्रमणका क्रममा प्राप्त असल तथा सकारात्मक अभ्यासलाई विशिष्टिकरण गरी मौलिक रूपमा परिवर्तन पश्चात् हाम्रो विद्यालयको विकासमा समेत अवलम्बन तथा अनुसरण गर्न सकिने निष्कर्षमा पुगेका छौं। त्यसले तानसेन नगरपालिकाका विद्यालयहरूको समेत सिकाइ उपलब्धि बृद्धि र विद्यालयको विकास हुनेछ। सिकाइ वातावरण निर्माणमा हामी स्वयं जवाफदेही हुनुपर्छ भन्ने महसुस गरेका छौं। विद्यालयलाई समग्र रूपमा अब्बल र नमूना योग्य बनाउन फर्निचर, सूचना प्रविधि मैत्री वातावरण, छात्रावास, पुस्तकालय, कम्प्युटर ल्याब, स्वच्छ खानेपानी, विज्ञान प्रयोगशाला जस्ता भौतिक पक्षको विकास आवश्यक भएको पाइयो। हामी प्रधानाध्यापकहरु आगामी दिनमा त्यसको पूर्णताको लागि लागिपर्ने प्रतिबद्धता समेत व्यक्त गर्दछौं।

**(५) प्रधानाध्यापकहरूद्वारा अपेक्षाः**

१) तानसेन नगरपालिकाले अविलम्ब वडा अध्यक्ष, प्रधानाध्यापक, शिक्षा समिति सहित संयुक्त बैठक आयोजना गरी योजना निर्माण गर्ने।

२) तानसेन नगरपालिकाको तर्फबाट न्यूनतम पूर्वाधार व्यवस्थापनमा सहयोग पुऱ्याउने, जस्तै :

- स्वच्छ खानेपानी,
- सेतोपाटी,
- फर्निचर व्यवस्थापन,
- आईसिटी कक्षाको व्यवस्था,
- कम्प्युटर एवम् विज्ञान प्रयोगशालाको व्यवस्था,
- Wash सहितको सुरक्षित शौचालयको व्यवस्था,
- व्यवस्थित तथा पर्याप्त कक्षाकोठाको व्यवस्था,
- निजी वा दरबन्दी सहितको शिक्षकको व्यवस्था वा अभिभावक सहयोगको व्यवस्था।

३) Regular Evaluation System(RES) कार्यान्वयन गर्न उपयुक्त हुने।

४) शिक्षक तालिमको व्यवस्था गर्नुपर्ने देखिन्छ।

५) आगामी दिनहरु र वर्षहरूमा पनि यस्तै नितान्त शैक्षिक अध्ययन अवलोकन भ्रमणको निरन्तरता हुन आवश्यक देखिन्छ।

**निश्कर्षः** कुनै बेला तानसेन पाल्पालाई गुणस्तरीय शैक्षिक केन्द्रको रूपमा चर्चा गरिन्थ्यो। पछिल्लो दिनमा खस्कदै गएको शैक्षिकस्तरलाई सुधार्न अभिभावक, शिक्षक, विद्यार्थीबीच समन्वय र सहकार्यको खाँचो छ। अध्ययन अवलोकनबाट प्राप्त सिकाइ र अनुभवलाई प्रधानाध्यापकहरुद्वारा आआफ्नो विद्यालयमा कार्यान्वयन गर्न सकियो भने तानसेनको शैक्षिक विकासमा टेवा पुग्ने छ।

**लक्ष्मी ढुंगाना र प्रदिप घिमिरेको सहयोगमा**
(प्रमुख, तानसेन नगरपालिका शिक्षा शाखा)

# इतिहास बिर्सने पाल्पा, इतिहास बंग्याउन खोज्ने रुपन्देही



- राजेशकुमार अर्याल

**के छैन पाल्पामा ?**

पाल्पा इतिहास, संस्कृति र प्रकृतिले वैभवशाली जिल्ला हो । यो प्रागैतिहासिक कालदेखि नै प्रसिद्ध छ । गणराज्य, बाइसे चौबिसे राज्यको इतिहास बोकेको छ। यहाँ ऐतिहासिक पुरातात्विक महत्त्वका अमूल्यनिधिहरू छन्। धार्मिक र सांस्कृतिक सम्पदाहरू छन्। वैदिक र आर्यसभ्यताको पहिचान छ। मगरात राज्यकाभ्कल्को यद्यपिजीवित छ। गौरवशाली सेनकालीन समयका स्मारकहरू छन्। नेपाल अंग्रेज युद्धका डोवहरू, लडाईका अभेद्य किल्ला र विजयोत्सव प्रचलनमा छन् । आधुनिक जैविक विविधताको भण्डार छ । पुरातात्विक अन्वेषणका विषय बनेका दरबारहरू छन्। इतिहास अन्वेषण र सांस्कृतिक शोधका गढी र किल्लाहरू छन्। बुद्ध परम्परा र चैत्य र विहारहरू छन्। नेवार, मगर, ब्राह्मण क्षेत्री, कुमाल, बोटे, दराईं र गन्धर्व संस्कृति छ। कालीगण्डकी नदी र यसको प्रवाहसँगै बनेको सभ्यता छ। माण्डव्य र हृषिकेश सभ्यता छ। कलाकृति र संस्कृतिले भरिपूर्ण छ।



रानीघाट दरबार अर्थात् रानीमहल

चौविसे राज्यमध्येको शक्तिशाली पाल्पा सेन राज्य हो । मुकुन्द सेन प्रथमको पालामा सेन राज्य पूर्वमा कोशीनदी र पश्चिममा हरिद्वारसम्म फैलिएको थियो । गुल्मी, अर्घा, खाँची पाल्पाकै सरहदमा थियो । यो नेपालमा एकीकरण भएपछि पश्चिम नेपालको प्रमुख प्रशासनिक केन्द्र रह्यो। राणाकालमा गुल्मी, अर्घा, खाँची, इस्मा, मुसीकोट, पर्वत, गल्कोट, धुर्कोट समेत नौ जिल्लाको गौंडा बन्यो। राणाकालको उत्तरार्द्धमा प्रमुख शिक्षा केन्द्र बन्यो। कुटिर उद्योगको अनुपम थलो बन्यो।

रिब्दीकोट र जलेश्वरमा रहेको गान्धार शैलीको बुद्ध मूर्ति, वंशगोपाल र प्रभासको हरिहर मूर्ति, सेनकालीन शिखर शैलीका मन्दिर र पाल सेन शैलीका हृषिकेश मूर्ति छन् जसले युग र समय बताइरहेका छन्। काष्ठकलाको बेजोड रूप अमरनारायण मन्दिर, भीमसेन थापाले सत्यरुपाको नाउँमा निर्माण गरेको पौवा, नेपाल अंग्रेज युद्धमा जित हासिल गरेपछि उजीरसिंहले बनाएको अष्ट धातुले बनेको अठार बाहुको भगवतीको मूर्ति पाल्पाली गाथा गाउन मिल्ने सम्पदा हुन्।

पाल्पा वास्तवमै त्यो इतिहास बोकेको जिल्ला हो जसले प्रागैतिहासिक सभ्यता बोकेको छ । अंग्रेज साम्राज्यलाई नुवाकोट र जितगढीको किल्लाको युद्धमा परास्त गरेर नेपालको अस्तित्व संरक्षण गरेको हो । त्यो युद्धका कमाण्डर पाल्पाका तैनाथवाला उजीरसिंह थापाले नेपालको



अमरनारायण मन्दिर

अस्तित्व नामेट पार्न उद्यत अंग्रेजलाई अदम्य साहस, धीरता र रणकौशल प्रयोग गरी परास्त गरेका थिए। उजीरसिंह थापा र सानाकाजी अमरसिंह थापाले प्रयोग गरेका तोप, हातहतियार र युद्ध सामग्रीहरू सुरक्षित नै छन्।

**किन चुक्यो पाल्पा?**

सीमा निर्धारणका आधारहरु धेरै भेटिन्छन्, नदी, खोल्सी, पहाड, सडक आदि । ढिक, आली र कान्लाले पनि सीमाको काम गरेका छन् ।

नेपालभित्र प्रदेश, जिल्ला, नगर, गाउँ र वडा छुट्ट्याउने माध्यम पनि यस्तै छन्। पहाड तराई छुट्टिने मुख्य आधार पानीढलो हो। पाल्पा र रुपन्देही छुट्टिने सीमा पानीढलो थियो र अझै छ। पानीढलो भाग पाल्पामा पर्दथ्यो भने लडिया हिंड्ने भूभाग रुपन्देही हो। पानी नरोकिईकन सलल्ल बगेर जाने भागलाई पानीढलो भनिन्छ। नेपालमा पानी बग्ने प्रणाली उत्तर दक्षिण छ। सडक निर्माणमा पनि उत्तर दक्षिण नै छ। जसका कारण आर्थिक, सामाजिक, सांस्कृतिक सोच चिन्तन दक्षिण प्रवाहित छ। पाल्पा र रुपन्देहीको भौगोलिक संरचना उत्तर दक्षिण पर्छ, अन्तर जिल्ला सम्बन्ध दक्षिणमुखी बनेको छ। पानीढलो सिद्धान्तका कारण पहाडी भूभाग भनिएका कतियय क्षेत्र अहिले तराईमा परेका छन्। पाल्पा र रुपन्देहीको सीमा विवाद धेरै ठाउँमा छ। समयमा सीमा समाधान नहुँदा सीमा क्षेत्रका पाल्पालीले दुःख, झन्झट खेपिरहेका छन्।

भाद्र कृष्णाष्टमीको भोलिपल्ट तानसेनमा भगवती रथयात्रा निकालिन्छ। यो नेपाल अंग्रेज युद्धमा नेपालीपक्षले जित हासिल गरेको खुशीयालीमा करीव दुई शताब्दी अगाडि आरम्भ गरिएको विजयोत्सव हो, आज पर्यन्त कायम छ। अहिले विजयोत्सव भनेर बुटवल जितगढीमा पनि गर्न थालिएको छ। केहीवर्ष पहिले भगवती रथयात्राकै दिन बुटवल नगरपालिकाले विजयोत्सवको कार्यक्रम गर्दथ्यो। विजयोत्सव मनाउन थालेको ४/५ वर्षपछि बैशाख ७ गतेलाई सा-यो। प्रधानमन्त्री, रक्षामन्त्रीको उपस्थितिमा भव्य कार्यक्रम भयो। ऐतिहासिक विजयोत्सव र भगवती रथयात्रालाई पाल्पाले राष्ट्रिय महत्त्व दिन सकेन।




तिनाउ गाउँपालिकाको दोभान, तिनाउ नदीको छेउमा रामापिथेकसको अवशेष फेला प-यो। एक करोड दशलाख वर्ष पुरानो रामापिथेकसको बंगारा दोभानमा पाइनु र त्यसको प्रचारप्रसार गर्न नसक्नु पाल्पाको कमजोरी बनेको छ। कतिपय अनुसन्धानकर्ताले नै रामापिथेकस बुटवल क्षेत्रमा फेला पारेको लेखेका छन्। बुटवल नजिक फेला पारेको अवश्य हो तर भूगोल तिनाउ दोभान नै हो यसमा भ्रम पालिरहनु आवश्यक छैन। पाल्पाले रामापिथेकस सम्बन्धी प्रकाशन निकाल्न र वितरण गर्न नसक्नु, बुटवलले रामापिथेकस पार्कमा लाखौं खर्च गरेर वनस्पतिको समेत संरक्षण गर्नुले पाल्पा पछाडि परेको ठहर्छ।

बाइसे चौबिसे शासनकालमा सेन राज्य बलियो राज्य हो, जसको केन्द्र पाल्पा थियो। पाल्पामै बसेर सेन राजाहरुले राज्य गरे। रिब्दीकोट, पुर्नाकोट (पूर्णाकोट), श्रीनगरमा दरबार बनाए, सेनहरूले शासन गरे। अहिले ती दरबार सबै भग्नावशेषका रूपमा छन्। बुटवलले मणिमुकुन्द सेन उद्यान बनायो। फूलबारीमा पुग्ने आन्तरिक र बाह्यपर्यटकले तिर्ने शुल्कबाट करीव१ करोड राजश्व संकलन गर्छ। गृष्मकालीन दरबार भनेर मणिमुकुन्द सेन दरबार निर्माण गर्ने संकल्प गरेको छ।

नुवाकोट गढी पाल्पाको पुरानो गढी हो। यो नेपाल अग्रेज युद्धको मुख्यकिल्ला हो। पाल्पाको सरहदभित्रै पर्छ। नुवाकोट गढीमा रुपन्देहीले स्वच्छ हावा, शान्त र मनोरम वातावरण र शीतलताको आनन्द लिने थलो बनाउने कोशिस गरिरहेको छ। कस्तुरीले आफ्नै शरीरभित्रको वास्ना थाहा नपाए झैं पाल्पालीले नुवाकोट गढीको बहुमूल्य सम्पत्ति ि चन्न सकिरहेका छैनन्। रुपन्देहीमा बसोबास गर्ने पाल्पा, गुल्मी, अर्घाखाँचीतिरबाटै झरेका व्यवसायीहरूको आँखा लागेको छ।

**सोच पाल्पाली**

कुइरेभिरको सिद्धबाबाको सट्टा चिडियाखोलामा सिद्धबाबा तयार भएको छ। विजयोत्सव तलै झरेको छ। सेनकालीन इतिहास बुटवलमै जोड्ने सोच पलाउँदै छ। विगत हेरौँ, बि.सं. २०३२ मा पाल्पाका ११ गाउँ हालको नवलपुर जिल्लामा गाभिएको थियो। जसको मुख्य कारण राजनीतिक स्वार्थ थियो। त्यो प्रवृत्ति दोहोरिने खतरा पाल्पालाई अहिले पनि रहेको छ। प्रदेशको राजधानी र प्रदेशभित्रका राजनैतिक प्रशासनिक पदमा आसीन व्यक्तिहरु बुटवलतिरै घर घडेरीको बन्दोबस्त मिलाउँदै छन्। तिनाउमा रहेको खनिज पदार्थ, वनजंगल, पानीमा बुटवल र बुटवलबासीको आँखा लागिरहेको छ। सिद्धार्थ राजमार्गको सिद्धबाबा सडक खण्डको जोखिम न्यूनिकरण गर्न पाल्पालीले सुरुङ मार्गको प्रस्ताव गर्दा नुवाकोट र वसन्तपुर उपयोग गर्ने वैकल्पिक बाटोको व्यवस्था नहुँदासम्म त्यो कार्य अगाडि नै बढ्न सकेन। कुनै दिन प्राचीन इतिहासलाई जोगाउन, समग्र बुटवल स्युराज क्षेत्र रुपन्देहीमा पर्छ भन्ने सन्देश दिन, भूगोलले नमिलेका कारण प्राकृतिक स्रोत सम्पदाको संरक्षण गर्न नसकिएको, दोभान क्षेत्रका नागरिकहरूले प्रशासनिक काम मिनेटभरमै बुटवलमा लिने ठाउँ छोडेर घण्टौं टाढा तानसेन जानुपर्ने बाध्यताका कारण भन्दै संविधान संशोधनमा पुग्ने दिन नआउला भन्न सकिन्न। पाल्पाको विकास गर्ने हो भने इतिहास बिर्सिएर होइन, आफ्नो गौरवपूर्ण इतिहास संभेरे र संभाएर काम गर्नु आवश्यक छ।

(अध्यक्ष, नेपाल पत्रकार महासंघ पाल्पा)

# रचनात्मक कामका लागि तत्पर तानसेन नगर युवा परिषद्



- गुराँस आत्रेय

युवाहरु राष्ट्रका मेरुदण्ड हुन् उनीहरूलाई रचनात्मक काममा सहभागी गराएर समृद्धि हासिल गर्न सम्भव छ भन्ने तथ्य तानसेन नगर सरकारले महसुस गरेको छ । तसर्थ तानसेन नगरपालिकाले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ को उपदफा २ बमोजिम नगर कार्यपालिकाले तानसेन नगरपालिकाको युवा परिषद् गठन तथा सञ्चालन कार्यविधि २०७५ निर्माण गरेको हो । नगरपालिकाले २०७५ साउन २५ गते स्थानीय राजपत्र प्रकाशन गरेर परिषद्को काम अगाडि बढाएको हो ।

सारमा भन्नु पर्दा–तानसेन नगरपालिका क्षेत्र भित्र छरिएर रहेको युवा शक्तिलाई एकत्रित गरी युवाहरूको व्यक्तित्व विकास गर्ने, तानसेन नगरको संस्कृति तथा साँस्कृतिक सम्पदाको रक्षा गर्न युवा परिषद्को गठन गरिएको हो । परिषद्ले लागू औषध दुर्व्यसन, सुर्तिजन्य बस्तुको प्रयोग तथा अन्य सामाजिक कुरीतिको अन्त्य गर्न, खेल क्षेत्रको विकासका लागि स्वंयसेवी भावका साथ विकासमा लाग्ने लक्ष्य लिएको छ । परिषद्ले युवालाई तानसेन नगरको उन्नति, प्रगति र विकासका विभिन्न चरणमा समावेश एवम् सहभागी गराई परिचालन गर्ने उद्देश्यसमेत राखेको छ।

तानसेन नगर युवा परिषद् गठन प्रकृयामा तानसेनका प्रत्येक वडाबाट १६ देखि ४० वर्ष सम्मका युवाहरूमध्येबाट चार चार जना गरी ५६ जना र नगर प्रमुखले मनोनित गरेको १५ जना गरी ७१ जनाको परिषद् गठन भयो र ७१ जना परिषद् सदस्यको भेलाले दैनिक कामकाज गर्नको लागि अध्यक्ष, उपाध्यक्ष, महासचिब, सचिब र ५ जना सदस्य गरी ९ सदस्यीय कार्यसमितिको निर्वाचन गरेको थियो । परिषद्को संरक्षकमा नगरप्रमुख र प्रमुख सल्लाहकारमा सामाजिक बिकास समितिको संयोजक रहने व्यवस्था छ। निर्वाचित कार्यसमिति र परिषद् सदस्यलाई नगर प्रमुखले शपथ खुवाए पछि कार्यसमिति र परिषद्ले आफ्ना कार्यक्रम शुरु गरेको छ।



तानसेन नगर युवा परिषद्
तानसेन नगरपालिका, पाल्पा

मिति २०७५/१२/२९

निर्वाचित कार्यकारी समिति

| | | | |
|---|---|---|---|
| १ | अध्यक्ष | गुराँस आत्रेय | ता.न.पा. ९, पाल्पा |
| २ | उपाध्यक्ष | पवित्रा गैरे | ता.न.पा. १४, पाल्पा |
| ३ | महासचिव | धनेन्द्रराज घिमिरे | ता.न.पा. ५, पाल्पा |
| ४ | सचिव | विवेक काजी शाक्य | ता.न.पा. ६, पाल्पा |
| ५ | सदस्य | युवराज पौडेल | ता.न.पा. १२, पाल्पा |
| ६ | सदस्य | रघुनाथ पराजुली | ता.न.पा. ६, पाल्पा |
| ७ | सदस्य (दलित) | गिता जि.आर. | ता.न.पा. १, पाल्पा |
| ८ | सदस्य (जनजाती) | संजित ब. कुंवर थापा | ता.न.पा.५, पाल्पा |
| ९ | सदस्य (महिला) | रेनुका बस्याल | ता.न.पा ३, पाल्पा |

निर्वाचन अधिकृत

अहिलेको जनसंख्याको आधारमा हेर्दा मुलुकभरि युवा उमेर समूहको जनसंख्या सबैभन्दा बढी छ । यो अनुपातमा हेर्दा यही समूह प्रौढ हुँदा प्रौढको र यही समूह बृद्ध हुँदा बृद्ध समूहको जनसंख्या बढी हुनेछ। १६ वर्ष देखि ४० वर्ष उमेर समूहकालागि युवा मानेर अध्ययन गर्दा तानसेन नगरपालिकामा पनि सबैभन्दा बढी यही उमेर समूहको जनसंख्या रहेको छ। जनसंख्यामा सबैभन्दा बढी रहेका युवाहरूको संख्या समाजमा भने धेरै कम छन्। रोजगारीको खोजी वा शिक्षा आर्जन गर्ने उद्देश्यले धेरै युवा घरभन्दा बाहिर रहेका छन्। जसले गर्दा समुदाय बिकासको लागि नीति निर्माण गर्ने सवालमा युवा सहभागीता न्यून रहेको छ। सूचना र प्रविधिमा अरु समूहभन्दा अगाडि रहेको यो समूहलाई नगरपालिकाको नीति निर्माणदेखि सम्पूर्ण क्षेत्रमा सहभागी बनाउने आजको मुख्य आवश्यकता हो । साथै स्वरोजगारमूलक शिक्षाको अभाव, उद्योग कलकारखानाको अभाव, उद्यमशीलताको अभावले युवा बेरोजगारीको समस्या मुलुकको जस्तै तानसेन नगरपालिकाको पनि रहेको छ । बेरोजगारीसैँ लागुऔषध दुर्व्यसनी लगायतका समस्या पनि तानसेन नगरपालिकामा रहेको छ।



सबै क्षेत्र, जात, लिङ्ग, धर्मको प्रतिनिधित्व गर्ने युवाहरूलाई सक्षम र सबल बनाउँदा मात्रै समुदाय र राष्ट्रको बिकास हुन्छ। युवा र तानसेन नगरपालिका दुबैको बिकासको लागि तानसेन युवा परिषद्ले काम गर्नुपर्ने छ जसको लागि मुख्य युवा स्वरोजगारको लागि उद्यमशील भावनाको बिकासका कार्यक्रमहरू, स्वरोजगारमुखी विभिन्न तालिमहरू, खेल क्षेत्रको बिकासको लागि विभिन्न स्थानीय तथा राष्ट्रियस्तरका खेलकूदहरू, कुलतमा नफस्न र बँच्नको लागि सचेतना कार्यक्रमहरू, कृषि, पर्यटनलगायतका व्यवसायमा युवाहरूलाई आकर्षित गर्न विभिन्न कार्यक्रमहरू तानसेन नगरपालिका बोर्डको निर्णय अनुसार आगामी दिनमा तानसेन युवा परिषद्ले गर्नेछ। समृद्ध तानसेन युवाहरुको चाहना हो।

(अध्यक्ष तानसेन नगर युवा परिषद्)

# सबैलाई न्याय गर्ने ४ सय ६१ वर्ष पुरानो नियम



- रेखीराम राना

तानसेन नगरपालिका –१४ मा सबैलाई न्याय गर्ने सिंचाइ नियम तथा व्यवस्थापनले निरन्तरता पाएको छ । खडेरीले पानीको प्रयोगमा असमानता हुँदा कैयौँ स्थानमा लडाई, झैंझगडा हुन्छन् त्यसले मानवीय र भौतिक क्षति भएको हामीले भोग्दै र सुन्दै आएका छौँ। प्राकृतिक स्रोत र साधनको उचित व्यवस्थापन नहुँदा शान्त समाजमा हिंसा समेत उत्पन्न हुने गर्दछ तर यस्ता असमानता, विकृति र अन्याय गर्नबाट मुक्त छ, तानसेन–१४ को अर्गली सिंचाइ प्रणाली।

नियम कानून जति पुरानो भएपनि त्यो न्यायपूर्ण र समानता प्रदान गर्ने खालको छ भने कहिल्यै परिवर्तन गर्नुपर्दैन भन्ने गतिलो उदाहरण पनि हो अर्गलीको सिंचाइ प्रणालीमा लागु भएको नियम। चार सय ६१ वर्ष पुरानो पानी वितरण प्रणाली अहिलेपनि समानता, न्यायपूर्ण प्रतीकका रूपमा अनुकरणीय छ। झैंझगडा हुने, काटमार हुने समस्याबाट टाढै राखेको त्यस्तो खालको नियम र परम्परा अहिले पनि अर्गलीका स्थानीय बासिन्दाले उत्तम र अनुकरणीय मान्छन् । मणिमुकुन्द सेनका पालामा वि.स. १६१५ सालमा बनाएको अर्गली कुलाको नियम खेत तथा बारीमा हुने उत्पादनका आधारमा बनाइएको छ । यसले सबै कुलाबाट आफ्नो खेत तथा बारीमा सिंचाइ गर्ने उपभोक्तालाई न्याय गरेको छ। कहिल्यै झैंझगडा हुँदैन । त्यतिबेला बनाएको पानी वितरण प्रणालीको साँचा अहिलेसम्म पनि कायम छ। स्थानीय उपभोक्ता यस्तो खालको पानी वितरण प्रणाली समान र कसैलाई भेदभाव नगर्ने खालको भएकाले परिवर्तन गर्न नपरेको बताउँछन्।

नियमले सबैलाई न्याय गरेको हुनाले यसको कहिल्यै परिवर्तन गर्न परेन। राजकुलो जेठी सिंचाइ योजनाका बैदार (सचिव) विष्णु पराजुलीले भन्नुभयो –"यसलाई नमान्ने पनि कोही छैनन्।" उक्त पुरानो नियममा साँचा कसैले परिवर्तन गर्न नपाउने, कुलो बिग्रँदा भत्कँदा पनि बाली उत्पादनका आधारमा (खेतारा) जनश्रमदान गर्नुपर्ने नियम कुलामा छ। त्यसैगरी उपभोक्ताले पालैपालो कुलाको निरीक्षण र अनुगमन गर्छन्। कोही उपभोक्ताले तोकिएको श्रमदान नगरे नियमानुसार सजाय वा जरिवानाको व्यवस्था छ। त्यसलाई झारा जाने भनिन्छ। यो पनि चार सय ६१ वर्ष पुरानो नियम हो।

सिंचाइ गर्दा मुहानमा खेत हुनेले खेतमा धेरै पानी झार्ने प्रवृत्ति र व्यवहार नेपालीहरूमा छ । तर तानसेनको मूल बजारदेखि २५ किलोमिटर पश्चिमको अर्गली फाँटको खेत तथा बारीमा सिंचाइ अहिलेसम्म पुरानै नियमका आधारमा हुन्छ । मुहानदेखि अन्तिमसम्मका माटोको मुरी अनुसार एउटै अनुपातमा पानी लगाउँदा खुसी छन् यहाँका स्थानीय बासिन्दा। नियमलाई आफ्ना अनुकूल बनाएर प्रयोग गर्ने र सक्नेले नियम मिच्ने र नसक्नेले नियमको पालना गर्ने प्रवृत्तिलाई पनि यहाँको प्रचलनले चुनौती दिएको स्थानीय बासिन्दा तुल्सीराम पाण्डे बताउनुहुन्छ।



उतिबेला सिंचाइ गर्नका लागि बनेको कुल्याइँ, झारा, खारा प्रणाली अहिले पनि कायम रहेको स्थानीय बताउँछन् । जेठी, माहिली, साहिली र कान्छी गरी यहाँ चार वटा कुला सञ्चालनमा छन् । नियम न्यायपूर्ण भएकाले चार सय ६१ वर्ष पुरानो नियम त्याग्न नसकेको जेठी राजकुलोका मुखिया (कोषाध्यक्ष) केशवराज भट्टराई बताउनुहुन्छ । उहाँ थप्नुहुन्छ उतिबेला बनाएको नियम भएपनि वैज्ञानिक र न्यायपूर्ण रहेछ यसलाई उछिनेर अर्को नियम आउन सकेको छैन।

कुनै नियम कानून हुबहु लागू हुनुमा त्यहाँका उपभोक्ताको सचेतनास्तर र नियम लागुकर्तामा पनि भर पर्छ। अरुलाई जबर्जस्त नियम मान्न लगाउने तर नियम बनाउनेले नमान्ने प्रचलन पनि धेरै स्थानमा छ। जति राम्रो नियम बनाएपनि प्रयोगमा नआई 'पानीको फोका'जस्तै बनेका उदाहरणहरू प्रशस्त छन्। त्यसैले यहाँको नियम लागु गर्नमा मुख्य जिम्मेवारी कुलाको मुखिया र वैदारको हुन्छ। उनीहरूको चयन गर्नका लागि प्रत्येक वर्ष निर्वाचन हुन्छ। मुखिया (कोषाध्यक्ष) र बैदार(सचिव) निर्वाचनबाट चुनिन्छन् र उनीहरू कुलाको मुख्य शासनकर्ता बन्छन्। मुखियाको काम (अहिले कुनै उपभोक्ता समितिको सचिवले गर्ने काम) पहिलेदेखि नै तोकिएको छ। मुखियाले उपभोक्ताको काम, कसले के गर्ने, कसरी गर्ने ? आदि काम गर्छन् साथै आर्थिक कारोवारमासमेत मुखियाकै जिम्मेवारी हुन्छ। वैदवारले भने झारा (श्रम) गर्न कति आए/नआएको हिसाब राख्नुका साथै उपभोक्ताको हाजिरी व्यवस्थापन गर्छ।

तत्कालीन अर्गली गाविसको १, २, ३, ४, ५, ६ र ८ को झण्डै दुईसय १५ हेक्टर जमिन सिंचाइ गर्न चार वटा कुला छन्। त्यस मध्येको जेठी कुलोको ऐतिहासिक महत्त्व रहेको स्थानीयको भनाइ छ। रुरु क्षेत्रस्थित हृषिकेशव मन्दिरको नित्य पूजापाठका लागि मणिमुकुन्द सेनबाट अर्गलीको केही भाग गुठी राखेका थिए। त्यही जग्गा सिंचाइको लागि जनताबाट राजकुलो निर्माण भएको स्थानीयले बताउँछन्।

जेठी कुलो विक्रम सम्वत् १६१५, माहिली १६३०, साहिली १६४७ र कान्छी १६६८ मा स्थानीय उपभोक्ताबाटै निर्माण भएको हो। चार मध्ये पनि जेठी कुलो ऐतिहासिक हुनाले त्यसको ठूलो महत्त्व छ। उक्त कुलो लामो मात्र होइन अध्ययन/अनुसन्धान गर्नेका लागिसमेत महत्त्वपूर्ण छ। जेठी कुलोमा ११८ वटा छेडो (सुरुङ्) छ। त्यो बाहेक हेर्न लायक चार सय ६१ वर्षअघि राखेको डोंड (काठको बनाएको) रहेको छ।

सामाजिक सद्भावका कारण पनि ती कुलोहरुको सञ्चालन, व्यवस्थापनमा टेवा पुगेको तानसेन–१४ का वडाअध्यक्ष कमल राना बताउनु हुन्छ। त्यसैगरी तानसेनका नगरप्रमुख अशोककुमार शाहीले आवश्यकताअनुसार मर्मत सम्भारका लागि नगरपालिकाले सहयोग गरिरहेको बताउनु भयो।

यहाँको पुरानो कुलो सिंचाइ प्रणालीले नियम र नियम अनुसारको समान व्यवहारले नियम कानुन बनाउने तर लागु नगर्ने, छिनछिनमै नियम फेर्नेलाई गतिलो पाठ सिकाएको छ। समानता, न्यायपूर्ण व्यवहारले नियम परिवर्तन गर्न जरूरी छैन भन्ने यहाँको उदाहरणले प्रेरित गरेको छ। आफैँ मात्र खाऊँ, लाऊ, भन्ने र गर्नेका लागि पनि गतिलो झापड दिएको छ।

(सम्पादक, नव संवाद साप्ताहिक)

पाठक पत्र

## निरन्तरताको शुभकामना



- जीवनाथ गैरे

हाम्रो तानसेन त्रैमासिक बुलेटिन नेपालका ७५३ स्थानीय तहमध्येबाट प्रकाशित आधिकारिक पहिलो प्रकाशन बन्न सफल भएकोमा तानसेन नगरपालिका परिवारलाई बधाई छ।

पत्रकारिता क्षेत्रमा करीव ३ दशकको अनुभव संगाल्नु भएका वुलेटिनका प्रधान सम्पादक पत्रकार गोविन्द भट्टराईले बुलेटिनलाई स्तरीय बनाउन प्रशस्त मेहनत गरेको जो कोहीले देख्ने कुरा हो। समावेशी सामग्री प्रकाशन यसको अर्को विशेषता बन्न पुगेको छ। हाम्रो तानसेनको निरन्तरताको लागि शुभकामना।

(तानसेन-६, पाल्पा)

# सम्पदा संरक्षणमा तानसेन नगरपालिकाको चासो



- यज्ञमूर्ति तिमिल्सिना

जनप्रतिनिधिहरु निर्वाचित भएर नेतृत्वमा आए लगत्तै तानसेन नगरपालिकाले नगर क्षेत्रका ऐतिहासिक सम्पदाहरूको संरक्षण र सम्वर्धन कार्यलाई समेत महत्त्व दिएको छ।

यहाँ दर्जन बढी ऐतिहासिक तथा धार्मिक सम्पदाहरू रहेका छन् । ऐतिहासिक सार्वजनिक सम्पत्तिहरू पाल्पा दरबार सहित रानीमहल, हृषिकेश मन्दिर, रणउजीरेश्वरी भगवती मन्दिर, अमरनारायण मन्दिर, शीत्तलपाटी भिमसेन मन्दिर, भिमसेनटोल भिमसेन मन्दिर, नारायण मन्दिर, तेर्सो सडक श्वेताम्बर गणेश मन्दिर, बिभिन्न चर्च, मस्जिद्, बौद्ध गुम्वाहरू, मूलढोका, गोलघर सहित बिभिन्न शिलालेख लगायत दर्जनौं ऐतिहासिक सम्पदाहरू तानसेन नगरपालिका भित्रै छन्। कतिपय धार्मिक सम्पदाहरूको महत्त्व हुँदाहुँदै पनि जीर्ण अवस्थामा पुगेका छन् भने राम्रो अवस्थामा रहेका सम्पदाहरू पनि प्रचार प्रसारको अभावमा खास अगाडि आउन सकेका छैनन्।



आर्थिक वर्ष २०७५।०७६ मा तानसेन नगरपालिकाले शीत्तलपाटी, गोलघर, मूलढोका र स्थानीय भिमसेन मन्दिरको जीर्णोद्धारका लागि भन्दै ७ लाख ५० हजार बिनियोजन गरेको थियो। यसमध्येबाट पहिलो चरणमा मन्दिरमा पित्तलको छानो लगाइएको र अन्य बाँकी रकमले बाँकी कामहरू गरिने बताइएको छ। नगरपालिकाको रकम र स्थानीयको श्रमदानबाट भिमसेन मन्दिरमा पित्तलको छानो लगाउने काम सम्पन्न भएको तानसेन नगरपालिका वडा नं. ३ का अध्यक्ष महेशलाल शाक्यले बताउनु भयो। अहिले २ लाख रुपैयाँको लगानीमा यो मन्दिरको लागि रथ निर्माणको काम समेत चलिरहेको उहाँले बताउनु भयो। वडा अध्यक्ष शाक्यले यस्ता ऐतिहासिक सम्पदाहरू हाम्रा सम्पत्ति भएकाले यिनको संरक्षण सम्वर्धन आवश्यक रहेको बताउनु भयो । उहाँले भन्नुभयो, हामीले मन्दिरका लागि मात्रै हैन, स्थानीय चर्च र मस्जिदका लागि समेत बजेट बिनियोजन गरेर उनीहरूको संरक्षण सम्वर्धनका लागि टेवा पुर्‍याएका छौं।



- महेशलाल शाक्य



- राजेन्द्र गोपाल सिंह

२ सय वर्ष पुरानो यो मन्दिरमा हरेक बर्ष भीमा द्वादशीको दिन भिमसेनको रथ निकाल्ने प्रचलन छ। प्रत्येक वर्ष भीमा एकादशीको दिन राति जाग्राम गरिने चलन छ। मन्दिर अगाडि आगो बाल्ने, भजन गाउने र सहभागीहरूलाई प्रसादको रूपमा समयबजी बाँड्ने गरिन्छ। अर्को दिन शुभ साइतमा हातमा मुग्दल लिएको भगवान्को पित्तलको सानो प्रतिमूर्तिलाई रथमा राखेर बजार परिक्रमा गराउने चलन रहेको छ।

नेवार समुदायको बसोवास रहेको तानसेनको मध्यभागमा रहेको यो मन्दिर नेवार परिवारले निर्माण गरेका थिए। यहाँका स्थानीय समुदायले यो भिमसेनलाई ब्यापार ब्यवसायको भगवान्को रूपमा पनि मान्दै आएका छन्। तानसेनको बजारको बीच भागमा रहेको भिमसेन भगवान्ले आफ्ना ब्यापार प्रवर्धनमा सहयोग गर्छन् भन्ने विश्वास ब्यापारीहरूको रहेको पाल्पा संग्रहालयका अध्यक्ष राजेन्द्र गोपाल सिंहले बताउनु भयो।

पाल्पाको संस्कृति संरक्षणको अभियन्ता समेत रहेका मदनलाल श्रेष्ठ (मदन देउराली)ले हालै प्रकाशन गरेको तानसेनमा मनाइने जात्रा तथा चाडपर्व नामक पुस्तकमा यो मन्दिरको किंवदन्ती यसरी उल्लेख गर्नुभएको छ। काठमाडौं उपत्यकाबाट बिभिन्न प्रयोजनका लागि नेवारहरू तानसेनमा आएर बसोवास गर्न थालेपछि उनीहरूले यहाँ इष्टदेवता भिमसेनको मन्दिर बनाई गुठी पूजा आदि गर्ने गरे। तानसेनका बिभिन्न टोलहरू गरी ६ वटामा मन्दिरहरु स्थापना गरिएका छन्। ६ वटा मन्दिरहरू मध्ये शीत्तलपाटीको भिमसेन मन्दिर सबैभन्दा पुरानो

मन्दिरको रूपमा रहेको छ । यो मन्दिरको स्थापना बि.सं १८६४ मा भएको हो भन्ने भनाइ छ।

मन्दिरको माथिल्लो तला छाना पित्तलको रहेपनि पहिलो तला छाना झिंगटीले छाएको थियो । हालै यो तलामा पनि पित्तलको छानो लगाइएपछि मन्दिर थप आकर्षक बनेको छ । पूर्व मोहडा फर्केको मन्दिरको भुइँतलाको अगाडिको भागमा काठको कलात्मक ढोका रहेको छ। मन्दिरभित्र कलात्मक फ्रेम भित्र अत्यन्त सुन्दर ढुंगाको भिमसेनको मूर्ति शत्रुमाथि आक्रमण गरिरहेको छ। मन्दिर अगाडि राखिएको घण्ट संवत् १०३९ मा चढाइएको भनेर उल्लेख छ।

तानसेन नगरपालिका वडा नं. ४ मखनटोलमा पनि ऐतिहासिक श्वेताम्बर गणेश मन्दिर छ। यो मन्दिर पनि ऐतिहासिक सम्पदा हो। स्थानीय लाकौल परिवारले यो मन्दिरको स्थापना गरेका थिए। हरेक वर्ष बिशेष पूजा आजा हुने गर्दछ।



यो मन्दिरमा पनि आर्थिक वर्ष २०७५।०७६ को वडाको बजेटबाट २ लाख र जनश्रमदान १ लाख गरी ३ लाख रुपैयाँको लगानीमा पित्तलको छानो लगाइएको छ। वडा अध्यक्ष राजेशन्द्रमुनी शाक्यले बजारको बिच भागमा रहेको यो मन्दिर आकर्षक देखिएको र यहाँ आउने पर्यटकहरूको मन तान्न सफल भएको बताउनुभयो। अध्यक्ष शाक्यले मन्दिरमा मात्रै नभएर वडा कार्यालयले स्थानीय बौद्ध गुम्बाहरूका लागि पनि बजेट बिनियोजन गरिएको बताउनु भयो।



- अशोककुमार शाही



- राजेन्दमुनी शाक्य

तानसेन नगरपालिकाका प्रमुख अशोककुमार शाहीले तानसेन नगरपालिकाको प्रमुख आर्कषण यहाँका सम्पदाहरू समेत भएको बताउनु भयो। यहाँ आउने पर्यटकहरूले समेत यहाँको सम्पदा मन पराउने गरेका छन्। यसकारण पनि यी सम्पदाहरूको संरक्षण आवश्यक छ। प्रमुख शाहीले भन्नुभयो– 'हाम्रो इतिहास संस्कृति र कला पुर्खाले दिएको विषय हो। हामीले पर्यटनको कुरा गरेका छौं यसले पनि पर्यटन प्रवर्द्धनमा सहयोग गर्छ। क्रमागत रूपमा यहाँ रहेका सबै सम्पदाहरूलाई नयाँ पुस्तालाई हस्तान्तरण गर्ने गरी काम अगाडि बढाएका छौं। भगवती मन्दिरको जीर्णोद्धारका लागि हामीले पुरातत्व विभागसँग समन्वय गरेका छौं। सबै धर्म संस्कृतिलाई हामीले समान महत्त्व दिएका छौं।'

(सम्पादक, पाल्पा समाचार पत्र साप्ताहिक)

# क्रिकेट विकासमा तानसेन नगरपालिकाको अग्रणी भूमिका



- विजयकुमार बौडेल

भनिन्छ, युवा राष्ट्रका मेरुदण्ड हुन् अनि खेलकुद युवाहरुको एक अभिन्न अंग हो। खेलकुदकै कारणले विश्वका धेरै राष्ट्रहरुले नाम कमाएका छन्। युवालाई उनीहरुको रुचि अनुसारको खेलकुदमा सहभागी बनाई उनीहरुको शारीरिक तथा मानसिक विकासमा सकारात्मक परिवर्तन गर्नु हरेक राष्ट्रको महत्त्वपूर्ण भूमिका हुन्छ। नेपाल संघीयतामा गएपछि स्थानीय तहले समेत यो काममा चासो देखाउन थालेका छन्। उदाहरणको लागि तानसेन नगर सरकारको खेलकुदको विकासप्रतिको चासो र सहयोगलाई लिन सकिन्छ।



स्थानीय सरकारको नाताले युवाहरुको लागि रचनात्मक तथा उत्प्रेरक भुमिका निर्वाह गर्नु हरेक स्थानीय तहको महत्त्वपुर्ण जिम्मेवारी पनि हो। कुलतमा लाग्न सक्ने उमेरका युवाहरुलाई खेलकुदको क्षेत्रमा सामेल बनाई समाजलाई समृद्ध बनाउने प्रयास तानसेन नगरपालिकाले शुरु गरेको छ । नगरपालिकाभरका विभिन्न खेलकुद क्षेत्रमा काम गर्ने संस्थालाई महत्त्वपूर्ण जिम्मेवारी दिने क्रममा तानसेन नगरपालिकाले विगत १० बर्षदेखि क्रिकेट क्षेत्रमा खेल आयोजना, प्रशिक्षण र सकारात्मक सन्देश फैलाउँदै आएको दमकडा क्रिकेट क्लबलाई स्कूल कप र मेयर कप सञ्चालन गर्ने अवसर दियो। युवाका लागि खेलकुद तथा स्वरोजगार कार्यक्रम, युवाहरुलाई नगर युवा परिषदमा संगठित गरेर विकास निर्माणमा सहभागी गराउने जस्ता सिर्जनशील सोच तानसेनले देखाएको पाइन्छ।




स्कूल कपको कुरा गर्दा क्रिकेट क्लबले नगरपालिकाभरका विभिन्न १६ विद्यालयहरूका क्रिकेट टोलीलाई सहभागी बनाएर दमकडा खेल मैदान र टुँडिखेल मैदानमा खेल सञ्चालन गऱ्यो। विद्यालय स्तरका खेलाडीहरुलाई प्रोत्साहन गर्ने र उनीहरुको प्रतिभा पहिचान गर्ने उद्देश्यले तानसेन नगरपालिकाको सहयोगमा दमकडा क्रिकेट क्लबले आन्तरिक रूपमा खेलाडी छनौट गरी नगरपालिका क्रिकेट टिम समेत चयन गऱ्यो। तानसेन नगरपालिका भित्रका विद्यालयमा अध्ययनरत विद्यार्थीहरूको प्रतिभा पहिचान गरी उनीहरुलाई प्रशिक्षकको माध्यमबाट प्रशिक्षित गरी अब्बल क्रिकेट खेलाडी उत्पादन गर्ने तानसेन नगरपालिकाको उद्देश्य रहेको छ। सोही उद्देश्यअनुरुप दमकडा क्रिकेट क्लबले सहकार्य गरेको हो।

क्रिकेट विकासमा लामो अनुभव भएको दमकडा क्रिकेट क्लबसँग यसअघि पनि विभिन्न खालका प्रतियोगिता आयोजना गरिरहेको अनुभव छ। विद्यालयस्तरको यो प्रतियोगितामा पाल्पा इन्जिनियरिङ कलेजले उत्कृष्ट प्रदर्शन देखाउँदै पाल्पा स्कूल कपको उपाधी हात पारेको थियो।

पाल्पा स्कूल कपको समापन लगत्तै दमकडा क्रिकेट क्लब पहिलो तानसेन मेयर कपको तयारीमा लाग्यो। टेनिस बलद्वारा सञ्चालन भएको थियो स्कूल कप तर मेयर कपमा भने टेनिस बलको औचित्य थिएन। स्टैण्डर्ड लेदर बलले सञ्चालन गर्ने तयारी अनुसार मैदानको तयारी तथा अन्य सुरक्षाको तयारीमा चुनौति थियो।

चुनौतिको सामनाका लागि दमकडा क्रिकेट क्लब तयार थियो । जनशक्तिको रूपमा क्लबका ५० जना स्वयम्सेवक खेलाडीहरु तयार थिए भने विश्वसनीयताको लागि भैरहवाबाट अनुमति प्राप्त अम्पायरहरु खेल सञ्चालनका लागि तयार थिए। विभिन्न पक्षको सहयोग पश्चात् प्रथम तानसेन मेयर कप सम्पन्न भयो । जसको उपाधी पाल्पाली लेजेण्डस्ले हात पाऱ्यो भने उपविजेता दमकडा क्रिकेट क्लब भयो।

यी दुई प्रतियोगिता सञ्चालन संगै तानसेन नगरपालिकामा क्रिकेटले नयाँ फड्को लिएको छ । क्रिकेट प्रेमीहरुमा उत्साह जागेको छ । नगरपालिकाले युवाहरुलाई एकत्रित गरी क्रिकेट खेलको लागि चालेको थप एक कदमले खेलप्रेमीहरु खुसी भएका छन्।

स्थानीय तहको निर्वाचनपछि गाउँ–गाउँमा खेलकुद विकासका लागि बजेट विनियोजन हुन थालेको छ। खेलकुदका लागि आवश्यक भौतिक संरचना निर्माण, तालिम र प्रतियोगिताहरू सञ्चालन गर्न स्थानीय तहले वार्षिक बजेट विनियोजन गरिरहेका छन्। यसबाट खेलकुदका गतिविधि बढ्न थालेको सरोकारवालाहरू बताउँछन्।




तानसेन नगरपालिकाले सम्भावित खेल विकासका लागि आवश्यकता अनुसार सहयोग गर्दै जाने नीति समेत लिएको छ। स्थानीय तहको निर्वाचनपछि आर्थिक स्रोत तल्लो तहमा पुगेकाले खेलकुद क्षेत्रको विकासमा बजेट विनियोजन हुन थालेको छ।

पर्याप्त् छैन तर प्रयास सुरु भएको छ । यसले खेलकुदका लागि आवश्यक भौतिक संरचना निर्माण र तालिममा सघाउ पुगेको छ। जिल्ला सदरमुकाममा मात्र केन्द्रित कार्यक्रमहरु स्थानीय तहको निर्वाचन पश्चात गाउँ–गाउँमा मैदान बनाएर प्रतियोगिताहरू गर्न थालिएको छ।

फुटबल, कराँते, तेक्वान्दो, भलिबल र क्रिकेटका लागि मैदान र हलहरूको आवश्यकता छ । सबैलाई मिलाएर लैजाने तानसेन नगरपालिकाको कदम सराहनीय छ। भौतिक संरचना र तालिमका लागि स्थानीय तहले प्रत्येक वर्ष बजेट बनाएर खर्च गर्नुपर्छ। पहल शुरु भएको छ तर यत्ति नै पर्याप्त छैन। सहयोगलाई निरन्तरता दिनु पर्दछ। पक्कै पनि उत्साहित युवाहरुको भावनाको कदर तानसेन सरकारले गर्ने नै छ।

(पत्रकार)



# तानसेनमा पुराना कलाकारहरूको सम्मान

- मदन देउराली

देउराली सांस्कृतिक अध्ययन प्रतिष्ठान तानसेनले २०७६ बैशाख १४ गते तानसेनका सांस्कृतिक विधा अन्तर्गत नाटक अभिनय, नाटक लेखन, नृत्य, गायन विधाका विसं २००२ साल देखिका पुराना कलाकारहरूलाई सम्मान गरेको छ। तानसेनमा कलाकारहरूलाई यस्तो सम्मान पहिलो पटक भएको हो । तानसेन नगरपालिकाका नगरप्रमुख अशोककुमार शाहीको प्रमुख आतिथ्यमा सम्पन्न भएको कलाकार सम्मान कार्यक्रममा तानसेनका ११ जना पुराना कलाकारहरूलाई सम्मान गर्ने जनाइएको भएतापनि ४ जना पुराना कलाकारहरू आफनै घरायसी कारणले उपस्थित हुन नसकेकोले ७ जनालाई पाल्पाली ढाका, कदरपत्र तथा मायाको चिनोले सम्मान गरिएको थियो । सांस्कृतिक क्षेत्रमा धनी तानसेनमा नाटक लेखन, नाटक अभिनय, शास्त्रीय संगीत गायन, वादन, नृत्य तथा गायनमा थुप्रै कलाकारहरू जन्मे आफनो कला प्रस्फुरण गरे विस्तारै अस्ताए, ती कलाकारहरूको कला र गला कतै समेटिएन, लेखिएन। कालान्तरमा सबैले विस्तारै विर्सदै गए। एउटा युगको अन्त्य भयो फेरि दोहोरिएन, पुस्तान्तरण भएन। आफैमा सीमित भए। किनकि त्यो समय आजको जस्तो विद्युतीय जमाना थिएन। जुन शायद एउटा विडम्वना नै थियो। तानसेनको एउटा संस्कृति लोप भयो।



तानसेनमा सांस्कृतिक यात्रा कहिले देखि प्रारम्भ भयो यकिनका साथ भन्न सकिन्न तैपनि हाम्रा अग्रज बुढापाकाहरूको कथन अनुसार शायद यो यात्रा त्यसबेला पाल्पाका लागि तैनाथवाला भएर आएका केही राणा प्रशासकहरूले नै काठमाडौंको जस्तो परम्परा पनि यतातिर ल्याएका हुन् कि भन्ने तर्क भने सान्दर्भिक लाग्दछ । त्यसवेला मनोरञ्जनका अन्य साधनहरू नभएकोले राणा तैनाथवालाहरू जहाँ गए पनि संगीतका वस्तादहरू सँगै लैजान्थे । यिनीहरूको दरबारमा जहिले पनि विदेशी संगीतज्ञ, नर्तक नर्तकी, छोकडा, बाई आदि आदि हुन्थे। पाल्पा आएका तैनाथवालाहरूले नै संगीतका वस्तादहरू आफुसँग ल्याएका थिए भनिन्छ। यस्ता वस्तादहरू सबै भारतीय हुन्थे र बराबर शास्त्रीय गायन भईरहन्थे । यसैको फलस्वरूप पाल्पा आएका वस्तादहरूको संगतले गर्दा शायद यहाँका मानिसहरूमा पनि राग रागिनी गाउने, बजाउने, नाचगान, नाटक गर्ने अभिरुचि बढ्दै गएको थियो भनिन्छ। भारतीय वस्तादहरूले सिकाउने भएकोले यस्ता राग रागिनीहरू, नाटक आदि सबै संगीत उर्दू, फारसी भाषा मिश्रित हिन्दी भाषाका हुन्थे। वि. सं १९८०।८२ तिर कलकत्ताबाट आएका वस्ताद मोहम्मद सुल्तान खाँको निर्देशनमा पाल्पामा पहिलो पटक **श्री कृष्ण चरित्र** नाटक अथवा रासलीला मञ्चन भएको थियो भनिन्छ। उनले नै **इन्द्रसभा, विराट पर्व** र **हरिश्चन्द्र नाटक** पनि प्रदर्शन गरे। यी नाटकहरूको गीत संगीत तथा संवाद सबै हिन्दी भाषाकै थियो। नाटकको यात्रा संगसंगै शास्त्रीय संगीतको पनि त्यसैबेला प्रारम्भ भएको देखिन्छ।



त्यसबेला मञ्चन गरिने हिन्दी भाषाका नाटक तथा रागरागिनीहरू सबैलाई नयाँ आयाम दिएर नेपाली भाषामा नै लोकगीत, नाच, नाटकहरू गर्न सकिन्छ भनी प्रचार प्रसार गर्ने श्रेय बहादुर सिंह बराल तथा मास्टर मित्रसेनलाई जान्छ। यिनीहरूले बरालद्वारा नेपाली भाषामा लिखित **धुब चरित्र, द्रौपदी चीरहरण, सुदामा चरित्र, स्वस्थानी** भन्ने नाटकहरू तानसेनमा मञ्चन गरे। जुन अत्यन्त उपलब्धिमूलक रह्यो। त्यसपछि धमाधम नाटक लेख्ने र मञ्चन हुन थाल्यो। यही सन्दर्भमा **सिद्धार्थ गौतम, बुद्ध दर्शन, राजकुमार विश्वन्तर, बोधिसत्व, अपटुडेट, कञ्जुस सेठ, संगतको फल, चन्द्रहास, पादुकादान, दोश्रो विवाह, समाजको भूल, शर्मिष्ठा, शिक्षाको मार्गमा विमल, ठक्कर, नेपाल माता, अपराधी को, भोक, माटो, कान्ति सन्देश, भक्त प्रल्हाद, कृष्ण अर्जुन युद्ध, लाहुरे, परदेशी, घरबारी, हेनरी डयूना, वीर अभिमन्यु, नल दमयन्ती, सावित्री सत्यवान, रामराज्य, शकुन्तला, प्रल्हाद चरित्र, रामभरत मिलाप, हरिश्चन्द्र, बोधिसत्व ,मुनामदन, मुकुन्द इन्दिरा प्रतीक, पञ्चशील, कुञ्जिनी (गीति नाटक)** मञ्चन भए ।

यसरी तानसेनमा थुप्रै नाटकहरू मञ्चन भए नाटककारहरू जन्मिए नाटक लेखे मञ्चन गरे। यसैगरी शास्त्रीय गायनतिर एक एक वस्तादहरू जन्मिए। भारतबाट आएका वस्ताद खेमचन्द प्रकाश, बासुदेव वस्ताद, शंकर वस्ताद काठमाडौंबाट आएका वस्ताद गोविन्दलाल, वस्ताद इश्वरीलालको संगतमा परी कतिपय स्थानीयहरू शास्त्रीय गायन, वादनमा पोख्त हुँदै गए। टोलटोलमा बराबर शास्त्रीय संगीतको कार्यक्रम हुन्थ्यो। विभिन्न राग रागिनी तथा मृदंग र तबलाका तालहरूमा दाफा भजन, श्री चैत्यराज भजनहरू हुने गर्दथे। त्यस्तै गरी गुनु पुन्हीको नौ दिन सम्म छोकडा नाच गर्ने गरिन्थ्यो। केटाहरूलाई नै केटी बनाएर छोकडा नाच गरिन्थ्यो। स्कूलहरूको बार्षिकोत्सवमा सास्कृतिक कार्यक्रम गर्ने परम्परा नै थियो। त्यहाँ पनि केटा नै केटी भएर नाच्नुपर्थ्यो भने या केटी नै केटा भएर नाच्नु पर्दथ्यो केटीहरूलाई आजको जस्तो स्वतन्त्रता थिएन। गाईजात्राको बेला निकालिने रामायण, निर्गुणमा एकसे एक गायकहरूले आफनो प्रतिभा देखाए। थुप्रै नाचगान भए। मनोरञ्जनको क्षेत्रमा आजको जस्तो विद्युतीय साधन नभएतापनि यस्ता नाटक, शास्त्रीय संगीतले भरपूर मनोरञ्जन दिन्थ्यो। शास्त्रीय संगीत पछि लोकगीतको बोलबाला भयो केही समय तानसेन लोकगीतमय पनि भयो तर यो पनि लामो समय टिकिरहन सकेन। पुराना कलाकारहरू जन्मे मरेर गए कसैले वास्ता गरेनन। शास्त्रीय संगीतको, लोकगीतको पुस्तान्तरण भएन। शायद यो क्षेत्रमा लाग्ने कलाकार भएनन् या पश्चिमी संगीतको प्रभाव नयाँ युवा पुस्तामा हावी हुँदै गयो, पुराना मौलिक इतिहासमा चासो भएन, सबै बिर्सिदै गए। कसैले खोजीनीति गरेन।



अहिले यी सबै एकादेशको कथा भैसकेका छन्। अब फेरि यी सबै सम्भव छैन। आज तानसेनमा नाटक छैन, शास्त्रीय संगीत छैन, छोकडा नाच छैन, गाईजात्रामा निकालिने रामायण छैन, बाघ जात्रा छैन, लोकगीत छैन सबै इतिहासको पानामा सीमित भइसकेका छन्। सांस्कृतिक क्षेत्रमा काठमाडौंको भाइ भनेर चिनिने तानसेन अब विस्तारै संस्कृतिविहीन हुँदैछ। आफनो सांस्कृतिक पहिचान गुमाउँदैछ तानसेनले। यही सन्दर्भमा हामीलाई लाग्यो हाम्रा पुराना कलाकारहरूलाई आजसम्म पनि कसैले सम्भेन, कदर गरेन। त्यसैले आफनो समयमा कलाको क्षेत्रमा उहाँहरूले गर्नु भएको योगदानको कदर गर्दै हाल जीवित कलाकारहरूलाई यो सम्मान कार्यक्रमको आयाजना गरेका थियौं। यसै अन्तर्गत ब्रम्हशेखर बज्राचार्यलाई नृत्य, गायन तथा वाद्यवादनमा, छत्रराज शाक्यलाई नाटक अभिनयमा, विश्वमान बज्राचार्यलाई नृत्यमा, हरिबहादुर बज्राचार्यलाई नाटक अभिनय र गायनमा, खड्ग बहादुर गुरुङलाई गायन र वाद्य वादनमा, मन शेरचनलाई नृत्य र गायनमा तथा शान्ता केसीलाई नृत्य विधामा सम्मान गरिएको थियो। बाँकी चार जना कलाकारहरू नाटक लेखन, नाटक अभिनय, गायन तथा नृत्यमा थिए। सम्मानित कलाकार हरूले आफनो प्रतिभाको सानो झलक प्रस्तुत गरेका थिए। अब स्थानीय सरकारले तानसेनको सांस्कृतिक क्षेत्रको पुरानो छविलाई पुर्नस्थापित गर्न सक्नु पर्दछ तब मात्र तानसेन एकपटक फेरि संस्कृतिमय हुनेछ। आशा गरौं नगर सरकारले यसबारे चासो देखाउने छ। अस्तु।

(अध्यक्ष, देउराली सांस्कृतिक अध्ययन प्रतिष्ठान)

१० हाइकु

## तानसेन पाल्पा



**- धातानन्द शर्मा**

अटुट आस्था
रणउजीरेश्वरी
जात्रा व्यवस्था।१।

श्रीनगर ताज
झलक्क दरबार
पाल्पा बजार।२।

गर्मीको मार
सेवामा छ तैयार
पाल्पाली हावा।३।

तराई भन्छ
मायाँ छ पाल्पातिर
भिरकै पिर।४।

ढाका, करुवा
तानसेनको स्वास्थ्य
पानी जरुवा।५।

रानीमहल
बिताए केही पल
प्रेम सफल।६।

चुकौनी मीठो
ढाकाटोपी चिटिक्क
पाल्पाली ठिटो।७।

बाबा भैरव
अध्यात्मको वैभव
ऋषिकेशव।८।

किसान खरा
हरिया सधैं गरा
मदनपोखरा।९।

दर्विलो मन
गर्विलो इतिहास
पाल्पाली धन।१०।

(सर्जक तथा सम्पादक गाउँले देउराली साप्ताहिक)

# चोला फेर्दै टुँडिखेल



- चित्रवलीराम सुवाल

तुंख्य, तुरंग, टुनिखेल हुँदै टुँडिखेल भएको भनिन्छ। प्रधानमन्त्री भीमसेन थापाले सेनालाई आधुनिक तरिकाबाट तालिम दिने सोचाई अनुसार सैन्य व्यवस्थामा सुधार गरेका थिए । त्यसै अनुरुप सेनालाई कवाज खेल्न टुँडिखेलको विकास भएको थियो। यसै सिलसिलामा पाल्पाको श्रीनगरडाँडामा पनि टुँडिखेल बनाइएको थियो । सेनबंशी पाल्पा राज्य नेपालमा विलय भए पछि पाल्पा आएका पहिलो तैनाथवाला जनरल अमरसिंह थापाले अमरगञ्ज माथिको सानो पहाडको थुम्कोमा रहेको घरबारीलाई अर्को ठाउँमा सारी यत्रो मैदान निर्माण गराएका हुन् । यो टुँडिखेल वास्तवमा मानव निर्मित समथर मैदान हो । सानो थुम्को पहाडलाई यत्रो समथर मैदान बनाउन त्यसबेला आजको जस्तो अत्याधुनिक साधन नभएको बेला कति जनशक्ति लाग्यो होला कति माटो लाग्यो होला कहाँबाट ल्यायो होला त्यत्रो माटो अनुमान गर्न पनि कठिन जस्तो लाग्छ तर भएको छ। पहाडी जिल्लामा यत्रो समथर मैदान शायद अरु ठाउँमा छैन कि त्यसैले यो आकर्षणको विषय भएको छ। टुँडिखेल तानसेन बजारको पुछारमा रहेको पूर्बको भाग हो। यो करीव ७२ रोपनी अण्डाकार रूपमा रहेको छ।

भन्निछ, यो ठाउँमा पहिला विश्वेश्वर पाध्याको घर, खेतबारी थियो । उनलाई यो ठाउँ वि. सं १८१८ तिर तत्कालीन सेन राजा मुकुन्दसेन द्वितीयले विर्ता दिएका थिए। उनी मुकुन्दसेनको दरबारका मुन्सी थिए रे। पछि जनरल अमरसिंह थापाले अमरगञ्ज पौवा तथा अमर विनायक गणेश मन्दिर बनाउन सो जग्गा विश्वेश्वर पाध्याका तीन पुस्ताका सन्तान दशरथ खनालसँग किन्न खोजेका थिए तर पुण्य कामको लागि जग्गा नबेच्ने भए पछि उनलाई अमरनारायण मन्दिरको बर्षमा ४ पटक भण्डारा गराउँदा रोटी, दही दिने गरिएको थियो भनिन्छ। यिनीहरू पछि गएर धोवीघाट (धोवीघाट धोवाघाट हुँदै हाल धुब्रघाट) गएर बसेका थिए। यो धोवाघाटको जग्गा विसं १८५३ तिर पृथ्वीपाल सेनले नरोत्तम पाध्यालाई विर्ता दिएका हुन रे। यो टुँडिखेलको निर्माण विसं १८७० मा भएको हिसाबले यो २०० बर्ष भन्दा बढी भैसकेको छ।

टुँडिखेल अहिले अलि साँघुरो जस्तो देखिन्छ। पहिले यहाँ नगरपालिको भवन थिएन, करुवा थिएन, वीरेन्द्र फूलबारी, लखनथापा पार्क, सेनाको व्यारेक आदि केही थिएन। टुँडिखेलको पूर्बको भागको केही तल बर्षामा पानी जम्ने हिले नाग पोखरी थियो । विसं २०२७ । २८ साल तिर सुनौली पोखरा राजमार्ग बन्दा त्यस्को अफिस यही पोखरीभन्दा अलि माथि बनाइएको थियो । पछि यो सबै भाग सेनाले आफनो व्यारेक बनाएको हो। हरियो दुवोको यो ठूलो टुँडिखेल बस्नलाई पनि आनन्द आउँथ्यो। विहान साँझ घुम्नेहरूको भीड लाग्थ्यो। प्रत्येक बर्ष जसो यहाँ फूटवलको टुर्नामेण्ट हुन्थ्यो। थुप्रै टीमहरूले भाग लिन्थे। हाम्रा अग्रजहरू एकसे एक फूटबल खेलाडी थिए। फुटबल टुर्नामेण्टमा भाग लिन राष्ट्रिय टीमका साथै दार्जिलिङ तथा उत्तर भारतका टीमहरू समेत सहभागी हुन्थे।

विस्तारै टुँडिखेल पनि पहिला जस्तो हुन सकेन। तानसेनमा जनसंख्या बृद्धिका साथै टुँडिखेल घुम्न जानेहरू बढ्न थाले, वरपर साना साना फास्टफूडका ठेला दुकानहरूले भरिन थाले। त्यहाँबाट निस्कने फोहरले टुँडिखेल फोहर हुन थाल्यो। पानीका बोतल, जंक फूडका प्याकेटहरू प्लाष्टिक आदि टुँडिखेल भरी देखिन थाल्यो तर सरसफाइ हुन सकेन। टुँडिखेल राम्रो बनाउने भनेर खनखान गरेर श्री चण्डी प्रसाद गण तथा पाल्पा उद्योग बाणिज्य संधको सक्रियतामा दुवो रोप्ने काम पनि भयो तर दुवो टिक्न सकेन। बराबर हुने मेला महोत्सब तथा अन्य फाटफुट सांगीतिक कार्यक्रमको लागि स्टेज बनाउनु पर्ने आदि कारणले जताततै खाल्टो हुन थाल्यो। टुँडिखेल कुरुप बन्दै गयो। काठमाडौंको टुँडिखेल फलामे बारले घेरे जस्तो गरी यो टुँडिखेल पनि फलामको बार लगाइने, विहान साँझ खाल्ने अरु बेला बन्द गर्ने भनेर ठूलो मूल ढोका बनाइयो बार को लागि फलामे पोल पनि गाडियो तर सबै गफ मात्र रहेछ भने जस्तो भयो। यो मूल ढोका बेकारमा बनाएर बन्द गर्ने काम मात्र भयो शायद कसैको स्वार्थ थियो यस्मा नत्र यसको प्रयोग हुनु पर्ने हैन र ? भनेर नगरबासीमाफ चर्चा हुने गर्दछ।

जन प्रतिनिधि नभएको त्यसबेलाको समयमा टुँडिखेल उजाड बन्यो। पञ्चायतको समयमा रोज गार्डेन भनी निर्माण गरिएको सुन्दर वीरेन्द्र फूलबारी लथालिंग र उजाड भयो तर सम्बन्धित निकायलाई चासो भएन। बर्षौ बर्ष उजाड नै रहयो। धन्न पाल्पा उद्योग बाणिज्य संघको सक्रियतामा अहिले वीरेन्द्र फूलबारी हेर्न लायक भएको छ। आखिर गरे के हुँदैन। स्थानीय सरकारले अहिले टुँडिखेलको स्तरोन्नति गर्ने, राम्रो खेल मैदान बनाउने, बच्चाहरूको लागि खेल्ने ठाउँ बनाउने, बृद्धहरूको लागि राम्रो बस्ने ठाउँ बनाउने, टुँडिखेल घुम्नको लागि टायल छापिएको बाटो बनाउने, बर्षाको पानी जम्न नदिन ठूला ठूला ह्यूम पाइपहरू राख्ने गरी काम भैरहेको छ। पक्कै पनि योजना अनुसार काम भएमा टुँडिखेल एकपटक फेरि हेर्न सकिने मैदान बन्ने र स्थानीय निकायको एउटा ठोस काम देखिने थियो। हामीले त यसो गरे राम्रो होला कि भनेर देखेको लेख्ने मात्र हो। तानसेन नगर सरकारले जनभावनाको कदर गरोस्। अस्तु।

सन्दर्भ सामग्रीः

१) नेपालको इतिहासमा जनरल अमरसिंह थापा रामेश्वर श्रेष्ठ

२) तानसेनको टुँडिखेल : यर्थाथ परिचय वनमाली निराकार

(पूर्व शिक्षक तथा सर्जक)

# सामाजिक क्षेत्र विकास तथा सहकारी व्यवस्थापन तर्फका केही गतिविधिहरु



- दुर्गाबहादुर थापा

स्थानीय सरकारको रूपमा रहेको तानसेन नगरपालिकाबाट पछिल्लो समय सामाजिक क्षेत्र र सहकारी व्यवस्थापनमा उपलब्धिमूलक रूपमा संस्थागत प्रयास अगाडि बढाइएको छ। यस तर्फ नियमित अनुगमन एवम् समीक्षालाई नतिजामूलक बनाउने, संस्थागत विकासका सूचकलाई आत्मसात गरी सम्वन्धित क्षेत्रका क्रियाकलापहरुमा समय सापेक्ष नयाँपन दिने र समयानुकुल नागरिकका माग र अपेक्षालाई सम्वोधन गर्ने प्रयासको थालनी गरिएको छ। उल्लिखित विषयगत पक्षलाई ध्यान दिई सम्पादन गरिएका केही गविविधिहरूलाई निम्न रूपमा प्रस्तुत गरिएको छ।

**तानसेन नगरपालिकाको सामाजिक क्षेत्रको दोस्रो चौमासिक अवधिको प्रगति समीक्षा**

तानसेन नगरपालिकाबाट सञ्चालन गरिने विकास प्रक्रियालाई प्रभावकारी बनाउने गरी नगर कार्यपालिकाबाट मिति २०७५ जेठ २५ गतेको बैठकबाट नगरपालिकामा सामाजिक विकास समितिको गठन भएको थियो । शिक्षा, स्वास्थ्य, महिला वालवालिका, युवा लगायत लक्षित क्षेत्र, सूचना प्रविधि, खानेपानी तथा सरसफाइ जस्ता महत्त्वपूर्ण क्षेत्रको प्रभावकारिता विना अन्य विषयगत क्षेत्रको विकास प्रक्रिया सार्थक हुँदैन। यस पक्षलाई महत्त्व दिई सामाजिक समितिबाट नगरपालिकाको सामाजिक विकास क्षेत्रका विकासमूलक कार्यहरुलाई प्रभावकारी बनाउन चालु आर्थिक वर्ष २०७५/०७६ को प्रारम्भ देखि नै सम्वन्धित विषयगत कार्यक्रमहरुको कार्यान्वनयलाई प्रभावकारी बनाउने प्रयासको थालनी गरिएको छ।

यस सन्दर्भमा तानसेन नगरपालिकाको सामाजिक विकास समितिको आयोजनामा यस क्षेत्रका विषयगत शाखा तथा सम्वन्धित निकायहरुवीच चालु वर्षको दोस्रो चौमासिक अवधिको प्रगति समीक्षात्मक तथा अन्तर्क्रियात्मक बैठक सम्पन्न भएको छ। २०७६ बैशाख १६, १७ र २० गते क्रमशः शिक्षा क्षेत्र, स्वास्थ्य तथा आयुर्वेद क्षेत्र, समाजिक विकास क्षेत्र (महिला, वालवालिका, गैसस, युवा तथा खेलकुद, लक्षित वर्ग, ता.न.पा. सामाजिक शाखाबाट दोस्रो चौमासिक अवधिसम्म सञ्चालन गरिएका कार्यक्रम तथा आयोजनाहरूको बारेमा प्रस्तुति पश्चात् छलफल अन्तर्क्रिया गरिएको थियो। नगरकार्यपालिका सदस्य तथा सामाजिक विकास समितिका संयोजक दीपक विश्वकर्माको संयोजकत्वमा सम्पन्न बैठकमा संयोजकले सबै शाखागत हार्डकोपी र डिजिटल रूपमा प्रतिवेदन उपलव्ध गराउनु पर्ने, प्रत्येक शाखाले छुट्टा छुट्टै कार्यक्रमको शाखागत प्रगति समीक्षाको व्यवस्था मिलाउनु पर्ने सुझाव राख्नु हुँदै सहयोगका लागि नगर प्रमुख, उपप्रमुख र सम्पूर्ण पदाधिकारी र कर्मचारीप्रति धन्यवाद व्यक्त गर्नुभएको थियो। समीक्षा बैठकमा तानसेन नगरपालिकाका प्रमुख अशोककुमार शाहीले सामाजिक समिति तर्फका कार्यक्रमहरु समय सापेक्ष समीक्षा गर्ने परिपाटीको तारिफ गर्दै सामाजिक क्षेत्रका कार्यक्रम अत्यन्त महत्त्वपूर्ण र संवेदनशील रहेकोले सम्पूर्ण शाखा र निकायहरुले समयमै प्रभावकारी कार्यान्वयनलाई ध्यान दिनुपर्ने, युवा परिषद्तर्फको कार्य शीघ्र अघि बढाउनुपर्ने, नगरपालिकाबाट भएका सामाजिक विकास क्षेत्रका कार्यक्रमको पनि समीक्षा गरिनु पर्ने, सामाजिक विकास समितिका पदाधिकारी समग्र सामाजिक क्षेत्रको कार्यक्रममा परिचालन हुनु पर्ने लगायत रचनात्मक सुझाव व्यक्त गर्नुभएको थियो।

समीक्षा बैठकबाट सामाजिक क्षेत्रसँग सम्वन्धित कार्यक्रमको प्रभावकारिताको लागि नगरपालिकाका सम्वन्धित समितिहरुसँग आवश्यकता अनुसार समन्वय गरी अगाडि बढने, आगामी तेस्रो चौमासिक अवधिमा सम्पन्न गर्नुपर्ने शाखागत कार्यक्रम तथा आयोजनाहरू निर्धारित समयमै सम्पन्न गर्ने गरी अगाडि बढ्न समितिबाट निर्देशन गरिए अनुसार कार्यक्रम कार्यान्वयन गर्ने र सामाजिक क्षेत्रका विषयगत कार्यक्रमको प्रभावकारी कार्यान्वयनको लागि कार्यपालिका सदस्य दीपक विश्वकर्मा संयोजक, नगरसभा सदस्यद्वय विष्णु बहादुर कार्की र शान्ति भ्केडी थापामगर सदस्य रहेको कार्यदल गठन गर्ने निर्णय गरिएको थियो।

समीक्षा बैठकमा सहभागी पदाधिकारीहरूबाट आगामी आर्थिक वर्षको वार्षिक योजनामा नगरपालिकाबाट गरिनु पर्ने नीतिगत विषयमा समेत राय सुझाव संकलन गरिएको थियो।

**तानसेन नगरपालिकाबाट उपभोक्ता हितको लागि पहल**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ले वर्तमान अवस्थामा स्थानीय तहको अधिकार क्षेत्रमा उपभोक्ता हित संरक्षणलाई समावेश गरेको छ। तानसेन नगरपालिकाले उपभोक्ताको हितको क्षेत्रलाई प्राथमिकता दिई तानसेन नगरपालिकाबाट गरिने बजार अनुगमन निर्देशिका, २०७५ जारी गरेको छ।

यस निर्देशिकामा तानसेन नगरपालिकाको उपप्रमुखको संयोजकत्वमा उपभोक्ता हित संरक्षण समिति र प्रमुख प्रशासकीय अधिकृतको

संयोजकत्वमा बजार अनुगमन समितिको व्यवस्था रहेको छ। उल्लिखित समितिको आयोजनामा उपभोक्ताको हितको लागि विभिन्न कार्यक्रम तय गरी प्रभावकारी रूपमा अगाडि बढने कार्यको शुरुवात गरिएको छ।

यस क्रममा उपभोक्ता हित संरक्षण समिति र बजार अनुगमन समिति (टोली) लाई पूर्णता दिने कार्य सम्पन्न गरिएको छ। नगरपालिकाको आयोजनामा मिति २०७५ साल चैत्र १ गते (तद्नुसार २०१९ मार्च १५) का दिन विश्व उपभोक्ता अधिकार दिवस, २०७५ को अवसरमा नगरपालिकाका पदाधिकारीहरू, कर्मचारी, शिक्षक, उपभोक्ताकर्मी, व्यवसायी, सञ्चारकर्मी तथा आम उपभोक्ताहरु र विभिन्न सरोकारवालाहरुको सहभागितामा अन्तर्क्रिया कार्यक्रम संञ्चालन गरी उपभोक्ता हितबारे सचेतना अभियान अगाडि बढाइएको थियो। (हेर्नुहोस् कमल तिमिल्सेनाको रिपोर्ट पेज- २४)

प्रशिक्षण पश्चात् छलफल अन्तर्क्रिया तथा सुझाव संकलनको कार्य गरिएको थियो। नगरस्तरीय प्रशिक्षण पश्चात् विद्यालय, वडा तथा समुदायस्तर र व्यवसायीस्तरमा सोही प्रकृतिको कार्यक्रम अगाडि बढाइने छ।

यसैगरी नगरपालिकाद्वारा आम सञ्चार माध्यमहरुबाट विभिन्न सूचनामूलक सामग्री प्रकाशन तथा प्रसारणको लागि तानसेन नगर कार्यपालिकाको कार्यालयका बरिष्ठ अधिकृत दुर्गाबहादुर थापा–संयोजक, जिल्ला प्रशासन कार्यालय पाल्पाका प्रशासकीय अधिकृत हुमबहादुर पाण्डे–सदस्य, जनस्वास्थ्य कार्यालय, पाल्पाका शाखा अधिकृत माधवप्रसाद ज्ञवाली–सदस्य र उपभोक्ता हित संरक्षणकर्मी कमलराज तिमिल्सेना–सदस्य रहेको कार्यदल गठन गरिएको र सो कार्यदलले सामग्री तयारी गरी प्रशारणको व्यवस्था मिलाएको थियो।

नगरपालिकाले तानसेन नगरवासीहरुको हितको लागि उपभोक्ता हित संरक्षण एवम् बजार अनुगमन कार्यक्रम तथा कार्यकालिका तयार गरी सोही अनुसारको कार्यक्रमहरु अगाडि बढाएको छ।

**सहकारी क्षेत्र विकासका गतिविधिहरू**

**नगरस्तरीय सहकारी लेखा व्यवस्थापन तालिम सम्पन्न**



स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ११ (ख) को प्रावधान बमोजिम स्थानीय तहको क्षेत्र भित्र कार्यक्षेत्र रहने सहकारी संस्थाको दर्ता, अनुमति, खारेजी र विघटन गर्ने लगायतका नियमनका अधिकार नगरपालिकाको अधिकार क्षेत्रमा रहेको साथै सहकारी क्षेत्रको क्षमता विकासका लागि यस अघि नै कार्यपालिकाका पदाधिकारीहरू र नगर कार्यपालिकाका कर्मचारीहरुको लागि सहकारी नियमन तालिम तथा सहकारी क्षेत्रको प्रवर्द्धन र विकासका लागि नगरपालिकामा कार्यक्षेत्र भएका सम्वन्धित सहकारी संस्थाका पदाधिकारीहरूलाई सहकारी व्यवस्थापन तालिम प्रदान गरिएको थियो। यस पटक राष्ट्रिय सहकारी महासंघ, काठमाण्डौ तथा जिल्ला सहकारी संघ पाल्पाको आयोजना र यस नगरपालिकाको सहकार्य र साझेदारीमा नगरपालिकास्तरका सहकारी संस्थाका लेखा तथा वित्तीय व्यवस्थापनको कार्यमा संलग्न कर्मचारी/पदाधिकारीहरूलाई सहकारी लेखा व्यवस्थापन तालिम प्रदान गर्ने गरी कार्यक्रम स्वीकृत गरिएको थियो। यस सम्वन्धमा जिल्ला सहकारी संघ पाल्पा, केन्द्रीय सहकारी महासंघ, काठमाण्डौं र तानसेन नगरपालिकाको साझेदारी तथा समन्वयमा सहकारी लेखा व्यवस्थापन तालिम मिति २०७५ साल चैत्र २२ देखि २५ गते सम्म सञ्चालन गरिएको थियो।

नगरपालिका भित्र कार्यक्षेत्र भएका सहकारीका व्यवस्थापक वा लेखा हेर्ने कर्मचारीहरु र पदाधिकारीहरू तथा तानसेन नगरपालिकामा सहकारी क्षेत्रमा सहयोग पुऱ्याउने कर्मचारीहरूलाई सहकारी लेखा व्यवस्थापनको ज्ञान सीप प्रदान गर्ने तालिमको उद्देश्य रहेको थियो।

चार दिने तालिममा सहकारी संस्थाका पदाधिकारीहरूलाई सहकारीको मूल्य, मान्यता, सिद्धान्त, तथा समग्र लेखा व्यवस्थापनका लगायतका विषयमा ज्ञान सीप प्रदान गरिएको थियो। तालिमबाट लेखा व्यवस्थापनको बारेमा सहभागी सहकारी संस्थाका लेखा सम्वद्ध कर्मचारी र पदाधिकारी तथा नगरपालिकाका सहकारी क्षेत्रमा सहयोग पुऱ्याउने कर्मचारीहरुमा क्षमता विकास हुने अपेक्षा गरिएको छ।

**सहकारी संस्थाहरूको व्यावसायिक रणनीतिक योजना तर्जुमा कार्यशाला गोष्ठी सञ्चालन**

तानसेन नगरपालिकाबाट सहकारी क्षेत्रको विकास र प्रवर्द्धनको लागि नगरस्तरीय रणनीतिक योजना तयार गर्ने साथै नगरस्तरीय सहकारी सञ्जाल गठन गर्ने क्रममा पहिलो चरणमा प्रत्येक सहकारीको व्यवसायिक रणनीतिक योजना तर्जुमाको कार्य अगाडि बढाइएको छ।

तानसेन नगरपालिकाबाट आयोजना गरिएको दुई दिवसीय कार्यशाला गोष्ठी यही २०७६ बैशाख २५ गतेबाट थालनी गरिएको छ भने २०७६ ज्येष्ठ १९ गते सम्पन्न गरिनेछ। नगर क्षेत्रमा रहेका ४५ वटा सहकारी संस्थाहरू मध्ये प्रत्येक संस्थाबाट संस्थाका अध्यक्ष, व्यवस्थापक सहित ५ जनाको उपस्थितिको व्यवस्था मिलाइएको छ। उल्लेखित कार्यशाला विभिन्न पाँच चरणमा सञ्चालन गरिनेछ। यस कार्यशाला गोष्ठीबाट

नगरस्तरका सम्पूर्ण सहकारी संस्थाहरूको तीन बर्षीय व्यावसायिक रणनीतिक योजना (आ.व.२०७६/०७७ – २०७८/०७९) को सामान्य मस्यौदा तयार हुनेछ। उक्त मस्यौदा तयारी पश्चात् सहकारी संस्थाहरूले आआफ्नो मस्यौदा योजनालाई सहकारी संस्थाको सञ्चालक समितिमा प्रस्तुत गर्नेछन् । प्रस्तावित मस्यौदा उपर सहकारी संस्थाहरूको बृहत् भेलाबाट आवश्यक तयारी, परिमार्जन र योजनालाई व्यवस्थित बनाई साधारण सभाबाट पारित गरी आगामी आ.व.२०७६/०७७ देखि लागु गरिनेछ।

सहकारी संस्थाहरूको योजना तयारी पश्चात् नगरस्तरीय सहकारी रणनीतिक योजना तयारी गरिने र नगरस्तरीय सहकारी सञ्जाल निर्माणको कार्य अगाडि बढाइने छ।

कार्यशाला गोष्ठीमा तानसेन नगरपालिकाका नगर प्रमुख अशोककुमार शाही, नगर उपप्रमुख लक्ष्मी देवी पाठक, प्रमुख प्रशासकीय अधिकृत गोपालप्रसाद बगाले, नगर प्रवक्ता दामोदर घिमिरे र बरिष्ठ अधिकृत दुर्गाबहादुर थापाले योजना तर्जुमाको कार्यमा संस्थागत भूमिका निर्वाह गर्नुभएको छ भने जिल्ला सहकारी संघका अध्यक्ष एवम् सहजकर्ता ध्रुवराज अधिकारीले सहजीकरणको भूमिका निर्वाह गर्नुभएको छ।

व्यावसायिक रणनीतिक योजना तर्जुमा कार्यमा प्रक्रियागत रूपमा प्रत्येक सहकारी संस्थाहरूको Vison, Misson, Goal, Objectiveनिर्धारण, सवल पक्ष र अवसर पहिचान, कमजोर पक्ष र चुनौति पहिचान/SWOT Analisys (सकअच) विश्लेषण, प्रत्येक सहकारी संस्थाहरूको Programme/Activity/Budget निर्धारण गरी व्यावसायिक रणनीतिक योजना कार्यान्वयनमा सहकारीस्तरबाट गर्नुपर्ने चरणवद्ध कार्यहरु (Project Implementation Plan-PIP)तयारी गर्ने गरी सहभागीहरुलाई सहजीकरण गरिएको छ। साथै यस कार्यले सहकारी संस्थाहरू आफ्नो व्यावसायिक रणनीतिक योजना तयारी कार्यमा अग्रसर हुने अपेक्षा समेत गरिएको छ।

**तानसेन नगरपालिकाद्वारा जनहितमा जारी सूचना**

- उपभोग्य म्याद सकिएका खानेकुराहरुको खरीद, बिक्री एवम् सेवन नगरौं/नगराऔं
- खाद्य पदार्थको लेवल अध्ययन गरेर मात्र उपभोग्य सामग्री खरीद गरौं
- झिंगा भन्किएका, सडक पेटीमा खुल्ला राखेका, रङ्गरोगन प्रयोग गरिएका खानेकुरा नखाऔं/नखुवाऔं
- खाना बनाउदा, बच्चालाई खाना खुवाउँदा, खाना खानु पूर्व साबुन पानीले हात धुने गरौं
- बासी सडेगलेका तथा ढुसी परेका खाद्य सामग्री प्रयोग नगरौं
- माछा, मासु, अण्डा राम्रोसँग पकाएर मात्र खाने गरौं
- जङ्कफुड विद्यालय हाताभित्र निषेध र बालबालिकालाई प्रयोगमा निरुत्साहित गरौं
- सार्वजनिक स्थलको १०० मिटर भित्र र गर्भवती महिला र १८ वर्ष उमेर नपुगेका व्यक्तिले सुर्तीजन्य पदार्थ खरीद, बिक्री एवम् उपभोग नगरौं।
- सम्पूर्ण व्यवसायीहरुले व्यवसाय अनिवार्य रूपमा दर्ता गरी तोकिएको मापदण्ड भित्र रही मर्यादित र व्यवस्थित व्यवसाय गरौं।
- कानून विपरीत कार्य दण्डनीय हुने हुँदा कानूनको पालना गरौं।
- तानसेन नगरपालिकाको चाहना, गुणस्तरीय वस्तुको उपभोग, सचेत र स्वस्थ उपभोक्ता, जिम्मेवार व्यवसायी

(बरिष्ठ अधिकृत)


- ❑ विद्यालय, समुदाय र पारिवारमा बालमैत्री वातावरण सिर्जना गरौं ।
- ❑ विद्यालयलाई शान्तिक्षेत्र कायम गरौं।
- ❑ बालबालिकाको अधिकतम सिकाइको सुनिश्चितता गरौं।
- ❑ बाल बिबाहलाई निरूत्साहित गरौं।
- ❑ बालमैत्री स्थानीय शासनको अवलम्वन गरौं।

अनुरोधकः तानसेन नगरपालिका, पाल्पा


सूचनाः हाम्रो तानसेन वुलेटिनको छैठौं अंकको लागि सामग्री २०७६ साउन १५ गतेसम्ममा पठाई सक्नुहुन सरोकारवालाहरू सबैमा सादर अनुरोध छ ।

– प्रधान सम्पादक

Email: hamrotansenbu@gmail.com
apalpali@gmail.com

# तानसेन टुँडिखेलको महत्त्व र निर्माण सम्बन्धी



– विशाल ओली

तानसेन नगरपालिका अन्तर्गत बजार क्षेत्रमा रहेको रमणीय स्थल टुँडिखेल एक पर्यटकीय क्षेत्र हो । पहाडी क्षेत्रमा प्रायः समथर भूभाग पाउन मुस्किल छ। समथर त्यो पनि बजार भित्र भएको कारणले पनि तानसेन टुँडिखेलको महत्त्व थप अर्थपूर्ण छ । विभिन्न ठुला–साना कार्यक्रमहरू गर्नको लागि होस् या खेलकुद प्रतियोगिताहरू सञ्चालन गर्नको लागि होस् यही टुँडिखेल नै पहिलो प्राथमिकतामा पर्न जान्छ। २०७२ सालको विनाशकारी भूकम्प जाँदा मानिसहरूको आश्रयस्थल बन्न गएको तानसेन टुँडिखेलको गरिमा र महत्त्व झन् बढेको छ। विभिन्न परिस्थितिहरूमा खुल्ला भूभाग चाहिने रहेछ भन्ने आम मानिसको धारणा अंझ बलियो बन्दै गएको छ। सफा, शीत्तल र सुरक्षित समेत रहेकोले तानसेन टुँडिखेल क्षेत्रमा मानिसहरू बिहानीपख मर्निङ वाक पनि गर्ने गर्छन्। चारैतिर रूख बिरुवाले घेरिएको टुँडिखेल स्वास्थ्यको लागि पनि लाभदायक रहेको भन्न सकिन्छ। के हामी पाल्पा तानसेनको गहनाको रूपमा रहेको टुँडिखेल क्षेत्रलाई थप विकसित र सुन्दर बनाउन सक्छौं ? के गर्दा उत्कृष्ट र हेर्नलायक बन्ला त ? नगरपालिका अर्थात् स्थानीय सरकारले के गर्नुपर्ला ? स्थानीयवासीको भूमिका र प्रत्यक्ष सहभागिता कस्तो रूपमा रहनु पर्ला ? आम सचेत नागरिक, उद्योग वाणिज्य संघ, व्यापार संघ, पत्रकारिता लगायत सवै सरोकारवालाहरूको भूमिकालाई कसरी निर्माणमा जोड्न सकिन्छ ? जस्ता जिज्ञासा सहित विषय प्रवेश गरिएको छ।

पश्चिम नेपालको ५ न प्रदेशमा पर्ने पाल्पा जिल्ला एक ऐतिहासिक भूमि हो । उजीरसिंहको विजयको वीर गाथाको कुरा होस्, कला कौशलले सु–सम्पन्न सेनकालीन राज्य व्यवस्थाको कुरा होस्, खड्ग शमशेरको प्रेमिल रानीमहल निर्माणको कुरा होस्, वेजोड आस्थासहित हृषिकेशव रूरू क्षेत्रको महत्त्वको कुरा होस्, बलिहांग राजाको गौरवपूर्ण इतिहासको कुरा होस्, कुशल प्रशासनिक व्यवस्था सहितको गौंडाहरूको कुरा होस् या भैरवनाथ, रम्भादेवी र सत्यवतीको सामाजिक धार्मिक आस्थाको केन्द्रको कुरा होस्, पाल्पा जिल्लाले आफुलाई छुट्टै विशेषता सहितको जिल्लाको रूपमा उभ्याउन सफल भएको छ। यस्तै अनेकन गहनाहरूले सजिएको पाल्पा जिल्लामा कि.न. ५७४ र ७२ रोपनी ५ आना क्षेत्रफलमा फैलिएको तानसेन टुँडिखेल क्षेत्रको पनि आफ्नै महत्त्व छ।

आर्थिक वर्ष २०७५/२०७६ मा ५ नम्बर प्रदेश सरकार र तानसेन नगरपालिकाले टुँडिखेल सौन्दर्यीकरण गर्नको लागि हाल उपभोक्ता समिति मार्फत कार्य आरम्भ गरेको छ । नेपाली सेनाको समेत श्रम सहयोग लिई कार्य धमाधम भैरहेको छ । पहिलो चरणमा टुँडिखेल क्षेत्रलाई समथर बनाउने छ। टुँडिखेलमा संकलन हुने आकासे पानीलाई तीनधारा खोल्सामा झारी शुद्धीकरण गरिने उद्देश्य छ । पैदल यात्रीलाई मध्यनजर गर्दै २.५ मिटर फराकिलो Foottrail निर्माण हुनेछ। दोस्रो चरणमा बाँकी रहेको Foottrail सम्पन्न गर्ने, प्रौढ र वृद्ध नागरिकहरूलाई ध्यानमा राखी 'सिनियर सिटिजन पार्क' निर्माण गर्ने र बालबालिकाहरूलाई ध्यानमा राखी चिल्ड्रेन पार्क समेत बनाइने छ। तेस्रो चरणमा DPR बमोजिम नै खेल मैदान र अन्य सवै भूभागलाई दुबो लगाई हरियाली बनाइनेछ।



अन्तमा, टुँडिखेल निर्माण कार्यलाई थप व्यवस्थित, गुणस्तरीय र चुस्त बनाउन दिनरात खट्ने उपभोक्ता समिति र नेपाली सेनाको कार्य निकै प्रशंसनीय रहेको छ। बाँकी कार्य निर्धारित समयमै सम्पन्न गर्न सवै पक्ष एकसाथ लाग्नुपर्नेछ। हुनत आजभोलि आफु पनि काम नगर्ने र अरूलाई गर्न पनि नदिने बाँदरे प्रवृत्ति जताततै हावी छ। कार्य सुरू गर्दा यसो भएन उसो भएन भन्नेहरू पनि छन्। जे होस् लागत अनुमान र DPR बमोजिम बाँकी कार्यहरू सक्न तानसेन नगरपालिका लागिपरेको छ। त्यसकारण बेलाबेलामा सल्लाह र सुझाव सहित आम सचेत नागरिकहरूले यो टुँडिखेल मेरो हो भन्ने भावनाका साथ सहयोग गर्नुपर्ने छ।

(प्राविधिक)

**सडक अवरुद्ध हुनेगरी व्यापारिक तथा निर्माण सामग्री नराखौं ।**

अनुरोधकः तानसेन नगरपालिका, पाल्पा

# समसामयिक सवालमा पूर्व जनप्रतिनिधिसँग छलफल

चैत्र २३ गते तानसेन नगरपालिकाले पूर्व जनप्रतिनिधिहरूसँग छलफल कार्यक्रम सम्पन्न गरेको छ । नगरप्रमुख अशोककुमार शाहीको अध्यक्षतामा भएको कार्यक्रमा तानसेन नगरपालिकाका पूर्व उपप्रमुख त्रिरत्नलाल शाक्यले नगरपालिकाले नगरपालिकाभित्र विमानस्थल निर्माण, नगर सरसफाइ र श्रीनगर व्यवस्थापनमा ध्यान दिनुपर्ने बताउनुभयो । पूर्व वडा अध्यक्ष कृष्णराज अधिकारीले पुराना संरचना जोगाउनुपर्ने बताउँदै तानसेन चक्रपथ निर्माण गर्नुपर्ने बताउनुभयो । पूर्व वडा सदस्य शिवप्रसाद बस्यालले बिजुली र केवुलका तारले सहर कुरुप देखिएकाले व्यवस्थापन गर्नुपर्ने बताउनुभयो । सार्वजनिक शौचालय निर्माण, पार्किङको व्यवस्था तथा ढल ब्यवस्थापन तत्काल गर्नुपर्ने बताउनुभयो ।



पूर्व वडाअध्यक्ष रामप्रसाद पोखरेलले ठूला तथा देखिने दीर्घकालीन महत्त्वका योजनामा वजेट लगानी गर्नुपर्ने, ग्रामीण वडालाई विशेष प्राथमिकतामा राखेर काम गर्नुपर्ने, कुटिर उद्योग, कृषिलाई फोकस गर्नुपर्ने ,नयाँ बसपार्क निर्माण शीघ्र सम्पन्न गर्नुपर्ने, हाटबजार सञ्चालन व्यवस्था गर्नुपर्ने लगायतका सुझाव दिनु भयो । पूर्व वडा अध्यक्ष प्रेम मल्लले बुटवल तानसेन सडक स्तरोन्नतिका लागि पहल गर्नुपर्ने बताउँदै भन्नुभयो –"एउटै पार्टीको स्थानीय, प्रदेश र संघीय सरकार हुँदा यो काम नगरे कहिले हुन्छ त भन्छन् नागरिक ?" पाल्पा दरबार परिसर, जिल्ला समन्वय समिति परिसर प्रदेशसँग समन्वय गरेर भएपनि व्यवस्थित गर्नु पर्दछ भन्दै उहाँले शहरी क्षेत्र र ग्रामीण क्षेत्रका लागि संरचना निर्माणमा पालना गर्नुपर्ने निश्चित मापदण्ड बनाउन आवश्यक रहेको बताउनुभयो । उहाँले सरसफाइको जिम्मा सम्वन्धित वडालाई दिन सके प्रभावकारी हुने विचार प्रकट गर्नुभयो । पूर्व नगर सदस्य सुनिता शर्माले पानीका स्रोत सुक्ने क्रम बढेकाले सडकमा पिच गर्नुको सट्टा ढुंगा छाप्नु उपयुक्त हुने बताउनुभयो । बैंकहरूलाई सरसफाइ लगायत नगर विकासका काममा प्रेरित गर्नसकिने र लुम्विनी आएका पर्यटकलाई तानसेनमा आकर्षित गर्नुपर्ने उहाँले बताउनुभयो । उहाँले उद्यमशील महिलाले उत्पादन गरेका सामग्री विक्रीका लागि सहयोग गर्नुपर्ने बताउनुभयो । पूर्व नगर सदस्य मुनिन्द्र बज्राचार्यले निजी सवारी साधन सडक अवरुद्ध हुनेगरी पार्किङ गर्न नमिल्ने बताउँदै सडकमा निर्माण सामग्री राख्दा समेत नगरपालिका रमिते बन्नु भएन भन्नुभयो । टेक्टर र ट्रक नगर क्षेत्रमा चल्ने समय निश्चित गरेर समयको पालना भए नभएको अनुगमन गरिनु पर्दछ । सडक साँघुरो हुनाले विद्यालय समयका बेला कतिपय सडकमा सवारी निषेध गर्नुपर्ने अवस्था छ । उहाँले कुकुर पाल्ने सार्वजनिक सडकमा आची गराउने प्रवृत्ति ठीक भएन भन्नुभयो । पूर्व वडा अध्यक्ष अमिन बक्स मियाँले ग्रामीण क्षेत्रमा पनि सडक स्तरोन्नति होस् भन्दै वजेटले कृषि, सीपमूलक स्वरोजगार सिर्जना गर्ने कार्यक्रमलाई प्रोत्साहन गर्नु पर्ने कुरामा जोड दिनुभयो । मियाँले नक्कली ढाका र करुवा नियमन हुनुपर्ने बताउनुभयो । नक्कलीलाई सक्कली भन्न नहुने बताउँदै मियाँले तानसेन पाल्पाको इज्जत फाल्ने काम व्यापारीले गर्नु भएन भन्नुभयो । पूर्व वडाअध्यक्ष कृष्णराज बस्यालले नगरक्षेत्रमा ढुंगेधारा कति छन् लगत राखेर व्यवस्थापन गर्नुपर्ने बताउनुभयो । उहाँले ढल तथा खोलामा सिधै प्लाष्टिक, निडिल फाल्न नहुने बताउँदै नगरभित्र रहेका सार्वजनिक जग्गाको खोजी र संरक्षणमा नगरपालिकाले चासो देखावस् भन्नुभयो । पूर्व कावा वडाअध्यक्ष भीमकुमारी शाक्यले सिद्धबाबाक्षेत्रको बाटो सहज गराउन पहल गर्नैपर्छ भन्दै नगरका ढल खुला राख्न नहुने सुझाव दिनुभयो । उहाँले अधुरा कामलाई निरन्तरता दिएर सम्पन्न गर्नु पर्छ भन्नुभयो ।

कार्यक्रममा पूर्व नगर सदस्य शिवहरि शर्माले बजारमा यत्रतत्र छरिएका तारव्यवस्थापन गर्नुपर्ने, नारायणस्थान पोखरीको फोहर व्यवस्थापन गर्नुपर्छ भन्नुभयो । झोलामा फोहर राखेर फाल्ने काम बन्द नभएकाले यसतर्फ सबैले ध्यान दिनुपर्ने बताउनुभयो । पूर्व वडा अध्यक्ष रामबहादुर रावलले नगरका ग्रामीण क्षेत्रलाई वजेट विनियोजनमा प्राथमिकता दिनुपर्छ भन्नुभयो । नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत गोपालप्रसाद बगालेले ससाना काम थोरै खर्चमा गर्न सकिने बताउँदै नागरिक जागरण र सचेतनामा जोड दिए विकास निर्माण कार्य सहज हुने बताउनुभयो । नगरपालिकाका प्रवक्ता दामोदरप्रसाद घिमिरेले पर्यटन विकासबाट समृद्धि सम्भव छ भन्दै भारतबाट मुक्तिनाथ र चीन जाने सडकको रूपमा तानसेनबाट कालीगण्डकी करिडोर जोड्ने सडकलाई व्यवस्थित गर्न सकिए तानसेनको आयस्रोत बृद्धि हुनसक्ने बताउनुभयो ।

नगरप्रमुख अशोककुमार शाहीले श्रीनगरको गुरुयोजना बनेको, करीव १ सय रोपनी क्षेत्रफलमा नयाँ बसपार्क बनाइने, सिद्धबाबाको सडक सुधारको लागि सम्वन्धित निकायमा ताकेता गरिने बताउनुभयो । उहाँले खेल मैदान बन्दै गरेको, विमानस्थलको सम्भाव्यता अध्ययन गरिने, स्वास्थ्य सेवा स्तरोन्नति गरिने, सडक स्तरोन्नति गरिने कुरा राख्दै प्राप्त सुझावलाई मनन गरिने बताउनुभयो ।

(गोविन्द भट्टराईबाट)

# विविध गतिविधि

## मिठाइ पसल अनुगमन



- भरत आचार्य

तिहार तथा दीपावलीलाई लक्षित गरी तानसेनका मिठाई पसलहरूमा अनुगमन गरियो। मिठाईको उत्पादन तथा विक्रीमा गुणस्तरीयता कायम गर्नको लागि अनुगमन केन्द्रित गरिएको हो। तिहार नजिकिँदै जाँदा विभिन्न किसिमका मिठाईको कारोवार बढ्दै गएको समयमा अनुगमन टोलीले तानसेनका मिठाई पसल तथा उत्पादन स्थलहरूमा अनुगमन गरेको हो। अनुगमनमा मिठाई उत्पादन हुने स्थान, सामग्रीहरूको प्रयोग, मिठाईमा प्रयोग गरिने सामग्रीहरूको गुणस्तरीयता, उत्पादन स्थलको सरसफाइ, उत्पादनको प्याकिङ्गको अवस्था, मिठाई विक्री गर्ने स्थानहरूको निरीक्षण गरिएको थियो।

तानसेनका विभिन्न मिठाई पसलहरूमा गरिएको अनुगमनमा उत्पादन स्थलमा मिठाईहरू नछोपी राखिएको, मिठाई उत्पादनमा विरामी कामदारको प्रयोग गरिएको, किचनमा पूर्ण रूपमा सरसफाइ नभएको, मिठाई प्रयोग गरिने फ्लेवरको उपभोग्य मिति सकिएको, मिठाईमा चमक ल्याउन, मानिसले प्रयोग गर्ने फेस वास राखिएको , उपभोग्य मिति सकिएका विभिन्न किसिमका जुस तथा पेप्सी र मिरिण्डाको वोतल भेटिएको मिठाईमा प्रयोग गरिने चास्नीहरूमा भिंगा मरेको भेटिएको थियो।

विक्री स्थल तथा पसलमा राखिएका मिठाई लोभ लाग्दा आकर्षक खाउँ खाउँ देखिएपनि, मिठाई उत्पादनको किचनलाई सरसफाइ व्यवस्थित रूपमा प्रयोगमा ल्याई उपभोक्ता लाई गुणस्तरीय स्वस्थ, मिठाई खुवाउन सकियोस् भनी मिठाई पसल केन्द्रित अनुगमन गरिएको जिल्ला प्रशासन कार्यालय पाल्पाका प्रशासकीय अधिकृत एवम् सूचना अधिकृत हुम बहादुर पाण्डेले बताउनुभयो। एक पटक अनुगमन भएका पसलहरूको पुनः १ महिना पछि अनुगमन गर्दा समेत हाल देखिएका कमी कमजोरी देखिएमा सम्वन्धित व्यबसायीहरूलाई सिधै कानूनी कारवाहीको लागि मुद्दा चलाउने अधिकृत पाण्डेले बताउनुभयो।

अनुगमन टोलीले सुपरटप मिष्ठान्न भण्डार, मोहन रेष्टुरेष्ट, होटल डायमण्ड, ज्वाला रेष्टुरेष्ट, श्रीनगर डेरी उद्योग, न्यू शर्मा होटल, पोखरेल खाजा घर, न्यू खनाल मिष्ठान्न भण्डारको निरीक्षण गरेको थियो। अनुगमनमा जिल्ला प्रशासन कार्यालय, तानसेन नगरपालिका, जिल्ला प्रहरी कार्यालय, खाद्य तथा गुण नियन्त्रण कार्यालय, घरेलु तथा साना उद्योग कार्यालय, राष्ट्रिय अनुसन्धान कार्यालय, पाल्पा उद्योग वाणिज्य संघ, पाल्पा व्यापार संघ तथा पत्रकारहरूको सहभागिता रहेको थियो।

## अपाङ्गता भएकालाई पोशाक तथा शैक्षिक सामग्री

अपाङ्ग, असहाय बालवालिकाहरूका लागि पोशाक तथा शैक्षिक सामग्री वितरण कार्यक्रम तानसेनमा सम्पन्न भएको छ।

तानसेन नगरपालिका वडा नं. २ को वडा स्तरीय कार्यक्रम अन्तर्गत उक्त कार्यक्रम सम्पन्न गरिएको हो।

२ नं.वडा कार्यालयको उपभोक्ता समितिको आयोजनामा सम्पन्न कार्यक्रममा रमा पन्तले सहभागीहरूलाई स्वागत गर्दै कार्यक्रमको औचित्यवारे जानकारी गराउनु भएको थियो।



वडा भित्रका २३ जना अपाङ्ग, असहाय बालवालिकाहरूलाई सामग्री वितरण गर्दै वडा अध्यक्ष बरुण प्रसाद रेग्मीले नमूनाको रूपमा गरिएको यस कार्यक्रमवाट अपाङ्ग, असहाय बालवालिकाहरूले राहत महशुस गरेको वताउनुभयो।

कार्यक्रममा वडा सदस्य महेश्वर श्रेष्ठ, नारायण युवा क्लवका अध्यक्ष किशोरदर्शन वज्राचार्य, डा. रामप्रसाद शर्मा, टोल विकास संस्थाकी अनुजा वज्राचार्य लगायतले कार्यक्रमले अपाङ्ग, असहाय बालाबालिकाहरूलाई सहयोग पुगेको भन्दै यस्ता समुदायको लागि थप कार्यक्रम ल्याउनुपर्ने बताउँदै शुभकामना व्यक्त गर्नुभयो।

कार्यक्रम समितिकी अध्यक्ष कमला पौडेलको अध्यक्षता र सरस्वती शर्माको सञ्चालनमा सम्पन्न भएको थियो ।

## सहकारी पदाधिकारीबीच परिचय

तानसेन नगरपालिकाले नगर क्षेत्रभित्र सञ्चालित सहकारीका पदाधिकारीहरूसँग परिचयात्मक तथा अन्तरक्रियात्मक वैठक सम्पन्न गरेको छ।

तानसेन नगरपालिकाको आयोजनामा सञ्चालन भएको कार्यक्रममा नगर उप प्रमुख लक्ष्मीदेवी पाठकले कार्यक्रमको औचित्य र धारणा राख्दै सहभागीहरूलाई स्वागत गर्नुभयो ।

तानसेन नगरपालिकाभित्र रहेका ४५ वटा सहकारी संस्थाका पदाधिकारीहरूको उपस्थिति रहेको वैठकमा नगर प्रमुख अशोककुमार शाहीले सहकारीलाई मानिसको जीवन शैलीमा रूपान्तरण गर्न आवश्यक रहेको देखिन्छ, यसै गरी उत्पादनमूलक सहकारीको लागि उत्पादक र उद्यमी साथै उपभोक्तालाई फाइदा पुग्ने गरी कसरी कार्य गर्न सकिन्छ, सहकारीलाई आर्थिक गतिविधिको रूपमा कसरी अगाडि वढाउन सकिन्छ, सहकारी संस्थालाई व्यापारीको फर्मको रूपमा लिन नहुने, यसका लागि प्रदेश सरकार र केन्द्र सरकारसँग समन्वय गरी सहकारीको मुद्दा र वर्तमान परिस्थितिकोबारेमा निकासका लागि छलफल चलाइने बताउनुभयो ।

कार्यक्रममा तानसेन नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत कीर्तनराज पौडेलले सहकारी संस्थाहरू स्थानीय सरकारको मातहतमा आएकोले स्थानीय नीति अनुसार कार्यक्रम गर्नुपर्ने, सहकारिताको माध्यमबाट आफ्ना कार्यक्षेत्र भित्रका अति विपन्न गरीव जनसमुदायको जनस्तर उकास्ने, सदस्यहरूलाई सामाजिक न्याय दिलाउने, आयमूलक सीपमूलक र उत्पादनशील व्यवसाय सञ्चालन गरी रोजगारको अवसर सिर्जना गर्ने जस्ता कार्य गर्नुपर्ने बताउनुभयो ।

कार्यक्रममा तानसेन नगरपालिकाका वरिष्ठ अधिकृत दुर्गा बहादुर थापाले सहकारीहरूले स्थानीय तहमा दर्ता प्रकृया काम कर्तव्य, गठन विधि, कार्यक्षेत्र, वर्गीकरणका आधार, विनियम बनाउनेबारेमा प्रस्तुत गर्नुभएको थियो ।

कार्यक्रम नगर प्रमुख अशोककुमार शाहीको अध्यक्षता र वरिष्ठ अधिकृत दुर्गा थापाको सञ्चालनमा सम्पन्न भएको थियो ।

## महिला स्वास्थ्य स्वयंसेविका दिवस

**महिला स्वास्थ्य स्वयंसेविकाको सेवाः स्वस्थ, संमृद्ध राष्ट्र निर्माणमा टेवा** भन्ने नाराका साथ १५ औं महिला स्वास्थ्य स्वयंसेविका दिवस तानसेनमा सम्पन्न भयो ।

तानसेन नगरपालिकाको आयोजनामा सम्पन्न कार्यक्रममा सहभागी महिला स्वास्थ्य स्वयंसेविकाहरूलाई तानसेन नगरपालिका स्वास्थ्य शाखाकी सिनियर अहेव शारदा भट्टराईले स्वागत गर्नुभएको थियो ।

स्वास्थ्य कार्यालय पाल्पाका परिवार नियोजन सुपरभाईजर गौरी शंकर सिंहले कार्यक्रमको उद्देश्य तथा दिवसको औचित्यबारे स्पष्ट पार्नुभएको थियो ।

तानसेन नगरपालिकाका नगरप्रमुख अशोककुमार शाहीले समाजमा स्वास्थ्यको चेतना अभिबृद्धि गर्ने महिला स्वास्थ्य स्वयंसेविकाको भूमिका महत्त्वपूर्ण रहेको भएता पनि श्रमको मूल्य दिन नसकेको अवस्था छ । यसलाई नगरपालिकाले आगामी दिनमा मूल्याङ्कन गर्ने बताउनुभयो ।

कार्यक्रममा तानसेन नगरपालिकाभित्रका उत्कृष्ट काम गर्ने ७ जना महिला स्वास्थ्य स्वयम्सेविकाहरूलाई पुरस्कृत गरिएको थियो ।

स्वयंसेविका दिवसका अवसरमा स्वास्थ्य कार्यालय पाल्पाकी पब्लिक हेल्थ नर्स कल्पना पौडेल, जिल्ला सुआहारा कार्यक्रमकी विपना श्रेष्ठ सहभागी महिला स्वास्थ्य स्वयंसेविका रेखा सोमै लगायतले स्वाथ्य स्वयंसेविकाहरूको श्रमको उचित व्यवस्था गर्न माग गर्नुभयो ।

कार्यक्रम तानसेन नगरपालिका स्वास्थ्य शाखा प्रमुख सिर बहादुर रानाको सञ्चालन र महिला स्वास्थ्य स्वयंसेविका नगर समिति उपाध्यक्ष कविता खनालको अध्यक्षतामा सम्पन्न भएको थियो ।

## तानसेन ७ मा निःशुल्क स्वास्थ्य शिविर

रामनवमी चैतेदशैंको उपलक्ष्यमा तानसेन काजीपौवा स्थित श्री बालज्योति प्रावि.को प्राङ्गणमा १ दिने निःशुल्क स्वास्थ्य शिविर सम्पन्न भयो । काजीपौवा कृषि सहकारी संस्थाको आयोजनामा संञ्चालित उक्त शिविरको उद्घाटन शुभारम्भ वडा अध्यक्ष मुक्तिराम जिसीले गर्नुभएको थियो । कार्यक्रमको संयोजन डा. रोहित कोइरालाले गर्नुभएको थियो भने शिविरमा लुम्विनी मेडिकल कलेजका डा. तिलचन पाण्डेको नेतृत्वमा ११ जना स्वास्थ्यकर्मीहरूको सक्रियतामा २२४ जनाको स्वास्थ्य जाँच गरी निःशुल्क औषधि वितरण गरियो । शिविरमा काजीपौवा महिला बहुउद्देश्यीय समूहले स्वागत तथा उपहार प्रदान गर्नुका साथै विभिन्न संघ संस्था र औषधि कम्पनीहरूबाट निःशुल्क रूपमा औषधि उपलब्ध गराइएको थियो । कार्यक्रम सहकारी संस्थाका अध्यक्ष महेश शर्मा आचार्यको अध्यक्षता र हरिप्रसाद कोइरालाको सञ्चालन सम्पन्न भएको थियो । नोभा जेनेटिका नेशनल मेडी फर्म, बटौली मेडीको प्रालिले औषधि निःशुल्क उपलब्ध गराएका थिए ।

(शाखा अधिकृत)

# तानसेनको सरसफाइमा नगरवासीको भूमिका



–रामप्रसाद तिमिल्सेना

आदरणीय नगरवासी बुबा आमा, दाजुभाइ, दिदीबहिनीहरू हाम्रो तानसेन, राम्रो तानसेन बनाउनको लागि हामी सम्पूर्ण नगरवासीहरूको ठूलो भूमिका रहेको छ। कुनै एक व्यक्ति वा संस्थाले चाहेर तानसेनको सरसफाइ सम्भव देखिंदैन। तसर्थ हामी सम्पूर्ण नगरवासीमा चेतनाको विकास हुनु जरुरी देखिन्छ। जबसम्म हामीमा सरसफाइ भन्ने शब्दको ज्ञान हुँदैन अथवा ज्ञान भएर पनि व्यवहारमा प्रयोगमा ल्याईदैन त्यसले कुनै अर्थ राख्दैन। हामी तानसेनका सचेत नागरिक बन्नका लागि केही न केही त्याग गर्नुपर्ने हुन्छ। हामी पाल्पाली भनेर चिनिने माध्यम र पाल्पालाई छुट्टै परिचय दिलाउन सक्ने खालको व्यवहार हामीले देखाउन सक्नुपर्छ।

तानसेन पर्यटकीय हिसाबले अति रमणीय, प्रकृतिको सुन्दरताले भरि पूर्ण, श्रीनगर डाँडा, भ्यू टावर आदिले सिंगारिएको यो तानसेन नगरलाई अझै सिंगार्नु हाम्रो दायित्व हो। हामीले धेरै केही गर्नुपर्दैन मात्र प्रत्येक नागरिकले आफ्नो घरबाट निस्किने फोहोरलाई व्यवस्थापन गर्न सके पुग्छ। हाम्रा घर, पसल, होटल र प्लाष्टिकको व्यवस्थापन गर्न सक्ने हो भने नगरपालिकालाई समेत ठूलो टेवा पुग्ने छ र नगरपालिकाले वर्षेनी खर्च गर्ने करोडौं रकम नगरकै विकास निर्माणमा लगाउन सहयोग पुग्नेछ। यस्तो महान् कार्यमा हामी सबै लागौं, हामीले आँट गर्‍यौ भने असम्भव भन्ने केही पनि छैन। हामी आफूले गरेको फोहर स्याहार गर्नु हाम्रै कर्तव्य हो। जसरी प्रकृतिले हामीलाई सौन्दर्य प्रदान गरेको छ त्यसरी नै हामीले पनि यो तानसेन नगरलाई सजाउन संकल्प गरौं। सबैको सानो सहयोगबाट हामीले ठूलो इज्जत र परिचय प्राप्त गर्न सक्दछौं। यसमा हामी सम्पूर्ण नगरवासीको ध्यान पुगोस्, सचेत र सभ्य नागरिक बनौं। हरेक नागरिकले घर घरमा फूल रोपौं। आगन्तुक पाहुनाहरूलाई कमसेकम फूलको वास्ना र स्वच्छ वातावरणको अनुभूति गराउन सकौं। आफ्ना घर अगाडि दुर्घटनाहरू भैरहन्छन् यसको लागि सम्वन्धित निकायलाई खबर गरी न्यूनीकरण गर्दै जाऊ। समस्या देखाउने भन्दा समाधानका उपायहरू खोजौं। नगरपालिका र नगरवासी बीचमा सहकार्य गर्दे नगरको सरसफाइमा कुनै कसर नराखौं।

अन्त्यमा, तानसेन नगरपालिकाले फोहोर व्यवस्थापनको समस्या वर्षौदेखि खेप्दै आएको कुरा सर्वविदितै छ। यसको समस्या समाधानको लागि दीर्घकालीन सोच बनाउन जरुरी देखिन्छ। यसको लागि हामी नगरवासीबाट नगरपालिकाले कस्तो सहयोगको अपेक्षा गरेको छ हामी सहयोग गर्न तयार छौं। एउटा नमूना सहरको अवधारणा बनाएर रिसाइल्किन मेसिनबाट फोहोर प्रशोधन गर्ने काम गरियोस्। सधैभरी फोहोर व्यवस्थापनको नाममा नगरपालिका अल्मलिएर बस्नु समयको बर्बादी मात्र हो भन्ने हामी नागरिकको बुझाइ रहेको छ। आशा छ, पक्कै पनि नगरपालिकाले यो कुराप्रति सकारात्मक कदम चालेको छिट्टै देख्न पाइने छ। यसबारे नगरप्रमुख लगायत निर्वाचित जनप्रतिनिधिको ध्यानाकर्षण होस्।

(तानसेन-३ भगवतीटोल, पाल्पा)

# नगर प्रहरी शाखाका गतिविधि



–जयप्रकाश उप्रेती

२०७५ फागुन ९ गते तानसेन-२ अन्तर्गत महेन्द्रबोधि माध्यमिक विद्यालय अगाडि यमकला अर्यालले पटकपटक रोक्का पत्र बुझाउँदा समेत अटेर गरी अनुमति बिना निर्माण गरेको घरको तला जनप्रतिनिधि, पत्रकार, नेपाल प्रहरी, स्थानीय नागरिकको रोहवरमा आंशिक भाग भत्काइयो।

- पार्किङ निषेधित क्षेत्रमा पार्किङ गरिराखेका ४ जना मोटरसाइकल धनीलाई नियमानुसार जरिवाना तिराइएको छ।
- सडक पेटी अगाडि व्यवसाय गरेका ४ जनालाई जरिवाना तिराइयो।
- तानसेन बजार क्षेत्रमा सुस्त मनस्थितिमा नाम, थर, घर, ठेगाना नबताउने माग्दै हिड्ने ३ जना बेवारिस व्यक्तिलाई नियममानुसार प्रक्रिया पूरा गरी मानव सेवा केन्द्र बुटवलमा आश्रयको लागि पठाइएको छ।







- नगर क्षेत्रका विभिन्न ७ ठाउँमा आगलागी हुँदा दमकल परिचालन गरी आगलागी नियन्त्रणमा सहयोग पुर्‍याइयो।

  नगरपालिकाको नियम अनुसार नियमित रूपमा बजार अनुगमन गरी आएका छौं। नगरपालिका क्षेत्र अनुसार नगरप्रहरीको संख्या कम भएकाले नगरबासीको अपेक्षाअनुसार सबै वडामा आवश्यक परेका बेला हाम्रो पहुँच हुन सकेको छैन। साथै नगरपालिकालाई स्वच्छ, सफा तुल्याउनका लागि नगरबासी समेतको साथ र सहयोगको लागि हामी विनम्र अनुरोध गर्दछौं।

(प्रमुख, तानसेन नगर प्रहरी)

# यी हुन् सरसफाइ शाखाका केही गतिविधि



- शंकर भण्डारी

**तानसेनलाई पर्यटकीय नगरको रूपमा विकास गर्ने नगरप्रमुखको सोच अनुरूप हामी निरन्तर क्रियाशील रहेका छौं । स्वच्छ, सफा , हराभरा तानसेन बनाउने अभियानमा टोल विकास समिति र नगर बासीको समेत साथ र सहयोग चाहिन्छ भन्ने तथ्य हामीले मनन गरेका छौं । सीमित साधन स्रोतका वावजूद हामीले निरन्तर प्रयास जारी राखेका छौं । २०७५ फागुन १ देखि २०७६ वैशाख अन्तसम्म सम्पन्न हाम्रा गतिविधि बुँदागत रूपमा प्रस्तुत गरेका छौं-**

- टोल विकास संस्थालाई र सरकारी कार्यालय तथा सामाजिक संघ संथालाई ३० बटा फोहोर राख्ने Dustbin वितरण गरियो।
- तानसेनका सामुदायिक तथा संस्थागत विद्यालयद्वारा १० स्थानमा सरसफाइ अभियान सञ्चालन गरियो।
- २५ वटा टोल विकाससंस्थासँग सरसफाइ मार्फत् अन्तरक्रिया सम्पन्न भयो।
- संघ संस्था र सरकारी कार्यालय, नेपाली सेनाको गोरख दल गण, नेपाल प्रहरी, सशस्त्र प्रहरीको सहयोगमा अमरनारायण स्थान, भगवती मन्दिर लगायत विभिन्न सार्बजनिक स्थलहरू वरपर (१५ स्थान) सफा गर्ने काम भयो।



- फोहरमैला ब्यवस्थापन समिति लगायत सरोकार वाला १८ संघ संस्थासँग बैठक सम्पन्न भएको छ।
- जिल्लाका सबै सुरक्षा निकाय जिल्ला वन कार्यालय र नगरपालिकाबीच सहकार्य र समन्वय गरी वनदेवी क्षेत्रमा आगोबाट जोगिन अग्निरेखा निर्माण कार्य सम्पन्न भयो।



- नेपालको ताज महलको रूपमा परिचित रानीघाट दरबार अर्थात् रानीमहल स्थानीय प्रहरी बिटको सहकार्यमा ३ पटक सफा गरियो।
- पाल्पा दरबार परिसर र त्यस क्षेत्र मासिक दुईपटक सफा गर्ने गरिएको छ।
- तानसेन नगरपालिकामा कार्यरत सरसफाइ शाखाका कर्मचारीको लागि स्वास्थ्य बीमा,जीवन बीमा र आधारभूत स्वास्थ्यका बारेमा छलफल गरि बीमा गर्ने कार्य प्रारम्भ भएको छ।
- अमरनाराण मन्दिर परिसरलाई फूलवारी बनाउने उद्देश्यले तानसेन वडा कार्यालय र २ नम्बर का टोल बिकास संस्थालाइ उत्प्रेरित गरी महिनामा १ पटक सफा गर्ने योजना बनाएर मासिकरूपमा सरसफाइको काम शुरु भएको छ।
- होलाङ्दीधारा ,तीनधारा , अमरनाराण धारा, निशान धारा, प्रभास क्षेत्रमा सरसफाइ अभियान चलाइयो।
- तानसेनमा रहेका अधिकांश खानेपानीको मूल सफा गरिएको छ।
- बतासे डाँडा, श्रीनगर डाँडा र टुँडिखेल क्षेत्रलाई पटक पटक सफा गरी अनुगमनको पाटोलाई निरन्तरता दिइएको छ।
- वनदेबी क्षेत्रको मन्दिर र त्यस क्षेत्रमा हाल निर्माण हुन लागेको नयाँ बस पार्क र यस क्षेत्रलाई सफा राख्न समिति बनाई कार्य प्रारम्भ गरिएको छ।

- तानसेन प्रबेश को नाका मानिने बर्तुङमा सफा टोल बनाउने उद्देश्यले आयोजित टोल बिकाससँग सहकार्यमा सन्देशमूलक १० बटा बोर्ड राखियो।



- वैकल्पिक उर्जा केन्द्र र तानसेन नगरपालिकाबीच कुहिने फोहरबाट उर्जा परियोजना कार्यान्वयनको लागि संम्झौता पत्रमा हस्ताक्षर गरी डिपीआर पूरा भई काम थालनीको चरणमा पुगेको छ।
- तानसेनको बजार क्षेत्रमा फोहर फाल्ने ७० जनालाइ पोका अभियान मार्फत सचेत गराइएको छ।
- बजार क्षेत्रमा फोहर नगर्न र निषेधित प्लाष्टिक प्रयोग नगर्नेबारे माइकिङ र छडके अनुगन गरिरहेका छौँ।
- बजारको बाहिरी भागमा बजारलाई कुरुप देखिने गरी यत्रतत्र राखिएका ब्यानर, बोर्ड र फलाम सिट करीब ४३४ बटा नगरपालिकाको सरसफाइ शाखाबाट बरामद गरियो।
- फोहर नगर्नु हुन भन्ने र गरे जरिवाना गरिनेछ भन्ने सन्देशमूलक सचेतना बोर्ड करीब ५५ वटा बोर्ड नगरका विभिन्न ठाउँमा राखिएको छ।
- तानसेन नगरका विभिन्न ठाउँमा फाल्ने माटोलाई प्रस्तावित नयाँ बसपार्क निर्माणस्थलमा फाल्ने सममफदारी बनाई कायान्वयन गरिएको र निरन्तरको अनुगमनका लागि योजना निर्माण गरी अगाडि बढेको अवस्था छ।
- पुरिएको, जाम भएको अवस्थामा रहेका तानसेनका ४६ वटा स्थानका ढललाई पुनः निर्माण र मरम्मत गरी सुचारु गराउने काम सम्पन्न भएको छ।
- सार्बजनिक स्थानमा फोहर संकलनका लागि आवश्यकताअनुसार डस्टविन राखिएको छ।



- तानसेन सफा राख्नका लागि आम नागरिकको सहभागिता बिना सम्भब छैन भन्ने आसयलाइ सार्थक बनाउने काममा सघाउन तानसेन सफा अभियान मा जुटौं सफा तपाईले गरे मात्र सम्भब छ भन्ने सन्देशसहित तानसेनका ५ का पाँच वटा टेलबाट मासिक सरसफाइ योजना बनाई बैशाख महिनाबाट कामको थालनी गरिएको छ।
- तानसेन बजार क्षेत्रभित्र तानसेन सफा राखौं भन्ने सन्देश अंकित बोर्ड तथा फोहर गरे कारबाही गर्ने सक्ने चेतावनी सन्देशसहित २ स्थानमा होर्डिङ बोर्ड राखिएको छ।
- तानसेनको बजार क्षेत्रमा रहेका सार्बजनिक शौचालयलाई पुनःसञ्चालका लागि नेपाली सेनाको गोरखदल गणसँगको सहकार्यमा सफा गरिएको छ।
- सार्बजनिक यातायातबाट निस्कने फोहर व्यवस्थापनका बारेमा सचेतनामूलक सन्देश अंकित स्टीकर तयार गरी पाल्पा तानसेनबाट छुट्ने सबै सवारी साधनमा प्रयोग गरिएको छ।
- फोहर मैला श्रोतबाटै कम गर्न र सबैमा हार्दिक अपिल गर्दछौं, सडक, चौर , बगैचा र सार्बजनिक स्थलको संरक्षणका लागि अरुको मुख ताक्नु भन्दा आफ्नो टोल आफै सफा गर्ने अभियानमा लाग्नुहुन तानसेन नगरकार्यपालिका हादिक अनुरोध गर्दछ भनेर नगरबासीलाई टोलविकास संस्था मार्फत् आग्रह गरिएको छ।
- नयाँ बर्षका बेला श्रीनगर र त्यस क्षेत्रको सरसफाइ गरियो साथै पाहुनालाई पिउने पानी सहजरूपमा उपलव्ध होस् भनेर पानीको धाराका लागि पाइप गाड्ने काम सम्पन्न भयो।

टोल बिकास र स्थानीयबाँसीको मागलाई आधार बनाएर १००० डस्टविन वितरण गर्ने योजना अनुसार आवश्यक प्रक्रिया अगाडि बढाएको जानकारी गराउन चाहन्छु। पाल्पाको सदरमुकाम तानसेन पाल्पाको मुटु क्षेत्र हो यसर्थ तानसेन सफा राख्नु सबै नगरबासीको कर्तव्य हो भन्ने मर्मलाई आत्मसाथ गर्न सबैमा सादर अनुरोध गर्दछौं। नागरिकको सुभाावलाई शिरोधार्य गर्दै जनप्रतिनिधिको मार्गनिर्देश अनुसार नागरिक को कर्तब्य हो आउनुस् हामी यो अभियानमा जुटौं।

(प्रमुख, नगरपालिका सरसफाइ शाखा)

# तानसेन वडा नं. १ का केही काम



- रामप्रसाद बस्याल

१. तानसेन नगरपालिका वडा नं. १ स्थित तानसेन चर्चदेखि माईस्थान हुदै मिसन जाने बाटो पि.सि.सि. गर्ने कार्य सम्पन्न भएको छ। वडा नं. १ का वडा सदस्य श्री नारायण न्यौपानेले मिसनदेखि तानसेन चर्च हुँदै तानसेन बजारसम्म पुग्न तथा कैलाशनगरसम्म पुग्न सहज हुने बताउनुभयो। उक्त बाटोको निर्माण गर्न १२,००,०००। खर्च भएकोमा नगरपालिकाबाट रु ९,००,०००। अनुदान प्राप्त भएको बाँकी रकम उपभोक्ताबाट व्यहोरिएको उपभोक्ता समितिका अध्यक्ष शोरबहादुर खातीले बताउनुभयो।



२. तानसेन नगरपालिका वडा नं. १ नारायणडाँडामा रहेको शिवालय नारायणडाँडा टोल विकास संस्थाको अन्तक्रिया कार्यक्रम सम्पन्न भएको छ। वडा कार्यालयको आयोजनामा वडा अध्यक्ष रामप्रसाद वस्यालको अध्यक्षतामा सञ्चालन भएको कार्यक्रममा टोल विकास संस्थाका ४२ जनाको सहभागिता रहेको थियो। कार्यक्रममा शिवालय नारायणडाँडा टोल विकास संस्था अन्तर्गत अर्गले आमाको घरदेखि नाङगेडाँडा सम्मको सडकको नाली सफा गर्नेबारे छलफल भयो। यही वैशाख २८ गतेका दिन सबै सदस्य उपस्थित भएर नाली सफा गर्ने र आउँदो दिनमा **सफा स्वच्छ हराभरा नारायणडाँडा** कायम गर्न यस्ता सरसफाइका कार्यक्रम नियमित रूपमा राख्ने निर्णय भएको टोल विकास संस्थाकी अध्यक्ष गीता बस्यालले बताउनु भयो।



३. तानसेन नगरपालिका वडा नं. १ को आर्थिक सहयोग तथा वडा नं. १ टोल विकास संस्था समन्वय समितिको आयोजनामा वडाका कूल १००७ घरधुरी मध्ये कृषिमा आधारित ४८१ घरधुरीलाई तरकारीको बिउ विजन वितरण गरिएको छ। प्रत्येक घरधुरीलाई सिमी, बोडी, करेला, धनियाँ र भिण्डी गरी पाँच किसिमका तरकारीका बिउ खरीद गरी वितरण गरिएको टोल विकास संस्था समन्वय समितिका अध्यक्ष श्री मित्रलाल नेपालीले बताउनुभयो। नगरपालिकाको रु ६५,०००। बजेटबाट सबै घरधुरीलाई बिउ विजन वितरण गर्न सकेकोमा नगर प्रमुख श्री अशोककुमार शाहीले धन्यवाद ज्ञापन गर्दै आगामी दिनमा यस्ता खाले कार्यक्रम गरी किसानलाई विस्तारै कृषिमा आत्मनिर्भर बनाइने र व्यावसायिकता तर्फ लाग्न प्रेरित गरिने बताउनु भयो। विउ विजन वितरण कार्यक्रममा, का.वा वडा अध्यक्ष श्री दुर्गा नेपालीको अध्यक्षतामा सञ्चालन भएको कार्यक्रममा कार्यपालिका सदस्य श्री शशि श्रेष्ठ, वडा सदस्य श्री शिव थापा र नारायण न्यौपानेले समेत मन्तव्य राख्नुभएको थियो।





(वडा अध्यक्ष, तानसेन-१)

## तानसेन नगर कार्यपालिका
## तानसेन पाल्पा

तानसेन नगर कार्यपालिकाको २०७६ बैशाख मसान्त सम्मको आमदानी खर्च विवरण ।

| आय शिर्षक | प्रस्तावित आमदानी | हाल सम्मको आमदानी | आमदानी हुन बाकि | व्याय शीर्षक | विनियोजन | यो महिना सम्मको खर्च | बाकि रकम |
|---|---|---|---|---|---|---|---|
| गत वर्षको अल्या | ४८,६००,००० | ७६,२३१,०५७ | | प्रशासनिक खर्च | ६८,३२९,२१३ | ४७,७७१,५९६ | २०,५५७,६१७ |
| राजश्व आमदानी | ५४,८४०,००० | ३७,२१४,४४९ | १७,६२५,५५१ | वडास्तरीय खर्च | ६७,९०३,००८ | २३,४०१,८३९ | ४४,५०१,१६९ |
| समानिकरण आमदानी | १४६,६००,००० | १०९,९५०,००० | ३६,६५०,००० | नगर विकास कोष | ३,६५०,००० | ३,६५०,००० | ( |
| सर्शत आमदानी | ३०२,५००,००० | २२१,४१७,५०० | ८१,०८२,५०० | ६०।४० कार्यक्रम | ३२,५२८,००० | ३,५०२,४८७ | २९,०२५,५१३ |
| सामाजिक सुरक्षा अनुदान | ७५,०००,००० | ५४,२१७,२०० | २०,७८२,८०० | जगेडाकोष लगायत कार्यक्रम | १०,६००,००० | ( | १०,६००,००० |
| सडकबोर्ड | ५,०००,००० | ३,६९१,२७७ | १,३०८,७२३ | नगर गौरव आयोजना तथा साझदारी योजना | ३१,०००,००० | २,९००,००० | २८,१००,००० |
| दरबार संग्रहलाय | ६,२००,००० | ( | ६,२००,००० | सडक बोर्ड | २,१५०,००० | ( | २,१५०,००० |
| स्थानिय पुर्वाधार विकास साझेदारी कार्यक्रम | १२,२३९,००० | १२,२३९,००० | - | भारतिय दुतावास शित भण्डार | ४,०००,००० | ( | ४,०००,००० |
| राजश्व बाडफाड | १०२,३२०,००० | ४२,२३१,९८९ | ६०,०८८,०११ | संघ प्रदेश सरकार संग साझेदारीमा गरिने कार्यक्रम | १०,०००,००० | ( | १०,०००,००० |
| अनुदान तथा रिण | १५,०००,००० | ( | १५,०००,००० | अन्तराष्ट्रिय समबन्ध साझेदारी | २,०००,००० | ३६०,५०० | १,६३९,५०० |
| एल जि सि डि पि कार्यक्रम | ५५०,००० | ३०५,००० | २४५,००० | प्रर्वधनात्मक कार्यक्रम | १०१,६३५,७७९ | २१,८६३,४०२ | ७९,७७२,३७७ |
| सित भण्डार भारतिय दुतावास | ३०,०००,००० | ( | ३०,०००,००० | नगरस्तरीय कार्यक्रम | २८,०००,००० | २१,४५०,६१९ | ६,५४९,३८१ |
| जनसहभागीता | १३,४००,००० | ( | १३,४००,००० | विपत व्यवस्थापन कोष | १,५००,००० | २४,१०० | १,४७५,९०० |
| शर्शत अनुदान आय प्रदेश सरकार | ७,५००,००० | ६,१५०,००० | १,३५०,००० | मर्मत सम्भार कोष | ३,५००,००० | १,९६०,६०२ | १,५३९,३९८ |
| संघीय समपुरक अनुदान | २७,३४४,००० | १३,६७२,००० | १३,६७२,००० | संघीय समपुरक अनुदान | २७३४४००० | | २७,३४४,००० |
| युवा स्वरोजगार कार्यक्रम | ५४७,००० | ५४७,००० | | वातावरण संरक्षण कोष | २६४,००० | ( | २६४,००० |
| | | | | स्थानिय पुर्वाधार कार्यक्रम | १२,२३९,००० | ९००,००० | ११,३३९,००० |
| | | | | हितकारी कोष | ३००,००० | ५२,००० | २४८,००० |
| | | | | पाल्पा दरवार संग्रहलय | ६,२००,००० | ४२६,५३९ | ५,७७३,४६१ |
| | | | | राजश्व फिर्ता | ५९०,४२५ | ५९०,४२५ | ( |
| | | | | कुल सशर्त कार्यक्रम पुजिगत | ५०,८६३,७१० | ( | ५०,८६३,७१० |
| | | | | नगर कार्यपालिकाको निर्णयबाट स्वीकृत भएका योजनाहरु | ४,५९६,३६५ | ४,५९६,३६५ | |
| | | | | एल जि सि डि पि कार्यक्रम | ३९६,५०० | ३१५,००० | ८१,५०० |
| | | | | सामाजिक सुरक्षा अनुदान | ७५,५५०,००० | ५०,१३१,२०० | २५,४१८,८०० |
| | | | | स्वास्थ्य | ५८,३१५,००० | ४३,८५६,८३६ | १४,४५८,१६४ |
| | | | | शिक्षा | २३७,४११,००० | १६७,६९२,७१५ | ६९,७१८,२८५ |
| | | | | कृषि | ३,८०९,००० | १,३५५,८०४ | २,४५३,१९६ |
| | | | | खानेपानी तथा सरसफाइ | ३५०,००० | | ३५०,००० |
| | | | | लैङगीक समानता तथा समावेशीकरण | १,१४९,००० | १५१,००० | ९९८,००० |
| | | | | उर्जा | १,१६६,००० | ( | १,१६६,००० |
| | | | | वन तथा भु संरक्षण | ३००,००० | ( | ३००,००० |
| जम्मा | ८४७६४०,०००।० | ५५७,८६६,४७।८ | २९७,४०४,५८५।२ | जम्मा | ८४७६४०,००० | ३९६९५३,०२८।४१ | ४५०,६८६,९७१।५९ |

लेखा अधिकृत

# इतिहासमा तानसेन

**तत्कालीन नेपाल सरकाको वैधानिक कानून २००४ को भाग ४ अनुसार बि.सं.२००७ चैत्र ४ गते गठन भएको तानसेन नगर पञ्चायतको पहिलो बैठकको माइन्यूट**

(स्रोत : तानसेन नगरपालिका, सामाजिक विकास शाखा)



बैठक नं १

२००७ साल चैत ४ गते रोज शनिबार का दिन तानसेन नगर पञ्चायत-का लागि निर्वाचित भएका सदस्य हरुको बैठक भयो। तेसमा कार्यक्रम बमोजिम राय हुँदा निम्न लिखित पदाधिकारीहरु सदस्यहरुका बहुमत बाट निर्वाचित भए।

सभापति पदका लागि प्रस्तावित नाम — प्रस्तावक समर्थक

(१) श्री देवीप्रसाद प्रधान — प्रस्तावक – चिरिञ्जीलाल गुरुङ, समर्थक – बैकुण्ठ ध्वज

(२) श्री कुलेन्द्र मान सिंह — प्रस्तावक – त्रिरत्न गुरुङ, समर्थक – आनन्द बहादुर

माथिका दुइ नाममा श्री देवीप्रसाद प्रधान ले १३ भोटमा ११ भोट पाई नगर पञ्चायतको सभापति निर्वाचित भए।

प्रधान पञ्चका लागि प्रस्तावित नाम

(१) श्री बैकुन्ठ ध्वज राजलवट — प्रस्तावक – हरिहरप्रसाद प्रधान, समर्थक – कृष्णदेव शर्मा

(२) श्री रामलाल श्रेष्ठ — प्रस्तावक – बुद्धमान कौं, समर्थक – बैकुन्ठध्वज राज...

माथिका दुइ नाममा श्री बैकुन्ठ ध्वज राजलवट ले १३ भोटमा १२ भोट पाई नगर पञ्चायतको प्रधान पञ्च निर्वाचित भए।

कोषाध्यक्षका लागि प्रस्तावित नाम

(१) श्री हरिहर प्रसाद प्रधान — प्रस्तावक – आनन्द बहादुर, समर्थक – बैकुन्ठ ध्वज राज...

(२) श्री रामलाल श्रेष्ठ — प्रस्तावक – चिरिञ्जीलाल गुरुङ, समर्थक – कृष्णदेव शर्मा।



माथिका दुइ नाममा श्री हरिहर प्रसाद प्रधान ले १३ भोटमा १० भोट पाई नगर पञ्चायतको कोषाध्यक्ष निर्वाचित भए।

सेक्रेटरीका लागि प्रस्तावित नाम

(१) श्री बुद्ध मान कौं — प्रस्तावक – खड्गबहादुर खा.क्षे., समर्थक – कुलेन्द्रमान सिंह

(२) श्री चन्द्रमान लोगल — प्रस्तावक – बुद्धमान कौं, समर्थक – बैकुन्ठ ध्वज राज...

(३) श्री खड्ग बहादुर खा.क्षे. — प्रस्तावक – चन्द्रमान लोगल, समर्थक – त्रिरत्न गुरुङ

माथिका तीन नाममा भएको १३ भोटमा श्री बुद्धमान कौं ले ८, श्री चन्द्रमान लोगल ले ४ र श्री खड्ग बहादुर खा.क्षे. ले १ पाए। यसर्थ श्री बुद्धमानको नगर पञ्चायतको सेक्रेटरी निर्वाचित भए। सेक्रेटरी लाई महिनाको मो.रु. ५०|-(पचास) भत्ताको रुपमा दिने राय पास भयो।

टहलुवा १ भर्ना गर्ने र महिनाको मो.रु. २०|- बीस वेतन दिने राय पास भयो

कासिदा भर्ना नचाहिने राय पास भयो।

नगर पञ्चायतका लागि नियमावली बनाउने कमिटीमा श्री हेमा राजेश्वर प्रसाद श्रीवास्तव, श्री डे.इ. रामसिंह हलुवी, श्री खड्ग बहादुर खत्री क्षेत्री, श्री स. रामरत्न राम भंडारी र श्री डा. त्रिवेणी प्रसाद प्रधान समेत ५ जना बसी एक हप्ता भित्रमा नियमावली बनाई नगर पञ्चायतमा पेश गर्ने।

निर्वाचित भएका सभापति श्री देवी प्रसाद प्रधान तानसेनमा न भएकोले नियमावली तयार नभए सम्मलाई सदस्य हरुको सर्व सम्मति बाट श्री कुलेन्द्र मान सिंह का.मु. सभापति रहेका।

उपस्थित सदस्य हरु :-

श्री हरिहरप्रसाद प्रधान — हरिहरप्रसाद प्रधान



| | |
|---|---|
| श्री बैकुन्ठ ध्वज राजल | बैकुन्ठ ध्वज |
| श्री कुलेन्द्र मान सिंह | कुलेन्द्र मान सिंह |
| श्री चिरिञ्जी लाल गुरुङ | चिरिञ्जी लाल |
| श्री बुद्धमान कौं | बुद्ध मान कौं |
| श्री त्रिरत्न गुरुङ | त्रिरत्न |
| श्री आनन्द बहादुर खवास | आनन्द बहादुर |
| श्री खड्ग बहादुर खत्री क्षेत्री | खड्ग बहादुर |
| श्री कृष्णदेव शर्मा | कृष्णदेव शर्मा |
| श्री मोहन प्रसाद श्रेष्ठ | मोहन |
| श्री चन्द्रमान लोगल | चन्द्रमान |
| श्री अनन्त बहादुर सिंह | श्री अनन्त बहादुर |
| श्री चिरिञ्जी मान मल्ल | चिरिञ्जी मान |

आमन्त्रित सज्जनहरु -

| | |
|---|---|
| श्री हेमा राजेश्वर प्रसाद श्रीवास्तव | राजेश्वर प्रसाद श्रीवास्तव |
| श्री डा. त्रिवेणी प्रसाद प्रधान | त्रिवेणी |
| श्री करुणा प्रसाद प्रधान | करुणा |
| श्री दुर्गालाल श्रेष्ठ | दुर्गालाल |

हरिहरप्रसाद प्रधान
नगर पञ्चायत चुनाव समितिको
अध्यक्ष।

स्वायत्त शासन मंत्री पाल्पा सरकार
२-१-२००८



नगर पञ्चायत

# पुष्पलाल स्मृति राष्ट्रिय पत्रकारिता पुरस्कार स्थापना

तानसेन नगरपालिका द्वारा स्थापित

**पुस्पलाल स्मृति राष्ट्रिय पत्रकारिता पुरस्कार पाल्पा**

गठन आदेश - २०७५

१. पुरस्कारको नाम :- पुष्प स्मृति राष्ट्रिय पत्रकारिता पुरस्कार रहने छ ।

२. बैंक खाता :- पुस्प स्मृति राष्ट्रिय पत्रकारिता पुरस्कार तानसेनको नामबाट तत्काल १० लाख रुपैया बैंकको मुद्दती खातामा राखिने छ । अक्षयकोषमा तानसेन नगरपालिकाले समय सापेक्ष ढंगले रकम थप गर्न सक्ने छ ।

३. व्याज रकम बाट हरेक वर्ष पत्रपत्रिका ,रेडियो,टेलिभिजन र अनलाइनमा प्रशारित सामाजिक न्याय र आर्थिक समृद्धि हासिल गर्नका लागि समाजलाई अभिप्रेरित गर्ने खोजपूर्ण ,पैरवी युक्त र प्रभावकारी समाचार तथा लेखका लागि समितिको निर्णय वा समितिले गठन गरेको मुल्यांकन उपसमितिको सिफारिसका आधारमा कम्तिमा १ जना पत्रकारलाई नगद पुरस्कार र सम्मान पत्र प्रदान गरिनेछ ।

४. अक्षयकोषमा जम्मा हुने रकम र खर्च विवरण पारदर्शी बनाइनेछ तथा रजिस्टर्ड लेखा परिक्षक बाट नियमित लेखा परिक्षण गरिनेछ ।

५. अक्षयकोष संचालनको लागि तपसिल अनुसार १३ सदस्यीय संचालन समिति गठन गरिएको छ ।

संयोजक :- शम्भु श्रेष्ठ (बरिस्ठ पत्रकार ) - पाल्पा

~~सह संयोजक~~ सदस्य :- किशोर श्रेष्ठ (बरिस्ठ पत्रकार ) - ललितपुर प्रेस काउन्सील नेपाल, अध्यक्ष

सदस्य :- दिल साहानी ( स्वतन्त्र पत्रकार ) - रुपन्देही

सदस्य :- राजेश कुमार अर्याल (अध्यक्ष नेपाल पत्रकार महासंघ,पाल्पा )

सदस्य :- मेघराज शर्मा (संस्थापक सभापति, नेपाल पत्रकार महासंघ,पाल्पा)

सदस्य :-झपिन्द्र गहिरे ( पूर्व सभापति, नेपाल पत्रकार महासंघ,पाल्पा)

सदस्य :- भगवान भण्डारी (पूर्व सभापति, नेपाल पत्रकार महासंघ,पाल्पा)

सदस्य :- सुशीला श्रेष्ठ - पाल्पा

सदस्य :- गोपाल बस्याल - पाल्पा

सदस्य :- गणेश ज्ञवाली - पाल्पा

सदस्य :- किरण कौशल - पाल्पा

सदस्य :- सन्तोष खनाल - पाल्पा

सदस्य सचिव :- गोविन्द भट्टराई (पूर्व सभापति, नेपाल पत्रकार महासंघ,पाल्पा)

संरक्षक :- तानसेन नगरपालिका प्रमुख अशोककुमार शाही

सल्लाहकार :- विनयकुमार कुसजू

६. संचालक समितिको निर्णयानुसार आवश्कता ठहरेमा थप सल्लाकार चयन गर्न सकिने छ।

७. अक्षय कोष वा गुठि संचालनका लागि आवश्यक पर्ने ऐन ,नियम , विनियम नगर कार्यपालिकाबाट पारित गरिनेछ ।

।

८. संचालक समितिको मुख्य कार्यालय तानसेन,पाल्पा रहनेछ ।

९. समिति बैठक वर्षमा २ पटक र आवश्यक भएमा सो भन्दा बढी बस्न सक्ने छ । बहुसंख्यक पदाधिकारीलाई पायक पर्ने स्थानमा समेत आलोपालो बैठक आयोजना गर्न सकिनेछ । समितिको संयोजक,संयोजकको अनुपस्थितिमा सहसंयोजक तथा दुवैको अनुपस्थितिमा समितिको जेष्ठ सदस्यको अध्यक्षतामा बैठक बस्न सक्नेछ ।

१०. समितिका पदाधिकारी मनोनयन - समितिको कुनै पद रिक्त भएमा समितिको बहुमत निर्णयबाट पदाधिकारी थपघट गर्न सक्नेछ ।

११. उल्लेखित गठन आदेशमा कुनै समस्या आएमा वाधा अड्काउ फुकाउने अधिकार तानसेन नगर कार्यपालिकामा रहनेछ ।



पुष्पलाल स्मृति राष्ट्रिय पत्रकारिता पुरस्कार सञ्चालक समितिको पहिलो बैठक २०७५ चैत्र २२ गते सम्पन्न भयो। संयोजक शम्भु श्रेष्ठको अध्यक्षतामा सम्पन्न बैठकले नेपालको लोकतान्त्रिक आन्दोलन, प्रेस तथा अभिव्यक्ति स्वतन्त्रता, सामाजिक न्यायका लागि क्रियाशील तथा मानव अधिकारका पक्षमा प्रतिवद्ध राष्ट्रिय व्यक्तित्व मध्ये १ जनालाई हरेक वर्ष १ लाख ११ हजार १ सय ११ रुपैयाँ नगद, ताम्रपत्र, दोसल्लासहित सम्मान गरिने निर्णय गरेको छ। बैठकले आवश्यक कार्यार्थ संयोजक शम्भु श्रेष्ठको नेतृत्वमा ५ सदस्यीय कार्यसम्पादन समिति र सदस्य राजेशकुमार अर्यालको संयोजकत्वमा ५ सदस्यीय विधान मस्यौदा उपसमिति गठन गरेको छ। (बैठकको निर्णय पेज–६८)

# पुष्पलाल स्मृति राष्ट्रिय पत्रकारिता पुरस्कार सञ्चालक समितिको पहिलो बैठकको माइन्यूट



तानसेन नगरपालिकाबाट स्थापित

पुष्पलाल स्मृति राष्ट्रिय पत्रकारिता पुरस्कार २०७५ कोष सञ्चालक समिति

प्रथम बैठक २०७५ चैत २२

उपस्थिति

संरक्षक-अशोककुमार शाही (तानसेन नगरपालिकाका नगर प्रमुख)

सल्लाहकार- जानकी देवी पाठक (तानसेन नगरपालिका उप-प्रमुख)

- विनयकुमार कसजू (सूचना आयोगका पूर्व प्रमुख आयुक्त) – x

संयोजक -शम्भु श्रेष्ठ (वरिष्ठ पत्रकार)

सदस्य-किशोर श्रेष्ठ (अध्यक्ष, प्रेस काउन्सिल नेपाल) – x

सदस्य-शिव गाउँले (वरिष्ठ पत्रकार, स्याङ्जा)

सदस्य-राजेन्द्रकुमार अर्याल (अध्यक्ष, नेपालपत्रकार महासंघ पाल्पा)

सदस्य-केशवराजशर्मा (संस्थापक सभापति नेपालपत्रकार महासंघ, पाल्पा)

सदस्य-अरविन्द गहिरे (पूर्व अध्यक्ष, नेपालपत्रकार महासंघ, पाल्पा)

सदस्य-सन्तोष खनाल (पूर्व अध्यक्ष, नेपालपत्रकार महासंघ, पाल्पा)

सदस्य-सुशीलाश्रेष्ठ – x

सदस्य-गोपालप्रसाद बस्याल

सदस्य-गणेश ज्ञवाली – x

सदस्य-किरण कौशल

सदस्य-[illegible]

सदस्य सचिव-गोविन्द भट्टराई (पूर्व सभापति, नेपालपत्रकार महासंघ, पाल्पा)

आमन्त्रित :

-राम बहादुर थापा ( वडा अध्यक्ष ,तानसेन -४ )

-जानु के.सी

-दिवाकर अर्याल (लेखा अधिकृत )

-प्रकाश गैरे ( सूचना प्रविधि अधिकृत ,तानसेन नगरपालिका )



निर्णय

१.सर्व प्रथम संघीय लोकतान्त्रिक गणतन्त्र नेपालको स्थापनाकालागि सहादत प्राप्त गर्ने ज्ञात अज्ञात वीर शहीदप्रति सम्मान प्रकट गर्दछौं साथैतानसेन नगर कार्यपालिकाको मिति २०७५ माघ ८ को निर्णय तथा तानसेन नगरपालिकाको पुष्पलाल स्मृति राष्ट्रिय पत्रकारिता पुरस्कार गठन आदेश २०७५ बमोजिम गठित पुष्पलाल स्मृति राष्ट्रिय पत्रकारिता पुरस्कार २०७५ कोष सन्चालक समितिमा रहेर भूमिका निर्वाहका लागि अवसर प्रदान गरिएकोमा सामूहिक रुपमा जिम्मेवारी वहनगर्ने प्रतिवद्धता प्रकट गर्दै यो बैठक तानसेन नगर कार्यपालिकाप्रति हार्दी आभार व्यक्त गर्दछौं साथै नियमित रुपमा निश्चित बजेट कोषमा सहयोग गर्नका लागि तानसेन नगर कार्यपालिकासँग अनुरोध गर्ने निर्णय गरिन्छ ।

२.मूल समितिको बैठक अर्धवार्षिक रुपमा बस्ने भएकाले नियमित आवश्यक कायार्थ तपसिलअनुसार सदस्य रहेको कार्यसम्पादन समिति गठन गरिएको छ :

शम्भु श्रेष्ठ-संयोजक

केशवराजशर्मा-सदस्य

गोपाल बस्याल-सदस्य

सन्तोष खनाल-सदस्य

गोविन्द भट्टराई(सदस्य सचिव)

कार्यसम्पादन समितिले तत्काल आवश्यक निर्णय गरेर कामगर्नेछ र मूल समितिको बैठकमा ती निर्णय अनुमोदन गराइने छ ।कार्यसम्पादन समितिले परामर्शको लागि आवश्यक परेमा थप व्यक्तिलाई आमन्त्रित सदस्यको रुपमा आमन्त्रण गर्न सक्नेछ । समितिको सल्लाहकारमा तानसेन नगरपालिकाको उपप्रमुखलाई मनोनयन गर्ने निर्णय गरिन्छ ।



३. संस्थाको विधान, नियमावली, कार्यविधि र [illegible] गरी स्थापना संस्थाको [illegible] समितिहरूको गतिविधिका [illegible] कार्यसम्पादन समितिमार्फत् मूल समितिबाट अनुमोदन गराइ तानसेन नगरकार्यपालिकामा सिफारिस गर्ने तपसिलबमोजिम उप समिति गठन गरिएको छ:

राजेन्द्रकुमार अर्याल-संयोजक

अरविन्द गहिरे-सदस्य

प्रेस काउन्सिलको प्रतिनिधि

गणेश ज्ञवाली-सदस्य

सुशीलाश्रेष्ठ-सदस्य

उपसमितिले मस्यौदाका क्रममा आवश्यक परेमा समितिका सदस्यहरूलाई उपस्थित गराइ सहयोग लिन सक्नेछ । विधान समितिकोष दर्ताका लागि संयोजक, सदस्य सचिव लगायतले सम्बन्धित तह वा स्थानीय प्रशासन कार्यालयमा सम्पर्क गर्ने निर्णय गरियो ।

४. कोषको मुख्यकार्यालय तानसेन, पाल्पामा र सम्पर्क आवश्यक स्थानमा समितिको निर्णय अनुसार विस्तार गर्न सकिने निर्णय गरियो । कोषको दैनिक कामको लागि समयसमयमा आवश्यक जनशक्ति व्यवस्थापन कार्य सम्पादन समितिले गर्न सक्ने निर्णय गरियो ।

५.संस्थाको लेटरप्याड, छाप, संस्थाको लोगो र बोर्ड [illegible] तोकेबमोजिम हुनेछ ।

६. विविध

क) २०७६ जेठ ७ गतेको बैठकबाट संस्थाको विधान, नियमावली र कार्यविधि तथा पुरस्कारबारे आवश्यक निर्णय गरिने छ ।

ख) कोषको गतिविधि मिडिया मार्फत सार्वजनिकगरिने छ । आवश्यकता अनुसार विभिन्न क्षेत्रका विज्ञहरूसँग परामर्श तथा छलफल गरिने छ ।

# तानसेन नगरपालिकाद्वारा प्रकाशित तथा सम्बन्धित केही प्रेस विज्ञप्ति

☎ ०७५-५२०१०५, ५२०८९३
५२०१२५, ५२०५०५

तानसेन नगरपालिका

**नगर कार्यपालिकाको कार्यालय**

तानसेन, पाल्पा

५ नम्बर प्रदेश, नेपाल

२०७५ चैत्र १५

मिति..........................

पत्र संख्या :

चलानी नं. :

**प्रेस विज्ञप्ति**

तानसेन नगरपालिकाले सडक विस्तारको सन्दर्भमा गरेको पछिल्लो निर्णयलाई आधार बनाएर उत्पन्न क्रियाप्रतिक्रियाबारे सञ्चारमाध्यममा प्रकाशित प्रशारित विषयवस्तुलाई लिएर २०७५ चैत्र १५ गतेका दिन समाचारसंकलनका क्रममा तानसेन नगरपालिका परिसरमा पुगेका नेपाल पत्रकार महासंघ पाल्पाका अध्यक्ष राजेशकुमार अर्याल, सदस्य विजयकुमार बौडेल लगायतका पत्रकारहरुप्रति दूर्व्यवहार भएकोले जीउज्यान तथा अभिव्यक्ति स्वतन्त्रताको रक्षा गरीपाउँ भन्दै नेपाल पत्रकार महासंघ पाल्पाले जारी गरेको विज्ञप्तिप्रति हाम्रो ध्यानाकर्षण भएको छ । कसैको अभिव्यक्ति उपर चित्त नबुझे खण्डनगर्ने तथा प्रेस काउन्सिलमा उजुरी गर्ने कानूनी विकल्पहरु हुँदाहुँदै पत्रकारउपर हातपात भएको उक्त घटनाको निन्दा गर्दछौं । यस अवस्थामा सबै पक्ष संयमित रहदै प्रेस तथा अभिव्यक्ति स्वतन्त्रताको रक्षा साथै तानसेनको विकास निर्माणमा आआफ्नो क्षेत्रबाट सहयोग गर्न समेत सबैसँग हामी आग्रह गर्दछौं ।

अशोककुमार शाही
नगरप्रमुख

तानसेन नगरपालिका

---

**पुष्पलाल स्मृति राष्ट्रिय पत्रकारिता पुरस्कार २०७५**

**सञ्चालक समिति**

तानसेन, पाल्पा

मिति :२०७५ चैत्र २२

**प्रेस विज्ञप्ति**

तानसेन नगरपालिकाको पुष्पलाल स्मृति राष्ट्रिय पत्रकारिता पुरस्कार गठन आदेश २०७५ बमोजिम गठित पुष्पलाल स्मृति राष्ट्रिय पत्रकारिता पुरस्कार २०७५ सञ्चालक समितिको पहिलो बैठक २०७५ चैत्र २२ गते तानसेनमा सम्पन्न भएको छ ।

संघीय लोकतान्त्रिक गणतन्त्र नेपालको स्थापनाका लागि सहादत प्राप्त गर्ने ज्ञात अज्ञात वीर शहीदहरुप्रति सम्मान प्रकट गर्दै शुरु भएको बैठकले विभिन्न निर्णय गरेको छ । नेपालको लोकतान्त्रिक आन्दोलन, प्रेस तथा अभिव्यक्ति स्वतन्त्रता, सामाजिक न्यायका लागि क्रियाशील साथै मानव अधिकारका पक्षमा प्रतिवद्ध राष्ट्रिय व्यक्तित्व मध्ये हरेक वर्ष १ जनालाई यो पुरस्कारबाट सम्मान गरिने छ । तत्काल १ लाख ११ हजार १ सय ११ रुपैयाा नगद, ताम्रपत्र, दोसल्लासहित विशेष समारोहमा सम्मान गरिने छ ।

आवश्यक कायार्थ बैठकबाट संयोजक शम्भु श्रेष्ठको नेतृत्वमा ५ सदस्यीय कार्यसम्पादन समिति गठन भएको छ । यस्तै समितिका सदस्य राजेशकुमार अर्यालको संयोजकत्वमा ५ सदस्यीय विधान मस्यौदा उपसमिति गठन गरिएको छ ।

संस्थाको मुख्य कार्यालय तानसेनमा रहने छ । संस्थाको भूमिका समय सापेक्ष रुपमा प्रभावकारी बनाउँदै लगिने प्रतिवद्धता जाहेर गर्दै आवश्यक सहयोग तथा सान्दर्भिक राय सुझावका लागि सरोकारवाला सबैमा सादर अनुरोध समेत गर्दछौं ।

शम्भु श्रेष्ठ
संयोजक
तानसेन, पाल्पा

---

**तानसेन नगरपालिका**

तानसेन, पाल्पा

५ नम्बर प्रदेश, नेपाल

☎ ०७५-५२०१०५, ५२०८९३
५२०१२५, ५२०५०५

Website : www.tansenmun.gov.np

२०७६ वैशाख २०

मिति ..........................

पत्र संख्या :

चलानी नं. : २६५४

लोक संस्कृतिको संरक्षण गरौं

नेपालको तेस्रो नगरपालिकाको रुपमा परिचित तानसेन विभिन्न जातजाति, धर्म, संस्कृति मान्नेहरुको साझा नगर हो । यहाँ विभिन्न खालका जात्रा, मेला लाग्ने गर्दछ । कला, संस्कृतिमा तानसेन धनी छ यद्यपि पछिल्ला दिनहरुमा पाश्चात्य संस्कृति मोहले मौलिक संस्कृति छाँयामा परेको जस्तो देखिएको छ । यसर्थ लोक संस्कृति संरक्षणमा नगर तथा ग्रामीण भेगमा रहने सबै नगरबासीको चासो रहनु पर्दछ ।

तानसेन नगरपालिकाको सहयोगमा भजन संरक्षण समिति तानसेनले स्थानीय लोक भजन संकलन गरेर यो भजन पुस्तिका प्रकाशन गरेको छ । लोक गीत, लोक भजन, लोक लयको संरक्षणबाट नै लोक संस्कृतिको जगेर्ना सम्भव हुन्छ भन्ने हाम्रो विश्वास रहेको छ । समाजमा चलिआएका लोक संस्कार, संस्कृतिका असल तथा सकारात्मक कुराहरुको अनुकरण गर्न सकिएमा मात्र साँचो अर्थमा पाल्पाली लोक संस्कृतिको पहिचान स्थापित गर्न सकिन्छ भन्ने तथ्य सबैले आत्मसात गरौं । कला, संस्कृतिले पर्यटन विकासमा समेत सहयोग पुग्ने भएकाले समाजलाई अग्रगतिमा लैजान मद्दत पुग्ने आम जनजीवनसँग जोडिएका संस्कार, संस्कृतिको संरक्षण तथा सकारात्मक पक्षको प्रचारप्रसारमा लाग्न नगरबासीलाई आग्रह गर्दछौं ।

(अशोककुमार शाही)

नगरप्रमुख तथा

तानसेन नगरपालिका परिवार

---

**तानसेन नगरपालिका**

तानसेन, पाल्पा

५ नम्बर प्रदेश, नेपाल

☎ ०७५-५२०१०५, ५२०८९३
५२०१२५, ५२०५०५

Website : www.tansenmun.gov.np

२०७६ वैशाख १८ गते

मिति ..........................

पत्र संख्या :

चलानी नं. :

१३० औ अन्तर्राष्ट्रिय मजदुर दिवस

१८ वैशाख २०७६ (१ मे २०१९)

प्रेस विज्ञप्ति

**'संसारका मजदुर एक होऔं'** नारालाई आत्मसात गर्दै मजदुरहरुलाई संगठित गर्ने अभियानले हाम्रो देशमा सकारात्मक गति लिएपनि संघीय लोकतान्त्रिक गणतन्त्र नेपालमा मजदुर जागरणको अभियानलाई तीव्र पार्न सबैले सहयोग गर्नु पर्दछ । श्रमको सम्मान गर्न सकेमात्र साचो अर्थमा श्रमिक सबलीकरणको अभियान सार्थक हुनेछ र सुखी नेपाली: समृद्ध नेपाल नारा साकार हुनेछ भन्ने हाम्रो विश्वास छ । श्रमजीवी मजदुरहरु गास, बास, कपास, स्वास्थ्य, शिक्षा जस्ता न्यूनतम मानवीय आवश्यकता पूरा गर्न चिन्तित रहनु पर्ने अवस्थाको अन्त्य गर्न सरोकारवाला हामी सबै प्रतिवद्ध हुनै पर्दछ । न्यूनतम ज्याला र सामाजिक सुरक्षाको सुनिश्चितता समयको माग हो । श्रमिक अधिकार र हरेक क्षेत्रमा श्रमिक सहभागितालाई नेपालको संविधानले सम्बोधन गरेपनि व्यवहारमै कार्यान्वयन नगरेसम्म नतिजा अपेक्षित ढंगले प्राप्त गर्न सकिदैन । यसर्थ गाउा शहर सबैतीर सबैले विकास निर्माणका कार्यक्रम संगै हरेक सामाजिक परीवर्तनका लागि मजदुरको सार्थक सहभागिता सुनिश्चित गरौं ।

नेपालमा श्रमिकलाई विकास निर्माणका सहयोगी र परिवर्तनका संवाहकका रुपमा स्वीकार्ने तथ्य व्यवहारमै क्रमशः पुष्टि हुादै गरेको अवस्था छ तथापि आम नेपाली श्रमिकलाई सक्षम र दक्ष तथा सीपयुक्त तुल्याउन सकेमात्र समृद्ध राष्ट्रनिर्माणको अभियान साचो अर्थमा सफल हुने छ । न्यूनतम ज्याला र सामाजिक सुरक्षाको सुनिश्चितताप्रति तानसेन नगरपालिकाको ध्यानाकर्षण भएको छ । मजदुरहरुको सम्मानपूर्वक बाच्न पाउने अधिकारबारे हामी सचेत छौं । मजदुरहरुको सहज उपचारका लागि नगरपालिकामा कार्यरत मजदुरहरुको निःशुल्क स्वास्थ्य बीमा समेत शुरु गरिएको छ । उनीहरुलाई समयसापेक्ष रुपमा सबल बनाउदै लगिनेछ ।

अन्त्यमा पुनः सम्पूर्ण नेपाली मजदुरहरुप्रति १३० **औ अन्तर्राष्ट्रिय मजदुर दिवस**को उपलक्ष्यमा हार्दिक शुभकामना प्रकट गर्दछौं ।

अशोककुमार शाही

प्रमुख एवम्

तानसेन नगरपालिका परिवार

तानसेन नगरकार्यपालिकाको कार्यालय

तानसेन, पाल्पा

# पत्रपत्रिकामा तानसेन

पाल्पा समाचार पत्र साप्ताहिक २०७५ चैत्र २२

## दमकलबारे छलफल गरौं

पाल्पा समाचारपत्रले तानसेनमा दमकल चाहिन्छ भन्ने विषयमा धेरै पटक समाचार लेखेको थियो । हामीले स्थानीय तानसेन नगरपालिकालाई यसबारे पटक पटक झकझक्याएका थियौं। तानसेन नगरपालिकाले दमकल ल्यायो पनि तर उचित सदुपयोग कहिल्यै भएन। आगो ननिभाउने तानसेनको दमकल बास्तवमा लज्जाको विषय बनेको छ । तानसेनमा एकातिर पानी अभाव छ अर्को तिर यो बाहेक अर्को कुनै दमकल छैन । गुहार माग्नुपरे बुटवल हो बुटवलबाट दमकल आउञ्जेल आगोले संरचना स्वाहा बनाइसक्छ। तानसेन नगरपालिकाले ल्याएको दमकल बास्तवमा सुरुवात देखिकै लक्षण राम्रो छैन । सुरुमा ल्याएर लामो समय दरबार छेउमा थन्क्याएर राखियो । पछि धेरै तिरको दवावपछि यसलाई नगरपालिका छेउमा राख्ने गरिएको छ तर यसले खास आगो कहिल्यै निभाउन सकेको छैन ।

दोस दमकलको होइन । दमकललाई सही तरिकाले व्यवस्थापन गर्न नसक्नेहरुको हो। मंगलवार पनि तानसेनको दमकलले रमिता देखायो । काजीपौवाको भगवती कपास उद्योगमा आगो लागिरहेको थियो। साइरन बनाउँदै आगो निभाउन पुगेको दमकलले आगो त निभाएन, निभाएन उल्टै जनसमुदायलाई समेत अलमल बनाइदियो । यो ज्यादै संवेदनशील विषय हो। यसको पछाडि धेरै कारण छन् । त्यति ठूलो दमकलको पानी २/३ मिनेटमै कसरी सकिन्छ। बास्तवमा त्यो दमकलमा पानी नै रहनेछ । यो विषयमा गम्भीर छलफल हुनुपर्छ । स्थानीय समुदायको गुनासो छ यही दमकलको पानी मेयर, हाकिमदेखि सामान्य कर्मचारी र जनप्रतिनिधिसम्मको गाडी र मोटरबाइक धुन प्रयोग हुन्छ। यही कारणले आगो लागेर बोलाउँदा दमकल रित्तै गयो। पछि स्टार्ट नै भएन। लज्जाको विषय बन्यो।

नगरपालिकामा दमकलको विभाग हेर्ने को हो ? यसबारे सत्यतत्य छानविन र कारवाही हुनुपर्छ। सरकारी सम्पत्ति त्यसमा दमकल जस्तो विषयमा ख्याल ठट्टा गर्न पाइन्छ । यसमा मेयर सावको ध्यान जानुपर्छ । आवश्यक परे समिति बनाएरै यसको खोजी गरिनुपर्छ। दमकललाई सही तरिकाले राखिनुपर्छ र हमेसा पानी रहेकै हुनुपर्छ। अब त झन खडेरीको समय सुरु भएको छ। धेरै आगो लाग्ने घटना हुन सक्छन्। यसमा सचेत हुनैपर्छ।

२०७६ बैशाख ३१, नवजनचेतना दैनिक

## 'सिकेको सीपलाई उत्पादनमूलक क्षेत्रसँग जोड्नुपर्छ'



रामचन्द्र रायमाझी

पाल्पा, वैशाख ३०/तानसेन नगरपालिकाका प्रमुख अशोककुमार शाहीले सिकेको सीपलाई उत्पादनमूलक क्षेत्रसँग जोड्नुपर्ने बताएका छन् ।

सोमबार तानसेनमा सञ्चालित होमस्टे तालिमको समापन गर्दै प्रमुख अतिथि समेत रहेका शाहीले आयआर्जनका लागि सीप महत्वपूर्ण हुने भएकाले सीपलाई उत्पादनसँग जोड्नुपर्ने बताएका हुन् । उनले वर्तमान समय आधुनिक प्रविधिको युग भएकाले समय अनुसार सीप सिकेर उद्यमी बन्नुपर्नेमा जोड दिए । नगरप्रमुख शाहीले आर्थिक रुपमा मजवुद र परिष्कृत बन्नका लागि तालिम सहयोगी बन्ने भन्दै तालिमको सहि सदुपयोग गरी उद्यमशील बन्न प्रशिक्षार्थीहरुलाई आग्रह गरे । उनले मुलुक आर्थिक रुपमा समृद्ध बन्न व्यक्ति उद्यमी बन्नुपर्ने धारणा राखे । प्रमुख शाहीले तानसेन आफैमा पर्यटकीय शहर भएकाले पनि होमस्टे तालिमले थप पर्यटकीय विकासमा टेवा पुग्ने विश्वास व्यक्त गरे । उनले तालिममा सहभागी महिलाहरुलाई सिकेको सीप व्यवहारमा उतारेर आत्मनिर्भर बन्न सुझाव दिए । नगर सरकारले बेरोजगारी युवा र महिलाहरुलाई व्यवसायिक बनाउन विभिन्न कार्यक्रमहरु सञ्चालन गर्दै आएको प्रमुख शाहीले बताए । कार्यक्रममा विशिष्ट अतिथि तानसेन नगरपालिका ३ का वडा अध्यक्ष महेशलाल शाक्यले विदेश पलायन हुने युवाहरुलाई रोक्न स्थानीयस्तरमा रोगजारीका अवसरहरु सिर्जना गर्न सीपमूलक कार्यक्रमहरु महत्वपूर्ण हुने बताए । उनले वडालाई होमस्टेको रुपमा विकास र विस्तार गर्न वडा तहबाटै विभिन्न किसिमका योजना तथा कार्यक्रमहरु सञ्चालन गर्दै जाने जानकारी दिए ।

तानसेन नगरपालिकाका सामाजिक विकास अधिकृत भरत आचार्यले पर्यटन विकासको आधार होमस्टे भएकाले होमस्टेको विकास र विस्तार गर्न तालिम सहयोगी बन्ने बताए । उनले महिलाहरुलाई आयआर्जनका क्षेत्रमालागी आत्मनिर्भर बन्न महिलाहरुलाई आग्रह गरे । तालिमका प्रशिक्षक तथा होमस्टे एशोसियसनका केन्द्रिय उपाध्यक्ष धनिश्वर बस्यालले तालिममा सिकेका सीपहरुलाई व्यवहारमा उतार्न प्रशिक्षार्थीहरुलाई आग्रह गरे । उनले होमस्टेको विकास नभएसम्म पर्यटन क्षेत्रको विकास हुन नसक्ने भएकाले तालिम लिएपछि व्यवसायिक रुपमा लाग्नुपर्ने बताए ।प्रशिक्षक बस्यालले होमस्टे स्वरोजगार र नेपालको माटो सुहाउँदो व्यवसाय भएकोमा जोड दिए । तालिममा सहभागी बसन्त टोविकास संस्थाकी अध्यक्ष मुना रायमाझी, रेनुका बस्याल, जानकी बस्याल, सरस्वती भट्टराई लगायतले तालिम अत्यन्तै प्रभावकारी र व्यवहारिक भएकाले तालिममा सिकेका कुराहरुलाई व्यवहारमा प्रयोग गर्ने प्रतिवद्धता जनाए ।

तालिम पुरानो पानी टंकी टोल विकास संस्थाको आयोजना र तानसेन ३ वडा कार्यालयको आर्थिक सहयोगमा दुई दिन सम्म सञ्चालन भएको हो । तानसेनका २० टोल विकास संस्थाका ५० जना महिलाहरुको सहभागिता रहेको तालिममा पुरानो पानी टंकी टोल विकास संस्थाकी अध्यक्ष राधादेवी रायमाझीको अध्यक्षता, संस्थाकी सदस्य लक्ष्मी पाण्डेको सञ्चालनमा कार्यक्रम भएको थियो ।

पाल्पा समाचार पत्र साप्ताहिक २०७५ फागुन १५

## तेल्घामा संचालित गणपति महाअनुष्ठान सम्पन्न

पाल्पा/फागुन १ गतेदेखि प्रभासमा गणपति महानुष्ठान तथा महायज्ञ सफलतापुर्वक सम्पन्न भएको छ ।

फागुन १ देखी ११ गते सम्म चलेको महायज्ञको शनिबार एक कार्यक्रमका बिच समापन गरियो । समापन कार्यक्रमका प्रमुख अतिथि प्रतिनिधिसभा सदस्य तथा पूर्वमन्त्री सोमप्रसाद पाण्डेयले महायज्ञ पैसा आर्जनका लागी नभई गणेशधाम निर्माणले पाल्पाको पर्यटन विकासमा टेवा पुग्ने बताए ।

कार्यक्रममा तानसेन नगरपालिकाका मेयर अशोक कुमार शाहीले गणपति महानुष्ठान चलप्रतिष्ठा भएको बताउँदै, तानसेन गफाचौरमा गणेशधाम निर्माण गरि गणेशको मूर्ति लैजाने बताए । महाअनुष्ठानमा हजारौं भक्तजनहरुको सहभागिता रहेको यज्ञ सम्पादन मूल समितिले जनाएको छ । महायज्ञमा इश्वरकृष्ण महाराजले संगतीमय कथावाचन गरेका थिए ।

तानसेन टुँडिखेलमा लामो समयसम्म राखिएको गणेश मूर्तिलाई तेल्घा स्थित गुफाचौरमा लैजान महायज्ञ गरिएको थियो । उक्त मूर्ति गुफाचौर लैजाने योजना समितिको छ ।

# तस्बिरमा तानसेन



दाङको घोराही नगरपालिका वडा नं. ७ बाट भ्रमणमा आएको टोलीसँग तानसेन नगरप्रमुख लगायत



तानसेन नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत गोपालप्रसाद बगालेलाई गरिएको स्वागत कार्यक्रममा बोल्दै नगरप्रमुख



तानसेन १ मा ज्येष्ठ नागरिक सम्मान कार्यक्रम झलक




जापानी समाजसेवी काजुमासाकाकिमी (ओकेबाजे) हाम्रो तानसेन बुलेटिन पढ्दै



पोखरा शैक्षिक भ्रमणमा सहभागी तानसेनका प्रधानाध्यापकहरू

## “सफा सुन्दर तानसेन शहर; हामी सबैको रहर !”



२०७५ चैत्र २२ गते सम्पन्न पुष्पलाल स्मृति राष्ट्रिय पत्रकारिता पुरस्कार सञ्चालक समितिको प्रथम बैठकको झलक



स्थानीय सरकार सञ्चालन तथा सूचनाको हक सम्बन्धी २०७५ बैशाख ३१ गते सम्पन्न कार्यक्रमका सहभागीसँग राष्ट्रिय सूचना आयोगका प्रमुख आयुक्त कृष्णहरि बाँस्कोटा तस्विरः प्रकाश गैरे (सूचना प्रविधि अधिकृत)